**को-हस्बेन्ड**
बहुपति प्रथामाथिको डकुमेन्ट्री उत्कृष्ट । ९



**लभ आजकल**
पुरानै शैलीको पुनरावृत्ति । ९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३५९ काठमाडौं | ६ फागुन २०७६ मंगलबार फाल्गुण कृष्णपक्ष दशमी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, February 18, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ





कोरोना भाइरस प्रभावित चीनको वुहानबाट ल्याएर राखिएकाहरू सोमबार भक्तपुरको चाँगुनारायण-७ खरिपाटीस्थित क्वारेन्टाइन परिसरमा । त्यहाँ राखिएका सबै १७५ जनाको घाँटीको र्‍याल र 'नेजेल स्वाब' को नमुना संकलन गरिएको छ । परीक्षणको नतिजा बुधबारसम्म आइसक्ने जनाइएको छ । क्वारेन्टाइनमा १३५ जना पुरुष र ४० जना महिला छन् । समाचार पृष्ठ २ । *तस्बिर : इलिट जोशी/कान्तिपुर*

# दिल्लीबाट उड्न 'इन्ट्री परमिट' अनिवार्य

## स्थलमार्गबाट भारत पुग्ने नेपालीलाई हवाईमार्गबाट फर्कन पासपोर्ट नै चाहिने, भारतीय भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउने

**देवेन्द्र भट्टराई** (काठमाडौं)

परराष्ट्र मन्त्रालयले गरेको औपचारिक आग्रहपछि भारतीय अध्यागमनले 'नेपालका स्थलमार्गबाट दिल्ली पुग्ने नेपाली यात्रुले विमानबाट काठमाडौं फर्कन नपाउने' नियम अनिवार्य गरेको छ ।

दिल्लीस्थित नेपाली दूतावासले जारी गरेको सूचनामा यात्रुले आफ्नो राहदानीमा 'प्रस्थान छाप' (डिपार्चर स्टाम्प) भएको अवस्थामा मात्रै भारतीय अध्यागमनले 'आगमन छाप' (एराइभल स्टाम्प) लगाउने स्पष्ट प्रबन्ध कायम भएको जनाएको छ । यो सूचनापछि परोक्ष रूपमा नेपाल-भारतका नागरिकले हवाईमार्ग हुँदै एकअर्को देशमा आवतजावत गर्न नागरिकता वा अन्य प्रामाणिक पहिचानपत्र प्रयोग गर्न पनि नसक्ने भएका छन् । 'नागरिकतामा एराइभल वा डिपार्चर स्टाम्प लगाउन असम्भव रहेको र यसबारेको रेकर्ड पद्धतिसमेत प्रभावकारी नभएका कारण अब आवागमनमा पासपोर्ट प्रयोगका लागि यात्रुलाई प्रोत्साहित गरिनेछ,' अध्यागमन विभागका एक अधिकारीले भने ।

दिल्लीस्थित उपनियोग प्रमुख भरतकुमार रेग्मीका अनुसार, 'दिल्ली आउने नेपाली यात्रुको पासपोर्टमा इन्ट्री परमिट देखियो भने मात्रै भारतीय अध्यागमनले एक्जिट-परमिट दिने नियम अनिवार्य' भएको छ । 'यो नियमको व्यवस्था हाम्रो अन्तरसरकारी समन्वयमार्फत परराष्ट्रले भारतलाई गरेको अनुरोध बमोजिम हो, यसकारण यो व्यवस्थामा पारस्परिक समान हैसियतको व्यवहार (रेसिप्रोकिसिटी) आवश्यक रहन्न,' रेग्मीले भने । आवागमनमा यो 'असमान प्रबन्ध' लागू भएको अवस्थामा पशुपति दर्शनमा स्थलमार्गबाट आएका भारतीयले भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउनेछन् ।

दूतावासले जारी गरेको सूचनामा 'नेपाल-भारतबीच रहेको खुला सिमानाका कारण नेपालीहरूलाई स्थलमार्गबाट भारत प्रवेश गर्न सहज रहेको सर्वविदितै रहेको' भनिए पनि 'स्थलमार्ग हुँदै भारत आएर तेस्रो मुलुक उड्न खोज्दा समस्या आइपर्ने भएकाले काठमाडौंबाटै उडान भर्न' आग्रह गरिएको छ । तर सूचनामा भनिएजस्तो तेस्रो मुलुक उड्न खोज्दा मात्रै नभएर विशेष परिस्थितिमा सडकमार्गबाट दिल्ली गएर विमानबाट काठमाडौं फर्कन चाहने नेपाली यात्रु पनि 'उडान प्रतिबन्धित' स्थितिमा पुगेका छन् ।

'दुई महिनाअघि पेटको क्यान्सरको सम्भावना देखिएपछि मैले बस सेवाबाट आमालाई राजीव गान्धी क्यान्सर हस्पिटल ल्याएको थिएँ,' पोखराका राजकुमार श्रेष्ठले दिल्लीबाट फोनमा भने, 'अहिले डाइग्नोसिस भएर पुष्टि भएको छ । एक चरणमा किमो दिएपछि आगामी साता काठमाडौंसम्म नेपाल एयरलाइन्सबाट जाने योजना थियो तर यसरी 'इन्ट्री परमिट' नभई र नागरिकताका भरमा उडेर काठमाडौं जान मिल्दैन भनेर एयरलाइन्सले भन्यो । अब नेपाल-भारत खुला सीमा र सहज आवागमनको कुरा मेरोजस्तो कठिनाइमा कसरी लागू हुन सक्ला ?'

बाँकी पृष्ठ १३ ▶▶

**भोलि**

३६ पृष्ठको वार्षिकोत्सव विशेष





ती ३५ अग्रणी, जसले समाजलाई अगाडि बढाए, सभ्य बनाए अनि हाम्रो चेत र सोचलाई फराकिलो पारे


# भारतले महाकालीमा बनाएको पुल हटाइयो

**मनोज बडू** (दार्चुला)

भारतले महाकाली नदीमा लगाएको काठेपुल नेपाली प्रहरीले हटाएका छन् । केही साताअघि व्यास गाउँपालिका-१ को माल्पादेखि दोपखेसम्मको क्षेत्रमा भारतीय पक्षले काठेपुल हालेको थियो । आइतबार दुम्लिङमा रहेका प्रहरीले काठेपुल निकालेर महाकाली नदीमा फालेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । भारतले तिब्बत सीमा जोड्ने सडक निर्माण गर्नुका साथै सीमा नदी महाकालीमा पुल हालेको थियो ।

व्यास-१ पेल्सितीमा लगाइएको र माल्पानजिक महाकाली तर्न बनाइएको काठका डन्डी प्रहरीले फालेका हुन् । व्यास-१ कै कटारपानीमा डोजरसमेत वारपार गर्न मिल्ने गरी बनाएको कल्भर्टजस्तै पुलमाथि ढुंगा राखिएकाले भत्काउन नसकेको एक प्रहरीले बताए ।

प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले उक्त क्षेत्रमा सुरक्षा उपस्थिति नहुँदा त्यहाँ कार्यरत कामदारले सडक खनेका र अस्थायी काठेपुल लगाएका दाबी गरे । 'भारतले नभई उक्त क्षेत्रमा मजदुरी गर्न जाने नेपाली कामदारले सजिलोका लागि काठेपुल लगाएका रै'छन्,' उनले भने, 'अन्तर्राष्ट्रिय सीमा नदीमा पुल लगाउनु हुँदैन, सबैलाई समस्या पर्छ भनेर कामदारलाई सम्झाएर प्रहरी फर्केका छन् ।' प्रजिअ पौडेलले नेपाली कामदारले पुल राखेको दाबी गरे पनि सीमापारि भारतीय सुरक्षाकर्मीको नियमित गस्तीका बीच कामदारले सीमा नदीमा पुल हाल्नु असम्भव भएको स्थानीय बताउँछन् । 'हाम्रो प्रशासनले यस्तै जानकारी गराएको होला,' स्थानीय हिमालय भट्टले भने, 'भारतले उक्त क्षेत्रमा मनोमानी ढंगले सडक निर्माण गरिरहेको छ । काठेपुल त कामदारले वारिपारि गर्नलाई लगाए होला । नेपाली भूमिमा आएर सडक बनाई डोजर ओसारपसार गर्नु कति ठूलो हेपाहा प्रवृत्ति हो ।'



दार्चुलाको व्यास गाउँपालिका-१ को पेल्सितीस्थित सीमा नदी महाकालीमा भारतले बनाएको काठेपुल । *फाइल तस्बिर : कान्तिपुर*

गत वर्ष भारतले नेपाली प्रशासनकै सहमतिमा महाकालीमा काठेपुल हालेको थियो । 'दुई देशको सीमा क्षेत्रमा संरचना निर्माण गर्न नपाइने अन्तर्राष्ट्रिय नियम छ । तर, भारतले त्यसविपरीत नेपाली पक्षको उपस्थिति नभएको मौका छोपी संरचना निर्माण गर्दै आइरहेको छ,' प्रजिअ पौडेलले भने, 'गर्नैपर्ने भए हाम्रो सहमति लिनुपर्थ्यो ।' उक्त क्षेत्रमा भारतले दुई ठाउँमा करिब आधा किलोमिटर सडक खनेको छ भने एक ठाउँमा सवारीसाधन वारपार गर्न सक्ने पुलसमेत बनाएको छ । भारतले महाकालीमा काठेपुल राखेको र नेपाली भूमिमै आएर आधा किलोमिटर सडक खनेको समाचार कान्तिपुरमार्फत सार्वजनिक भएपछि मात्रै नेपाली प्रशासनले पुल भत्काउन चासो दिएको हो । गत शनिबारमात्रै नेपाली प्रशासनले उत्तरी सीमा क्षेत्रमा भएका गतिविधिबारे कुनै थाहा नभएको र पुल निर्माण र सडक खनेको बारे अनभिज्ञता प्रकट गरेको थियो ।

### कालापानी नपुगी फर्किए उपप्रधानमन्त्री

उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल नेतृत्वको टोली सोमबार सेनाको हेलिकप्टर लिएर उडे पनि भारतद्वारा अतिक्रमित कालापानी क्षेत्र नपुगी फर्किएको छ । व्यास गाउँपालिका-१ छाङरुसम्म पुगेर टोली आकाशबाटै फर्केको हो ।

भ्रमण टोलीमा रहेका सुदूरपश्चिम प्रदेश सांसद गेल्बुसिंह बोहराले पाँच मिनेट जति छाङरु गाउँमाथिको आकाश हुँदै तिंकर खोलाबाट हेलिकप्टर टर्न भएको बताए । उनले छाङरुमा सशस्त्र प्रहरीको सीमा अवलोकन पोस्ट (बीओपी) स्थापना गर्ने स्थानको आकाशबाटै अवलोकन गरिएको बताए । फर्केपछि खलंगामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै पोखरेलले नेपालका सीमा क्षेत्रमा क्रमशः सुरक्षा पोस्टहरू थपिँदै जाने बताए ।

**भित्र**

धनुषा र रूपन्देहीमा सामूहिक बलात्कार

मौसमी रुघाखोकी लागेकामा स्वाइन र हङकङ फ्लु देखियो

वन लगानी कार्यक्रममा पौने ६ अर्ब

**गजब छ बा !**

– अविन –



तपैं पूर्व सभामुखकाँ ?...
म पूर्व उपसभामुखकाँ !

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि





# 'बाँकी कुरा पछि भन्छु'

**मातृका दाहाल** (काठमाडौं)

पूर्वसभामुख कृष्णबहादुर महरालाई सोमबार दिउँसो काठमाडौं जिल्ला अदालतले सफाइ दिएसँगै उनका सहयोगी र शुभेच्छुकहरू डिल्लीबजार कारागारबाहिर भेला भइसकेका थिए । सत्तारूढ नेकपाका हिमाल शर्मालगायत नेता-कार्यकर्ता महरालाई स्वागत गर्न फूलमालासहित पुगेका थिए ।

सफाइ पाएका महरालाई करिब ३ बजेतिर अदालतबाट सिधै कारागारको 'क' ब्लकमा लगियो । त्यहीं रहेका पूर्वआईजीपी रमेश चन्द ठकुरी, सशस्त्रका पूर्वडीआईजी रञ्जन कोइरालालगायतले 'बधाई छ हजुर' भन्दै उनलाई स्वागत गरे । चन्द सुडान घोटाला प्रकरणमा र पूर्वडीआईजी कोइराला पत्नी गीता ढकालको हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । करिब ५० जना अट्ने 'क' ब्लकको हलमा चन्द र कोइरालासँगै महरा १३३ दिन बसेका थिए । दुवै पूर्वप्रहरी अधिकृत उनका रुम पार्टनर थिए । कैदीबन्दीले सोमबार 'पहिलो पटक महरालाई मुस्कुराएको देखेको' भन्दै मुखामुख पनि गरे ।



यसरी सफाइ पाए महराले । ३

नेकपा सचेतक भन्छिन्– 'पुरुषपीडक कानुनले महरा पीडित'

कहिलेकाहीँ मात्रै घरबाट ल्याएको खाना खाएका महराले यो अवधिमा अधिकांश समय कैदीबन्दीबाट सञ्चालित मेसमा खाना खाएका थिए ।

आफूलाई खाना खुवाउनेदेखि भेटिएका सबैप्रति उनले छुट्ने बेला सहानुभूति देखाए । महराले 'यो अवधिको बसाइ अविष्मरणीय रह्यो, तपाईंहरूले गर्नुभएको सहयोग र मप्रति देखाउनुभएको सद्भावप्रति धन्यवाद दिन चाहन्छु' भने । त्यति भनिसकेपछि पूर्वआईजीपी चन्द र पूर्वडीआईजी कोइरालाले खादा ओढाएर बिदाइ गरे । जेलमा ल्याउँदा पनि चन्दले उनलाई स्वागत गरेका थिए ।

२०६८ जेठ १८ मा आईजीपी चन्दलाई जिम्मेवारीबाट मुक्त गरी प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारमा ल्याउने प्रस्ताव उनै महराले गरेका थिए । त्यसमा तत्कालीन प्रधानमन्त्री झलनाथ खनालले सहमति जनाएका थिए । प्रधानमन्त्री खनाल र गृहमन्त्री महराको सल्लाहमा चन्दलाई आईजीपीबाट हटाइएको थियो । एक कर्मचारीका अनुसार घर जानुअघि महरा निकै खुसी देखिएका थिए।

बाँकी पृष्ठ ३ ▶▶

# संस्कृति थाम्ने त्यो दरबार

**नेपाल सरकारले बझाङी राजा ओमजंगबहादुर सिंहलाई मार्न लगाएपछि विसं २०१८ देखि तल्कोटका राजा स्थानीयको परम्पराका सांस्कृतिक प्रतिनिधि मात्रै हुन् । तर, संस्कृति थामेर बसेका उनका पुस्तालाई अझै स्थानीयले सम्मान गर्छन् । हालै सम्पन्न दक्षिण एसियाली खेलकुदमा सर्वाधिक स्वर्ण पदक विजेता गौरिका सिंह बझाङी राजाकै सन्तान हुन् ।**



तल्कोट गाउँपालिका-४ मा रहेको तल्कोटी राजाको दरबार ।

*तस्बिर : वसन्तप्रताप/कान्तिपुर*

■ **वसन्तप्रताप सिंह** (बझाङ)

बझाङको सदरमुकाम चैनपुरबाट २० किलोमिटर उत्तरतर्फ लागेपछि तल्कोट गाउँपालिकाको पुगिन्छ खौला बजार । बजारको पूर्वी कुनाको अग्लो डाँडामा छ- कोट दरबार । बजारबाट दरबारमा पुग्न १६५ वटा कलात्मक ढुंगे सिँढी पार गर्नुपर्छ ।

बाटोको दायाँतिर दमाई जातिका घरहरू लहरै छन् । सिँढी चढेर डाँडामा पुगेपछि देखिन्छ ऐतिहासिक दरबार । यहाँ भेटिन्छन् रजवार (राजा) नारायणबहादुर सिंह र उनको परिवार । बझाङी राजा ओमजंगबहादुर सिंहको विसं २०१८ सालमा हत्या भएपछि यहाँको राजपरम्पराको अन्त्य भएको थियो । तत्कालीन समयमा बझाङ राज्यको सम्पूर्ण राजपाट हेर्ने जिम्मेवारीसहित राजाको पदवी दिइएका ओमजंगबहादुरले बझाङलाई स्वतन्त्र राज्य बनाउन खोजेपछि राजा महेन्द्रको सरकारले सेना लगाएर उनको हत्या गरेको थियो । त्यसपछि बझाङी राजसंस्था अन्त्य भएको थियो ।

राजा हटेको ६८ वर्ष बितिसकेको भए पनि तल्कोटमा पूर्वराजाका परम्परागत अवशेष सामाजिक संस्कृतिको अंगका रूपमा छ । सन्तानको जेठा छोरा हुँदै राजकीय सांस्कृतिक परम्परामा सहभागिता निरन्तर भइआएको छ । जेठा छोरालाई स्थानीयले राजा नै मान्छन् । तल्कोट गाउँपालिका मात्र नभएर छिमेकी मस्टा र साइपाल गाउँपालिकाका स्थानीयले पूर्वराजाका सन्तानलाई श्रद्धा र सम्मान गर्ने चलन छ । 'अहिले पनि यहाँ राजा मान्ने चलन यथावतै छ,' जयपृथ्वी बहुमुखी क्याम्पसका प्राध्यापक तल्कोट-३ रुवातोलाका भानुभक्त जोशी भन्छन्, 'राजा भएनन् भने यहाँको दसैं, गौरामात्र हैन । गाउँका मठ मन्दिरमा हुने पूजाआजा पनि रोकिन्छ ।' तल्कोटको राजपरिवारले अहिले पनि यस क्षेत्रको धार्मिक र सांस्कृतिक विरासत धानेर बसेको उनले बताए ।

तल्कोटमा हरेक वर्ष दसैं मेला लाग्छ । बझाङकै प्रसिद्ध उक्त मेलामा पूर्वराजाको उपस्थिति अनिवार्य हुन्छ । दसैंको नवमीका दिन दरबारमा रहेको भैरव मन्दिरमा पशु बलि चढाउन जिल्लाका विभिन्न ठाउँबाट श्रद्धालुहरू भेला हुन्छन् । सबै घरबाट काँचो (तोकिएको रकम) उठाएर किनिएको राँगोलाई राजाले विशेष पूजा गरेर मन्दिरमा रहेको खुँडाले छोएपछि मात्र बलि दिने काम सुरु हुन्छ । दसैंको दिन पूर्वराजाको हातको टीका र जमरा लगाउनका लागि टाढाटाढाबाट मानिसहरू यहाँ पुग्ने गरेको स्थानीय जनक विष्टले बताए ।

यस्तै दसैंपछिको ठूलो पर्वका रूपमा मनाइने गौरा पनि यहाँका राजपरिवारसँग जोडिएको छ । गौरा यस क्षेत्रका स्थानीयहरूले तल्कोट दरबारमा गौरा भित्र्याउने गर्दछन् । गौरा पूजा, गौरा नाचका लागि पनि यहाँका मानिसहरू दरबारको प्रांगणमा भेला हुने गर्दछन् । राजाका ब्राह्मणले बनाएको गौरीको पुतलालाई राजाले विशेष खालको कपडाले बनेको ठूलो छाता ओढाएर दरबारमा भित्र्याउने चलन रहेको तल्कोटका स्थानीयसमेत रहेका अर्का प्राध्यापक लालबहादुर बोहराले बताए । 'राजा यहाँका लागि सामाजिक, धार्मिक तथा सांस्कृतिक एकताको प्रतीक जस्तै हुन्,' उनले भने, 'राजा र प्रजाबीचको सम्बन्ध सुमधुर बनाउन, सबै मानिसहरू भेला गराएर परम्परादेखि चल्दै आएका रीतिरिवाजहरूलाई अहिले पनि यहाँका स्थानीयले कायमै राखेका छन् ।' राजाको उपस्थितिमा हुने यस्ता गतिविधिहरूले सामाजिक सम्बन्धहरू जोड्नका लागि महत्त्वपूर्ण योगदान दिएको उनले बताए ।

दसैं र गौरामा मात्र हैन । यहाँका स्थानीय मठमन्दिरमा सामूहिक पूजाआजा हुँदा राजाको उपस्थितिलाई महत्त्वका साथ लिने गरिएको कैलाश देवताका धामी गोरख जेठाराले बताए । 'कुनै पनि मन्दिरमा पूजा सुरु गर्दा धामीले देउता काँपेर राजालाई माला लगाइदिन्छन्,' उनले भने, 'राजाको उपस्थिति भयो भने गाउँलेहरूले पनि आफूहरूको पूजा राम्रो हुन्छ भन्ने विश्वास गर्छन् ।' उनले धेरैजसो मन्दिरमा बोकाको बलि दिन्छन् । बलि दिँदा धामी काँपेर एक फिला हातैले तानेर राजाको भाग छुट्याउने चलन कायमै रहेको उनले बताए ।

केही वर्ष पहिलासम्म मह काढ्दा पहिलो पोतलो (चाका) राजालाई छुट्याउने चलन थियो । यस्तै नयाँ अन्न खानुपूर्व दरबारको भाग छुट्याउनुपर्ने, भैंसी पहिलोपटक ब्याउँदा दूध दरबारमा दिनुपर्ने चलन अनिवार्य थियो । यो चलन भने अहिले हटाइएको छ । 'हामी यहाँको संस्कृति जगेर्ना गर्न बसेका हौं,' हालका रजवार नारायणबहादुर सिंहले भने, 'कतिपय चलन र परम्पराहरू अलि सामन्ती प्रकृतिका भएकाले बन्द गराएका हौं ।' राजपरिवारले यस्ता चलन हटाए पनि कतिपय स्थानीयले अहिले पनि मनले जितेर मान्दै आएको भोग्नुपर्दा सम्झाउने गरेको उनले बताए ।

नारायणबहादुर सिंह, तल्कोटका १७ औं पुस्ताका रजवार हुन् । विसं १४०० तिर बझाङी राजाको दरबार रहेको ब्याँसीकोटमा निरन्तर हुने बज्रपातलाई आफ्नो तान्त्रिक शक्तिका माध्यमबाट टाढा फाल्न सफल भएका एकजना भारदार मेदनी सिंहसँग खुसी भएका तत्कालीन बझाङी राजा पृथ्वीबहादुर सिंहले तल्कोट क्षेत्रको राजपाठको जिम्मेवारी दिएको कुरा बझाङ राज्यसम्बन्धी विभिन्न दस्तावेजमा उल्लेख छ ।

बझाङ राज्यको इतिहासका जानकार प्रयागराज जोशीका अनुसार तल्कोटको राजपाठको जिम्मेवारी पाएका मेदनी सिंहले तत्कालीन लुगाडीकोट, दानाकोट र चौसालकोटमा राज्य गरेका थिए । उनले यस क्षेत्रका राजा लडछडी रावललाई हराएर तल्कोट राज्यमै गाभेपछि तल्कोटको राजपरम्परा र यसको भौगोलिक क्षेत्र पनि सबल र विस्तार भएको थियो ।

तल्कोट दरबारले तत्कालीन समयमा हाल चीनको तिब्बतमा पर्ने मानसरोवर क्षेत्रसम्मको सिर्तो (कर) उठाउने र यस क्षेत्रको प्रशासन चलाउने अधिकार राखेको थियो । यहाँको सम्पूर्ण न्यायिक मामिला छिनोफानो पनि कोट दरबारमै गर्ने गरेको दस्तावेजहरूमा उल्लेख छ । अहिले पनि गाउँमा सानोतिनो झैझगडा हुँदा राजाको रोहवरमा गाउँका भद्र भलाद्मीहरू बसेर मेलमिलाप गराउने चलन कायमै रहेको यहाँका स्थानीय बताउँछन् । मेलमिलाप गराइसकेपछि आगामी दिनमा मिलेर बस्ने प्रतिबद्धता गर्नका लागि तामा-तुलसी छुवाएर वाचा गर्न लगाउने चलन छ । बेमेलहरू तोडिएको संकेतस्वरूप सिट्को (मसिनो लट्ठी) भाँच्ने चलन रहेको स्थानीय देवराज धामीले बताए ।

## परम्पराले धान्ने कहिलेसम्म ?

सामाजिक र सांस्कृतिक सेतुका रूपमा रहेको तल्कोटको राजपरम्परालाई स्थानीयले सम्मान र श्रद्धाका दृष्टिले हेर्छन् । तर, रजवार नारायणबहादुर सिंह र उनका जेठा छोरा किशोरबहादुर सिंह भने भित्रभित्रै निराश छन् । परम्पराकै कारण आफूहरूको प्रगति रोकिएको उनीहरूको बुझाइ छ ।

हुन पनि नारायणका हजुरबुबा जंगबहादुर सिंहका नौ भाइ छोरामध्ये जेठातर्फका उनको परिवारमात्रै हाल दरबार कुरेर बसेको छ । अरू परिवारका धेरैजना सरकारको उच्च ओहदामा छन् । कतिपय धनगढी र काठमाडौंलगायतका ठाउँमा सुविधा सम्पन्न जीवन बिताइरहेका छन् । केही परिवार अमेरिका र बेलायतमा पनि बस्छन् । 'जेठो भएका कारणले हामीले दरबार छाड्न मिलेन । हामीलाई परम्पराले बाँधेर राख्यो,' नारायणबहादुरले भने, 'अरू भाइहरू खुला भए, प्रगति गरे । हामी जहाँको त्यहीँ छौं ।' उनले पनि ०३४ सालमा एसएलसी उत्तीर्ण गरेर भारतबाट आईएस्सीसम्मको अध्ययन गरेको भए पनि राजपरम्परा धान्नकै लागि ठाउँ नछाडेको बताए ।

जेठा छोरा किशोरबहादुर पनि परम्पराको बिँडो थाम्ने तयारीमा छन् । उनी अहिले बुबासँगै दरबारमै बस्ने गरेका छन् । आफ्नो व्यक्तिगत सुखसुविधा र प्रगतिका लागि पुर्खाको इतिहास नबिर्सने किशोरको सोचाइ छ । 'मभन्दा पछाडिको पुस्ताले के गर्छन्, उनीहरूको विचार हो । मेरै पालामा परम्परादेखि चल्दै आएको संस्कार छोड्न सक्दिनँ,' उनी भन्छन्, 'त्यसैले यतै बस्न थालेको छु ।'

## गौरीका तल्कोटको गौरव

कुराकानीकै क्रममा किशोरले हालसालै सम्पन्न भएको दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग) मा सबैभन्दा बढी स्वर्ण पदक जितेर कीर्तिमान बनाएकी गौरिका सिंहको प्रसंग पनि उठाए । तल्कोटी राजा नारायणबहादुरकी भतिजी नाता पर्ने गौरिकाले देशका लागि कायम गरेको कीर्तिमानले तल्कोटको गौरव बढाएको उनले सुनाए ।

गौरिकाको विजय उत्सव मनाउँदाको क्षण सम्झिँदै उनले भने, 'त्यो दिन त हामीले भव्य उत्सव मनायौं । तल्कोटवासीले गौरिकाले रेकर्ड तोडुन् भनेर कामना गरिरहेका थियौं । उनी सफल भएको दिन हामी सबै रमायौं ।' गौरिकाले तल्कोटको नाम अन्तर्राष्ट्रिय क्षेत्रमा चम्काएको बताउँदै उनी तल्कोट राजपरिवारको सदस्य मात्रै नभएर सिंगो तल्कोटी राजपरम्पराको गौरव भएको बताए ।

## पर्यटकको आकर्षण

स्थानीयका लागि राजपरम्परा महत्त्वपूर्ण भए पनि बाहिरबाट तल्कोट जानेहरूका लागि तल्कोट दरबार र यहाँको परम्परा पर्यटकीय आकर्षणको छ । साइपाल हिमाल, चीनको तिब्बतमा पर्ने कैलाश मानसरोवर जाने प्रवेशद्वारका रूपमा रहेको तल्कोट दरबारमा पर्यटकहरू पुगिरहेका हुन्छन् ।

अग्लो डाँडामा रहेको दरबारबाट उत्तरमा पर्ने व्यास र गुदुपाललगायतका हिमालहरूको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । दक्षिणतिर सेती नदी र त्यस छेउछाउका बस्तीहरूको दृश्य पनि माथिबाट उत्तिकै आकर्षक देखिन्छन् । यस क्षेत्रमा घुम्न आइपुग्नेहरू दरबारमा अनिवार्य पुग्ने गरेको स्थानीय व्यवसायी शोभा भण्डारीले बताइन् ।

कतिपय विदेशी पर्यटक पनि आइपुग्छन् । केहीले परम्परा बुझ्न र भौगोलिक वातावरणमा रमाउन दोहोर्‍याएर आउने गरेको रजवार नारायणबहादुर सिंहले बताए । 'कतिपय दुई-चार दिन यतै बसेर जान्छन् । कोही एक-दुई वर्षपछि पनि फर्केर आउँछन्,' उनले भने, 'यहाँको वातावरण देखेर नेपालीभन्दा पनि विदेशीहरू बढी रमाउँछन् ।' दरबार घुम्न आउनेलाई चिया, नास्ता, खाना र बाससमेत दिने गरेको उनले बताए ।

तल्कोट गाउँपालिकाले पनि यस दरबारलाई गाउँपालिकाको मुख्य पर्यटकीय तथा पुरातात्त्विक महत्त्वको स्थानको मानेको छ । यसको प्रचारप्रसार र प्रवर्द्धनका योजना निर्माण भइरहेको गाउँपालिका अध्यक्ष लालबहादुर विष्टले बताए ।

# 'विकास देखेर कोही आत्तिए'



काभ्रे (कास)- प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुक परिवर्तनको तीव्र वेगमा रहेको दाबी गरेका छन् । देश 'सुरुङ युग' मा प्रवेश गरेको तर्क गर्दै ओलीले सडक चौडा पार्ने तथा सुरुङ निर्माणलाई तीव्रता दिने बताए ।

धुलिखेल नगरपालिकाको ३४ औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा सोमबार बोल्दै प्रधानमन्त्री ओलीले देशमा भइरहेको 'पछिल्लो विकास देखेर केही मानिस आत्तिएको' दाबी गरे । 'आज मात्रै (सोमबार) काठमाडौंमा टेलिफोनका तार बिजुलीका खम्बामा झुन्ड्याउन नपर्ने, झुप्पाझुप्पा देख्नु नपर्ने गरी जमिनमुनिबाट लैजाने कार्यको सुरुवात गर्‍यौं । केही समयभित्र हावाहुरी चल्दा बिजुलीका पोल भत्किएलान् भन्ने डर हुँदैन,' उनले भने ।

ओलीले अर्को वर्षसम्म थप एक हजार मेगावाट विद्युत् उत्पादन थपी निर्यात गरिने बताए । 'नेपाल एक सय वर्षमा पनि पाँच सय मेगावाटभन्दा कम विद्युत् उत्पादन गरेर बसेको थियो,' उनले भने, 'अहिले २ वर्षमा हजार मेगावाट नघाएका छौं, अर्को वर्ष अर्को हजार मेगावाट नघाएर विद्युत् निर्यातकर्तामा परिणत हुँदै जान्छौं ।'

वर्तमान सरकारको विकास देखेर मानिसहरू अचम्ममा परेका ओलीको भनाइ छ । 'मान्छेहरू छक्क परेका छन्, 'यसरी पनि विकास हुँदो रहेछ, यसरी पनि बाटो चौडा हुने रहेछ, शिक्षा, स्वास्थ्य सफाइ अभियान चल्दो रहेछ भन्न थालेका छन्,' ओलीले भने । आफ्नो १९ मिनेट लामो सम्बोधनको अधिकांश समय उनले आफ्नै प्रशंसामा खर्चिए । बिजुलीको पहुँच ८८ प्रतिशत नेपालीमा पुगिसकेको दाबी गर्दै ओली दुई वर्षभित्र शतप्रतिशतमा पुर्‍याउने बताए । 'स्मार्ट मिटर राख्दैछौं, निकट भविष्यमा मेलम्ची ल्याएर काठमाडौंमा खानेपानीको अभाव न्यून गर्नेछौं,' उनले भने, '४-जी सेवा सबै जिल्लामा पुगिसकेको छ, डिजिटल नेपाल बनाउने बाटोमा अघि बढ्दै छौं, विकास र सेवाका क्षेत्रमा आधुनिक प्रविधि प्रयोग गरेर अगाडि बढ्नेछौं ।' ओलीले जनताको सरकार रहेको दाबी गर्दै नेपालीलाई खानलाउन सरकारले पुर्‍याउने दाबी गरे ।

कार्यक्रममा ओलीले धुलिखेल नगरपालिकाले प्रदान गर्दै आएको 'धुलिखेल रत्न पदक' काठमाडौं विश्वविद्यालयका उपकुलपति डा. रामकण्ठ माकजूलाई प्रदान गरे । धुलिखेल नगरपालिकाका वडा नं २ का तत्कालीन अध्यक्ष राजन कोइरालालाई मरणोपरान्त 'धुलिखेल नक्षत्र' प्रदान गरियो । त्यसैगरी, कलाकार मनोज पण्डितलाई धुलिखेल प्रज्ञाश्री र गोविन्द शर्मा धिताल सेवाश्री पदकबाट सम्मानित भए । ओलीले धुलिखेल-११ मा स्थापित स्वर्गीय मदन भण्डारीको शालिकसमेत अनावरण गरे ।

# क्वारेन्टाइनमा र्‍यालको नमुना लिइयो

भक्तपुर (कास)- चीनको वुहानबाट ल्याइएका १७५ जनाको सोमबार घाँटीको र्‍याल र 'नेजेल स्वाब' को नमुना संकलन गरिएको छ । चाँगुनारायण नगरपालिका-७ खरिपाटीस्थित विद्युत् प्राधिकरण तालिम केन्द्रमा बनाइएको क्वारेन्टाइनमा राखिएका नेपालीबाट संकलित नमुना परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको छ ।

प्रयोगशालाका चिकित्सकलगायत प्राविधिकले करिब ४ घण्टा लगाएर र्‍याल तथा 'नेजल स्वाब' को नमुना संकलन गरेका हुन् । परीक्षणको नतिजा बुधबारसम्म सबैजनाको आइसक्ने जनाइएको छ । क्वारेन्टाइनमा राखिएकाहरूमध्ये कसैलाई कोरोना भाइरस देखिए वा शंकास्पद लक्षण देखिए थप परीक्षण तथा उपचारका लागि आइसोलेसन सुविधा भएका अस्पताल पठाइने छ । यस्तै परीक्षण दुई सातापछि पुनः गरिनेछ । क्वारेन्टाइनमा १३५ पुरुष र ४० जना महिला छन् ।

क्वारेन्टाइनमा राखिएकाहरूलाई हरेक दिन बिहान ७ बजे ब्रेकफास्ट, साढे ११ बजे लन्च, दिउँसो साढे २ बजे खाजा र साँझ ७ बजे खाना दिने गरिएको छ । व्यक्तिको रुचिअनुसार खाना दिने गरिएको प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले बताइन् ।

क्वारेन्टाइन परिसरभित्र इन्टरनेट, टेलिभिजन, क्यारेमबोर्ड, लुँडो, ब्याडमिन्टनलगायत खेलकुद सामग्रीको सुविधा छ । पाण्डेका अनुसार क्वारेन्टाइनमा राखिएकाहरूलाई पानी, मास्क, ह्यान्ड स्यानिटाइजर, साबुन, मञ्जन, औषधिलगायत सामग्री उपलब्ध गराइएको छ । पाण्डेका अनुसार क्वारेन्टाइनमा राखिएका व्यक्तिका आफन्तले खानाबाहेक लत्ताकपडा, पुस्तकलगायत सामग्री ल्याइदिन सक्नेछन् ।

यसैबीच, नेपालीलाई क्वारेन्टाइनमा राखिएको क्षेत्र बाहिर सहायता कक्षसमेत स्थापना गरिएको छ । तालिम केन्द्रको प्रवेशद्वार र चाँगुनारायण-६ पीपलबोटस्थित खानेपानी सरसफाइ डिभिजन तालिम केन्द्रमा नेपाल रेडक्रस सोसाइटी भक्तपुर शाखा र जिल्ला जनस्वास्थ्य कार्यालयले सहायता कक्ष स्थापना गरेको हो । कक्षमा कोरोना भाइरससँग सम्बन्धित जनचेतनामूलक परामर्श दिनुका साथै पर्चा पम्प्लेट राखिएको रेडक्रसले जनाएको छ । भक्तपुरकी प्रमुख जिल्ला अधिकारी पाण्डे नेतृत्वको टोलीले क्वारेन्टाइन बाहिरको बस्तीमा कोरोनाबारे सचेतना तथा मास्क वितरण कार्यक्रम गरेको छ ।



भक्तपुरको खरिपाटीस्थित क्वारेन्टाइन स्थल ।

*तस्बिर : इलिट जोशी/कान्तिपुर*

# देखियो स्वाइन र हङकङ फ्लु

काठमाडौं (कास)- निमोनिया गराउने नोवल कोरोना भाइरसको त्रास रहेकै बेला इन्फ्लुएन्जा (मौसमी रुघाखोकी) अन्तर्गत स्वाइन फ्लु र हङकङ फ्लुसमेत देखिन थालेको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाकी निर्देशक डा. रुना झाका अनुसार 'इन्फ्लुएन्जा ए (एच१एन१) पीडीएम ०९' अर्थात् स्वाइन फ्लु र 'इन्फ्लुएन्जा ए (एच३एन२)' अर्थात् हङकङ फ्लु देखिन थालेको हो ।

सिन्धुपाल्चोकमा फैलिएको रुघाखोकी 'हङकङ फ्लु' भएको र बाजुरामा 'स्वाइन फ्लु' र 'इन्फ्लुएन्जा बी' देखिएको उनले जानकारी दिइन् । गर्मी याम सुरु हुने समय र मनसुनपछि मौसमी रुघाखोकीको समस्या बढी देखिने गरेको छ ।

स्वाइन फ्लुसँग कोरोना भाइरसको लक्षण मिल्दोजुल्दो हुने भएकाले थप त्रास फैलिएको राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका सिनियर कन्सलटेन्ट चेस्ट फिजिसियन डा. नवीनप्रकाश शाहले बताए । 'अलि कडा खालको ज्वरो र रुघाखोकी भए आत्तिनु हुन्न,' उनले भने, 'तत्काल चिकित्सकीय सुझाव लिनुपर्छ ।' राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा हालै गरिएको शंकास्पद नमुनाको प्रयोगशाला परीक्षणमा स्वाइन फ्लु, हङकङ फ्लु, समूह नछुट्याइएको 'इन्फ्लुएन्जा 'ए' र इन्फ्लुएन्जा 'बी' पोजेटिभ भेटिएको छ । संकलित नमुनामध्ये करिब एक तिहाइमा इन्फ्लुएन्जा देखिएको हो । 'धेरैजसो नमुनामा स्वाइन फ्लु देखिएको छ,' जनस्वास्थ्य प्रयोगशालाका मेडिकल टेक्नोलजिस्ट राजेशकुमार गुप्ताले भने ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा हालसम्म गरिएको ३४ शंकास्पद बिरामीको र्‍यालको नमुना परीक्षण गर्दा एक जनामा मात्र कोरोनाको संक्रमण देखिएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार चीनबाट फर्किएका ती व्यक्तिको सम्पर्कमा रहेका अरूमा हालसम्म कोरोनाको संक्रमण देखिएको छैन । स्वास्थ्य मन्त्रालयका स्वास्थ्य आपतकालीन कार्य सम्पादन केन्द्र प्रमुख सागर दाहालका अनुसार सिन्धुपाल्चोक-९, सेती प्रादेशिक अस्पताल धनगढी र प्रदेश-१ बाट प्राप्त भएको घाँटीको र्‍यालको नमुना परीक्षण गर्दा नतिजा 'नेगेटिभ' आएको छ ।

# बलात्कार आरोपमा पाँच पक्राउ

भैरहवा (कास)- रूपन्देहीको दक्षिणी सीमावर्ती मर्चवार क्षेत्रमा पर्ने सम्मरीमाई-३ की १६ वर्षीया किशोरी आइतबार राति सामूहिक बलात्कारमा परेकी छन् । बलात्कार आरोपमा तीन जना पक्राउ परेका छन् ।

परिवारका अनुसार वृद्ध हजुरबुबा, बहिनी र भाइसँगै घरमा बसेका बेला एक युवकले राति साढे ९ बजेतिर ढोका ढकढक्याएका थिए । ढोका खोल्दा घरको भित्तामा आड लागेका अरू दुई युवकसमेतले तानेर बाहिर लगी बलात्कार गरेका थिए । पीडित युवतीले सोमबार बिहान इलाका प्रहरी कार्यालय मर्चवारमा गरेको उजुरीका आधारमा तीन युवक पक्राउ परेको रूपन्देहीका डीएसपी खड्गबहादुर खत्रीले बताए । भैरहवास्थित भीम अस्पतालमा जाँच गरिए पनि किशोरीको मेडिकल रिपोर्ट आइनसकेको डीएसपी खत्रीले बताए ।

यसैगरी जनकपुरमा एक महिलालाई सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । उनीहरूले महोत्तरी पिपरा गाउँपालिका-७ बनौली घर भई जनकपुरमा डेरा लिएर बस्दै आएकी ४० वर्षीया महिलालाई बलात्कार गरेको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा महोत्तरी औरही-८ भोइलका २५ वर्षीय नरेश महतो र भारत बिहार मधुवनीका ४९ वर्षीय राघवेन्द्र प्रसाद सिंह रहेको प्रहरी निरीक्षक अशोक झाले बताए । आइतबार साँझ जनकचोकबाट जबर्जस्ती टेम्पोमा चढाएर डेरामा ल्याई महिलाको बलात्कार गरेको प्रहरीले जनाएको छ । दुवै आरोपित र पीडित महिलाको जनकपुर प्रादेशिक अस्पतालमा स्वास्थ्य परीक्षण गराइएको छ । आरोपित दुवैविरुद्ध जबर्जस्ती करणी मुद्दा दर्ता गरी सोमबार धनुषा जिल्ला अदालतबाट म्याद थप गराएर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । पीडितले जिल्ला प्रहरी कार्यालयमा उजरी दर्ता गराएपछि आरोपितलाई पक्राउ गरिएको हो ।

# यसरी पाए महराले सफाइ

## किटानी जाहेरी दिने पीडितको इन्कारी बयान र घटनास्थलमा बरामद भएका सामानको औंठाछाप प्रतिवादीसँग मेल नखाएको तथ्य सफाइको आधार

■ **कृष्ण ज्ञवाली** (काठमाडौं)

जिल्ला अदालत काठमाडौंले बलात्कार प्रयास गरेको आरोपबाट पूर्वसभामुख कृष्णबहादुर महरालाई सफाइ दिएको छ। किटानी जाहेरी नै खण्डन हुने गरी पीडितले अदालतमा गरेको बकपत्र महराले सफाइ पाउने प्रमुख आधार बनेको हो। न्यायाधीश अम्बरराज पौडेलको इजलासले घटनास्थलमा बरामद भएका सामानको औंठाछाप पनि प्रतिवादीसँग मेल नखाएको भन्ने अर्को तथ्यलाई सफाइको आधार बनाएको छ।

'फैसलाको पूर्णपाठ तयार भइसकेको छैन, त्यो आएपछि विस्तृत रूपमा स्पष्ट हुनेछ,' जिल्ला अदालतका श्रेस्तेदार आनन्दकुमार श्रेष्ठले कान्तिपुरसँग भने, 'अदालतमा प्रतिवादीको इन्कारी बयान थियो, जाहेरीकर्ताले पनि प्रतिवादीको भनाइसँग मेल हुने गरी कुटपिट र अरू घटना नभएको बयान दिएकाले आरोपबाट सफाइ ठहर्ने भनी रायकिताबमा राय व्यक्त भएको छ।'

रायकिताबको रायअनुसार घटनास्थलमा बरामद भएका गिलाससलगायत सामानमा भेटिएको हस्तरेखा र आरोपितहरूको हस्तरेखाको तुलनात्मक अध्ययनबाट पनि प्रतिवादी घटनामा संलग्न भएको पुष्टि हुन नसकेको उल्लेख छ। हस्तरेखाको अध्ययन गरेका विशेषज्ञले औंठाको छापमा तुलनात्मक अध्ययन गर्न र विश्लेषण गर्न नसकिएको राय दिएका थिए। बयानमुखी अनुसन्धान पद्धतिमा मुद्दाका सरोकारवालाले अदालतमा गर्ने बयानलाई महत्त्वपूर्ण प्रमाण मानिन्छ। जिल्ला अदालत काठमाडौंले त्यही बयानलाई प्राथमिकता दिएर न्यायनिरूपण गरेको देखिन्छ।

संसद् सचिवालयमा कार्यरत कर्मचारी 'नयाँ बानेश्वर २६ (परिवर्तित नाम) माथि बलात्कारको प्रयास गरेको आरोपमा पूर्वसभामुख महराविरुद्ध गत कात्तिक १४ मा जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो। जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले साढे ७ वर्ष कैदको मागदाबी गरेको थियो। जिल्ला अदालतको फैसला चित्त नबुझेमा जिल्ला सरकारी वकिलको कार्यालयले उच्च सरकारी वकिलको कार्यालयमार्फत उच्च अदालतमा पुनरावेदन गर्न पाउँछ। फैसला चित्त बुझाएमा पुनरावेदन नगर्ने निर्णय पनि हुन सक्छ तर त्यसका लागि फाइल तहगत निर्णय गर्दै महान्यायाधिवक्तामार्फत सदर गर्नुपर्छ।

जिल्ला अदालतको फैसलासँगै महरा कानुनी रूपमा 'निर्दोष' ठहर भएकाले अब नेकपा सांसदका रूपमा क्रियाशिल हुनेछन्। नैतिकताको सवाल उठेपछि सभामुख पदबाट उनले राजीनामा दिएका थिए। सभामुख हुँदा नै पार्टी सदस्यता त्यागेकाले अब पार्टीमा उनको के भूमिका हुने भन्नेबारे टुंगो लागेको छैन।

मुद्दाबारे जानकार अदालतका एक कर्मचारीका अनुसार अरू प्रमाण जे-जस्तो भए पनि पीडितको निवासभित्र पसेपछि के भयो भन्नेबारे पीडित र आरोपितबाहेक अरूलाई थाहा थिएन। 'अरू प्रमाण नभएको अवस्थामा उनीहरूको बयानलाई नै अदालतले प्रमाणका रूपमा ग्रहण गरेको हुनुपर्छ,' ती कर्मचारीले भने, 'पीडितले स्वास्थ्य परीक्षणका क्रममा कुटपिटबाट चोट र दाग भएको भनेर रिपोर्टमा लेखिएका कुरालाई अदालतले कसरी हेर्‍यो, पछि पूर्णपाठ आएपछि मात्रै थाहा होला।'

किटानी जाहेरी दिने 'नयाँ बानेश्वर २६' ले आफ्नो मुखमा महराले बारम्बार प्रहार गरेको र बलात्कारको प्रयास गरेको दाबी गरेकी थिइन्। 'उनले मेरो मुखमा बारम्बार मुक्का हाने, अनि मैले पछाडिबाट पेन्टमा समाएँ र प्रहरीलाई बोलाउने चेतावनी दिएँ,' प्रहरी प्रतिवेदनमा उल्लेखित मेडिकल रिपोर्टमा भनिएको थियो, 'अनि मैले गुहार मागेर चिच्याएँ, त्यसपछि उनी भान्साकोठाको ढोका प्रयोग गरेर भागे। ममाथि आक्रमण गर्दा उनी मदिराले मातेका थिए।'

पछि पीडितले भने आफ्नो भनाइ फेरेकी थिइन्। उनले आफूलाई प्रहरीले दबाबमा पारेर किटानी जाहेरी दिन लगाएको बयान दिएकी थिइन्। सरकारी वकिल कार्यालयका अधिकारीहरूले भने पूर्णपाठ आएपछि मात्रै सफाइको आधार थाहा हुने भन्दै अहिल्यै प्रतिक्रिया दिनु हतारो हुने बताए।

महराले बलात्कारको आरोपबाट सफाइ पाए पनि प्रहरी र सरकारी वकिलको दाबीअनुसार आरोप पुष्टि हुने कैयौं प्रमाण थिए। प्रहरीले दाबी गरेका प्रमाणभन्दा महरा र पीडितको बकपत्रलाई अदालतले महत्त्वपूर्ण प्रमाण मानेर उनीहरूकै बयानअनुसार घटना भएको पुष्टि नभएको दाबी गरेको देखिन्छ। आरोपपत्रमा प्रहरीले प्रमाण भनी दाबी गरेका कैयौं विवरण छन्, जसलाई अदालतले स्वीकार गरेको देखिँदैन।

गत असोज १२ मा महरा 'नयाँ बानेश्वर २६' को कोठामा पुगेको र दुवै पक्षबीच छिनाझप्टी हुँदा महराको चस्मा खसेर फुटेको थियो। सिसासहितको एउटा फ्रेम महराले लगेपछि एउटा आँखाको सिसा र चस्माको खुट्टा पीडितकै कोठामा छुटेको थियो। आरोपपत्रको दाबीअनुसार 'घटनास्थलमा भेटिएको चस्माको सिसा र फ्रेमको डन्डी महराकै हो भन्ने तथ्य स्थापित भएको देखिन्छ।'

महरामाथि सभामुखको पद दुरुपयोग गरेको आरोपसहित सरकारी वकिलले 'निवासबाट बाहिर निस्कँदासमेत आफ्ना वरिष्ठ सुरक्षाकर्मीलाई यकिन जानकारी नदिएको' आरोप लगाएको थियो। पीडितलाई मादक पदार्थ सेवन गर्न कर लगाएको अनि सार्वजनिक पदको लाभ लिएको आरोप पनि अभियोगपत्रमा थियो।

प्रहरीको कन्ट्रोल रुममा परेको उजुरीलाई पनि प्रमाणका रूपमा पेस गरिएको थियो। घटना हुने दिन बेलुकी ८ बजेर ४० मिनेट जाँदा 'नयाँ बानेश्वर २६' ले आफूमाथि महराबाट बलात्कार प्रयास भएको भनी १०० मा फोन गरेकी थिइन्। रानीपोखरीस्थित आयुक्तको कार्यालयमा रहेको 'कन्ट्रोल रुम'ले त्यो सूचना तत्काल बानेश्वर वृत्तलाई पठाइदियो। त्यही सूचनाका आधारमा बानेश्वरबाट प्रहरी घटनास्थल पुगेर पीडितलाई भेटेका थिए। अनुसन्धानक्रममा महराले 'फर्गेट यस्टर्डे (हिजोको कुरा बिर्सिदेऊ) भनी गरेको म्यासेजलाई प्रमाणका रूपमा पेस गरिएको थियो।

प्रहरीले महराको सुरक्षामा खटिएका सेना, सशस्त्र र जनपदका आधा दर्जन सुरक्षाकर्मीसँग बयान लिएको थियो। उनीहरूले पीडितको कोठा बाहिरसम्म आफूहरू गएको अनि महरा भित्र गएर फर्किएको बयान दिएका थिए। सीसीटीभी फुटेज हेर्दा महरा करिब एक घण्टाभन्दा बढी समय पीडितको कोठामा बसेको सरकारी वकिलको दाबी थियो।

उजुरीकर्ताको अनुहार र हातमा लागेको चोटलाई बलात्कारको प्रयासकै परिणामका रूपमा चित्रण गरिएको थियो। आलो घाउचोटले बलात्कारको प्रयासका क्रममा 'नयाँ बानेश्वर २६' माथि हातपात र आक्रमणसमेत भएको आरोपपत्रमा दाबी थियो। प्रहरीले प्रमाणका रूपमा घटनास्थलको फोटो, भिडियो, चस्माको डन्डी र सिसा, मदिराको बोतल र गिलास अनि महराको जुत्ताको तलुवासमेत अदालतमा पेस गरेको थियो।

महराले बयानका क्रममा आफूमाथिको आरोपलाई 'प्रायोजित' भनी टिप्पणी गरेका थिए। उनले अदालतमा पनि त्यही भनाइ दोहोर्‍याए। 'मलाई फसाउन कसैले आफ्नो जुत्ताको तलुवा पीडितको कोठामा लगेर राखेको हुन सक्ने' भनी प्रतिक्रिया दिएका थिए।



जिल्ला अदालतले सफाइ दिएपछि सोमबार डिल्लीबजार कारागारबाट निस्कने क्रममा पूर्वसभामुख कृष्णबहादुर महरा। *तस्बिर : दीपक केसी/कान्तिपुर*

### अदालतले प्रमाण मानेका विषय

- पीडितको बकपत्र : ममाथि दुर्व्यवहार भएको थिएन
- महराको बयान : मैले बलात्कारको प्रयास गरेको थिइनँ
- विशेषज्ञ राय : हस्तरेखाको विश्लेषण गर्न नसकिएकाले पीडित घटनास्थल गएको पुष्टि गर्न नसकिने

### प्रमाण नमानेका विषय

- घटनास्थलमा भेटिएको चस्मा र फ्रेम
- सुरक्षाकर्मीको बयान
- प्रहरीको कन्ट्रोल रूपमा घटनाबारेको सूचना र मोबाइल म्यासेज
- पीडितको घाउचोट र स्वास्थ्य जाँच प्रतिवेदन
- प्रहरीले खिचेको भिडियो

## 'बाँकी कुरा...

अदालतले सफाइ दिएपछि उनलाई जेलर अरुण पोखरेलको कार्यकक्षमा लगियो। जहाँ कान्छा छोरा राहुल महरा पर्खिरहेका थिए। जेल प्रशासनमा उनलाई छुटाउने प्रक्रिया चलिरहँदा बाहिर उनको समर्थनमा ठूलो भीड जम्मा भइसकेको थियो।

२०७६ कात्तिक १८ मा महरालाई पुर्पक्षका लागि कारागार ल्याइएको थियो। जिल्ला न्यायाधीश सुदर्शनराज पाण्डेको इजलासले उनलाई पुर्पक्षका लागि कारागार पठाएको थियो। छोरा राहुलले नै उनलाई जेलसम्म पुर्‍याएका थिए। जेलर पोखरेलले प्रक्रिया पूरा गरेर उनलाई छोराको जिम्मा लगाए। अदालतबाट आएको सवा घण्टापछि बाहिर निस्कँदै गर्दा महराले जेलर पोखरेललाई भने, 'घरमा जसरी नै बसियो, राम्रो व्यवहार गर्नुभयो, निकै खुसी छु।'

महरालाई अघि लगाउँदै छोरा राहुल कारागारबाहिर निस्किए। त्यही बीचमा महराले 'प्रहरी साथीहरू, माननीय रेशम चौधरीलगायतसँग राम्रोसँग बसें, सबैबाट राम्रो व्यवहार भयो, बाँकी कुरा पछि भन्छु' भने। पार्टीका नेता-कार्यकर्ता र शुभेच्छुकसँग खुसी साट्दै उनी बा१८च ४०० नम्बरको गाडीमा छोरासँगै खुमलटारस्थित डेरातर्फ लागे। बालुवाटारस्थित सभामुख निवासबाट असोज १९ मा पक्राउ परेका उनलाई अनुसन्धानका लागि महानगरीय प्रहरी वृत्त सिंहदरबार पुर्‍याउँदा पनि त्यही गाडी प्रयोग गरिएको थियो।

महरालाई डिल्लीबजार कारागार बसाइका क्रममा करिब १२०० जनाले भेटेका थिए। जेलर पोखरेलका अनुसार उनलाई भेट्न पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, पूर्वमन्त्री देव गुरुङ, नेकपा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य, वरिष्ठ नेता सीपी गजुरेललगायत पुगेका थिए। उनीहरू सबै महराका पूर्वसहकर्मी हुन्।

### तथाकथित आरोप खेपें : महरा

महराले आफूले 'तथाकथित' आरोप खेप्नुपरेको बताएका छन्। जेलबाट छुटेलगत्तै प्रेस विज्ञप्तिमार्फत उनले ३० दिन प्रहरी हिरासत र १०३ दिन डिल्लीबजार कारागारमा बसी तथाकथित आरोप खेपेको बताएका छन्। 'कारागार र प्रहरी हिरासतमा बसी मैले तथाकथित आरोप खेपेको छु, अन्ततः ममाथि लगाइएको आरोप गलत सावित भएको छ,' उनले भनेका छन्, 'सम्मानित अदालतले मलाई निर्दोष ठहर गर्दै सफाइ दिएको छ, म सम्मानित अदालतप्रति विशेष आभार र धन्यवाद व्यक्त गर्दछु।' देशभक्त नेपालीका रूपमा मुलुकको रक्षा गर्न आफ्नो पहिलो र उच्च प्राथमिकता रहँदै आएको भन्दै उनले सदैव रहने उल्लेख गरेका छन्।

### पुरुषपीडक कानुनले महरा पीडित : नेकपा सचेतक



प्रमुख सत्तारूढ दल नेकपाकी सचेतक शान्ता चौधरीले महिलामैत्री कानुन बनाउने क्रममा पुरुषपीडक कानुन पनि बनेको भन्दै त्यसलाई सच्याउनुपर्ने बताएकी छन्। संसद् सचिवालयमा कार्यरत कर्मचारीमाथि यौनहिंसा गरेको आरोपमा अदालतले पूर्वसभामुख महरालाई सफाइ दिएपछि फेसबुकमार्फत चौधरीले लेखेकी छन्, 'हामीले महिलामैत्री कानुन बनाउने क्रममा कतिपय अव्यावहारिक र पुरुषपीडक बन्दोबस्तहरू पनि राख्यौं कि ? यो घटनाले सोच्न बाध्य बनाएको छ।'

चौधरीले अदालतबाट निर्दोष ठहर भएका पूर्वसभामुख कृष्णबहादुर महरामा अविचलित र परिपक्व व्यवहार भएको दाबी गर्दै महरा र उनको परिवारले मानसिक यातना पाएको र मुलुकले नै असहनीय पीडा भोगेको उल्लेख गरेकी छन्।

# टीआरसी ऐन संशोधन अलपत्र

काठमाडौं (कास)- पाँच वर्षअघि सर्वोच्च अदालतले सरकारका नाममा आदेश दियो, 'सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनमा दोषीलाई आममाफी दिन नपाइने गरी संशोधन गर्नू।

संक्रमणकालीन न्यायको सन्दर्भमा अन्तर्राष्ट्रिय समुदाय, मानवअधिकार आयोगदेखि द्वन्द्वपीडितसम्म सबैले सरकारसँग पटकपटक राख्दै आएको माग पनि सर्वोच्चको आदेशअनुसार ऐनको संशोधन हुनुपर्छ भन्ने छ। दुवै आयोगका अघिल्ला पदाधिकारीहरूले ऐनको प्रावधानका कारण आफूले काम गर्न नसकेको जनाउँदै सरकारलाई सर्वोच्चको फैसला कार्यान्वयन गर्न आग्रह गर्दै आएका थिए। कतिपय नेताले ऐन संशोधन हुनुपर्ने धारणा राख्दै आएका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीले पनि गत महिना टीआरसी ऐन संशोधन हुने घोषणा नै गरेका थिए।

कानुन मन्त्रालयले पुस अन्तिममा सातै प्रदेशमा पीडितहरूलाई बोलाएर ऐन संशोधनबारे परामर्श लिने भन्दै तीन घण्टा उनीहरूको धारणा पनि सुनेको थियो तर त्यसपछि फेरि उही सामसुमको अवस्था विद्यमान छ। आखिर कहिले हुन्छ संशोधन ? 'म ज्योतिष भएको भए ठ्याक्कै भनिदिन्थें,' कानुन सचिव राजीव गौतम भन्छन्, 'तर हेर्नुस्, म ज्योतिषी जान्दिनँ, कसरी भन्नु कहिले हुन्छ।' उनको उत्तरबाटै थाहा हुन्छ, ऐन संशोधनप्रति सरकारको चासो छैन। 'हामीले पीडितहरूको सुझाव संकलन गरेर राखेका छौं,' गौतम भन्छन्, 'त्यो संशोधन गर्दा चाहियो भने प्रयोग गरिन्छ।'

सर्वोच्चले २०७१ फागुन १४ मा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्ति छानबिन आयोग गठन गर्न बनेको ऐन विधिशास्त्रको विश्वव्यापी मान्यताअनुरूप नभएको भन्दै केही दफा खारेज गरिदिएको थियो। न्यायाधीशत्रय कल्याण श्रेष्ठ, वैद्यनाथ उपाध्याय र चोलेन्द्रशमशेर जबराको विशेष इजलासले मानवअधिकारको गम्भीर उल्लंघनका दोषीलाई आममाफी दिन पाइने प्रावधान हटाएर ऐन संशोधन गर्न सरकारका नाममा आदेश जारी गरेको थियो। तर फैसला कार्यान्वयन नहुँदा हालै नियुक्त भएका दुवै आयोगका पदाधिकारीले काम गर्न नसकेको गुनासो गरेका छन्। द्वन्द्वपीडित साझा चौतारीले दुई दिनअघि मात्रै भेला डाकेर ऐन संशोधन नभएसम्म संक्रमणकालीन न्यायका नाममा हुने कुनै पनि कार्यक्रम आफूलाई मान्य नहुने जनाइसकेको छ।

राष्ट्रिय मानवअधिकार आयोगले पनि पटकपटक सरकारलाई ऐन संशोधनका लागि सरकारको ध्यानाकर्षण गराउँदै आएको छ। एम्नेस्टी इन्टरनेसन, इन्टरनेसनल अलर्ट, ह्युमन राइट्स वाचलगायत अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूले यसअघि संयुक्त वक्तव्य जारी गर्दै ऐन संशोधन नभए नेपालको संक्रमणकालीन न्यायले अन्तर्राष्ट्रिय न्यायिक निकायको क्षेत्राधिकार ग्रहण गर्न सक्ने चेतावनी दिएका थिए। तर सरकार भने ऐन संशोधनका लागि गम्भीर देखिँदैन।

# तुम्बाहाङ्फे कानुनमन्त्री

काठमाडौं (कास)- उपसभामुख पदबाट राजीनामा दिएको ठीक एक महिनापछि शिवमाया तुम्बाहाङ्फे कानुनमन्त्री नियुक्त भएकी छन्। प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा सोमबार मन्त्री नियुक्त भएकी उनले सोमबारै राष्ट्रपति विद्यादेवी भण्डारीबाट पद तथा गोपनीयताको शपथ लिएकी छन्।

दुई वर्षको अवधिमा ओली मन्त्रिपरिषद्मा कानुन मन्त्रालयको नेतृत्व गर्ने तुम्बाहाङ्फे चौथो मन्त्री हुन्। यसअघि शेरबहादुर तामाङ, भानुभक्त ढकाल र उपेन्द्र यादवले यो मन्त्रालय सम्हालेका थिए। समाजवादी पार्टीका अध्यक्ष यादवले गत पुस ८ मा राजीनामा दिएपछि उक्त मन्त्रालयको जिम्मेवारी स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकाललाई दिइएको थियो।

कृष्णबहादुर महराले राजीनामा दिएपछि खाली रहेको सभामुख पदमा तुम्बाहाङ्फेले दाबी गरेकी थिइन्। सत्तारूढ नेकपाले अग्नि सापकोटालाई सभामुख बनाउने निर्णय लिएपछि एउटै दलका सभामुख र उपसभामुख हुन नसक्ने संवैधानिक व्यवस्थाका कारण उनले माघ ६ मा राजीनामा दिएकी थिइन्।



मन्त्रालयमा सोमबार पदभार ग्रहण गरेपछि मन्त्री शिवमाया तुम्बाहाङ्फे। *तस्बिर : रासस*

ओलीनिकट मानिने तुम्बाहाङ्फे समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएकी हुन्। पहिलो पटक सांसद बनेकी उनले लगत्तै उपसभामुख र त्यसपछि मन्त्री पद पाएकी छन्। सोमबार पदभार सम्हालेलगत्तै उनले मौलिक हकसम्बन्धी नियमावलीहरू निर्माणलाई प्राथमिकता दिने बताइन्। 'संविधानअनुसार बनाउनुपर्ने कानुन निर्माणमा अन्य मन्त्रालयसँग समन्वय गरेर अघि बढ्छौं,' उनले भनिन्।

तुम्बाहाङ्फेको प्रवेशसँगै २४ सदस्यीय मन्त्रिपरिषद्मा महिला मन्त्रीको संख्या तीन पुगेको छ। यसअघि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय पद्माकुमारी अर्यालले र खानेपानी मन्त्रालय बिना मगरले सम्हाल्दै आएका छन्।



# सत्तारुढ विद्यार्थीका दुई गुटबीच झडप

■ **रमेशकुमार पौडेल** (चितवन)

फागुन १ गते 'जनयुद्ध दिवस' मनाउने सम्बन्धमा सत्तारुढ नेकपाको विद्यार्थी संगठनका पूर्वसमूहबीच रामपुर कृषि विश्वविद्यालयमा सुरु भएको मनमुटावले झडप र तोडफोडको रूप लिएको छ ।

सोमबार रामपुरमा अनेरास्ववियुका केन्द्रीय सदस्य देव पाठकमाथि आक्रमण भएको छ । लगत्तै भरतपुर मदनपुरमा रहेको नेकपा जिल्ला पार्टी कार्यालयभित्र अध्यक्षको कार्यकक्षमा समेत तोडफोड भएको छ ।

फागुन १ मा पूर्वमाओवादीको विद्यार्थी संगठन अखिल क्रान्तिकारीले रामपुरमा 'जनयुद्ध' दिवस मनाउँदा पूर्वएमाले पक्षधर अनेरास्ववियुमा आवद्ध विद्यार्थी सामेल भएनन् । 'उहाँहरू सामेल हुनुभएन । हामीले कार्यक्रम सम्पन्न गरेको बारेमा सामाजिक सञ्जालमा गरेको पोस्टहरूमा पनि अभद्र टिप्पणीहरू गर्नुभयो,' पूर्वमाओवादी सम्बद्ध अखिल क्रान्तिकारीको कृषि तथा वन विज्ञान विश्वविद्यालय इकाईका अध्यक्ष विवेक पौडेलले भने । हाल एकीकृत संगठन अनेरास्ववियुका चितवन संयोजक रहेका पूर्वएमाले सम्बद्ध विद्यार्थी नेता प्रकाश आचार्य घटनाको सुरुवात 'जनयुद्ध दिवस' नै भएको बताउँछन् । 'संगठनले दिवस मनाउने निर्णय गरेको थियो । रामपुरमा संयुक्त रूपमा मनाऔं भन्दा नमानेपछि तत्कालीन एमाले सम्बद्ध विद्यार्थीले सहभागी नभएको बुझिन्छ,' संयोजक आचार्यले भने । त्यसपछि सामाजिक सञ्जालका पोस्ट र टिप्पणीले नै मनमुटाव बढेको उनले बताए । तनाब बढ्दै गए पनि सबै मिलेर शान्त बनाउने प्रयासमा लागेको उनले बताए ।

'माछा विषयको स्नातक तह तेस्रो र सातौं सेमेस्टरको परीक्षा चलिरहेको छ । क्याम्पसको अवस्था तनावपूर्ण भएका कारण परीक्षा सञ्चालन हुन सक्ने वा नसक्नेबारेमा बुझ्न गएका बेलामा संगठनका केन्द्रीय सदस्य देव पाठकमाथि नै एक्कासि आक्रमण भएको छ । उहाँको टाउकोमा चोट लागेको छ,' आचार्यले भने ।

स्नातक तह पहिलो वर्षको पढाइ भर्खर सुरु भएको र माछा विज्ञानको परीक्षा पनि चलेका कारण क्याम्पस बन्द गर्ने पक्षमा आफूहरू नरहेको अखिल क्रान्तिकारीका विवेक पौडेलले बताए । 'देव जी आइतबार पनि क्याम्पस बन्द गर्नुपर्छ भन्दै आउनुभयो । बन्द गर्न कोही तयार भएनन् । त्यसपछि सोमबार पनि आउनुभयो । बन्द गर्नुपर्छ भन्न थालेपछि झडपको अवस्था आएको हो,' पौडेलले भने ।

क्याम्पसमा झडप भएलगत्तै पार्टी कार्यालयमा जिल्ला अध्यक्ष यमबहादुर परियारको कार्यकक्षभित्र पसेको एक समूहले तोडफोड गरेको थियो । पूर्व माओवादी सम्बद्ध विद्यार्थी नेता हाल अनेरास्ववियुका चितवन सहसंयोजक वसन्त आचार्यले 'जनयुद्ध दिवस' मनाउने सम्बन्धमा सामाजिक सञ्जालमा व्यक्त विषयहरू अहिले यो अवस्थामा पुगेको हुँदा छलफल गरेर मिलाउने प्रयासमा लागेको बताए ।

नेकपा चितवनका अध्यक्ष यमबहादुर परियारले यो विषय मिलाउन पार्टीको बैठक बसेर छलफल सुरु गरेको बताए । विद्यार्थीबीच झडप बढेपछि रामपुरको कृषि विश्वविद्यालयको क्याम्पस परिसर र भरतपुरको पार्टी कार्यालयमा प्रहरीको पहरा छ । घाइते विद्यार्थी नेता देव पाठकको चितवन मेडिकल कलेजमा उपचार भइरहेको छ । उनीमाथि आक्रमण गरेको आरोपमा तीन जना पक्राउ परेको चितवन जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी एकनारायण कोइरालाले जनाए ।

# खोलाभित्रै पसेर डोजरले दोहन

कार्यविधि अभाव, नदीजन्य सामग्री दोहनमा राजनीतिक संगठनको दबाब र यो धन्दामा राजनीतिक दलका कार्यकर्ता संलग्न हुनुले क्रसर उद्योगको दोहन चक्र जारी छ । नदीजन्य सामग्रीको दोहन गर्नेहरू पुलनजिकै समेत डोजर लगाउन थालेका छन् ।



तामाकोसीमा डोजर प्रयोग गरी नदीजन्य सामग्री निकाल्दै । *तस्बिर : कान्तिपुर*

■ **राजेन्द्र मानन्धर** (दोलखा)

खोलाभित्र पसेर डोजरले नदीजन्य सामग्री निकाल्न पाइँदैन । तामाकोसी नदीमा भने नियम मिचेर खोलाको बीचबाट डोजरले बालुवा निकाल्ने गरेको छ । प्रहरी प्रशासन र कारबाही गर्ने निकायका प्रमुखहरू डोजरले मच्चाइरहेको वितण्डा टुलुटुलु हेर्छन् । अझ दिनको एकपटक त्यो गैरकानुनी कार्यलाई प्रहरीले पुलबाट हेरेर फर्कने गरेको छ ।

खोलाभित्र पसेर डोजरले बिहानदेखि साँझसम्म बालुवा झिक्ने गरेको स्थानीयवासीहरू बताउँछन् । उक्त डोजरको वितण्डा अलिअलि गर्दै पुलनजिकै आइसकेको छ । कानुनअनुसार पुलबाट पाँच सय मिटरसम्मका खोलामा कुनै पनि नदीजन्य सामग्री झिक्न पाइन्न ।

पुष्पलाल मार्गअन्तर्गत लामोसाँघु-जिरी सडक जिरी र रामेछाप हुँदै यात्रा गर्ने व्यस्त मार्ग हो । तामाकोसी बजारसँग जोडिएको पुलले दोलखाको दुई निर्वाचन क्षेत्र जोड्ने हुँदा महत्त्वपूर्ण व्यक्तिहरू त्यहीँबाट दैनिक ओहोरदोहोर गरिरहेका हुन्छन् । उक्त पुलनजिकै जलचर र पर्यावरण नष्ट हुने गरी गरिएको कार्यमा भने कसैको आँखा नपरेकामा स्थानीयहरू चिन्तित छन् । दोलखाका प्रमुख जिल्ला अधिकारी भीमकान्त शर्माले तामाकोसी खोलामा अवैध ढंगले दोहन भइरहेको सूचना आए पनि कारबाही गर्न नसकिएको दुःखेसो पोखे । 'नदीजन्य सामग्रीको उत्सननबारे बैठक बस्न जिल्ला समन्वय समिति प्रमुखलाई भन्दै आएको छु,' उनले भने, 'दोलखामा कार्यविधि नै नबनेकाले समस्या रहेछ ।' कार्यविधि नभएपछि अवैध ढंगले दोहन गर्नेलाई कस्तो कारबाही गर्ने भन्ने स्पष्ट व्यवस्था नभएकाले पनि समस्या देखिएको प्रजिअ शर्माले बताए ।

प्रमुख जिल्ला अधिकारी प्रमुख हुने नदीजन्य सामग्री उत्खननबारेको समिति हाल जिल्ला समन्वय समिति प्रमुख हुने व्यवस्था छ । उक्त उत्खननहरू कुनैले पनि पूर्णरूपमा कानुनी प्रक्रिया पूरा नगरेको जिल्ला समन्वय समितिका प्रवक्ता मुरारी सिवाकोटी बताए । पछिल्लो कानुनमा समितिको अगुवाइमा प्रशासन, प्रहरी, वन र कोलेनिकाले अनुगमन गर्ने भनिएको छ ।

तिब्बतबाट दोलखा जिल्ला हुँदै बग्ने तामाकोसी नदीलाई लक्षित गरी रामेछापको सिमानासम्म १० स्थानमा सञ्चालित क्रसर उद्योगले गैरकानुनी रूपमा बालुवा गिटी दोहन गरिरहेका छन् । दुई महिनायता अनुगमन प्रक्रिया नहुँदा तामाकोसी दोहनले चरम रूप लिइसकेको छ । हुँदाहुँदा नदीभित्रै डोजर पसेर दोहन गर्न थालेको घटनामा पनि काबारही हुन सकेको छैन । प्रहरी नायव उपरीक्षक रेवतीरमण पोखरेल आफ्नो कमजोरी ढाकछोप गर्न 'कानुनको अभाव' भन्दै पन्छिने गरेका छन् । 'डोजर खोलामै पसेको बारेमा पनि काबारही गर्न नमिल्ने हो त' भन्ने प्रश्नमा प्रनाउ पोखरेलले प्रहरी पठाउँदा डोजर धुनका लागि मात्रै खोलामा पसेको रिपोर्ट प्राप्त भएको प्रतिक्रिया दिए । तर उक्त स्थानमा खोलाभित्रबाट डोजरले बालुवा निकालेर ट्रिपरमा हालेको भिडियो सार्वजनिक भइसकेको छ ।

कतिपयले गैरकानुनी नदी दोहनविरुद्धको कारबाही शिथिल हुनु र कानुन बन्न विलम्ब हुनुमा राजनीतिक संगठनको दबाबलाई मान्छन् । यसको पुष्टि दोलखाका क्रसर र गिटी बालुवा उत्खननको धेरैजसो धन्दामा तिनै राजनीतिक संगठनका नेता कार्यकर्ताहरूको संलग्नताले पनि गर्छ । नगर र गाउँपालिकाका निर्वाचित प्रतिनिधिहरूको उक्त धन्दामा साझेदारी रहेकाले कारबाहीको अन्तिम चरणमा पुग्दा फितलो हुने अनुगमन समितिका सदस्यमध्येका अधिकारीहरूले नै गुनासो गर्छन् । सत्तारुढ दल नेकपा र नेपाली कांग्रेसका नेता तथा तिनका भ्रातृ संगठनका नेताहरू गिटी बालुवाका धन्दामा साझेदरी गरिरहेका छन् ।

# गल्छी-त्रिशूली-मैलुङ सडकको काम धमाधम

नुवाकोट (कास)- राष्ट्रिय गौरवको आयोजनामा परेको गल्छी-त्रिशूली-मैलुङ-रसुवागढी सडक आयोजनाले ६० प्रतिशत काम सकेको जनाएको छ ।

यो सडक गल्छीदेखि रसुवागढी नाकासम्म ८२ किलोमिटर छ । आयोजनाले ३ खण्डमा काम गरिरहेको छ । पहिलो खण्ड गल्छी-मैलुङसम्मको ४६ किमि भित्र पर्छ । उक्त सडक खण्डमा आयोजनाले ६० प्रतिशत कामको प्रगति भएको योजना प्रमुख नारायणदत्त भण्डारीले बताए । यो पहिलो खण्ड धादिङको गल्छी हुँदै नुवाकोटको कोल्पुटार, रातोमाटे, महादेवफाँट, काशीटार, देवीघाट, पीपलटार, गंगटेसम्म २० किलोमिटर सडक स्तरोन्ति गरेको छ । उनले भने, '४० प्रतिशत काम बाँकी छ ।' काठमाडौं जाने ३ नाका गल्छी-काठमाडौं, त्रिशूली-बालाजु र गंगटे-छहरे-गुर्जेभन्ज्याङ सडक छन् । त्यसमध्ये गल्छी-काठमाडौं सडक वर्षात्मा निर्विवाद सुचारु हुने आयोजनाले जनाएको छ । पिच नभएको ठाउँमा बेस, सब-बेस राखिएकाले बाह्रै महिना सडक सुचारु हुने आयोजनाका योजना प्रमुख भण्डारीले बताए । त्यसैगरी, मैलुङदेखि स्याफ्रुबेंसीसम्मको १९ किमि सडक ठेक्का आह्वान गरेको आयोजनाले जनाएको छ । अहिले मूल्यांकन गरेर ठेक्केदारलाई दिने तयारी रहेको छ । स्याफ्रुबेंसीदेखि रसुवागढी नाकासम्म १७ किमि चीन सरकारको सहयोगमा निर्माण हुन लागेको छ । आगामी वर्षमा पहिलो खण्डको बाँकी ४० प्रतिशत काम भित्र पर्ने २३ किमि सडक पूरै पिच गरिसक्ने गरी काम भइरहेको उनले बताए ।

आगामी ०७७ जेठ २२ सम्ममा कार्य सक्ने गरी काम भइरहेको छ । आयोजनाले ३ वर्षभित्रमा पूरै काम सक्ने गरी काम अघि बढी रहेको आयोजनाका योजना प्रमुख भण्डारीले बताए । मैलुङ-स्याफ्रुबेंसी ३० महिना काम सक्ने लक्ष्य छ भने स्याफ्रुबेंसी-रसुवागढी ३९ महिनामा काम सकिनेछ । ०७२ को मन्त्रिपरिषद्को निर्णयअनुसार गल्छी-त्रिशूली-मैलुङ-रसुवागढी सडक गौरवको आयोजना सूचीकृत गरेको हो ।

# डाइभर्सनको मुआब्जा वितरण तयारी

सिन्धुली (कास)- राष्ट्रिय गौरवको सुनकोसी मरिण डाइभर्सन बहुद्देश्यीय आयोजनाले दोस्रो चरणको मुआब्जा वितरणका लागि प्रभावित क्षेत्रका बासिन्दासँग संवाद गरेको छ । सिन्धुलीका दुई स्थान र रामेछाप गरी तीन चरणमा मुआब्जा वितरण गरिने योजनाअनुसार सुनकोसी गाउँपालिका ६ खाल्टेका घर तथा जग्गाधनीको मुआब्जा वितरणका लागि प्रभावित क्षेत्रका बासिन्दासँग आयोजनाले दोहोरो संवाद गरेको हो ।

यसअघि पहिलो चरणमा कमलामाई नगरपालिका १ को कुसुमटारमा घर तथा जग्गाको मुआब्जा वितरण भइसकेको छ । दोस्रो चरणमा एक सय ३० कित्ताको दुई सय एक रोपनी जग्गा अधिग्रहण गरी मुआब्जा वितरण गरिनेछ । आयोजना सम्पर्क कार्यालयका प्रमुख एवं सिनियर हाइड्रोजिओलिस्ट विश्वबन्धु केसीका अनुसार पहिलो चरणमा ५० जना व्यक्तिको जग्गा अधिग्रहण कार्य सम्पन्न भइसकेको छ । 'भत्काउनुपर्ने घरको ५० प्रतिशत रकम खातामा जम्मा भइसकेको छ,' उनले भने ।

# प्रदेशमा मन्त्री थपिए

मकवानपुर (कास)- वाग्मती प्रदेशका सत्तारुढ दल नेकपाका मुख्य सचेतक रामेश्वर फुयाँल भौतिक पूर्वाधार विकास मन्त्रीमा नियुक्त भएका छन् । पटकपटक मन्त्री बन्ने प्रयासमा विफलहुँदै आएका फुयाँलले सोमबार शपथ ग्रहण गरेका छन् ।

फुयाँललाई प्रदेश प्रमुख विष्णु प्रसाईंले पद तथा गोपनीयताको शपथ ग्रहण गराए । फुयाँललाई मन्त्री बनाउने विषयमा लामो समयदेखि मुख्यमन्त्री पौडेलले प्रयास गरे पनि मन्त्रिपरिषद्भित्रै असहमति हुँदा सम्भव भएको थिएन ।

मन्त्री भएसँगै प्रतिक्रिया दिँदै उनले पुँजीगत खर्च बढाउने गरी गुणस्तरीय विकास आफ्नो प्राथमकितामा रहेको बताए । 'प्रदेशको भौतिक पूर्वाधार विकास, सम्पूर्ण स्थानीय तह तथा जिल्लाहरूसँग समन्वय गरेर अगाडि बढ्नेछु,' मन्त्री फुयाँलले भने, 'प्रदेश गौरवका आयोजनाहरूको कामलाई तीव्रता दिएर अगाडि बढ्नेछु ।' माघ २९ मा शपथग्रहणको तयारीमा रहेका फुयाँलको अन्तिम समयमा आएर मन्त्री बन्ने अवसर रोकिएको थियो । तर, मुख्यमन्त्री डोरमणि पौडेलले पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीसहितका शीर्ष नेतालाई भेटेर समस्याको समाधान गरेपछि फुयाँल मन्त्री बनेका हुन् । यसअघि तीन पटकसम्म फुयाँल मन्त्री बन्ने चर्चामै सीमित भएका थिए ।

काठमाडौं क्षेत्र ३ प्रदेशसभा २ बाट उनी निर्वाचित सांसद् हुन् । केशव स्थापितलाई बर्खास्त गरेपछि उक्त मन्त्रालय मुख्यमन्त्रीले नै सम्हाल्दै आएका थिए । यसअघि संविधानसभाका सदस्यसमेत रहेका फुँयाल पहिलोपटक मन्त्री बनेका हुन् ।

# तयार भएन प्राादेशिक संरचना

■ **सुवास विडारी** (मकवानपुर)

वाग्मती प्रदेश सरकारले दुई वर्ष अवधि खेर नगएको दाबी गरे पनि प्रादेशिक संरचनाहरू तयार नहुँदा अपेक्षित उपलब्धि हासिल गर्न सकेको छैन । केही संचरना निर्माण भए पनि आवश्यक नियुक्ति र कर्मचारी नहुँदा समस्या छ ।

प्रदेश सरकारले वार्षिक नीति तथा योजनामार्फत घोषणा गरेको एकीकृत सेवा केन्द्र स्थापना, नीति तथा योजना आयोग, योजना बैंक, प्रदेश समन्वय परिषद्, दुग्ध विकास बोर्ड, स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा प्रदेश विश्वविद्यालयजस्ता महत्त्वपूर्ण संरचनाहरू अझै तयार भएका छैनन् । प्रदेश सरकारले हालसम्म तीनवटा बजेट र नीति तथा कार्यक्रम घोषणा गरिसकेको छ । गत असारमा प्रदेशको नीति तथा योजना आयोगका उपाध्यक्ष खिमलाल देवकोटाले राजीनामा दिए पनि अझै नयाँ उपाध्यक्ष नियुक्त नहुँदा आयोगको काम प्रभावकारी हुन सकेको छैन । योजना बैंकको काम हुँदै गर्दा राजीनामा दिए पनि उनको राजीनामा पछि नीति तथा योजना आयोग अलमलमा देखिएको छ । सात महिना बितिसक्दा पनि प्रदेश सरकारले नयाँ नियुक्ति गर्न सकेको छैन ।

नीति तथा योजना आयोगले आगामी आर्थिक वर्षका लागि हाल बजेटको तयारी गरिरहेको छ । मन्त्रालयगत विवरणको तयारीमा रहेको आयोग नेतृत्वविहीन हुँदा समस्या परेको आयोगकै कर्मचारीका भनाइ छ । आयोग सदस्य श्यामकुमार बस्नेतलाई निमित्त उपाध्यक्षको जिम्मेवारी दिइए पनि प्रदेश सरकारले नयाँ उपाध्यक्ष नियुक्तिको तयारीसम्म गरेको पाइँदैन । प्रदेशको दुग्ध विकास बोर्डको उपाध्यक्ष नियुक्तिका लागि कानुन नै संशोधन भए पनि कार्यकारी अधिकार दिइएको उपाध्यक्ष नियुक्ति अझै भएको छैन । कानुन संशोधन भएको एक महिना पुग्न लाग्दा पनि उपाध्यक्ष नियुक्ति भएको छैन । कानुन बनेको १४ महिनापछि बोर्डको कार्यालय स्थापना भएको छ । तर, कार्यकारी प्रमुखको नियुक्ति अझै भएको छैन ।

बोर्डले दुग्ध व्यवसाय प्रवर्द्धन गर्न कृषकलाई प्राविधिक तथा अन्य सेवा उपलब्ध गराउने, उन्नत पशु नश्ल सुधार केन्द्र, दाना कारखाना, दुग्धजन्य ठूला पशु विकास फार्म, धुलो दुध कारखानालगायत स्थापना र प्रवर्द्धनमा सहयोग गर्न सक्ने अधिकार पाएको छ । प्रदेश दुग्ध नीति बनाउने अधिकारसमेत बोर्डलाई दिइएको छ । दूधमा आत्मनिर्भर हुने, दुग्ध विकासका लागि आवश्यक नीति तथा कार्यक्रमहरू तय गर्ने र कार्यान्वयन गर्ने, दुग्धसम्बन्धी उद्योग सञ्चलान गर्नेलगायतका जिम्मेवारीहरू प्राप्त गरेको बोर्डको प्रमुख नियुक्तिमा ढिलाइ हुँदा बोर्डको काम नै प्रभावित भएको छ । प्रदेश सरकारले वर्ष ०७५/७६ को बजेटमै समेटेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान गठनको काम अझै पनि सुरु भएको छैन । यससम्बन्धी कानुन पनि बनिसकेको छ । तर, अझै पनि गठन प्रक्रिया भने सुरु भएको छैन । मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा हेटौंडा अस्पताललाई स्तरोन्नति गर्ने र मेडिकल कलेज सञ्चालनको लक्ष्यसहित अघि बढेको प्रदेश सरकारले प्रतिष्ठान गठन नगरे पनि भवन निर्माणको काम भने जारी राखेको छ ।

> प्रदेशले दुई वर्षमा तीनवटा बजेट र नीति तथा कार्यक्रम घोषणा गरिसकेको भए पनि धेरै प्रादेशिक संरचना तयार भएका छैनन्, भएकामा पनि आवश्यक नियुक्ति र कर्मचारी नहुँदा समस्या छ

### स्थानीय तहसँग समन्वय अभाव


प्रदेश सरकारले स्थानीय तहसँगको समन्वय बैठक दुईपटक आयोजना गऱ्यो । दुवै बैठकमा प्रदेशस्तरमा स्थानीय तहसँगको समन्वयका लागि संरचना तयार गरिने प्रतिबद्धता व्यक्त भए पनि अझै त्यो पूरा हुन सकेको छैन । स्थानीय तहसँग आवश्यक समन्वय नहुँदा बजेट खर्च पनि कम भइरहेको छ । 'स्थानीय तह बलियो भएमा जनताले अनुभूत गर्ने गरी काम गर्न सकिन्छ,' वाग्मती गाउँपालिका अध्यक्ष सर्केश घलानले भने, 'तर, प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वय नै भएको छैन । प्रदेश सरकारले बजेट र योजना दिनुपर्छ र काम स्थानीय सरकारमार्फत गराउनुपर्छ । हामी काम गरेर देखाउन सक्छौं ।'


स्थानीय तहबीच समन्वय अभाव रहेको मुख्यमन्त्री डोरमणि पौडेल स्वयं स्विकार्छन् । 'प्रदेश सरकार र स्थानीय सरकारबीच आवश्यक समन्वय हुन सकेको छैन । हामीले दिने ससर्त अनुदान अझै पनि धेरै स्थानीय तहले लिन आएका छैनन्,' मुख्यमन्त्री पौडेलले भने, 'स्थानीय तहले गर्ने काम, योजना तथा कार्यक्रमका विषयमा प्रदेश सरकारलाई जानकारी दिनुपर्छ । यसो हुँदा मात्रै योजनामा दोहोरोपना हुँदैन तर स्थानीय तहले हाम्रो आग्रहलाई मानिरहेका छैनन् ।' मुख्यमन्त्री पौडेलले स्थानीय तहसँगको समन्वय बढाउने संयन्त्र विकासको जरुरी पटक-पटक औंल्याए पनि यसमा ठोस प्रगति हुन सकेको छैन ।

### 'परिणाम देखिन्छ'

मुख्यमन्त्री डोरमणी पौडेलले सरकारले काम गरिरहेको र अब बिस्तारै परिणाम देखिन थाल्ने दाबी गरेका छन् । 'प्रदेश सरकार गठन भएको अवधिदेखि अहिलेसम्मको समय खेर गएको छैन । यस अवधिमा गाउँगाउँमा प्रदेश सरकारको उपस्थिति देखिएको छ ' उनले भने । प्रदेशको स्थायी राजधानी र नामकरणजस्तो जटिल विषय पनि टुंगो लागेको उनको भनाइ थियो । उनले प्रदेश सरकार प्रदेशको समग्र विकासमा लागि परेको बताए ।

प्रादेशिक संरचनाहरूको प्रभावकारिता वृद्धि गर्न प्रदेश सरकारले काम गरिरहेको आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जम्मकट्टेलले जानकारी दिए । 'हामीसँग पर्याप्त जनशक्ति छैन र संरचनाहरूले प्रभावकारी रूपमा काम गर्न सकेको छैन,' उनले भने, 'लोक सेवा आयोग गठन भएको छ । यसले काम गर्न थालेको छ । आगामी वर्षबाट जनशक्तिको परिपूर्ति हुन्छ ।'









## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | भाग्य वृद्धि | तुला | स्फुर्ती बढ्ने |
| वृष | अस्वस्थता | वृश्चिक | वैभव प्राप्ति |
| मिथुन | मित्र भेट | धनु | उत्साहप्रद |
| कर्कट | आलस्यता | मकर | कान्ति क्षय |
| सिंह | अध्ययनमा सफल | कुम्भ | कार्य सफल |
| कन्या | पारिवारीक सुख | मीन | कर्म प्राप्ति |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन ७ गते बुधबार तदनुरुप १९ फेब्रुवरी २०२० फाल्गुन कृष्णपक्ष एकादशी तिथी दिनको ५:१६ बजेसम्म उप्रान्त द्वादशी तिथी, मूल नक्षत्र प्रात: ८:४६ बजेसम्म उप्रान्त पूर्वाषाढा नक्षत्र, वज्र योग प्रात: १०:२८ बजेसम्म उप्रान्त सिद्धि योग, बालव करण दिनको ५:१६ बजेसम्म उप्रान्त कौलव करण, धनु राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सरोकार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | फिल्म टनिक (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हवाट द फ्लप (रिपिट) |
| १:३० | बलियो घर (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | फिल्म टनिक (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | कमेडी च्याम्पियन |
| १०:०० | सरोकार |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टू लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | फिल्म टनिक (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (सागरिका) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | गीतहरू |
| १०:०० | स्पोर्ट्स् डायरी |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | मनका कुरा |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) |
| १३:०० | डिस्ट्रिक्ट डायरी |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | नेपालय (रश्मिला) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| १७:०० | डिस्ट्रिक्ट डायरी |
| १७:०५ | हेल्थ हटलाइन (कमला) |
| १८:०० | गीतहरू |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | कनेक्ट (मानस्वी वान्तवा राई) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | ओल्डी गोल्डी (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| २३:०० | पुराना हिन्दी गीतहरू (दृष्टि अर्याल) |
| ००:०० | फिल्मी परेड (रिपिट) |
| ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| ०२:०० | नेपाली गीतहरू लगातार |
| ०३:०० | हिन्दी गीतहरू लगातार |
| ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४११५५० |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४९११००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४४७६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४/४२१७७६६/४२१७७५५ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| वयोधा अस्पताल (प्रा.) लि. | ४२८६४२८/४२८१६६६ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| नेपाल मेडिसिटी | ४२१७७५५/४२१७७६६ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल | ४३७७४०४/४३७७७०४ |
| ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि. | ४४७४९६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा. से. केन्द्र | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल | ०१-५०९३३८८/५०९३३०५/५०९३३७२ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३१५२/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२९०६४/४२६८१९३ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६१५ |
| शहीद मेमोरियल अस्पताल | ४६७२७३४/०१६२०८६७२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०२४/४२७०९२३ |
| ओम समाज अस्पताल | ४३१३५९२ |
| स्टार अस्पताल | ५५५०११७/५५५०११८/५५५२२२७ |
| अल्का अस्पताल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| स्पाइनल इन्जरी पुनस्र्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४१११३४/४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल | ४३८७००४/४३८७००६ |
| सुमेरु अस्पताल | ५२७५३७७/५२७५०८८/९९ |
| वेलकेयर हस्पिटल | ४४२६१३५/४४२६१८४ |
| एभरेष्ट हस्पिटल | ४७८१२०४/४७८३०२४ |
| काठमाडौ नाक कान घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल | ५१५९२६६/५१५९२६७ |
| ग्रिन सिटी हस्पिटल | ४३५२२४८/४३५७४५२ |
| शुभेक्षा इन्टरनेशनल हस्पिटल | ४२८९५३४/४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| दीर्घायु गुरु हस्पिटल | ४४६९५९३/९८४४८५५५७ |
| गणेशमान सिंह मेमोरियल अस्पताल | ०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५५८७४ |
| ॐ समाज डेण्टल हस्पिटल | ०१-४४७३४४४/४४८०८८० |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६११७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०२३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)




ललितपुरको बालकुमारीस्थित निर्माणाधीन आकाशेपुलबाट सडक पार गर्दै सर्वसाधारण । रिङरोड सडकमा तीव्रगतिमा हुँइकिने सवारीसाधनले बढी दुर्घटना हुने गरेकाले बारै नलगाइएको आकाशेपुलबाट जोखिमपूर्ण रूपमा सडक पार गर्छन् ।

*तस्बिर : इलिट जोशी/कान्तिपुर*

# यौन दुर्व्यवहार आरोपमा शिक्षकविरुद्ध उजुरी

## उजुरीको अघिल्लो पृष्ठमा १९ जनाले र पछिल्लो पृष्ठमा २६ छात्राले हस्ताक्षर गरेका छन् । छात्रा सबै १३ वर्षमुनिका छन् ।


■ **विद्या राई** (काठमाडौं)

ललितपुरको चांगाथलीस्थित नारायण आधारभूत विद्यालयका छात्राहरूले फागुन १ मा प्रधानाध्यापक सविता सिलवाललाई 'केटीहरूमाथि अन्याय भएकोले छानबिन गर्न' हस्तलिखित सामूहिक उजुरी दिए । ३, ४ र ५ कक्षामा पढ्ने छात्राहरूले दिएको उजुरीमा लेखिएको छ, 'श्रीमान् प्रिन्सिपल, हामी केटीहरूमाथि अन्याय अत्याचार भएको छ । केटीहरूलाई ढाडमा सुम्सुम्याउने, छातीतिर छुन आउने, विभिन्न अंगमा छुन आउने, नचाहिँदो व्यवहार गर्ने । हामी यस्तो समस्यामा परेका छौं । हामी यस्तो अत्याचार सहन सक्दैनौं, नन्द सरले हामीलाई नराम्रो व्यवहार गरेकोले तपाईंहरूले छानबिन गरिदिन अनुरोध गर्दछौं ।' आरोपित शिक्षक नन्दप्रसाद निरौला उक्त विद्यालयमा कक्षा ५ सम्म सामाजिक विषय पढाउँछन् ।

सातदोबाटो प्रहरी वृत्तका डीएसपी मित्रबन्धु शर्माका अनुसार गत शुक्रबार बिहान प्रार्थना सकिएपछि यो विषयलाई लिएर विद्यालयमा भीडभाड भएको थियो । महालक्ष्मी नगरपलिका- ७ का वडाध्यक्ष नकुल थापाले प्रहरीलाई यसबारे जानकारी दिएका थिए । प्रहरी तत्कालै विद्यालयमा पुगेर आरोपित शिक्षकलाई नियन्त्रणमा लिएर हिरासतमा राख्यो । गत आइतबारसम्म पीडित पक्षको जाहेरी नपरेको भन्दै हाजिरी जमानीमा प्रहरीले निरौलालाई छाड्यो । सोमबार हाजिरी जमानीमा आएका आरोपितलाई पुनः हिरासतमा राखेको छ ।

स्थलगत रिपोर्टिङका लागि ग्वार्को चोकबाट झन्डै ६ किमि टाढा पर्ने विद्यालयमा सोमबार दिउँसो १२ बजे पुग्दा प्रअ सिलवाल भेटिइनन् । पीडित छात्राहरूसँग यथार्थ बुझ्न सहायक प्रअ पारु खनालसँग अनुमति माग्दा परीक्षा चलिरहेको कारण देखाउँदै इन्कार गरिन् । परीक्षा सकिएपछि केही समय कुराकानी गर्ने अनुमति माग्दा उनले अन्य शिक्षकलाई देखाएर पन्छिन खोजिन् । अरूले सहायक प्रअ भएकाले उनैलाई अनुमति माग्न भने । केही समयपछि विद्यालय छेवैं घर भएका विद्यालय व्यवस्थापन समितिका सदस्य शंकर बस्नेत आए । उनले पनि विद्यार्थी भेट्न नमिल्ने भने ।

विद्यालय आसपासका घरहरूमा विद्यार्थी खोज्दै जाँदा चागांथली चोकैमा डेरा गरी कक्षा ७ मा पढ्ने बाल क्लबका अध्यक्ष राजेन्द्र खड्का भेटिए । उनले विद्यार्थीहरूको उजुरी प्रअसम्म पुर्‍याउन सहयोग गरेका थिए । उनको भनाइमा पीडित छात्राहरूले उजुरी लेखेर बक्समा राखेका रहेछन् । उनका साथीहरूमध्ये कसैले 'हाम्रो स्कुलमा यस्तो पनि भयो यार' भन्दै हातमा थमाएका थिए । उनले सरसर्ती पढे । सुरुमा उजुरी पढेपछि उनलाई पत्यारै लागेन । आरोपित शिक्षकले कक्षा ५ सम्म मात्रै पढाउने भएकाले उनले नजिकबाट चिनेका थिएनन् । झूटो आरोप लगाएका हुन् कि भनेर न, चार र पाँच कक्षाका केटीहरूलाई उभ्याएर सोधे । 'उनीहरूले सरले ढाडमा सुम्सुम्याएको, छातीतिर छोएको भनेपछि नपत्याउने भन्ने भएन,' उनले भने, 'म बाल क्लबको अध्यक्ष भएपछि उनीहरूको कुरा सुन्ने हो, प्रिन्सिपललाई सम्बोधन गरेर लेखेको भएकाले उहाँलाई दिएको थिए ।' नन्दप्रसादको हर्कतले मानसिक रूपमा परेको पीडा विद्यार्थीहरूले उनीसँग व्यक्त गरेका थिए ।


श्रीमान् प्रिन्सिपल,
श्री नारायण आधारभूत विद्यालय
महालक्ष्मी, नगरपालिका वडा नं ७
ललितपुर, टिकाथली
मिति २०७६/११/१
विषय : केटीहरू माथि अन्याय भएको
महोदय,
श्रीमान् प्रिन्सिपल हामी केटीहरू माथि अन्याय अत्याचार भएको छ । केटीहरूलाई ढाडमा सुम्सुम्याउने, छाती तिर छुन आउने, विभिन्न अंगमा छुन आउने, नचाहिँदो व्यवहार गर्ने । हामी यस्तो समस्यामा परेका छौं । हामी यस्तो अत्याचार सहन सक्दैनौं । नन्द सरले हामीलाई नराम्रो व्यवहार गरेकोले तपाईंहरूले छानबिन गरिदिन अनुरोध गर्दछौं ।
आज्ञाकारी छात्राहरू
कक्षा : ४ र ५, ३

| कक्षा : ३ नाम | हस्ताक्षर | नाम |
|---|---|---|

ललितपुरको चांगाथलीस्थित नारायण आधारभूत विद्यालयका छात्राहरूले प्रधानाध्यापकलाई दिएको उजुरी पत्र ।

*तस्बिर : कान्तिपुर*

तीमध्येकी एक थिइन्, कक्षा ५ मा पढ्ने ११ वर्षीया रमिता (परिवर्तित नाम) । उनलाई नन्दप्रसादले कहिले ढाडमा त कहिले कपालमा सुम्सुम्याउँथे । 'सरले पढाउँदा पढाउँदै ढाडमा सुम्सुम्याउनुहुन्थ्यो, मलाई नराम्रो लाग्थ्यो, पढ्नै मन लाग्दैन थियो,' उनले भनिन्, 'मेरो कपाल नछुनु न सर भन्दा अर्को साथीको कपाल छुइहाल्ने, तिम्रो कपाल लामो छ नि है भन्दै उसको ढाडमा छुनुहुन्थ्यो ।' उनले साथीलाई खुट्टामा टेकेको आफैंले देखेकी थिइन् । 'मेरो साथीले नटेक्नु न सर पाप लाग्छ भन्दा झन् टेक्दिनुहुन्थ्यो' साथीकी बहिनी (कक्षा ४ मा पढ्ने) स्कुल आउनै छोडेकी थिइन् । 'सरले पछाडिबाट हात घुसारेर छातीमा छुने भएपछि डराएर स्कुल नआएको,' रमिताले भनिन् । एक छात्राको स्कर्ट नै उचालिदिएका थिए । दुई कक्षाका छात्राहरूलाई काखमा राखेर मन नपर्ने व्यवहार देखाउँथे । चार कक्षामा पढ्ने छात्राछात्रहरूसँग नन्दप्रसाद अश्लील शब्द प्रयोग गर्दै जिस्कन्थे । शिक्षकले नराम्रो व्यवहार देखाएको कुराले कक्षा ५ मुनिका छात्राहरू आजित भइसकेका थिए । उनीहरूले अभिभावकलाई भन्ने आँट नै गरेनन् । न त अरू शिक्षकलाई भन्न सके ।

बरु मिलेर प्रधानाध्यापकलाई उजुरी लेख्ने सल्लाह गरे । 'हामीलाई सरको 'विहेभियर' मन परेको थिएन, मेरो साथीहरूले मिलेर प्रिन्सिपललाई 'लेटर' लेखुम् भने, 'लेटर' लेखेर बक्समा राखिदिएका थियौं,' रमिताले भनिन्, 'सुरुमा रफ कपीमा लेखिम्, अनि सारेको, मेरो साथीको 'हेन्डराइटिङ' हो ।' उजुरीको अघिल्लो पृष्ठमा १९ छात्राले हस्ताक्षर गरेका छन् । रमिताका अनुसार पछिल्लो पृष्ठमा समेत गरेर कक्षा ५ का ९ जना, ४ का ९ र ३ का ८ गरी २६ जनाले हस्ताक्षर गरेका छन् । सबै विद्यार्थी १३ वर्षमुनिका छन् । उनीहरूले बक्समा राखेको चिठी कसैले बाल क्लबका अध्यक्ष राजेन्द्रलाई दिएको थियो । उनले प्रअ सिलवाललाई दिएका थिए । 'यस्तो लेटर लेखेको रैछौ नि भनेर प्रिन्सिपलले बोलाएको, अनि सबै साथीहरू रोएको थियो, कहाँ कहाँ छोएको भनेर भनेको थियो,' रमिताले भनिन् । यो घटना शुक्रबारको हो । यसै बिषयले विद्यालयमा भीडभाड बढेपछि आरोपित नन्दप्रसादलाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

विद्यार्थीका अभिभावकहरूले यसको चाडो र निष्पक्ष छानविन हुनुपर्ने बताएका छन् । 'यिनीहरूलाई त्यो सरले यस्तरी नराम्रो गरेको रहेछ, समाचारहरूमा आएपछि मात्रै थाहा पायौ, यसको निष्पक्ष छानबिन हुनुपर्छ,' एक अभिभावकले भने, 'हामी डेरामा बसेर ज्याला मजदुरी गर्दै छोराछोरी सरकारी स्कुलमा पढाउँदै छौं, यही कारणले हाम्रो जिउज्यानको खतरा हुनु हुँदैन ।' ज्ञानगुन पढाउने शिक्षकहरूबाटै छोराछोरीमाथि अमर्यादित व्यवहार देखाएको घटनाले चिन्तित बनाएको अर्का अभिभावकले बताए । एक छात्राले भनिन्, 'हामीलाई सरको व्यवहार मन नपरेर 'लेटर' लेखेको हो, सरलाई सजाय हुनुपर्छ, हामीले सहन सक्दैनौं, पढ्न सक्दैनौं ।'

सातदोबाटो वृत्तका डीएसपी शर्मा भन्छन्, 'प्रिन्सिपललाई दिएको उजुरीले शिक्षकले बाल यौनदुराचार गरेकोले कानुनी दायरामै ल्याउनुपर्ने देखिन्छ ।' संवेदनशिल केस भए पनि पीडित पक्षबाट उजुरी नआएको कारण अनुसन्धान अघि बढाउन नसकेको बताए । 'जाहेरी नपरेपछि आइतबार हाजिरी जमानीमा छुटाएकोलाई सोमबार पुनः नियन्त्रणमा लिएका छौं, स्कुलका प्रअलाई जाहेरी लिएर आउनुस् भनेको भन्यै छौं, आउँछु आउँछु भन्ने नआइदिने गरेपछि अनुसन्धान अघि बढाउन सकिएको छैन,' उनले भने । सोमबारसम्म जाहेरी नआएपछि डीएसपी शर्माले विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय जनप्रतिनिधि र अभिभावक संघका सदस्यहरूलाई कार्यकक्षमै बोलाएर सचेत गराएका छन् । 'ढाकछोप गराउने काम भयो भने कोही बच्दैन भनेर सजग गराएको छु,' उनले भने । उनका अनुसार पीडित पक्षलाई परामर्श गराएर अनुसन्धानमा ल्याउनुपर्ने हुन्छ । 'जबरजस्ती ल्याएर अनुसन्धान गर्दा मुद्दा फेल हुन सक्छ, जाहेरी पर्ला भन्ने आशा छ, केही गरी नआए प्रहरी प्रतिवेदनकै आधारमा अनुसन्धान बढाउनुपर्ने हुन सक्छ ।'

यता प्रअ सिलवालले विद्यालय व्यवस्थापन समितिले जाहेरी दिन रोक लगाएको बताइन् । 'व्यवस्थापन समितिले आफैं मिलाउँछु भनेको छ, म भन्दामाथि समिति छ, मिल्छ भने भइहाल्यो नि !' उनले कान्तिपुरसितको फोनसम्पर्कमा भनिन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामेश्वर कार्कीले प्रअ सिलवाललाई रोक नलगाएको बताए । 'बालबालिकाहरूको विषय भएकोले समितिले गम्भीर रूपमा लिएको छ, समितिले मिलाउने भनेर मैले भनेको छैन, मिलापत्र भन्ने हुँदै हुँदैन,' उनले भने । उनका अनुसार आइतबार र सोमबार समितिको बसेर छलफल बसेको छ । 'सरलाई सोध्दा नियतबस होइन, होमवर्क गर भनेर भनेको हुँ भनेका छन्,' उनले भने, 'कसैले गलत मनसायले गर्दा विद्यार्थीहरूको प्रयोग गरेको हो या सरले साँच्चिकै गलत व्यवहार गरेको हो बुझ्ने काम हुँदै छ ।' उनले विद्यार्थीहरूलाई दुर्व्यवहार गरेको भए कानुनी कारबाही गर्ने बताए ।

महालक्ष्मी ७ का वडाध्यक्ष नकुल थापाले गल्तीअनुसार सजाय हुनैपर्ने बताए । 'अभिभावक, विद्यार्थी, शिक्षक, समितिलाई भेला गराएर बुझ्ने काम भइरहेको छ,' उनले भने ।

स्रोतका अनुसार आरोपित शिक्षक यसअघि पनि यस्ता गतिविधिमा संलग्न थिए । पाटनको पाटन माध्यमिक विद्यालय र लाकुरीभञ्ज्याङको कालीदेवी आधारभूत विद्यालयमा पढाउने क्रममा पनि महिलाहरूलाई यौन दुर्व्यवहार गरेको आरोप लागेको थियो । कारबाहीस्वरूप नारायण आधारभूत विद्यालयमा सरुवा भएर आएको पनि एक वर्ष पुगेको छैन ।

यस घटना गम्भीरताका साथ कानुनी दायरामा ल्याउनुपर्ने भन्दै सामाजिक सञ्जालहरूमा टीकाटिप्पणी भइरहेका छन् । कानुन व्यवसायी दुर्गा कार्कीले ट्वीटरमा लेखेकी छन्, 'लगभग सबै स्कुलमा कम्तीमा एउटा यस्तो मान्छे छ भन्ने ओपनसिक्रेट हो, यस्तोमा स्कुलको बेइजत पीडकलाई कारबाही नगररेर हुन्छ कि गरेर ? कस्तो इज्जत हो यो हाम्रो अपराध लुकाउँदा चम्कने ?' अधिकारकर्मी अमृता लम्सालले लेखेकी छन्, 'स्कुलको बदनाम हुन्छ भनेर त्यस्तो यौन दुराचारीलाई कारबाही नगर्ने ? ती छोरीहरूको आत्मसम्मान र सुरक्षाको जिम्मेवारी स्कुलले लिनुपर्दैन ? शिक्षित भनिनेहरूको पनि आँखा खोलिन कति गाह्रो ?'

# वीरमा उत्पादन भए मिडवाइफ जनशक्ति

■ **फातिमा बानु** (काठमाडौं)

विकसित मुलुकमा तीन सय वर्ष अगाडिदेखि उत्पादन हुँदै आएका मिडवाइफ जनशक्ति नेपालमा बल्ल उत्पादन हुन थालेका छन् । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) बाट यो वर्ष ९ जना यस्ता जनशक्ति उत्पादन भएका हुन् । गर्भवतीको जाँच गर्ने, चिकित्सकबिनै महिलालाई सुत्केरी गराउने र बच्चा जन्माएर महिला घर जाँदासम्म समग्र स्वास्थ्य सुधारका लागि खटिने दक्ष प्रसूतिकर्मी मिडवाइफ जनशक्ति हुन् ।

नर्सिङ जनशक्तिजस्तै काम गर्ने देखिए पनि मिडवाइफ फरक र अत्यावश्यक जनशक्ति भएको न्याम्सकी रजिस्टार प्रमिला देवानले बताइन् । 'पीसीएल नर्सिङ पास गरेपछि मिडवाइफ फ्रीमै तीनवर्षे स्नातक तह पढ्ने जनशक्ति हुन्,' उनले भनिन्, 'मातृशिशु मृत्युदर घटाउन यस्ता जनशक्तिको भूमिका प्रमुख हुन्छ ।' जनशक्ति उत्पादन हुन थाले पनि सरकारी स्वास्थ्य मिडवाइफको दरबन्दी छैन । हाल काठमाडौं विश्वविद्यालयबाट ६ जनाले मिडवाइफ फ्री अध्ययन गरिरहेका छन् । न्याम्सबाट उत्पादन भएका ९ जना मिडवाइफले यही फागुन २४ गते नेपाल नर्सिङ काउन्सिलबाट लाइसेन्स परीक्षा दिएपछि उनीहरू काम गर्न योग्य हुनेछन् । सरकारी सेवा दरबन्दी सिर्जना नभएसम्म करारमा राखेर भए पनि रोजगारी दिएर यस्ता जनशक्तिलाई प्रेरित गर्नुपर्ने देवानले बताइन् । 'मिडवाइफले कस्ता जनशक्ति हुन् र यसको महत्त्व के हो भन्नेबारे सरकारले पनि बुझेकै छैन,' उनले भनिन्, 'मातृशिशु स्वास्थ्य सुधारका लागि सरकारले छात्रवृत्तिमा पढाएर भए पनि यस्ता जनशक्ति धेरैभन्दा धेरै उत्पादन गर्न आवश्यक छ ।' सरकारले मातृशिशु मृत्युदर घटाउन धेरै कार्यक्रम ल्याएको छ । सरकारी अस्पतालमा निःशुल्क प्रसूति सेवा, निःशुल्क फोलिक एसिड औषधि वितरण, निःशुल्क गर्भपतन सेवा केही उदाहरण हुन् । यसका बाबजुद लक्ष्यअनुरूप उच्च मातृशिशु मृत्युदर घट्न नसकेको त्रिवि शिक्षण क्याम्पसकी नर्सिङ प्राध्यापक किरण वज्राचार्यले बताइन् । 'गर्भवती र सुत्केरीको पूर्ण स्याहारमा जुट्ने मिडवाइफ नभएसम्म मृत्युदर घट्दैन,' उनले भनिन्, 'विकसित मुलुकमा उच्च मातृशिशु मृत्युदर घट्नुको कारण नै यस्ता जनशक्ति हुनु हो ।' नेपालमा भने मिडवाइफको सीप विकासका लागि अन्तर्राष्ट्रियस्तरको प्रयोगशाला र बर्थिङ सेन्टरको अभाव रहेको उनले बताइन् । नेपालमा त्रिवि शिक्षण अस्पताल र प्रसूति गृहमा मात्रै बर्थिङ सेन्टर छन् । मिडवाइफको सहयोगमा महिलाले सजिलै बच्चा जनमउन सक्ने र यसले बढ्दै गएको सिजरिङ डेलिभरी पनि कम गर्ने उनले बताइन् । 'मिडवाइफले सुत्केरी गराउने काम गरेपछि चिकित्सकलाई पनि कम भार पर्छ,' उनले भनिन्, 'छिटो काम सक्नका लागि गरिने सिजरिङ डेलिभरी स्वतः घटेर जान्छ ।'

दिगो विकास लक्ष्यले सन् २०३० सम्म प्रतिलाख ७० मा मातृ मृत्युदर र प्रतिहजारमा ८ जना नवजात शिशु मृत्युदर घटाउने लक्ष्य लिएको छ । यो लक्ष्य प्राप्तिका लागि मिडवाइफ जनशक्ति उत्पादन र परिचालन गर्न अत्यावश्यक रहेको उनले बताइन् । नेपालमा हाल प्रतिलाखमा २ सय ४९ मातृ मृत्युदर छ । विश्व स्वास्थ्य संगठनको सन् २०१८ को प्रतिवेदनअनुसार नेपालमा शिशु मृत्युदर प्रतिहजार १९ जना छ । शिशु मृत्युदर घटाउन पनि मिडवाइफको भूमिका उत्तिकै महत्त्वपूर्ण हुने थापाथलीस्थित प्रसूति गृहका बालरोग विशेषज्ञ डा. शैलेन्द्रवीर कर्माचार्यले बताए । 'अझै ५० प्रतिशत शिशु घरमै जन्मेर विभिन्न जटिलताका कारण ज्यान गुमाइरहेका छन्, अस्पतालमा मिडवाइफ जनशक्ति भए सजिलै सुत्केरी हुन र शिशु बचाउन सकिन्छ,' उनले भने । मिडवाइफ जनशक्ति उत्पादन गर्न राज्यले लगानी गर्नुपर्ने उनको भनाइ छ ।

# विकृति रोक्न 'क्लिन स्विप'

काठमाडौं (कास)- प्रहरीले नयाँ बसपार्क र आसपास हुने विकृति रोक्न 'क्लिन स्विप' अभियान सुरु गरेको छ । यस क्षेत्रमा हुने यौनजन्य गतिविधि, लागूऔषध दुर्व्यसनलगायतका गलत काम गर्नेविरुद्ध प्रहरीले अभियान थालेको हो ।

स्थानीय तह, सामुदायिक सेवा केन्द्र, सामाजिक संघसंस्थाको सहकार्यमा यो अभियान चलाइएको महानगरीय प्रहरी वृत्त महाराजगन्जका प्रहरी नायब उपरीक्षक उमेश लम्सालले बताए । प्रहरीले आइतबार पनि नयाँबसपार्क क्षेत्रमा आपराधिक क्रियाकलापमा संलग्न ५७ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ४० पुरुष, १६ महिला र एक तेस्रोलिंगी छन् । नयाँ बसपार्कभित्र, आकाशे पुल, गेस्ट हाउसमा यौनजन्य गतिविधि हुने गरेको गुनासो थियो ।

यस्ता क्रियाकलाप गराउन गेस्ट हाउस सञ्चालकसमेत संलग्न हुने गरेको पाइएको लम्सालले बताए । प्रहरीले शिवपुरी गेस्ट हाउस, मुस्ताङ गेस्ट हाउस, बागलुङ भोजनालयका सञ्चालकलाई आइतबार पक्राउ गरेको छ । गेस्ट हाउसमा बिचौलियाका रूपमा कार्यरत तीन जनालाई समेत पक्राउ गरेको प्रहरीले जनाएको छ ।

प्रहरीले यसअघि पनि उर्वशी डान्स बार, दर्शन नमस्ते रेस्टुरेन्ट, गोरखा मनकामना गेस्ट हाउस, खानीडाँडा गेस्ट हाउस, सेवारो पाथीभरा गेस्ट हाउस, भुमेश्वरी गेस्ट हाउस, तनहुँ सिर्जना गेस्ट हाउस, न्यु गन्डकी गेस्ट हाउसका सञ्चालकलाई समेत पक्राउ गरी अभद्र व्यवहारमा मुद्दा चलाइसकेको छ ।

'अनैतिक क्रियाकलाप गराउन गेस्ट हाउसले दलाल (बिचौलिया) राख्ने गरेको पाइयो,' लम्सालले भने, 'यस्तालाई समेत नियन्त्रणमा लिएर मुद्दा चलाउने गरेका छौं ।' प्रहरीले आकाशेपुलमा अनधिकृत व्यापार व्यवसायलाई समेत नियन्त्रणमा लिएर आगामी दिनमा नगर्ने सर्तमा छाडेको छ ।

यो अभियानमा जबर्जस्ती करणी मुद्दामा फरार सनकाजी दर्जी पनि पक्राउ परेको प्रहरीले जनाएको छ ।

महाराजगन्ज प्रहरीले ५ महिनाको अवधिमा बसपार्क क्षेत्रमा अनैतिक क्रियाकलापमा संलग्नको आरोपमा ८८५ जनालाई नियन्त्रणमा लिएको थियो । यसमध्ये २५१ पुरुष, ३१ महिला र २२ जना तेस्रोलिंगी गरी ३१२ जनालाई मुद्दा चलाइएको लम्सालले बताए । अन्यलाई आफन्तको जिम्मा लगाएको उनले बताए ।

# ६४ जनाद्वारा रक्तदान

काठमाडौं (कास)- कान्तिपुर पब्लिकेसन्सको २७ औं वार्षिकोत्सवका अवसरमा सोमबार भएको रक्तदान कार्यक्रममा ६४ जनाले रक्तदान गरेका छन् । रक्तदान गर्नेमा कान्तिपुर दैनिकका ९, कर्पोरेटका २, फाइनान्सका ३, वितरण विभागका १३ , केडीसीका ४, कान्तिपुर एफएमका ६ , कान्तिपुर टीभीका ३, प्रशासन विभागका २, आईटीका १, मार्केटिङका १, नारी/साप्ताहिका ४ जना रहेका छन् । त्यस्तै, नेपाल साप्ताहिकका १, काठमाडौं पोस्टका ३, टीएनएमका २ र ११ जना आगान्तुकले रक्तदान गरेका छन् ।

रक्तदान गर्नेमा कान्तिपुर दैनिकका देवेन्द्र भट्टराई, राजेन्द्र बस्नेत, दुर्गा खनाल, ध्रुवकुमार तुलाधर, अब्दुल्लाह मियाँ, प्रकाशचन्द्र तिमल्सेना, कुशल तिमल्सिना, रामकृष्ण श्रेष्ठ र यज्ञ बन्जाडे छन् । कर्पोरेटका महेश्वर स्वाँर र दिनेश डीसीले रक्तदान गरेका छन् ।

त्यस्तै, काठमाडौं पोस्टका सञ्जीव सतौया, सृजु वज्राचार्य, नुमाकान्त पौडेल र कान्तिपुर एफएमबाट पवन आचार्य, प्रिन्स गौतम, वसिम अन्सारी, विजय लिम्बू लावती, सुविना राजकर्णिकार, र परमानन्द खनालले रक्तदान गरेका छन् । कान्तिपुर टेलिभजनबाट रक्तदान गर्नेहरूमा विकास जोशी, सलिना घिमिरे, आर्जु नेपाल रहेका छन् ।

यसैगरी, कान्तिपुर वितरण विभागका ईश्वर अधिकारी, सञ्जयध्वज जोशी, शोभाराम चौधरी, रेखा कार्की, धुव्रराज ढुंगाना, निकिता मुखिया, मुकुन्द न्यौपाने, श्रीकृष्ण श्रेष्ठ, नानीबाबु अधिकारी, रामप्रसाद भण्डारी, सुरेश अधिकारीले पनि रक्तदान गरेका छन् । फाइनान्सबाट रक्तदान गर्नेहरूमा खड्गबहादुर तामाङ, महेन्द्र खत्री र सुरेश दयाल छन् । आईटीका जितेन्द्रकुमार यादव, प्रशासनका सरु महर्जन र महेन्द्र खड्का, नेपाल साप्ताहिककी सुनीता लोहनीले रक्तदान गरेका छन् ।

केडीसीबाट रक्तदान गर्नेहरूमा कृष्ण प्रजापती, सुजित लुइँटेल, विशाल खड्का, आभास अधिकारी, निशान शाही र मार्केटिङबाट आशिष निरौला, नारी/साप्ताहिकबाट सुजाता मुखिया, राधिका अधिकारी, प्रकृति दाहाल र कला अनुरागी छन् । टीएनएमबाट मानस श्रेष्ठ, युनिस दाहालले रक्तदान गरेका छन् । आगान्तुकका तर्फबाट जस्मिन पेन्टका महेश्वर आचार्य, फुड हबका शिरीष पोखरेल, क्लक बीका वीरेन्द्र शाह, क्रिस्टल लिक्वर ट्रेडर्सका निशान्त घिमिरे, पार्थ इन्टरनेसनका टिना सुवाल, कँडेल रिटेलका मीनराज कँडेल, एप्पोलो टायरका नवीन अग्रवालले रक्तदान गरेका छन् । बानेश्वरका सरोजलाल कर्माचार्य, अनिल श्रेष्ठ, बौद्धका दिवस तामाङ र बालकोटका दिवस पौडेलले पनि कार्यक्रममा रक्तदान गरेका छन् ।




**कान्तिपुर पब्लिकेसन्सको २७ औं वार्षिकोत्सवका अवसरमा सोमबार भएको रक्तदान कार्यक्रममा रक्तदान गर्दै ।**

*तस्बिर : कान्तिपुर*

सम्पादकीय

# महँगी बढ्न नदेऊ

खडेरीका कारण केही महिनायता भारतमा बजार मूल्य अकासिएपछि त्यसको प्रत्यक्ष असर नेपाली बजारमा परेको छ । अघिल्लो वर्ष पुसमा ८.३१ प्रतिशत घटेको तरकारी-गेडागुडीको मूल्यवृद्धि दर यो आर्थिक वर्षको ६ महिनामा अकासिएको छ । राष्ट्र बैंकका अनुसार खाद्य वस्तु तथा तरकारीको बजार मूल्य ४८ प्रतिशतसम्म बढेको छ । भारतमा तत्काल मूल्य घट्ने सम्भावना नभएकाले नेपाली बजार पनि त्यसको दबाबमा रहिरहने देखिन्छ । त्यसैले नेपालमा अनियन्त्रित ढंगले बजार भाउ नबढोस् भन्नेमा सरकार र नियामक निकायहरू केन्द्रित हुनुपर्छ ।

पछिल्ला केही वर्षमा नेपालको मूल्यवृद्धि वार्षिक औसत ५ प्रतिशतभन्दा कम थियो । कारण, त्यतिबेला भारतको मूल्यवृद्धि २-३ प्रतिशतमा सीमित थियो । गत पुसमा भने भारतमा मूल्यवृद्धि दर ७.५९ प्रतिशत रह्यो । नेपालको दुई तिहाइ व्यापार भारतकेन्द्रित रहेकाले त्यहाँको मूल्यवृद्धिको प्रत्यक्ष प्रभाव स्वाभाविक रूपमा यता पनि पर्‍यो । गत पुसमा तरकारी, मसला, दाल, गेडागुडी र फलफूलको मूल्यवृद्धि उच्च भयो । मसलाको मूल्यवृद्धि दर १५.०६ प्रतिशत बढ्यो । अघिल्लो वर्षको पुससम्म यस्तो मूल्यवृद्धि २.६६ प्रतिशतमात्र थियो । यो वर्ष समग्र मूल्यवृद्धि दर ६.८२ प्रतिशत पुगेको छ, गत वर्ष यो दर ४.५८ प्रतिशत थियो । अहिले खाद्य तथा पेय पदार्थ समूहका अन्य वस्तुको मूल्य बढेको छ ।

यस्तो आयातित मूल्यवृद्धि नियन्त्रणका लागि आन्तरिक उत्पादन बढाउनुपर्छ । आम उपभोक्ता पनि आफैं यसतर्फ सचेत भई उत्पादन बढाउनेतर्फ लाग्नुपर्छ । नेपालमै उत्पादन बढाउन सकेमा व्यापार घाटा घट्ने मात्र होइन, भारतीय बजारको प्रभाव पनि कम हुन्छ । वर्षौंदेखिको यो समस्या समाधान गर्न सरकारको ठोस नीति तथा कार्यक्रम चाहिन्छ । यो वर्ष मूल्यवृद्धि ६ प्रतिशत हाराहारीमा राख्ने सरकारी लक्ष्य छ । तर यही अनुपातमा मूल्यवृद्धि हुँदै गयो भने लक्ष्य नाघ्ने देखिन्छ ।

अर्कोतर्फ, भारतमा भाउ बढेको बहाना बनाएर नेपालमा अवाञ्छित मूल्यवृद्धि हुने गरेको छ । सरकारले अनुगमन प्रणाली चुस्त र प्रभावकारी हुन नसकेका कारण व्यापारीहरूले खेल्ने गरेका छन् । यसरी कृत्रिम रूपमा बजार भाउ बढ्दा उपभोक्ता मारमा पर्ने गरेका छन् । अहिले पनि मूल्य शृंखला परिवर्तन नभएको एउटै वस्तुको पसलैपिच्छे भाउ फरक-फरक छ । यस्तो प्रवृत्तिलाई रोक्न सरकारले आयातकर्ता र थोक विक्रेताहरूको अनुगमन गर्नुपर्छ । तर सरकारले न सबै पसलमा मूल्यसूची अनिवार्य गर्न सकेको छ न मूल्य र गुणस्तरको नियमित अनुगमन नै । वाणिज्य विभागमा साविकको घरेलु कार्यालयसहित साढे पाँच लाख व्यावसायिक फार्म दर्ता छन् । दर्ताबिनै चलेका फार्म पनि त्यत्तिकै छन् । विभागले आर्थिक वर्ष २०७४/७५ मा ४ हजार ९ सय १५ व्यावसायिक फार्ममा अनुगमन गरेकोमा ९१४ फार्मले मूल्यसूची राखका थिएनन् ।

बजार मूल्य नियन्त्रण तथा अनुगमन गर्ने दायित्व वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको हो । तर कतिपय अनुगमन विभाग र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्वार्थमा हुने धेरैको बुझाइ छ, यसले बजार स्वच्छ हुन सकेको छैन । अर्कोतर्फ, महँगी बढ्दा होस् या ठगी हुँदा, बजार अनुगमन गर्न विभागसँग पर्याप्त निरीक्षक पनि छैनन् । तथ्यांक अधिकृतको टोलीले अनुगमन गर्ने बाध्यता छ । अनुगमन प्रभावकारी हुन नसक्नुको एउटा कारण यो पनि हो । त्यस्तै, कति व्यापारीले बिलबिजक जारी गरेका हुँदैनन् । बिलबिजक बिना कालोबजारी पुष्टि हुन सक्दैन । अनुगमन र कारबाही गर्नुपर्ने आन्तरिक राजस्व विभागले यसमा ध्यान दिएको पाइँदैन । उपभोक्ता अधिकारका पक्षमा काम गर्ने भनिएका संस्थाहरूले पनि आफ्नै हित मात्र हेर्ने गरेका छन् ।

सरकारले उपभोक्ता मारमा नपरून् भनेर आफ्ना कानुनी अधिकार प्रयोग गर्नुपर्छ । उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार विदेशी सामान आयात गर्दा भन्सारमा घोषणा गरेको मूल्य र स्वदेशी सामान भए 'फ्याक्ट्री गेट मूल्य' र उपभोक्ता मूल्य अनिवार्य उल्लेख गर्नुपर्छ । तर व्यापारीहरू एउटा मूल्य मात्रै उल्लेख गर्छन् । ऐनका यस्ता प्रावधान कार्यान्वयन भए बजारको अस्वाभाविक मूल्यवृद्धि धेरै हदसम्म नियन्त्रणमा आउन सक्छ । यसतर्फ सरकारले उचित चासो देखाउनुपर्छ ।

# पार्टनर, तिम्रो पोलिटिक्स के हो ?



समवेत

सरिता तिवारी

भारतका एक प्रखर कविको चर्चित कविता छ, 'अंधेरे में' । त्यसमा एउटा खरो वाक्य छ, 'पार्टनर, तुम्हारी पोलिटिक्स क्या हैं ?'

आजको लेख यही प्रश्नको वरिपरि घुमेको छ ।

•••

लिटरेचर फेस्टिभलको मञ्चमा नाम चलेका एक लेखकको नयाँ किताब विमोचन कार्यक्रम चल्दै थियो । राजनीति कर्म र 'जनपक्षीय' (प्रचलित शब्दमा प्रगतिशील धारा) साहित्यमा बराबरी जोडिएका त्यस किताबका लेखकले आफ्ना ऊर्जाशील दिनहरू प्रगतिशील लेखनको विस्तार र उत्थानमा बिताएका छन् । भलै 'प्रगतिशीलता' अहिले दलविशेषको निरपेक्ष, अकिञ्चन समर्थक हुनु र वैचारिक दासत्व स्वीकार गर्नुसँग सरोकार राख्ने अर्थमा सीमित भएको छ, यो अर्कै कुरा हो ।

तर किताबमाथि बोल्ने एक वक्ताले सुरुमै न्यायाधीश शैलीमा सुनाए, 'कुनै पनि लेखक आफैमा प्रगतिशील हो । लेख्नु आफैमा प्रगतिशील कदम हो । र, त्यो जेसुकै लेखे पनि हो । ...म उहाँलाई कुनै वादमा संकुचित गर्न चाहन्नँ ।' लेखकको तारिफ गर्दैगर्दै उनले तिनको लेखनको मेरुदण्डमाथि नै प्रहार गरे । तर लेखकले यसको प्रतिवाद गर्न आवश्यक ठानेनन् । नेपालमा पछिल्लो समय प्रगतिशीलताको अर्थ खुइलिँदै गएकाले दिक्क लागेर हो वा त्यसको व्याख्या गर्ने, स्पष्टीकरण दिने 'दुःखी' काम गर्ने जाँगर नलागेर ? उनैलाई थाहा होला ।

दिमागमा धेरै दिनसम्म माथिका पंक्तिहरू घुमिरहे । यद्यपि यस्तो कुरा सुन्नुपरेको यही नै पहिलो मौका थिएन, न त यही नै अन्तिम होला । पटक-पटक, धेरै पटक यस्ता अभिव्यक्ति सुन्नुपर्दा यो विषयमा छलफल जरुरी छ भन्ने लागेको छ ।

लेखक भन्ने कुनै 'उपल्लो कोटि' प्राणीले कलम समाइदिने 'महान् उद्यम' गर्दिनासाथ त्यो प्रगतिशील भैदिइहाल्छ भन्ने यस्तो मतका ती वक्ता नै एक्ला पक्षधर होइनन् । लेखनमा कुनै किसिमको 'वाद' हुल्नु हुँदैन... लेखनमा राजनीति त झन् आउनै हुँदैन... आए पनि त्यसमा पक्षधरता हुनै हुन्न... त्यो प्राकृत र सहज हुनुपर्छ... कुनै खास पक्ष लिनु, खास विचार 'थोपर्नु' त्यसको नैसर्गिक चरित्रमा हस्तक्षेप गर्नु हो... इत्यादि । प्रगतिशीलताको बृहत् र खास अर्थलाई उपेक्षा गर्ने यस्तो धारणा जीवन र समाजका आधारभूत सत्यसँग भाग्ने चिन्तनको उपजभन्दा बढी केही लाग्दैन ।

केही पनि लेख्दिनासाथ कोही पनि प्रगतिशील हुन्छ भन्नु त्यति नै मूर्ख तर्क लाग्छ, जति गिदी भएकैले मान्छे बुद्धिमान् प्राणी हो भन्ने तर्क ! गिदी सूचनाका असंख्य तारहरूको समवेत गुजुल्टो मात्रै हो । मान्छे बुद्धिमान् बन्न उसले गिदीबाट प्रसारित बुद्धितत्त्वको उपयोग कसरी गरेको छ भन्ने हेर्नुपर्छ । ठीक त्यस्तै, लेखन एउटा सिर्जनशील 'प्रयत्न' हो । तर त्यो प्रयत्न हुनु नै प्रगतिशीलता होइन । त्यो किन, कसका लागि भएको छ भन्ने कुरा महत्त्वपूर्ण हो । यसको जाँच नगरी जेसुकै र जुनसुकै चीज कसरी प्रगतिशील हुन्छ ?

पछिल्लो समय 'प्रगतिशील' को अर्थ संकुचन हुँदैहुँदै दलविशेषको झन्डामा टाँस्सिएको, लेखनमा कम राजनीतिक दाउपेचमा ज्यादा सक्रिय (वा लेख्दै नलेख्नेसमेत) व्यक्ति नै प्रगतिशील हो भन्ने बनाइएको छ । जसरी हिजो राजारानीका वरिपरि घुमेर, तिनका प्रशस्ति लेखेर, तिनको जयजयकार गरेर, तिनको चाकरी गरी पद-पीठ पाउन र राज्यसंरक्षित मठाधीश बन्न सकिन्थ्यो, त्यही शैलीमा प्रशस्ति लेख्नेहरू, चाकरी गर्नेहरू नै 'खाँटी प्रगतिशील' मा दरिने भएपछि यो शब्द संकटमा परेको सत्य हो । त्यही भएर नै हो, प्रगतिशील लेखन र आन्दोलनमा लामो उमेर बिताएका पाका लेखक नै आफूलाई यतिखेर प्रगतिशील मान्न असुविधा प्रकट गर्छन् । केही समयपहिले प्रगतिशील लेखक संघले आयोजना गरेको सम्मान ग्रहण कार्यक्रममा खगेन्द्र संग्रौलाको व्यंग्योक्ति आएको थियो, 'आजदेखि म पनि प्रगतिशील भएँ !'

> हिजो राजारानीका वरिपरि घुमेर, तिनका प्रशस्ति लेखेर, तिनको जयजयकार गरेर, तिनको चाकरी गरी पद-पीठ पाउन र राज्यसंरक्षित मठाधीश बन्न सकिन्थ्यो । त्यही शैलीमा प्रशस्ति लेख्नेहरू, चाकरी गर्नेहरू नै 'खाँटी प्रगतिशील' मा दरिने भएपछि 'प्रगतिशील' शब्द संकटमा परेको छ ।

संग्रौलाको यो एक वाक्यले आजको प्रगतिशील आन्दोलनको संकट के हो भन्ने बताउँछ । यस्तो संकट चिर्न वास्तविक अर्थको प्रगतिशील लेखन र वैचारिक तहमा ठूलो हलचल हुनु आवश्यक छ ।

•••

लेखन एक प्रकारको उत्पादन हो । सोचको, विचारको उत्पादन । सोचहरू, विचारहरू इतिहासको बोधले बन्छन् । वर्तमानका सत्य-असत्य ठम्याउन इतिहास नबुझी सुख छैन अनि इतिहास घटना र मितिको ठेली मात्रै होइन, आज देखिने प्रभाव र परिणामको कार्यकारण हो भन्ने कुरा आम मानिसको पक्षबाट इतिहास चिन्तन गर्नेहरूले लगातार बताउँदै आएका छन् ।

मानिस आफै पनि इतिहासको उत्पादन हो । इतिहासभित्र धेरै कुरा छन् । शासकहरूका विजय र पराजयका चक्र मात्रै होइन, साधारण जनताका, जातिविशेषका, लिङ्गविशेषका सुस्केरा, दलन, उत्पीडन, आँसु, रगत, संकल्प, संघर्ष ...धेरै कुरा छन् । लेखन जिम्मेवारी हो भन्ने मान्नुहुन्छ भने, लेखन नितान्त निजी प्रयोजनको काम मात्रै होइन सामाजिक कुरा हो भन्ने मान्नुहुन्छ भने, यति धेरै कुराको कार्यकारण पत्तो नपाई, यी कुरासँग सरोकार नराखी 'प्रगतिशील' लेखक बन्ने सुविधा कसैलाई छ ?

विगतको संज्ञान र आजबारेको ठम्याइले लेखकको दृष्टि बनाउँछ । त्यही दृष्टि प्रकारान्तरले इतिहासको रेकर्ड मात्रै बन्दैन, गतिशील चेतनाको उत्प्रेरक पनि बन्छ । त्यस अर्थमा इतिहासलाई गतिमान बनाउन चेतनाको तहमा क्रियाशील हुनु वास्तविक अर्थमा प्रगतिशील लेखक हुनु हो । गतिशीलताको त्यो चेत उन्नत र अग्रगामी विचारको पोषणले तयार हुन्छ । यस्तो चेत निर्माण हुन प्रायः सत्ता बाधक बन्ने गरेको अनुभव छ, हामीसँग । सामन्तवादी मात्रै होइन, पुँजीवादी र साम्यवादी सत्तासमेत । त्यसैले जुनसुकै किसिमको विचारले चलेको सत्ता होस्, प्रगतिशील लेखक सत्ताका विचारको रक्षक बन्नु हुन्न, सत्तासँग दूरी बनाएर बस्नुपर्छ भन्ने मानिन्छ । यसरी प्रगतिशील बन्नु या बन्ने प्रयत्न गर्नु गौरवको कुरा हो । यस प्रकारबाट प्रगतिशीलताको अभ्यास गर्नु आज सबैभन्दा बढ्ता जरुरी छ ।


मान्छे स्वयम् इतिहासको उत्पादन हो भन्ने कुरा मान्ने हो भने, त्यो ठिङ्ग एक्लो र इतिहासशून्य उभिएको छैन भन्ने पनि मान्नुपर्छ । मान्छे स्पेसमा यत्तिकै तुर्लुङ्ग झुन्डिरहेको अद्भुत जीव पनि त होइन । भौतिक रूपमा एक्लो देखिने मान्छे मानसिक, सांस्कृतिक रूपले निरपेक्ष र एक्लो छैन । ऊ आफ्ना पूर्वजहरू हिँड्दै आएको इतिहासको बाटोमा उभिएको छ । त्यहाँ कथा छन् । संस्कृति छन् । घटना छन् । जीवनशैली छन् । र मुख्य कुरा ती सबै चीजबाट निर्मित एकमुस्ट परिणाम छ– वर्तमान । त्यसैले आजको कुरा गर्दा हिजोबारेको बोध सही हुनु आवश्यक छ । अतीतमाथिको सही बोधले नै आजको समयको लेखनलाई प्रगतिशील वा गैरप्रगतिशील बनाउने हो । त्यस अर्थमा लेखनमा ध्रुवीकरण र कित्ताकरण चाहिन्छ । इतिहासको उपेक्षा गर्ने, त्यसमाथि छलछाम गर्ने र त्यसको सत्य-सन्धान गर्ने सबै खाले लेखकलाई प्रगतिशीलताको एउटै बाक्सामा खाँद्न मिल्दैन ।

भौतिक वस्तुजस्तै लेखन पनि एउटा उत्पादन हो र उत्पादन कहीँ, कहिल्यै गैरराजनीतिक भएको मलाई थाहा छैन । चाहे त्यो स्थूल वस्तु होस्, चाहे चेतना अर्थात् विचार, कुनै पनि कुरा राजनीतिभन्दा बाहिर छैनन् । शिक्षक, बैंकर, व्यापारी, उद्योगपति, पत्रकार वा खेतीहर किसान, लोहार, मेहतर, गृहिणी, सुचीकार को को बन्न सक्ने वा को नबन्ने भन्ने कुरा जसरी 'राजनीतिक' कुरा हो, के लेख्ने, कसका लागि र किन लेख्ने, लेख्नका लागि आधारभूत विषय, विचार के हुने भन्ने कुरा पनि ठीक त्यसै गरी राजनीतिक कुरा हो । त्यस कारण लेख्नेबित्तिकै कोही पनि प्रगतिशील हुन्छ भन्नु कि बिलकुलै अपरिपक्व र 'बचकाना' तर्क हो कि सत्यमाथिको भद्दा मजाक ।

हरेक लेखन लेखुन्जेल लेखक एक्लैको भए पनि लेखिसकेपछि यो सामूहिक अभिव्यक्तिको कर्म हो । यसको असर व्यक्तिचेतनामा मात्रै पर्दैन, समाजमा पनि पर्छ । यति कुरा मान्ने हो भने लेख्ने काम पूरापूर राजनीति हो । जेसुकै लेखोस्, लेखकले या त व्यक्ति वा समाजको इतिहासबाट पलायन भएर मौनता वा जिब्रोचपाइको 'कुट' राजनीति गर्छ या इतिहासलाई बाङ्गोटिङ्गो र छद्म रूपमा देखाउने राजनीति गर्छ या आफ्नो विवेकको पूरापूर 'गट्स' उपयोग गरेर समय र घटनामाथिको ठोस मन्तव्य दिन्छ । लेखनमा हुँदै आएको यही हो ।

'कुनै खास लेखकलाई कुनै खास विचारको कित्तामा राख्न नचाहनु' वा कुनै लेखकलाई (वा लेखकले आफूलाई) कुनै विचारको पक्षपाती मान्नु दुवै राजनीति हो । लेखनमार्फत एक प्रकारको राजनीति गर्छु भन्ने हाकाहाकी विचार मात्रै राजनीति होइन, लेखकले राजनीति गर्नु हुँदैन वा लेखन राजनीतिक काम होइन वा लेखन कुनै वादको मानक बन्नु हुन्न भन्नु पनि उत्तिकै राजनीति हो । मानिसले सास फेर्नु वा सास फेर्न नपाउनु, पानी पिउनु वा पानीसम्म पिउन नपाएर तड्पिनु, खाना खानु वा भोकमरी लाग्नु, राम्ररी निदाउन पाउनु वा रातभर सन्त्रासले जाग्राम बस्न पर्नु आदि सामान्यभन्दा सामान्य लाग्ने यस्तो हरेक कुरा व्यक्ति बाँचेको समाजको राजनीतिमा निर्भर गर्छ भने सोचीसम्झी, भएभरको बुद्धि लगाएर लेख्ने कुरो गैरराजनीतिक क्रिया कसरी हुन सक्छ ?

लेखकले राजनीति गर्नु हुन्न वा लेख्नासाथ कोही पनि प्रगतिशील हुन्छ भनेर कोही बहस गर्न आयो भने त्यस्तो बहसको प्रस्थानविन्दु हुन्छ, 'अरे पार्टनर, तिम्रो चैं पोलिटिक्स के हो ?'



## सम्पादकलाई चिठी

### नेतामा समर्पणभाव जरुरी

उच्च तहमा पुगेका नेताको क्रियाकलाप सर्वसाधारणले नियालिरहेका हुन्छन् । नेताबाट मुलुकको गरिमा बढाउने काम हुने आशा सबैको हुन्छ । 'ललिता निवास जग्गा प्रकरणमा भाग्ने आशंका गरिएकालाई पक्राउ गर्ने तयारी' खबरमा पूर्व प्रधानमन्त्रीद्वय बाबुराम भट्टराई र माधवकुमार नेपालको नाम नदेखिँदा सोबारे फेरि कुरा कोट्याउन मनलाग्यो । उक्त जग्गा प्रकरणमा उहाँहरूको नाम पनि जोडिएको विवरण माघ २२ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रकाशित गरेकै हो । यद्यपि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी) मा पूर्व उपप्रधानमन्त्री विजयकुमार गच्छादार, पूर्वमन्त्री एवं प्रशासकहरूलई दोषी ठहर गर्दै किटानी दर्ता गर्नुले सो मामलाको छिनोफानो हुने आश राख्न सकिन्छ । २०४९ देखि २०६९ सालसम्म ललिता निवासको १७२ रोपनी जग्गा अवैध ढंगबाट हडपिएको थियो । पूर्व मुख्यसचिव लीलामणि पौड्यालको संलग्नता रहेको भन्ने सन्दर्भलाई पनि निजामती सेवामाथि फैलिएको प्रदूषण मान्न सकिन्छ । यहाँनिर केही शासकीय दायित्वको सन्दर्भ जोडौं । करिब डेढ दशकअघि मनसुनी बाढीले भारतको उडिसा राज्यमा तहल्का मच्चाएपछि नैतिकताको आधारमा त्यहाँका मुख्यमन्त्रीले राजीनामा दिएका थिए । २७ वर्ष जेलजीवन बिताएर सन् १९९० मा छुटेका दक्षिण अफ्रिकी नेता नेल्सन मण्डेला कारागारभित्र खारिएर विश्वविख्यात नेता बन्न सफल भए । ललिता निवास जग्गा प्रकरणको बाछिटा परिसकेपछि पूर्वप्रधानमन्त्री र पूर्व मुख्य सचिवले पनि आफूमाथि लागेको अपजसको जिम्मा लिने हो भने उहाँहरू जनतामाझ 'हाइ-हाइ' बन्ने साथै मुलुकको शासकीय वृत्तमा सुशासनको नयाँ आयाम थपिने निश्चित छ ।

– **भुवनेश्वर शर्मा**, *चन्द्रागिरि-२, काठमाडौं*

### ओलीको कुर्सी हल्लिएकै हो त ?

संविधानमा व्यवस्था भए बमोजिम सरकार गठन भएको दुई वर्षसम्म प्रधानमन्त्रीका विरुद्ध अविश्वासको प्रस्ताव संसदमा पेस गर्न पाइँदैनथ्यो । तर गठन भएको दुई वर्ष बितेसँगै सरकार ढाल्न चाहेमा संसदमा अविश्वासको प्रस्ताव पेस गर्ने बाटो खुलेको छ । तर अहिलेकै अवस्थामा प्रधानमन्त्री केपी शर्मा ओली विरुद्ध अविश्वास प्रस्ताव पारित गरेर उनलाई हटाउने बाटो कतैबाट पनि सहज देखिँदैन । यद्यपि ओली आफै सरकार ढाल्ने खेल खेलिएको भन्दै हिँड्न थालेका छन् । सरकारको दुई वर्ष पुगेकै भोलिपल्ट प्रधानमन्त्री ओलीले आफ्नो गृहजिल्ला पुगेर त्यसो भनिरहँदा उनले सरकार ढाल्ने खेलमा को-को खेलाडी सहभागी छन् भन्ने कुरा भने खुलाएनन् । यतिबेलासम्म सरकार ढालिहाल्ने समीकरण बनेको छैन र निर्वाचनअघि यो अवस्थाको सिर्जना हुनसक्ने अवस्था पनि देखिँदैन । माओवादी शान्ति सम्झौतामार्फत संसदीय व्यवस्थामा आएपछि बनेका सम्पूर्ण सरकार गठन र विघटनमा प्रचण्ड एक्लैको हात रहँदै आएको छ । अहिले पनि सरकार ढल्यो भने उनैको कारण ढल्ने आम नागरिकको बुझाइ रहेको छ । ओलीलाई पहिलो कार्यकालमा लागि प्रधानमन्त्री बनाउने पनि प्रचण्ड नै थिए र लडाउने पनि उनै थिए । अहिले ओली र प्रचण्ड एउटै दलका अध्यक्ष छन् भने सरकार उनीहरूकै छ । यति हुँदाहुँदै पनि ओलीले सरकार ढाल्ने खेल सरु भएको भनिरहँदा घुमाउरो पारामा प्रचण्डलाई नै त्यो आरोप लगाएका हुन् कि जस्तो देखिन्छ । किनकि अहिले नेकपा बाहेकका अन्य सबै दल मिले पनि अविश्वासको प्रस्ताव पारित हुनसक्ने मत उनीहरूसँग छैन । यस्तो अवस्थामा ओलीले सरकार कसरी हल्लिएको महसुस गरिरहेका छन् ? त्यो अज्ञात छ । ओलीको पछिल्लो भनाइले नेकपाभित्रको एकीकरण प्रक्रियाले पुनः फाटोको रूप लिन्छ कि भन्ने पनि देखाउँछ । किनकि सरकार निर्माणका बेला राजनीतिक दलहरू टुक्रा-टुक्रा भएको इतिहास खोज्न धेरै टाढा जानु पर्दैन र त्यो अवस्था फेरि पनि नआउला भन्न सकिँदैन । प्रचण्ड फेरि पनि 'वेटिङ' प्रधानमन्त्रीको रूपमा बसिरहेकै छन् ।

– **सुजन देवकोटा**, *पालुङटार-४, गोरखा*

### महँगीको कहर




दुई वर्षमा सरकारले भ्रष्टाचार निवारण गरेको र रोजगारी बढाएको दाबी गरेको छ । गरिबी उन्मूलन, नयाँ कानुन निर्माण, प्रतिव्यक्ति आयमा वृद्धि, निर्यातमा वृद्धि, आयातमा कमी, उत्पादनमा वृद्धि, केही खाद्यान्न वस्तुमा आत्मनिर्भर र करको दायरा फराकिलो बनाएको पनि उल्लेख गरेको छ । सडक कालोपत्रे तीव्रगतिमा भएको, कर छल्नेहरूलाई कानुनको दायरामा ल्याएको लगायतका उपलब्धिका पाठ सदनमा प्रधानमन्त्रीले प्रस्तुत गरे । भोकमरीले कोही पनि जनता नमर्ने र गरिबीमा रहेकाहरूको जीवनस्तर विस्तारै माथि आउँदै गरेको तथ्य प्रधानमन्त्रीले बोल्दै गर्दा यता ४८ प्रतिशतसम्म खाद्यान्नको मूल्य वृद्धि भएको कुराले मूल्यवृद्धि नियन्त्रण गर्न थप चुनौती देखिएको छ । अकासिएको मूल्य वृद्धिले हुँदा खाने जनतालाई उठ्नै नसक्नेगरी थिचेको छ । निजामती कर्मचारीहरूलाई सरकारले महँगी भत्ता दिने गरेकाले उनीहरूलाई मूल्यवृद्धिले खासै असर नगर्ला, हुनेखानेहरूका लागि पनि यसले त्यति प्रभाव नपार्ला । तर हुँदा खाने नागरिकका लागि भने नराम्ररी असर गरिरहेको छ । तरकारी, दाल, चामल, तेल, फलफूल लगायतका खाद्य सामग्रीको मूल्यवृद्धि हुनु भनेको निमुखा जनताका लागि समस्या हो । प्रतिव्यक्ति आयमा कति वृद्धि भयो भन्ने कुराले हुँदा खाने जनताका लागि खासै प्रभाव पर्दैन । तर दैनिक किनेर खाने चामलको मूल्य कति कम भयो भन्ने कुराले प्रत्यक्ष असर गर्छ । महँगी बढेपछि ज्यालामा पनि वृद्धि हुने व्यवस्था नहुँदासम्म जनतालाई मूल्यवृद्धिले ढाड सेकिनै रहने पक्का छ । अहिलेको मूल्यवृद्धि विगतको तुलनामा उच्च हो भन्ने नेपाल राष्ट्र बैंककोभनाइ छ । सरकारले यो वर्ष ८ प्रतिशतले आर्थिक वृद्धि गर्ने भनेको र उक्त कुराले मूल्यवृद्धिलाई थप दबाब पर्ने हुनाले पनि अझै फेरि आवश्यक खाद्य सामग्रीको भाउ अकासिने हो कि भन्ने त्रास आम नागरिकलाई परेको छ ।

– **गोविन्द विक**, *बुनपा-१२, कपन, काठमाडौं*

•••

राष्ट्र बैंकको प्रतिवेदनले मूल्यवृद्धिको प्रतिशतलाई ४८ बताइरहेको छ र उसको प्रतिवेदनले मूल्यवृद्धिको यो डरलाग्दो सूचकलाई कसरी घटाउन सकिन्छ भनेर खासै सुझाएको छैन । बरु अत्यन्तै सरल ढंगले हाम्रो बजारको ७५ प्रतिशत हिस्सा भनेको भारत हो र त्यहाँ अहिले खडेरीका कारण खाद्यवस्तुको भाउ अत्यन्तै अकासिएको र त्यसको असर अझै हामीले भोग्नुपर्ने बताएको छ । जुन अत्यन्तै गैरजिम्मेवार छ । के साँच्चै हाम्रो बजार भाउ अहिले सामान्य हिसाबमा उकालो लागेको हो ? यसमा हाम्रा आफ्ना कमीकमजोरी छैनन् ? किन प्रतिवेदनमा यी कुरा उल्लेख गरिएको छैन ? आज बजारमा मूल्य सूची भेटिँदैन । राजधानीमै समय गुज्रेका उपभोग्य पदार्थ खुलेआम बिक्री भइरहेछ । उपत्यकामा कुनै त्यस्तो गल्ली भेटिँदैन, जहाँ खरिद मूल्य एकै होओस् । फेरि बिचौलियाको बिगबिगी खाद्यवस्तुमा जस्तो अन्त कतै छैन । यस्तै अवस्था रहने हो भने अर्को वर्ष तरकारी झोलाभरि किन्न पैसा पनि झोलाभरि नै लिएर जानुपर्ने निश्चित छ । मूल्यवृद्धिको यो दर सरकारले नियन्त्रण नगर्ने हो भने अर्को वर्ष शतप्रतिशत कट्ने निश्चित छ ।

– **रामकृष्ण बराल**, *जोरपाटी-२, काठमाडौं*

### अबको चुनावी एजेन्डा

दिल्लीमा आम आदमी पार्टीले आफूहरूले स्वास्थ्य र शिक्षा क्षेत्रमा सुधार गरेको, पानी वितरण, विद्युत भाउ घटाएको आदि विकासको कामको नाममा भोट मागेर चुनावमा पुनः जितेको छ । हाम्रो देशमा पनि स्थानीय, प्रदेश र राष्ट्रिय चुनावमा जनताका एजेन्डा जस्तै- १) रोजगार २) आर्थिक समृद्धि ३) भौतिक पूर्वाधार ४) स्वास्थ्य, शिक्षा, पानी, विद्युत आदिको नाममा भोट माग्नुपर्छ । यसका लागि जनताले पनि भोट दिँदा यी एजेन्डाहरूमा कसले काम गर्न सक्छ, हेर्नुपर्छ । देशका सामाजिक संघ/संस्था, पत्रकार, पेसागत शिक्षित सचेत नेपालीले पनि यही दिशामा मानिसलाई प्रशिक्षित गर्नुपर्ने देखिन्छ । चुनावमा जनताले सबै प्रतिस्पर्धीसँग सोध्नुपर्छ– वडादेखि पुरै देशको आर्थिक समृद्धि र पूर्वाधार विकासका लागि अहिलेसम्म के गर्‍यौ र के के काम गर्ने योजना छ ? यदि स्थानीयदेखि केन्द्रसम्मको चुनावमा यी मापदण्डलाई स्थापित गर्नसकेमा बाँकी चुनावमा पनि यसको असर निश्चित रूपमा देखिनेछ ।


– **जगदिश श्रेष्ठ**, *काठमाडौं*

### भूतपूर्व गोर्खा सैनिकको माग

गोर्खा भर्ती सन्धि पुनरावलोकनको आग्रह गर्दै नेपालको परराष्ट्र मन्त्रालयले बेलायत सरकारलाई पत्र पठाएपछि भूतपूर्व गोर्खा सैनिकहरूको आन्दोलन स्थगित भएको समाचारले बेलायतमा भर्ती भएर जाने गोर्खा सैनिकहरू विभेदीकरणको जालोमा जेलिएको पीडासित लड्नुपरेको कथा-व्यथाको शृंखलाहरूको दृश्य/अदृश्य घाउहरू आलै छन् भन्ने देखिन्छ । भूतपूर्व गोर्खा सैनिकहरूले बेलायत सरकारसित समान पेन्सन लगायतका सुविधाहरू माग्दै आन्दोलन गरेको निकै वर्ष भइसक्यो । तर बेलायतले गोर्खा सैनिकहरूको मागलाई उचित सुनुवाइ गरेको देखिँदैन । भूतपूर्व गोर्खा सैनिकहरूले उठाएका मागहरूलाई बेलायत सरकारले सम्बोधन गरेमा बेलायतका निम्ति पुर्‍याएको योगदानप्रति उचित सम्मान हुने थियो । बेलायतको लागि आफ्नो ज्यान दिएर लड्ने गोर्खा सैनिकहरूले बेलायतकै सैनिकहरू जतिकै पेन्सन र सुविधा पाउनुपर्छ भनेर माग राख्नु नाजायज होइन । बेलायतका निम्ति बहादुरीपूर्वक लड्ने र बेलायतको रक्षा र सेवा गर्ने वीर गोर्खा सैनिकहरूको असन्तुष्टि भनेको असमानता र विभेदप्रति हो । समानताको माग राखी आन्दोलनमा उत्रिएको यति लामो समय हुँदा पनि उचित सुनुवाइ नहुनु दुःखद हो ।

– **रेशमकुमार सुनुवार**, *नेपाल ल कलेज, काठमाडौं*

# प्रदेश ५ को राजधानी कहाँ ?



रघु पन्त



सदरमुकाम सार्ने वा नसार्ने भन्ने विषयमा पञ्चायतकालमा विभिन्न जिल्लामा तानातान र आन्दोलन हुने गर्थ्यो। अहिले देश संघीयतामा गइसकेपछि पनि कतै प्रदेश नाम के राख्ने त कतै प्रदेश राजधानी कहाँ राख्ने भन्नेबारे बहस र विवाद जारी नै छ। केही प्रदेशले आफ्नो नाम र राजधानी टुंगो लगाए पनि केहीले यसलाई निष्कर्षमा पुऱ्याउन बाँकी नै छ। तीमध्ये प्रदेश ५ ले पनि यो विषय टुंग्याउन सकेको छैन। प्रदेश ५ को नाम 'लुम्बिनी' राख्ने भन्नेबारे सबै राजनीतिक दल सहमत नै देखिए पनि राजधानीको विषयलाई लिएर भने मतैक्य हुन सकेको छैन।

प्रदेशसभामा यसबारे सहमति बन्ने सम्भावना नदेखेपछि मुख्यमन्त्री शंकर पोखरेलले पार्टीको केन्द्रीय नेतृत्वलाई सबै पक्षसँग सरसल्लाह गरेर समाधान दिन अनुरोध गरेका छन्। सार्वजनिक रूपमै उनले आफूले दाङका लागि लबिइङ नगर्ने र अरूलाई पनि बुटवलका लागि लामबन्दीको प्रयत्न नगर्न आग्रह गरेका छन्। विवादबीच प्रस्ताव अघि सार्नुले उनले यो विषयको सुरक्षित र विवादरहित अवतरण चाहेको देखिन्छ।

### माल पाएर चाल पाएको खोइ ?

प्रदेश ५ ले एउटा अत्यन्त महत्त्वपूर्ण र अमूल्य स्थान पाएको छ। त्यो हो– कपिलवस्तु। आज नेपालको एउटा जिल्लाका रूपमा मात्र रहेको कपिलवस्तु कुनै समय समृद्ध र सशक्त गणराज्य थियो। विभिन्न बौद्ध ग्रन्थमा कपिलवस्तुको विस्तृत वर्णन पाइन्छ। तिनमा वर्णित समयमा कपिलवस्तु राज्यमा गणबाट निर्वाचित राज्यप्रमुख वा राजाका रूपमा सिद्धार्थ गौतमका पिता शुद्धोदन थिए। राजा शुद्धोदन अघिको कपिलवस्तुबारे त्यति विवरण नपाइने जानकारहरूको भनाइ छ।

बौद्ध विषयका जानकार वसन्त महर्जनले कपिलवस्तुको इतिहासबारे उल्लेख गरे अनुसार, प्राचीन समयमा कोशल राज्यका राजा ओक्काकले आफ्नी कान्छी रानीका छोरालाई राज्याधिकार दिने उद्देश्यले जेठी रानीतर्फका पाँच छोरी र चार छोरा गरी नौ जनालाई देशनिकाला गरे। देशनिकालापछि क्रमशः उत्तर दिशातिर अघि बढ्दै जाँदा ती नौ जनाको भेट कपिल नाम गरेका ऋषिसँग भयो। कपिल ऋषिकै सल्लाह र निर्देशनमा ती नौ जनाले बस्ती बसाल्न आरम्भ गरे। प्रिया नाम गरेकी जेठी चाहिँ राजमाताका रूपमा रहिन् भने, बाँकी चार दिदीबहिनीलाई चार दाजुभाइले विवाह गरे। उनीहरूले रक्तशुद्धताका लागि आआफूमै विवाह गर्ने निर्णय गरेका थिए। कपिल ऋषिको सल्लाहमा बस्ती बसाएकाले तिनले राज्यको नाम पनि 'कपिलवस्तु' राखे। शक वृक्ष फाँडी नगर बसाएको हुँदा शाक्य कहलिन थाले।

कपिलवस्तु राज्यभित्र केही नगर र सानातिना थुप्रै गाउँ थिए। सिद्धार्थ गौतम भविष्यमा बुद्धत्व प्राप्त गरी बुद्ध बन्नेछन् भनेर भविष्यवाणी गर्ने कौडण्य नामका ब्राह्मण कपिलवस्तु नजिकैको द्रोणवस्तु गाउँका बासिन्दा थिए। द्रोणवस्तु वर्तमान समयको दाङ जिल्ला भएको अनुमान गरिन्छ।

सिद्धार्थ गौतमको मावली र ससुराली राज्य थियो– कोलिय। शाक्य गणराज्यको राजधानी कपिलवस्तु भए जस्तै देवदह कोलीय राज्यको राजधानी थियो। देवदह पनि नेपालमै पर्छ र कपिलवस्तु जिल्लामा अवस्थित छ।

इसापूर्व ४८३ मा कुशीनगरमा गौतम बुद्धको महापरिनिर्वाणपछि दाहसंस्कार गरी निस्केको अस्थिधातुलाई विभिन्न आठ राज्यले बाँडेर लिएका थिए। त्यो अस्तुलाई राखेको ठाउँमा स्तूप निर्माण गरिएको थियो। अस्थिधातु पाउने आठ राज्यमध्ये एक कोलीय राज्य थियो। कोलीयहरूले सो अस्थिधातु राखी बनाएको स्तूप नै रामग्राम स्तूप हो। रामग्राममा स्वयं सम्राट् अशोकसमेत पुगेका थिए। यो स्तूप नवलपरासी जिल्लाको परासीदेखि ४ किलोमिटर दक्षिणमा पर्छ।

त्यस्तै, कपिलवस्तु आउँदा गौतम बुद्ध बस्ने गरेको निग्रोधाराम पनि कपिलवस्तुकै लोरी कुदान गाउँमा पर्छ भनिएको छ। निग्रोधाराममा बसी बुद्ध ज्ञान बाँड्ने गर्थे। त्यति मात्र होइन, गौतम बुद्धभन्दा अघिका विभिन्न बुद्धमध्ये क्रकुच्छन्द बुद्ध एक थिए। पिता अग्निदत्त ब्राह्मण र आमा विशाखाबाट क्षेमवती नगरमा उनको जन्म भएको थियो। त्यो क्षेमवती नगर अहिलेको गोटीहवा रहेको मानिन्छ। यहाँ आइपुगेर सम्राट अशोकले अर्को स्तम्भ स्थापना गरेका थिए। त्यस्तै, बुद्धभन्दा अघिका अर्का बुद्ध थिए– कनकमुनि (कोणागमन) बुद्ध। उनका पिता यज्ञदत्त ब्राह्मण र आमा उत्तरा थिइन्। उनको जन्म शोभावती नामको नगरमा भएको थियो। त्यो शोभावती नगर अहिलेको निग्लिहवा हो भनिन्छ। यहाँ पनि आइपुगेर सम्राट् अशोकले स्तूपको मर्मत गरेका थिए। कपिलवस्तु राज्यको केन्द्र मानिएको तिलौराकोट अर्को अत्यन्त महत्त्वपूर्ण स्थल हो।

माथि उल्लेख गरिएका स्थानहरू नेपालका मात्रै नभई विश्वकै अमूल्य सम्पदा हुन्। यस्ता महत्त्वपूर्ण विश्वसम्पदा रहेको कपिलवस्तु जिल्ला प्रदेश ५ मा पर्छ। ऐतिहासिक महत्त्वको यस्तो स्थल आफ्नो प्रदेशमा र प्रदेशका सबैलाई पायक पर्ने दूरीमा हुँदाहुँदै पनि नेताहरूले तानातान गरेर आफ्नै जिल्लामा प्रदेश राजधानी पार्न खोज्नु उपयुक्त हुँदैन। कपिलवस्तुको उपेक्षा गर्नु भनेको माल पाएर चाल नपाउनु हो।

संसारभरका बौद्धहरूको महत्त्वपूर्ण तीर्थस्थल बन्ने पर्याप्त सम्भावना बोकेको कपिलवस्तु उपेक्षामा परेको छ। त्यो उपेक्षाको अन्त्य गर्ने कार्यको शुभारम्भ हुनसक्छ, कपिलवस्तुमा प्रदेश ५ को राजधानी सार्नु।

> धेरै विश्वसम्पदा रहेको कपिलवस्तुमा प्रदेश राजधानी बनाउँदा नयाँ र व्यवस्थित नगर बनाउन प्रशस्त खुला ठाउँ छ। बौद्ध तीर्थस्थलहरूलाई विकसित र व्यवस्थित बनाउने अनि लुम्बिनीसँग जोड्ने कार्यलाई पनि छिटो अघि बढाउन मद्दत पुग्छ।

### बुटवल : पश्चिमको महत्त्वपूर्ण केन्द्र

अहिले प्रदेश ५ को अस्थायी राजधानी बुटवलमा राखिएको छ। बुटवल प्रदेशको राजधानी हुनुभन्दा अघिदेखि नै पश्चिमी क्षेत्रको एउटा महत्त्वपूर्ण व्यापारिक र शैक्षिक केन्द्रका रूपमा स्थापित भइसकेको छ। रूपन्देही जिल्लामा बुटवल र भैरहवाजस्ता नगर मात्र होइन, ६ लेनको बुटवल-भैरहवा सडक र अन्तर्राष्ट्रिय स्तरको गौतम बुद्ध विमानस्थल बनिरहेको छ। संसारभरका बौद्धहरूको महत्त्वपूर्ण तीर्थस्थल लुम्बिनी पनि यहीं पर्छ। लुम्बिनी सडकबाट जान चाहे बुटवल र प्लेनबाट जान खोजे भैरहवा टेक्नैपर्छ। लुम्बिनी बौद्ध विश्वविद्यालय पनि यहीं छ।

पहाडतिरबाट बुटवल-भैरहवा बसाइँ सर्नेहरूको चापका कारण बुटवल अहिले नै भीडभाडयुक्त स्थान बनिसकेको छ। बुटवलमै प्रदेश राजधानी स्थायी रूपले राख्न खोज्नु त्यो ठाउँलाई झन् साँघुरो र अव्यवस्थित बनाउनु हो। प्रदेश ५ को आर्थिक राजधानीका रूपमा पहिलेदेखि नै स्थापित बुटवल-भैरहवा आफ्नो आधारभूत संरचना, भौगोलिक अवस्थिति, बढ्दो भौतिक संरचनाका कारण प्रदेशका अन्य स्थानभन्दा निकै अगाडि छ।

पूर्व-पश्चिम राजमार्गको एउटा महत्त्वपूर्ण केन्द्र बनेका कारण बुटवल पहिलेदेखि नै यातायात र आवागमनका दृष्टिले महत्त्वपूर्ण क्षेत्रका रूपमा रहँदै आएको छ। पहाडका कतिपय जिल्ला उक्लने र तराई ओर्लनेहरूको ताँतीले गुलजार रहने बुटवललाई प्रदेशको व्यापारिक केन्द्रकै रूपमा विकसित गर्नु उपयुक्त हुन्छ।

रूपन्देही जिल्लाका सबै राजनीतिक दलका नेताहरूले आफ्नै जिल्लामा राजधानी कायम राख्ने अडान छोडेर उदारता देखाउनु आवश्यक छ। प्रदेशका नेताहरूले संघीयताको मर्म बुझ्ने हो भने बुटवलमै राजधानी टिकाइरहने जिद्दी गर्नुको सट्टा कुन जिल्लामा प्रदेशको राजधानी राख्दा देशको भौगोलिक र भावनात्मक एकता अझ सुदृढ हुनेछ भन्नेतर्फ सोच्नुपर्छ।

लुम्बिनी, तिलौराकोट, रामग्राम, गोटीहवा, निग्लिहवा र देवदह जस्ता बौद्ध स्थलहरूलाई विकसित गरेर नेपालभित्र बौद्ध सर्किट बनाउने र लुम्बिनी बौद्ध विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय क्षेत्रसँग जोडेर विस्तृत र व्यापक बनाउँदै बुद्धिजम अध्ययन गर्ने एउटा केन्द्रका रूपमा विकसित गर्ने हो भने मात्र पनि बुटवल-भैरहवा ज्ञान, पर्यटन र व्यापारको महत्त्वपूर्ण केन्द्र बन्न सक्छ।

संघीयताको महत्त्वपूर्ण मर्म सत्ता, शक्ति र विकासको विकेन्द्रीकरण हो। यो कुरालाई आधार मान्ने हो भने बुटवलको भन्दा दाङ र कपिलवस्तुको राजधानी पाउनुपर्ने माग जायज र औचित्यपूर्ण ठहरिन्छ।

तराईको भावनालाई बुटवल-भैरहवाले भन्दा बढी कपिलवस्तुले सम्बोधन गर्छ। प्रदेश ५ को पिछडिएको जिल्ला कपिलवस्तुमा प्रदेश राजधानी बनाउँदा एउटा नयाँ र व्यवस्थित नगर बनाउन प्रशस्त खुला ठाउँ प्राप्त हुन्छ भने, पहाड र तराई जोड्ने नयाँ-नयाँ सडक र व्यापार तथा विकासका थप सम्भावनाका ढोकाहरू खुला हुनेछन्। सँगसँगै कपिलवस्तुमा रहेका बौद्ध तीर्थस्थलहरूलाई विकसित, व्यवस्थित बनाउने र लुम्बिनीसँग जोड्ने कार्यलाई पनि छिटो अघि बढाउन मद्दत पुग्छ। त्यसैले कपिलवस्तुलाई प्रदेश राजधानीका रूपमा प्रस्ताव गर्न बुटवलवासी र रूपन्देही जिल्लाका नेताहरू अघि सर्नुपर्छ।

### दाङलाई के ?

दाङ पछाडि परेको जिल्ला हो। दाङलाई राजधानीको सट्टा उद्योग र कृषिका ठूला योजनाहरूका लागि संघीय सरकारले मद्दत गर्नुपर्छ। रुकुम, रोल्पा, प्युठान आदिबाट दाङ झर्नेहरूको चापलाई ध्यानमा राखेर विभिन्न स्थानमा व्यवस्थित नगर विकसित गर्ने, लुम्बिनीवरपर प्रदूषण फैलाइरहेका सिमेन्ट कारखाना लगायतलाई दाङको उपयुक्त स्थानमा सार्न प्रोत्साहित गर्ने र कृषि तथा प्रदेश ५ को औद्योगिक केन्द्रका रूपमा विकास गर्ने दीर्घकालीन योजना बनाएर अघि बढ्ने हो भने दाङको विकास हुनेछ।

कुनै जिल्लामा प्रदेशको राजधानी आउँदैमा सबै थोक आउने र जाँदैमा सबै थोक जाने होइन। भूमिको उत्पादकता, भौगोलिक अवस्थिति, उपलब्ध जनशक्ति र मानवीय प्रयत्नले कुनै पनि ठाउँ विकसित हुने हो, राजधानी बनेर मात्र होइन।

अहिले जुनसुकै जिल्लालाई प्रदेश राजधानी बनाए पनि केहीलाई पायक र केहीलाई अपायक त पर्छ नै। तर सकेसम्म प्रदेश राजधानी बनाउँदा आजका तत्कालीन समस्या र आवश्यकतालाई मात्र ध्यान दिएर पुग्दैन। प्रदेशको समानुपातिक विकास, भविष्यका आवश्यकता अनुरूपका पूर्वाधारहरूको निर्माण र व्यवस्थित तथा योजनाबद्ध राजधानी निर्माणको सम्भावना जस्ता विषयहरूलाई ध्यानमा राखेर दूरदर्शितापूर्ण ढंगले विचार गर्नुपर्छ।

अहिले विश्वव्यापी रूपमै गाउँबाट सहर झर्ने र सहरी जनसंख्या बढ्दै जाने प्रवृत्ति छ। कपिलवस्तुमा व्यवस्थित रूपले प्रदेश राजधानीको निर्माण थाल्दा नयाँ सहरको निर्माण मात्र होइन, बुटवलमा परिरहेको जनसंख्याको चापलाई समेत स्थानान्तरण गर्न मद्दत पुग्छ। पाल्पा, गुल्मी, अर्घाखाँची जस्ता जिल्लाबाट बुटवल झर्ने जनसंख्यालाई कपिलवस्तुतिर मोड्न सकिन्छ।

दाङमा विभिन्न स्थानमा व्यवस्थित नगर विकास, कृषि विकास र उद्योगहरूको स्थापना र विकास गर्दा रोल्पा, रुकुम र प्युठान जस्ता पहाडी जिल्लाबाट झर्ने मानिसहरूलाई रोजगारी र वासस्थान उपलब्ध हुन्छ र दाङको विकासले गति लिन्छ। त्यसैले प्रदेश ५ का नेता र प्रदेशसभा सदस्यहरूले विवेक, बुद्धिमत्ता र दूरदर्शिताको प्रयोग गर्नु आवश्यक छ।

### तत्काल के गर्ने ?

अहिले तत्काल प्रदेश राजधानी कपिलवस्तु सार्न खोजे पनि त्यहाँ आवश्यक पूर्वाधारहरू छैनन्। त्यसैले सबभन्दा पहिले प्रदेशसभाले कपिलवस्तुलाई प्रदेशको राजधानी घोषणा गर्दै त्यहाँ आवश्यक पूर्वाधारहरूको निर्माणनिम्ति पाँच-छ वर्षको समयावधि तोकेर ठोस योजना बनाउनु उपयुक्त हुनेछ। कपिलवस्तुको उपयुक्त स्थानमा आवश्यक जग्गा अधिग्रहण गरी प्रदेशसभा र प्रदेश सरकारका लागि आवश्यक संरचनाहरू र त्यसवरपर व्यवस्थित नगर बसाउने योजना बनाएर काम अघि बढाउँदा पाँच-छ वर्ष त लागिहाल्ला। त्यतिन्जेल बुटवलबाटै प्रदेश सरकारले राजधानीको काम चलाए भइहाल्यो।

तर रूपन्देही र नवलपरासीका कतिपय प्रदेशसभा सदस्य र नेताहरू बुटवलबाट प्रदेश राजधानी सार्न नदिने पक्षमा देखिन्छन्; अन्य प्रदेशका अस्थायी राजधानी तोकिएको ठाउँलाई नै राजधानी मान्न हुने, प्रदेश ५ मा किन नहुने भन्ने खालका प्रश्न तेर्स्याउँछन्। प्रदेशसभा सदस्यहरूले सहमतिका आधारमा आफैले राजधानी टुंगो लगाउने सम्भावना कम देखिन्छ। यही कारणले होला, मुख्यमन्त्रीले केन्द्रीय निर्णयबाट समाधान खोज्न चाहेको। हेरौं, के हुन्छ !

---

# कोरोना रोकथाममा मास्कको प्रभावकारिता




वसन्त गिरी

भानु न्यौपाने

धूलो र धूवाँबाट जोगिन पंक्तिकारद्वयले निकै पहिलेदेखि नियमित रूपमा अनुहार मास्क लगाउने गरिरहेका छौं। हामीले गत वर्ष मास्कले धूलोका कण कति प्रभावकारी ढंगले रोक्न सक्छ भन्नेबारे अनुसन्धान गरेका थियौं। हाम्रो अध्ययन अनुसार, घरबाहिर निस्किने सयमध्ये करिब तीस जना काठमाडौंबासीले मात्रै मास्क लगाउँछन्। तर चीनबाट फैलिएको नोवल कोरोना भाइरसका कारण अहिले अनुहार मास्क लगाउनेको संख्या उल्लेख्य बढेको छ। बजारमा मास्कको अभाव नै देखिएको छ। मूल्य पनि बढेको छ। विश्व स्वास्थ्य संगठनले कोरोना भाइरस आपत्काल घोषणा गरेपछि मास्कको माग संसारभरि अत्यधिक बढेको छ। नेपालबाटै लाखौं मास्क चीन र हङकङतिर निर्यात भएको समाचार आएको थियो। केही दिनअघि नेपालले त चीनलाई सहयोगस्वरूप मास्क प्रदान गऱ्यो। चीनको वुहानमा सरकारले जनतालाई सार्वजनिक स्थानमा जाँदा अनिवार्य रूपमा मास्क लगाउन भनेको छ।

चीन र भारतले मास्क निर्यातमा प्रतिबन्ध नै लगाएका छन्। नेपाली बजारमा मास्कको कमी नहोस् भनेर औषधी व्यवस्था विभागले निर्यात नगर्न र आवश्यक मास्क राख्न सप्लायर्स र उत्पादकलाई सार्वजनिक अनुरोध गरेको छ। अहिले नेपाली जनमानसले भाइरस सर्नबाट जोगिने आशामा मास्क लगाइराखेको बुझ्न कठिन छैन। तर मास्कले साँच्चिकै भाइरस सर्नबाट जोगाउला त ?

### थरीथरीका मास्क

अनुहार मास्कले प्रयोगकर्ताको मुख र नाकलाई बाहिरी वातावरणबाट छुट्याउन भौतिक छेकबार लगाउँछ। मास्कहरू विभिन्न पदार्थले बनेका, विभिन्न मोटाइ भएका, फरक-फरक तह भएका हुन्छन्। र, त्यही बमोजिम तिनमा तरल पदार्थको छिटा, धूलिकणबाट जोगाउने अनि संक्रमणबाट रोकथाम गर्ने क्षमता पनि फरक-फरक हुन्छ।

हाम्रो अनुसन्धान अनुसार, काठमाडौंमा मास्क लगाउनेमध्ये दुईतिहाइभन्दा बढीले कपडाको मास्क लगाउने रहेछन्। यस्तो मास्क अन्य प्रयोजनमा प्रयोग हुने कपडाबाट स्थानीय रूपमै बनाइन्छ र सस्तो हुन्छ। यस्तो मास्क धोएर पुनः लगाउने गरिएको छ। अन्य विकासशील देशहरूमा पनि अत्यधिक प्रयोग हुने मास्क हो यो। यस्तो मास्कमा दुई पत्र हुन्छन्। कानमा अड्याउनका लागि प्रयोग गरिने डोरोले तानतुन पार्दा मास्क नै तानिन्छ। कपडाका मास्कमा करिब ८०-५०० माइक्रोमिटर ठूला प्वाल हुने हाम्रो अनुसन्धानले देखाएको छ। त्यसैले तिनले धूलिकणहरू त्यति राम्रोसँग छेक्न सक्दैनन्। अझ धोएर लगाउँदा र तन्काउँदा यस्ता मास्कको कण छान्ने क्षमता २० प्रतिशतभन्दा बढी ह्रास हुने गर्छ।

काठमाडौंमा प्रयोग हुने अर्को किसिमको मास्क हो– सर्जिकल वा मेडिकल। यस्तो मास्क प्रायः अस्पताल र प्रयोगशालातिर लगाउने गरिएको हामी देख्छौं। काठमाडौंमा मास्क लगाएर हिँड्नेमध्ये करिब एकतिहाइले सर्जिकल मास्क लगाएको देखिन्छ। सर्जिकल मास्क झिल्ली पनि राखेको अलि फरक सामग्रीले बनेको हुन्छ र अलि महँगो पनि छ। यो मास्कमा प्रायः तीन पत्र हुन्छन्। नाकको डाँडीमा पर्ने गरी धातुको मसिनो पाता पनि राखिएको हुन्छ, जसले मास्कलाई नाकमा टम्म टाँसिन सहयोग गर्छ। यस्तो पाता कपडाको मास्कमा हुँदैन। झिल्लीमा रहेका प्वालहरू कपडाको मास्कका प्वालभन्दा साना हुन्छन्। रेसाहरू एकमाथि अर्को बसेका कारण सर्जिकल मास्कले अलि साना कण पनि रोक्न सक्छ। हाम्रो अनुसन्धानले सर्जिकल मास्कको धूलिकण फिल्टर गर्ने क्षमता कपडाको मास्कको भन्दा निकै राम्रो देखाएको छ। सर्जिकल मास्कको गुणस्तर उत्पादक अनुसार केही फरक हुनसक्छ। अमेरिकाको एफडीएले यस्ता मास्क उत्पादकहरूका लागि निर्देशिका जारी गर्ने गरेको छ। त्यहाँ हरेक उत्पादकले मास्कमा प्रयोग हुने कपडाको किसिम, आकार, नाप, तानिने शक्ति, कानमा लगाउने हो कि टाउकोपछाडि बाँध्ने हो,



स्वास्थ्य जोखिम के-के हुन सक्छन्, तरल पदार्थ छेक्न सक्छ कि सक्दैन, धूलिकण, ब्याक्टेरिया आदि कति फिल्टर गर्न सक्छ जस्ता धेरै तथ्य उल्लेख गर्नुपर्ने हुन्छ।

अत्यन्तै कम मान्छेले प्रयोग गरेको देखिने अलि महँगो खालको मास्क एन ९५ हो। यस्तो मास्क विशेष परिस्थितिमा प्रयोग गरिन्छ। नेपालमा सामान्यतया यस्तो मास्क प्रयोग गरिएको पाइँदैन। यो मास्क अनुहारमा राम्रोसँग फिट हुन्छ। यो मास्कको साना कण छान्ने वा रोक्ने क्षमता सर्जिकल मास्कको भन्दा बढी हुन्छ। राम्रोसँग लगायो भने यस्तो मास्कले ३०० न्यानोमिटर तहका धेरै साना कण ९५ प्रतिशतसम्म छेक्न सक्छ। तर यो मास्क सर्वसाधारणले दैनिक प्रयोजनका लागि प्रयोग गरिरहन त्यति उपयुक्त हुँदैन, अप्ठ्यारो हुन्छ।

### मास्कको प्रभावकारिता

विभिन्न अध्ययन अनुसार, मास्क प्रयोग गर्नाले धूलोबाट हुने जोखिम, स्वास्थ्य क्षेत्रमा हुने संक्रमण, सरुवा रोगको आपत्कालीन अवस्थामा केही हदसम्म रोकथाम हुने गर्छ। मास्क लगाउँदा रोग सर्न सक्ने सम्भावना घट्छ। प्रयोगकर्ताको मुख वा नाकबाट निस्कने सम्भाव्य दूषित पदार्थ अर्को व्यक्तिसम्म पुग्न रोकिन्छ। राम्ररी प्रयोग गऱ्यो भने मास्कले खोक्दा वा हाच्छिउँ गर्दा निस्कने ठूला तरल कणमा भएका भाइरस, ब्याक्टेरिया लगायतका रोगाणु पनि सर्ने सम्भावना निकै कम हुन्छ। त्यसै गरी मास्क लगाउँदा थूक वा ऱ्याल र श्वास-प्रश्वास सम्बन्धी स्राव अन्य व्यक्तिसम्म पुग्न पाउँदैन।

सर्जिकल मास्क अनुहारमा टपक्क फिट नहुने भएकाले पनि यसको कार्यक्षमता कम हुन्छ। त्यसैले मास्कले रोगाणुबाट पूरा सुरक्षा गर्छ भनेर ढुक्क हुन भने मिल्दैन। सर्जिकल मास्कले खास गरी माइक्रोन तहका कणहरू रोक्न मद्दत गर्छ। यस्तो मास्क लगाएका बेला खोक्दा वा हाच्छिउँ गर्दा मुखबाट निस्कने वा अन्य शारीरिक तरल कण एकअर्कामा सर्न दिँदैन। श्वास-प्रश्वास सम्बन्धी संक्रमण भएको व्यक्तिले यस्तो मास्क लगाउँदा संक्रमण अन्य व्यक्तिमा सर्न कम हुन्छ भने, सार्वजनिक स्थानमा कुनै संक्रमित व्यक्तिले खोके वा हाच्छिउँ गरे उक्त व्यक्तिबाट निस्केको तरल कण मास्क प्रयोगकर्तासम्म पुग्ने जोखिम कम हुन्छ। अमेरिकाको एफडीएले माथिका अवस्थामा सर्जिकल मास्क लगाउन अनुमोदन गरेको पाइन्छ। त्यसका लागि सर्जिकल मास्क निश्चित मापदण्ड पुगेको हुनुपर्छ। यस्तो मास्कले अत्यन्तै साना न्यानोमिटर तहका धूलोका कण वा भाइरसका कण भने नरोक्ने सम्भावना बढी हुन्छ। तर नेपालमा बनाइने सर्जिकल मास्क कस्तो गुणस्तरका छन्, तिनको अनुमोदन वा स्वीकृति कुनै निकायले गरेको छ कि छैन ?

एन ९५ मास्क भने स्वास्थ्यकर्मीहरूले कोरोना भाइरसजस्तो श्वास-प्रश्वास सम्बन्धी संक्रमण भएको व्यक्तिको उपचारमा संलग्न हुँदा लगाउनु प्रभावकारी मानिन्छ। स्वास्थ्यकर्मीहरूले त श्वास-प्रश्वास सम्बन्धी बिरामी हेर्दा अनिवार्य रूपमै मेडिकल मास्क लगाउनुपर्छ। बिरामीको अवस्था हेरी एन ९५ मास्क पनि लगाउनुपर्ने हुन्छ। यति हुँदाहुँदै पनि एन ९५ ले सम्पूर्ण रूपमा सबै कण रोक्न सक्दैन। कपडाको मास्क भने कुनै पनि अवस्थामा नलगाउन नै सिफारिस गर्ने गरिएको छ।

> अनुहारमा फिट नहुने भएकाले सर्जिकल मास्कले त्यति काम गर्दैन। यस्तो मास्कले रोगाणुबाट पूरा सुरक्षा गर्छ भनेर ढुक्क हुन मिल्दैन। कपडाको मास्क भने कुनै पनि अवस्थामा नलगाउन नै सिफारिस गर्ने गरिएको छ।

सरुवा रोग लागेका बिरामीहरूले सार्वजनिक ठाउँमा जाँदा मास्क लगाउने गरे कीटाणु फैलन पाउँदैन। तर श्वास-प्रश्वास सम्बन्धी संक्रमणबाट बच्न कुनै पनि स्वस्थ मानिसले मास्कमा पूरै भर पर्नचाहिँ हुँदैन। कोरोना जस्तो भाइरस फैलिन नदिन दिनहुँ राम्रोसँग हात धोइरहने र बिरामी मान्छेबाट टाढै बस्ने गर्नुपर्छ। कोरोना भाइरस कि त श्वास-प्रश्वास ड्रप्लेट कि त संक्रमित मान्छेलाई छुँदा स्वस्थ मान्छेमा सर्छ। त्यस कारण रोगी मान्छेले खोक्दा वा हाच्छिउँ गर्दा एक मिटरको दूरीसम्म कोरोना भाइरस अर्को मान्छेलाई सर्ने जोखिम हुन्छ। विश्व स्वास्थ्य संगठनका अनुसार, सर्जिकल मास्क लगाउँदा कोरोना लगायत केही श्वास-प्रश्वास सम्बन्धी रोगहरू फैलिनबाट रोकथाम गर्न सकिन्छ। तैपनि बुझ्नुपर्ने कुरा के छ भने, मास्क मात्रैले सुरक्षा गर्न सक्दैन।

सामान्यतया निरोगी सर्वसाधारणले मास्क लगाइहाल्नु जरुरी छैन। तर सार्वजनिक स्थानमा गएका बेला नजिकैको कुनै रोगी मानिसले खोक्यो वा हाच्छिउँ गऱ्यो भने संक्रमण हुनबाट जोगिन त्यो चाहिन्छ नै। श्वास-प्रश्वास सम्बन्धी रोगको लक्षण भएका व्यक्तिले मास्क लगाउनु नै बुद्धिमानी हुन्छ। कोरोना संक्रमित शंकास्पद व्यक्ति घर वा नातागोतामा छन् भने नजिक पर्ने बेला सर्जिकल मास्क लगाउनुपर्छ। सामान्यतया यस्तो मास्क घरमा र समुदायमा लगाउन रुचाइँदैन। तर फ्लु, कडा रुघाखोकी संक्रमण जस्ता श्वास-प्रश्वास सम्बन्धी रोग सर्नबाट बच्न लगाउनैपर्छ।

### मास्क लगाउने तरिका

कुनै मास्कले कति हदसम्म अस्वस्थकर कणहरू रोक्छ भन्ने कुरा त्यो कसरी लगाइन्छ भन्नेमा निर्भर हुन्छ। सर्जिकल मास्क खुकुलो हुन्छ। नाकको माथिपट्टि दायाँ-बायाँबाट वा कानको नजिकबाट वा मुखको तलबाट हावा सजिलै छिर्छ। यी ठाउँबाट कणहरू चुहावट हुने प्रशस्त सम्भावना हुन्छ। मास्क नलगाउँदा च्याप्टो हुन्छ। मास्कलाई मुख र नाक ढाक्ने र मुखमै टाँसिने गरी राख्ने र तुना पछाडि लगेर दुई कान वा टाउकामा अड्याएर कस्नुपर्छ। सही तरिकाले मास्क नलगाउँदा यसको प्रभावकारिता कम हुनसक्छ र रोग सर्ने जोखिम बढी हुनसक्छ।

मास्क सही तरिकाले लगाउनु त छँदै छ, लगाइसकेपछि सही तरिकाले निकाल्नु र सुरक्षित तरिकाले विसर्जन गर्नु पनि महत्त्वपूर्ण हुन्छ। लगाइराखेका बेला मास्क सकेसम्म छुन हुन्न। मास्क निकाल्दा पनि अगाडिको भाग नछोई पछाडिबाट तुना समात्नुपर्छ। मास्क निकालिसकेपछि तुरुन्तै साबुनपानीले हात धुनुपर्छ। मास्क बिग्रेको छ, भिजेको छ वा सास फेर्न गाह्रो हुने भएको छ भने लगाउन हुँदैन।

अचेल बालबालिकालाई पनि मास्क लगाइदिएको देखिन्छ। आवश्यक नपरेसम्म मास्क नलगाएकै बेस। मास्क लगाइरहन त्यति सहज भने हुँदैन। कति मान्छेलाई निसासिए जस्तो हुन्छ। चस्मा लगाउनेलाई चस्मामा बादल लाग्छ। मास्क लगाएर कुरा गर्न असहज हुन्छ। एक पटक लगाउन बनाइएका मास्क पुनः प्रयोग गर्नु हुँदैन। एक जनाले लगाइसकेको मास्क अर्को व्यक्तिलाई लगाउन दिनु हुँदैन। एन ९५ मास्क भने बालबालिकाका लागि उपयुक्त मानिँदैन।

अन्त्यमा, गत अक्टोबरमा प्रतिष्ठित जर्नल 'एनल्स अफ इन्टरनल मेडिसिन' मा प्रकाशित अनुसन्धानमा उल्लेख भए अनुसार, हातको सरसफाइ र मास्क लगाउने कार्य घर-घरमै प्रभावकारी रूपमा गऱ्यो भने कडा खालको रुघाखोकी लगाउने भाइरस फैलन निकै कम हुन्छ। यो उपाय महामारीका बेला अत्यन्त उपयोगी हुन्छ। भीडभाडमा हुँदा वा रुघाखोकी लागेका बेला सर्वसाधारणले सही तरिकाले सर्जिकल वा मेडिकल मास्क लगाउनु उचित हुन्छ।

*गिरी काठमाडौं व्यावहारिक विज्ञान प्रतिष्ठान र न्यौपाने त्रिभुवन विश्वविद्यालयमा कार्यरत छन्।*

# बेलायतमा समुद्री आँधी

लन्डन (कास)- बेलायतमा समुद्री आँधी 'डेनिस' सहितको वर्षाले जनजीवन प्रभावित भएको छ । निरन्तर पानी परेपछि कैयौं ठाउँमा बाढी आएको छ । जसका कारण एक महिलाको मृत्यु भएको छ भने कैयौं स्थानका यातायात अवरुद्ध भएका छन् । अझै २०० भन्दा बढी स्थानमा बाढी आउन सक्ने चेतावनी दिइएको छ ।

दक्षिणी वेल्समा कैयौं सडक र रेलसेवा अवरुद्ध भएको छ भने क्रिकहवेल र पोविसका केही घरभित्र पानी पसेपछि स्थानीयलाई उद्धार गरिएको छ । मनमथसायर र निथका बासिन्दालाई पनि सुरक्षित स्थानमा सारिएको छ । इंग्ल्यान्ड र वेल्समा बाढीका कारण मानिसका ज्यान जान सक्ने भन्दै सचेत रहन भनिएको छ । योर्कमा रहेको ओस नदी सन् २००० यताकै उच्च तहमा आउन सक्ने वातावरणविद्लाई उद्धृत गर्दै सञ्चारमाध्यमले जनाएका छन् । पछिल्लो ४८ घण्टामा परेको पानीको मात्रा एक महिनाकै जति भएको मौसमविद्ले बताएका छन् ।

# भारतद्वारा टर्कीका राजदूतसँग सोधपुछ

नयाँदिल्ली (एजेन्सी)- कश्मीरको विषयमा टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले दिएको अभिव्यक्तिलाई लिएर भारतले टर्कीका राजदूत साकिर ओज्कन टोरुन्लारसँग सोमबार सोधपुछ गरेको छ । कश्मीरको विवादित क्षेत्रबारे एर्दोगानले बोलेका विषयबारे राजदूतसँग सोधपुछ गरिएको भारतीय विदेश मन्त्रालयले उल्लेख गरेको छ ।

'टर्कीले कसरी अन्य राष्ट्रका आन्तरिक मामिलामा हस्तक्षेप गर्छ भन्ने यो पछिल्लो उदाहरण हो । भारत यसलाई पूर्ण रूपमा अस्वीकार गर्छ,' विदेश मन्त्रालयका प्रवक्ता रविस कुमारले उल्लेख गरेका छन् ।

पाकिस्तान भ्रमणका क्रममा गत साता एर्दोगानले भारत प्रशासित कश्मीरमा लागू गरिएको नयाँ कानुनकै कारण त्यस क्षेत्रको अवस्था खराब हुँदै गएको बताएका थिए । पाकिस्तानी संसद्मा गरिएको सम्बोधनमा उनले दबाबमा कश्मीर समस्या समाधान हुन नसक्ने भन्दै त्यहाँका जनताप्रति टर्कीको ऐक्यबद्धता रहेको बताएका थिए । भारतले गत अगस्टमा कश्मीरलाई दिँदै आएको विशेषाधिकार खारेज गरेर केन्द्र प्रशासित छुट्टै दुई राज्य बनाएको थियो ।

कोरोना भाइरस

# 'परीक्षण १५ मिनेटमै'



बेइजिङ (एजेन्सी)- चीनको नान्काई विश्वविद्यालयले १५ मिनेटमै नोवल कोरोना भाइरस परीक्षण गर्न सकिने 'टेस्ट किट' को विकास गरेको घोषणा गरेको छ ।

'टेस्ट किट' लाई नोवल कोरोना भाइरस (२०१९-एनसीओभी आईजीएम/आईजीजी एन्टिबडी डिटेक्सन किट) नाम दिइएको छ । उत्तरी चीनको तियान्जीस्थित नान्काई विश्वविद्यालयसहित चिनियाँ विज्ञ र बायोफर्मासेटिकल कम्पनीको समूहले नयाँ किटको विकास गरेका हुन् । किटमै हुने 'फास्ट टेस्ट कार्ड' ले १५ मिनेटमै भाइरस पत्ता लगाउन सक्ने विश्वविद्यालयले उल्लेख गरेको छ ।

किटले भाइरस परीक्षणको समय न्यूनीकरण गर्ने र शंकास्पद बिरामीलाई छिट्टै सेवा पुग्ने विश्वविद्यालयको विज्ञप्तिमा भनिएको छ । हाल 'न्युक्लिक एसिड डिटेक्सन पदार्थ' मार्फत भाइरस परीक्षण भइरहेको छ । जसले गर्दा संक्रमित पुष्टि हुनै समय लाग्ने गरेको छ । नान्काई विश्वविद्यालयले नयाँ परीक्षण किट कोरोना संक्रमणको रोकथाम र नियन्त्रण अभियानमा चाँडै प्रयोग हुने विश्वास व्यक्त गरेको छ । गत साता चीनको विज्ञान तथा प्रविधि मन्त्रालयले विभिन्न अनुसन्धान प्रोजेक्टलाई चाँडै नै कोरोना संक्रमण पुष्टि गर्ने खालको परीक्षण किट विकासका लागि काम गर्न अनुरोध गरेको थियो ।

नोवल कोरोना भाइरसका कारण हालसम्म चीनमा एक हजार ७७० जनाको मृत्यु भएको छ । यसबाहेक फिलिपिन्स, ताइवान, हङकङ, फ्रान्स र जापानमा एक-एक जना गरी पाँच जनाको मृत्यु भएको छ । चीनमा आइतबारसम्म संक्रमितको संख्या ७० हजार ५४८ पुगेको छ । कोरोना भाइरस प्रकोप नियन्त्रण प्रयासस्वरूप हुबेईको प्रादेशिक राजधानी वुहानमा मानिसका गतिविधिमा थप कडाइ गरिएको छ । आपत्कालीन अवस्थामाबाहेक घरबाहिर नजान भनिएको छ र निजी सवारीसाधन प्रयोगमा थप कडाइ गरिएको छ । खाद्यान्नलगायत अत्यावश्यक सामान किन्न एउटा परिवारका एक सदस्यमात्रै प्रत्येक तेस्रो दिन बाहिर निस्कन पाउने नियम पनि जारी गरिएको छ ।

## दि रिभर ओभरसिज प्रा. लि. को अत्यन्त जरुरी सूचना ।

यस दि रिभर ओभरसिज प्रा.लि. का माग पत्रहरु विभिन्न अनाधिकृत व्यक्ति र संस्थाहरुले यस प्रा.लि. को अनुमती वेगर विभिन्न सामाजिक संजालमा पोस्ट गरि सर्वसाधारण लाई भ्रम सृजना गरि ठगि गर्न लागेको भन्ने जानकारी प्राप्त हुन आएकोले कोही कसैले यस प्रा.लि को अनुमती वेगर कुनै मागपत्रहरु सामाजिक संजालमा पोस्ट गरेमा कानुन बमोजिम सख्त कारवाही गरिने जानकारी गराउदछौ । साथै सर्वसाधारणलाई यस प्रा.लि को नाममा अनाधिकृत व्यक्ति वा संस्था संग कुनै कारोवार नगर्न सुचित गरिन्छ । साथै यस प्रा.लि संग सम्बन्धीत कुनै जानकारी लिनु परेमा तल उल्लेखित फोन नम्बर र ठेगानामा सम्पर्क गर्नुहुन यस प्रा.लि हार्दिक अनुरोध गर्दछ ।

The River Overseas (P.) Ltd.
Lic No. 406/060/061

**दि रिभर ओभरसिज प्रा. लि.**
बत्तिसपुतली (होटल द्वारिकाजको पछाडीपटि), गौशाला, काठमाण्डौ
फोनः ०१-४४६२४३१, ४४६२४३२, E: admin@theriveroverseas.com

## Land Available for Development of Various Projects

50 – 100 Ropanis of Land located in an attractive location in Lalitpur within 1 KM range from Satdobato, Ring Road with wide road and all other facilities available for development of various projects like Schools, Colleges (Management, Nursing, Dental, Hospitality and others), Hospital, Hotel, Banquet Hall, Exhibition Hall and other commercially viable projects.
Proposals/Letters of Interest invited from interested parties for development of projects on land lease/outright purchase and/or partnership basis. Serious parties may submit their Proposals/Letter of Interest along with brief description of their project and contact number to the following email.

email: projects0973@gmail.com
Mobile No. 9810260541

## UAE मा महिला /पुरुष SECURITY GUARD हरुलाई रोजगार

कम्पनी : **M.B.K. Security Service**

पुर्व स्वीकृती मितिः २०७६/१०/१४ चलानी नं. ६०१५०६६४ LT. NO. 231647

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Security Guard | 80 | 20 | काममा दक्ष | 2000 | ६२,000।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

Basic Salary AED 2000 भएतापनि Allowance सहित AED 2770 हुनेछ ।

SLC पास, उचाईः पुरुष ५ फिट ७ ईन्च र महिला ५ फिट भन्दा माथि भएको हुनुपर्नेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | निःशुल्क |

अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७६ फागुन १३ गते (25 Feb.) यस प्रा. लि. को कार्यालय काठमाडौं र १४ गते (26 Feb.) होटल रेड कार्पेट चितवनमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Euro Asia H.R. Solutions Pvt. Ltd.**
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4380875, 9851042984, 9851048235
9810315861, 9841880257 Chitwan : 9849443817, Email:euroasiaktm@gmail.com

## कुबेतमा रोजगारको अवसर

COPTHORNE KUWAIT CITY, SAFAT, KUYWAIT, LT No: 212086
पुर्व स्विकृति मितिः २०७५।३।२९ चलानी नं. ६०१३२५१९ पून:स्विकृति मितिः २०७६।११।४ चलानी नं. ७९८ पून: बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब N. Rs. | ओभर टाइम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 4 | 5 | काममा दक्ष तथा अनुभवी | 120 | 44804 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steward Supervisor | 1 | 0 | | 180 | 67207 | | | | | | | |
| 3 | Steward | 5 | 0 | | 100 | 37337 | | | | | | | |
| 4 | Laundry Attendant | 1 | 0 | | 100 | 37337 | | | | | | | |
| 5 | Housekeeping Attendant | 0 | 2 | | 100 | 37337 | | | | | | | |
| 6 | Cook | 1 | 0 | | 110 | 41071 | | | | | | | |
| 7 | Head Waiter | 3 | 0 | | 150 | 56006 | | | | | | | |
| 8 | Baker | 3 | 0 | | 150 | 56006 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

फाइनल अन्तरवार्ताः मेनपावर कार्यालय, कोटेश्वर, काठमाडौंमा २०७६ फागुन १३ र १४ गते हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः १०,०००

**Supreme Overseas Pvt. Ltd.**
Lic. no. 301/059/60, Koteshwor, Ktm. Tel: 4600716
Mobile: 9841359033, 9851107202, email: supremeovs@yahoo.com

ॐ
जय श्री पशुपतिनाथ !!! धर्मो रक्षति रक्षित : हर हर महादेव !!!

## श्रीपशुपतिनाथको सुनको जलहरी निर्माणका लागि सहभागिता आह्वान

विश्वभरका सम्पूर्ण हिन्दुको आराध्यदेव भगवान् श्रीपशुपतिनाथको महिमा हिन्दु धर्माबलम्बीका लागि जीवन्त र महत्वपूर्ण रहिआएको सर्वविदितै छ । श्रीपशुपतिनाथको शिवलिङ्ग र मन्दिर यस क्षेत्रको अमूल्य गहनाका रूपमा रहिआएका छन् । श्रीपशुपतिनाथको शिवलिङ्गमा अवस्थित पिठिकामा हाल चाँदीको आवरणयुक्त जलहरी रहेकोमा सुनको निर्माण गर्ने निर्णयमा पशुपति क्षेत्र विकास कोष पुगेको छ । श्रीपशुपतिनाथको विभिन्न क्रियाकलापमा सदियौंदेखि श्रद्धालु भक्तजनको समर्पण र सहयोग रहिआएकाले श्रीपशुपतिनाथको सुनको जलहरी निर्माण कार्यमा सम्पूर्ण हिन्दु धर्मावलम्बी श्रद्धालु भक्तजनको भाव र श्रद्धासहितको सहभागिता जुटाई जलहरी निर्माण कार्य गर्ने अपेक्षा कोषले गरेको छ । यस महान् कार्यमा सहयोग गरी पुण्य कमाउन चाहने सम्पूर्ण इच्छुक श्रद्धालु भक्तजन, दाता तथा संघ संस्थालाई हार्दिक आह्वान गरिन्छ ।

१. जलहरी निर्माण गर्दा २४ क्यारेटको सुन प्रयोग गरिनेछ । यसका लागि सुन १४१ किलो अनुमान गरिएको छ ।
२. एक तोला वा सोभन्दा बढी सुन (बढिमा एक किलोग्राम मात्र स्वीकार गरिनेछ ।) खरिद गर्न लाग्ने रकम उपलब्ध गराउने दाताको नाम दाताको इच्छा भएमा स्मारिकामा प्रकाशन गरिनेछ ।
३. सुनको जलहरी निर्माण कार्यका लागि निम्न बैकमा रकम जम्मा गर्न सकिने व्यवस्था गरिएको छ ।
   (क) नेपाल इन्भेष्टमेण्ट बैक लि, खाता नं. ०१९०१०३००४०८४०
   (ख) नेपाल एस. बि. आई. बैक लि, खाता नं. १९६३५२४०१००००८
   (ग) कुमारी बैक लि, खाता नं. ००१०००० ३०५९००००२
   (घ) एभरेष्ट बैक लि, खाता नं. ०१८००१०५२००७०१
   (ङ) कृषि बिकास बैक लि, खाता नं. ०२१०२०००२०५०००११
४. सुनको जलहरी निर्माणको निमित्त गोप्य दान गर्न इच्छा हुने भक्तजनका लागि श्रीपशुपतिनाथको मन्दिरको प्रांगण भित्र १ वटा र मन्दिरको पश्चिम गेट बाहिर १ गरी २ वटा दानपात्रको व्यवस्था गरिएको छ ।
५. सुनको जलहरी सम्वन्धमा बितृत जानकारी चाहिएमा कोषका **कोषाध्यक्ष एवम् समितिका**
   संयोजक डा. मिलनकुमार थापा (मो. ९८५१२४२८०८)
   परिषद् सदस्य श्री राजुकुमार खत्री (मो. ९८५११७४३३१)
   परिषद् सदस्य श्री विश्वकरण जैन (मो. ९८०२९०१०२२)
   मुख्य लेखाअधिकृत प्रेमहरि ढुंगाना (मो. ९८४१४४९९४५)
   लेखा अधिकृत चन्द्रप्रसाद खनाल (मो. ९८४१०१३९९९)
   लेखापाल सुर्य वहादुर भाट (मो. ९८५१०६२२७४)
कोषको टेलिफोन नं. (०१–४४७०५७५) मा सम्पर्क गरी जानकारी लिन सक्नुहुनेछ ।

**पशुपति क्षेत्र विकास कोष**
देवउद्यान, गौशाला, काठमाण्डौ

## DAI — USAID Paani Program REQUEST FOR PROPOSAL

DAI for USAID Paani Program request for proposals from interested market research firms to provide service as mentioned below:

| RFP Ref # | Description of Services |
|---|---|
| RFP-PANI-KMD-20-0005 | Ecotourism Visitor's Survey Across High Value Sites in Karnali River Basin |

The USAID-funded Water Program (पानी परियोजना), known as the Paani Program, is a five-year project funded by the United States Agency for International Development (USAID) and implemented by DAI Global LLC (DAI). Paani aims to enhance Nepal's ability to manage water resources for multiple uses and users through climate change adaptation and the conservation of freshwater biodiversity. The development and growth of nature-based ecotourism is one of the project's strategies to strengthen river-based economic opportunities, thus promoting co-benefits for aquatic biodiversity conservation. Thus, the Paani Program seeks support from a market research firm in conducting a ecotourism visitor experience and demand survey to better understand tourism demand in the Karnali River Basin across high value sites including high-mountain parks and trekking, terai parks and conservation areas, river-based adventure sports and sport fishing, and traditional cultural sites and social practices. The service provider will support finalizing the survey methodology and survey instrument as well as identify and train enumerators for data collection. The service provider will produce a database of survey responses and a summary report analyzing the data.

Interested applicants may obtain complete solicitation (RFP) document by emailing and request to **PANIProcurement@dai.com** and include the RFP reference # in the subject line.

Interested market research firms **should submit the complete proposal by email to PaniProcurementInbox@dai.com, labeled with RFP reference #,** on or before March 08, 2020, 5:00 pm, Nepal time.

## बर्गिकृत डिस्प्ले

Affiliated to CTEVT
बैदेशिक रोजगार विभागवाट अनुमती प्राप्त
होटल तालीम
100% Placement in Nepal/Abroad
Cook, Waiter, Bakery, Coffee Making, Front Office, Housekeeping, Bar, Diploma in Culinary Arts / Hotel Management
5 Star होटलहरुमा तालिम दिइने
ओरिएण्टल हस्पिटालिटी
नयाँ बानेश्वर, एभरेष्ट होटलसँगै
सम्पर्कः ४७८६८०१, ४७८७१७८

Commercial Space बिक्रिमा
सुवर्ण अवसर ! सुवर्ण अवसर !!
राधा भवन, टेकु (UWTC अगाडि) पाँचौ तल्लामा अफिस स्पेस बिक्रिमा
Per Sq. Ft. Rs. 21000/-
Lift & 24 hour security available
सम्पर्कः ९८४१३५९५७५

सुविधाजनक स्थानहरुमा अफिस भाडामा
Sunrise Arcade, Battisputali — 3rd floor (furnished office)
New Building in Jhochhen Tole, Basantapur — 1st & 3rd floor
Shiva Arcade, Basantapur — 5th & 6th floor (furnished office)
Contact No. 4241504

कार्यालय कन्सल्टेन्सी बिक्रीमा
पुतलीसडकमा चलिरहेको कन्सल्टेन्सी बिक्रीमा, अन्य कार्यालयको लागि पनि उपयुक्त रहेकाले ईच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।
9843522634

तुरुन्त बिक्रीमा
बिराटनगर तिनटोलियामा इन्द्र चित्र मन्दिर पछाडी दुई कठामा बनेको घर सस्तोमा बिक्रीमा छ ।
साढे एघार कठामा बनेको टंकीसिनुवारीमा उद्योगको लागी ३५ हजार एस्क्वायर फिट गोदाम र जग्गा सस्तोमा बिक्रीमा छ ।
सम्पर्क नं.: ९८५२०२७९०३, ९८००९९३४६५

खरिद/बिक्रि भाडामा
३० देखि ३०० KVA सम्मको सेकेण्ड ह्याण्ड जेनेरेटर र सेकेण्ड ह्याण्ड एयर कम्प्रेसर मेशिन खरिद बिक्रि गरिनुका साथै भाडामा पनि उपलब्ध छ
Contact: 9851053308, 01-5147263

यौन-शक्ति बर्द्धक
यौन दुर्बलता कमजोरी हटाई EXTRA TIME बढाई यौनशक्ति बढाउने विश्वस्तरिय HERBAL SUPPLIMENT. GERMAN, USA, LONDON PRODUCTS ARE AVAILABLE (80 वर्षसम्म हुन)
जाँड-रक्सी कुलत थाहै नदिई छुटाउने
स्तन बढाउने घटाउने, गुप्तांक टाइट गर्ने, मोटोपन घटाउने बढाउने । हाइट बढ्ने स्टेपअप
Balkumari, Ktm.
FREE HOME DELIVERY ALL OVER NEPAL
9851147810, 9818941842

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन:उमार्न-Hair Building Fiber
हेलो शप नेपाल
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

आकर्षक घर विक्रिमा
बुढानिलकण्ठ सिद्दार्थ कोलोनी नजिकै ५.५ आना जग्गामा बनेको ४ बेडरुम ६ वाथरुम भएको सम्पूर्ण सुविधा सम्पन्न रोज भिल्लाको केहि घरहरु विक्रिमा ।
९८४३०३६४६५
बिकाश जी

११ कर्मचारीहरु अर्जेन्ट
कामः गार्ड, कल सेन्टर, उत्पादन सेन्टर
Home Based (घरमा बसेर गरिने)
No Interview, 100% Job
योग्यताःTest,SLC,+2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधाः गाडीभाडाः १००।- खाजाः १००।-
तलबः15,500-45,500/-
समयः9-AM to 5-PM
गौशाला, जयबागेश्वरी
जयबागेश्वरी मन्दिर अगाडी
9823124738, 9840273483
नोटः महिला,पुरुष,विद्यार्थीलाई विशेष प्राथमिकता

-आवश्यकता-
एक सहकारीको लागि निम्न कर्मचारी चाहियो ।
एकाउण्टटेन्ट - २ जना महिला
सहकारीमा काम गरेको साथै कम्प्युटर सम्बन्धी ज्ञान भएको हुनुपर्नेछ ।
काउन्सिलिङ - १ जना महिला/पुरुष
बजार प्रतिनिधि - १० जना म./पु.
रिसेप्सनिष्ट - १ जना महिला
कन्स्ट्रक्सन कम्पनीको लागि निम्न कर्मचारी चाहियो
एकाउण्टेन्ट/ रिसेप्सनिष्ट - १ जना महिला
आकर्षक तलब/भत्ता आपसी सहमतिमा
जि. के. जव रिप्लेसमेन्ट प्रा. लि.
सामाखुसी, काठमाडौं, फोनः०१-४३६१२६९
मो : ९८५११२९७७४

लगानी पार्टनर/ जग्गा बिक्रिमा
वधशालाको अनुमती तथा कारखाना घर सहित ३५ रोपनी जग्गा बालाजुबाट १६ कि मि ककनी मुल बाटोमा लगानी पार्टनर वा पुरै बिक्रीमा।
सम्पर्कः ९८५१०६०८३४, ९८४९०९५८११

आवश्यकता
चाबहिलमा सहकारीको लागि

| SN | पद | संख्या | योग्यता |
|---|---|---|---|
| 1 | बजार व्यवस्थापक | 1 | B.B.S. Running |
| 2 | लोन अफिसर | 1 | B.B.S. Running |
| 3 | बजार प्रतिनिधि | 10 | SLC, SEE |

सम्पर्क नं
चावहिल, काठमाण्डौ
01-4477171
नोटः अर्जेन्ट भएकोले डकुमेन्ट सहित सम्पर्क गर्नुहोला ।

सटर, पसल भाडामा
# कालिमाटी चोकको मेनरोडमा सटर पसल 1000 sqft.
# Underground Floor 1200 sqft बैंक, डिपार्टमेण्ट स्टोर, सोरुम खोल्न अति उपयुक्त
दुवै Floor लिनेलाई विशेष छुट
सम्पर्कः ९८५१०३१५७५

ड्राईभर चाहियो
झम्सीखेलमा रहेको एक प्रि–स्कुलको लागि सोही एरियामा बस्ने पार्ट टाइम ड्राईभर चाहियो ।
फोन नं.: ०१-५५२२७४८, ९८४१४२१२४७

स्कूल विक्रीमा
ललितपुर महानगरमा कक्षा १२ सम्म सञ्चालन भईरहेको प्रतिष्ठित स्कूल किन्न चाहने वा सहकार्य गर्न चाहनेले सम्पर्क गर्नुहोला ।
फोन नम्बर ९८२३०८७१५८

Wanted
Psychology and English Teacher for Bachelor Level
Active Academy College
Contact: 4956400, 4981691
Basundhara, Kathmandu

आवश्यकता
ख्याती प्राप्त चिरायु हेल्थ प्रोजेक्ट अफिसलाई थप १५ कर्मचारी अर्जेन्ट चाहियो ।

| पद | संख्या | योग्यता | तलब |
|---|---|---|---|
| अफिस स्टाफ | ७ | SEE | 12,500/- |
| टुर इन्चार्ज | ५ | +2 Run | 15,500/- |
| रिसेप्सनिष्ट | ३ | +2 Pass | 14,000/- |
| सुपरभाइजर | ३ | Bachelor Run | 18,500/- |

खानेबस्ने सुविधा क.नि.अ.
ग्वार्को 9843077176
ठिमी चारदोबाटोः 9801099237
कलंकीः 9801299520
बालाजु 9847145371

अर्जेन्ट
ललितपुर इमाडोल कमलपोखरी
Cook-coninental -1
Waiter-1
Kitchen helper-1
विक्रिमा
०-५-०-२ दाम आनाको २० मापदण्ड काटेर आनाको २८(Negotiable)नारायणथान
9813433624
9842430010

७१ कर्मचारीहरु अर्जेन्ट
कामः अफिसभित्रै
No interview, 100% Job
योग्यताःTest, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधाः- गाडीभाडाः-१००।- खाजाः-१००।-
तलबः Parttime: 25,500/- Fulltime: 48,500/-
समयः-9 to 4:00PM/ 12 to 4:00 PM
चावहिलस्तुपा
9823206405
9869687922
नोटः विद्यार्थीलाई विशेष प्राथमिकता

बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेतः रू. ३०००/-*
स्पट कलरः रू. ३५००/-*
मल्टि कलरः रू. ५०००/-*


घर बिक्रिमा


गाडि बिक्रिमा



जग्गा बिक्रिमा

* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# पुरानै शैलीको पुनरावृत्ति

■ **गोकर्ण गौतम** (काठमाडौं)

बलिउड निर्देशक इम्तियाज अलीको फिल्म मन नपराउनेले पनि स्विकार्नै पर्ने सत्य के हो भने, उनको कथावाचन मौलिक छ। खासगरी प्रेम, रोमान्स, करिअर र समाजप्रति नयाँ पुस्ताको दृष्टिकोणको वरपर रहेर फिल्म बनाउँछन्। काव्यिक दृश्य सिर्जनु उनको खुबी हो। डेब्यु फिल्म 'सोचा ना था', 'जब वी मेट', 'रकस्टार' विशिष्ट उदाहरण हुन् तर 'तमासा' यता इम्तियाजले लय पकड्न नसकेको भान हुन्छ। पात्र र उनीहरूको भोगाइमार्फत आत्मीय संसार निर्माण गर्न चुकिरहेका छन्। यही नियतिको निरन्तरता हो, 'लभ आजकल'। द्विविधाग्रस्त युवाको कथा भन्ने यस फिल्म हेरिरहँदा लाग्छ, इम्तियाज आफैं त्यस्तै अलमलमा छन्। यसको पटकथाकार पनि उनै हुन्।

११ वर्षअगाडि इम्तियाजले यही नामको फिल्म बनाएका थिए। तर, यो सिक्वेल वा प्रिक्वेल भने होइन। कतिपय पात्रको गुण र कथा भन्ने शैली समान छ। यो समय चर्चामा रहेका स्टार कार्तिक आर्यन र साराअली खान मुख्य भूमिकामा छन्। पुरानो 'लभ आजकल' मा चाहिँ साराका पिता सैफअली खान र दीपिका पादुकोणको जोडी थियो। दुई फरक कालखण्डको प्रेमयात्रा एकसाथ देखाउने इम्तियाजको प्रयास चुस्त पटकथाको अभावमा प्रभावकारी बनेको छ।

'लभ आजकल' मा एउटा प्रेमकथा छ, आजको। इन्जिनियर वीर (कार्तिक) इभेन्ट व्यवस्थापनमा करिअर बनाउन मरिहत्ते गरिरहेकी जोई (सारा) लाई मन पराउँछन् तर सम्भोगका दौरान आनाकानी गर्छन्। गम्भीर र दिगो सम्बन्धको पक्षमा छन्। जोई पनि वीरलाई माया गर्छिन् तर उनका लागि सम्बन्ध 'टाइमपास' र मस्ती मात्र हो। प्रेमको चक्करले करिअरमा असर पर्छ भन्ने डर छ उनलाई। वीर र जोईको यही भिन्न सोचाइले सम्बन्धमा घरीघरी संकट आइलाग्छ।

फिल्ममा अर्को प्रेमकथा छ, सन् ९० को दशकको। आफ्नो प्रेममा बाधा आउनासाथ जोई अफिसको हाकिम रघु (रणदीप हुडा) को प्रेमकथा सुन्न पुगिहाल्छिन्। रघुको छिमेकी लिना (आरुषी शर्मा) सँग माया बसेको हुन्छ। तर, त्यो समय प्रेमप्रति परिवार र समाज अनुदार हुन्छन्। प्रेमकै लागि लिनाको पछि लागेर रघु सहर जान्छन्, अनेक कष्ट सहन्छन्, तैपनि सम्बन्धको सुखद अन्त्य हुन्न। जोईलाई आफ्नो यही भोगाइ सुनाएर वीरप्रति प्रतिबद्ध हुन प्रेरित गर्छन्, रघु।

नितान्त अलग परिवेशको प्रेमकथालाई इम्तियाजले एकसाथ अगाडि बढाएका छन्। 'फ्ल्यासब्याक' को अति प्रयोगले अहिलेको कथामा उल्झन आइलाग्छ। त्यसमाथि युवा रघुको भूमिकामा कार्तिक स्वयः छन्। त्यसैले रणदीप हुडाले मेरो कथा भनेर सुनाइरहे पनि कार्तिकको उपस्थितिका कारण दर्शक झुक्किन्छन्। एउटै कलाकारलाई भिन्न समयखण्डको भूमिकामा उभ्याउने इम्तियाजको प्रयोगले मूर्तता पाएको छैन। यो फिल्मको आधारभूत समस्याचाहिँ पात्रबीच स्वाभाविक द्वन्द्व पैदा गर्न नसक्नु हो। जोई महत्त्वाकांक्षी र वीरको अन्तर्मुखी स्वभावबारे दर्शक जानकार हुन्छन् तर उनीहरूको सम्बन्धलाई रसिलो र रोचक लाग्दैन। आधुनिक पुस्ताको प्रेममाथि बनाइएका सिनेमाका पात्रभन्दा वीर र जोईको आनीबानी खास अलग छैन। दर्शकले जे सोच्छन्, कथा करिब त्यसैगरी अगाडि बढ्छ। जब दर्शकको अपेक्षालाई फिल्मले नाघ्दैन, तब त्यो निरस हुन थाल्छ।

मध्यान्तरसम्म पात्रको उस्तै मनोभाव र परिस्थितिमा फिल्म घुमिरहन्छ, कथा विकास एकमदै धीमा छ। तर, जोईमार्फत आजको पुस्ताको अन्योलग्रस्त यथार्थलाई सतहमा ल्याउन निर्देशक सक्षम छन्। करिअरमै केन्द्रित भए पनि जोईलाई मायाको अभाव छ। एक समय यस्तो पनि आउँछ, उनी मायाका लागि सबथोक त्याग्न तयार हुन्छिन्। तर, जब प्रेमविवाहमा रूपान्तरण हुने बिन्दु आउँछ, जोई भाग्छिन्। उनलाई लाग्छ, विवाहले सपना तुहाइदिन्छ। अनि, एकोहोरो करिअर बनाउन लागिपर्छिन्, जब त्यहाँ सफलताको शिखरमा पुग्दै हुन्छिन्, तब आफू रित्तो भएको महसुस गर्छिन्। बेचैनी बढ्छ। आजको पुस्ताको साझा नियति हो यो। जे छ, त्यसमा खुसी नहुने। जे छैन, त्यसको अभावमा तड्पने। त्यसैले जोईमा कहीं न कहीं आफूलाई नपाउने युवा सायदै कोही हुन्छ।

तर जोईझैं वीर, रघु र लिना सशक्त लाग्दैन। त्यसमाथि निर्देशक घरी पुरानो प्रेमकथामा अल्झन्छन्, घरी नयाँलाई महत्त्व दिएझैं लाग्छ। यो सन्तुलन नमिलेकाले पात्रप्रति प्रेम हुनलाग्दा बीचमै बिथोलिन्छ। उस्तै अर्थ दिने दृश्यहरू बिनाधक दोहोर्‍याइएको छ। जोईको अस्थीर स्वभावको सहारामा मध्यान्तरपछि सिर्जिएको 'मेलोड्रामा' अतिरञ्जित लाग्छ।



**फिल्म समीक्षा**

**लभ आजकल**

**निर्देशक :** इम्तियाज अली

**कलाकार :** कार्तिक आर्यन, साराअली खान, रणदीप हुडा, आरुषी शर्मा आदि।

रघुको कथाकै आधारमा उनको प्रेमप्रतिको दृष्टिकोणमा आएको बदलाब पत्याउन मुस्किल हुन्छ। बरु मुख्य प्रेमजोडीको सम्बन्ध स्वाभाविक तबरले बुन्न र सोहीअनुरूप संवेदना प्रवाह गर्न इम्तियाज काबिल लाग्दैनन् यसपटक। रघु र वीरका केही गहकिला संवादले भने सम्झनालायक छन्। बुबाआमाको तित्ततापूर्ण सम्बन्धले सन्तानमा पर्ने असरलाई मनोवैज्ञानिक कोणबाट वीरको चरित्रमा घुसाइएको छ।

युवा रणदीप हुडा अर्थात् रघुका रूपमा कार्तिकको उपस्थिति स्वाभाविक लाग्दैन। क्षणभरमै उनलाई आजको वीरका रूपमा आत्मसात् गर्न मुस्किल हुन्छ। तर, वीरलाई जीवन्तता दिने मामलामा कार्तिक तुलनात्मक सहज लाग्छन्। जोईचाहिँ पात्रको डिमान्डभन्दा ज्यादा 'लाउड' लाग्छिन्। फिल्म खेल्नुअगावै यो जोडीले लोकप्रियता कमाएको थियो। फिल्मबाट त्यसलाई निरन्तरता दिन मुस्किल देखिन्छ। पर्दामा उनीहरूले प्रतिनिधित्व गरेको उमेरसमूहलाई यो फिल्म 'अल्छी' लाग्न सक्छ। कारण हो, उमेरजन्य गतिशीलता र संवेदना प्रतिबिम्वित नगर्नु। रणदीप हुडाको चरित्र उतारचढावविहीन छ, अभिनय पनि सामान्य। बरु यही फिल्मबाट बलिउडमा पाइला राखेकी आरुषी शर्माले सम्भावना देखाएकी छन्। उनको चरित्रमा लजालु र खरोपनको मिश्रण छ। कथाको भावअनुकूल गीतको प्रयोग गरिएको छ।

इम्तियाजका अघिल्ला फिल्मभन्दा 'लभ आजकल' नवीन छैन। र, विशेष पनि छैन। 'तमासा' र 'जब ह्यारी मेट सेजल' मा जुन प्रकृतिका कमजोरी थिए, यसमा त्यसकै पुनरावृत्ति छ। निर्देशक कथा र वाचनशैलीको 'कम्फर्ट जोन' मै रमाउँदा परिणाम यस्तै निरस हुन्छ।

# 'सेन्टी भाइरस' मा राजनीति मात्रै छैन



**शिवरात्रिबाट प्रदर्शनमा आउने फिल्म 'सेन्टी भाइरस' बारे सोमबार पोखरामा जानकारी दिँदै सीताराम कट्टेल (धुर्मुस)।** *तस्बिर : दीपक/कान्तिपुर*

■ **दीपक परियार** (पोखरा)

फिल्मको ट्रेलर हेरेर अनुमान गर्न सकिन्छ, 'सेन्टी भाइरस' राजनीतिक विषयवस्तुमा बनेको छ। फिल्ममा मुख्य भूमिकामा देखिएका सीताराम कट्टेल (धुर्मुस) भने राजनीति मात्र नभई सामाजिक र पारिवारिक विषयवस्तु पनि भएको बताउँछन्।

पोखरामा सोमबार उनले भरतपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको सहयोगार्थ भए पनि कथावस्तु फरक रहेको बताए। फिल्मको निर्माण पक्षले मुनाफाको ५० प्रतिशत भने रंगशाला निर्माणमा खर्चिने सहमति भएको जानकारी उनले दिए। 'हाम्रो पहिलो प्रयास हो, त्रुटि कमजोरी हुन सक्लान्,' चलचित्र पत्रकार संघ कास्कीले गरेको पत्रकार सम्मेलनमा उनले भने, 'दर्शकले फिल्म हेरिदिनुभयो भने राष्ट्रको लागि योगदान हुनेछ।' रंगशाला निर्माणमा खटिनुपर्दा फिल्मको धेरै पाटो निर्देशक रामबाबु गुरुङले नै सम्हालेको उनले जनाए। फिल्ममा गरिब, सुकुम्बासीको उत्थान गर्ने नाममा राजनीति सुरु गर्ने समाजका 'भाइरस' लाई प्रस्तुत गरिएको उनले सुनाए।

पत्रकार सम्मेलनमा उनले रंगशाला निर्माणका आरोहअवरोहको बेलिबिस्तार लगाए। धेरै हौसला र केही आलोचना पाए पनि आफू कहिल्यै विक्षिप्त नभएको उनको भनाइ थियो। 'नेपाल हो टीकाटिप्पणी र आलोचना हुन्छ,' उनले भने, 'रंगशाला बनिसकेपछि आलोचना गर्नेले पनि सकारात्मक सोच्नुहुनेछ भन्ने आशाले कहिले विचलित भइनँ।' क्रिकेट रंगशालामा खटिरहँदा अभिनयको भोक भने ताजै रहेको उनले सुनाए। अबको तीन महिनामा मैदान र सम्भवतः २ वर्षभित्र सबै संरचना तयार हुने उनले जनाए। भने, 'त्यसपछि निरन्तर कलाकारितामै आउने हो।' फरक-फरक भूमिका निभाएर गिनिज बुकमा नाम लेखाउने लक्ष्य भए पनि भूकम्पपछि आफू मोडिएको उनले सुनाए। राजनीतिको जग बसाल्न आफूले यो सबै नगरेको बताउँदै उनले भने, 'जिन्दगीभर कुनै दलको झन्डा बोकेर राजनीति गर्नेछैन।'

धुर्मुस-सुन्तली फाउन्डेसनले भूकम्पपछि नमुना बस्ती निर्माण, तराईको बाढीमा राहत, उद्धारलगायतमा पटकपटक रकम संकलन गरे पनि क्रिकेट रंगशाला बनाउन अन्तिमपल्ट सबैसँग हात फैलाएको उनी बताउँछन्। केही दिनपछि नै सार्वजनिक सुनुवाइ गरी आय-व्यय वितरण र आगामी योजना सार्वजनिक गर्ने उनले बताए।

शिवरात्रिबाट प्रदर्शनमा आउने चलचित्रमा उनीसहित कुञ्जना घिमिरे (सुन्तली), दयाहाङ राई, विल्सनविक्रम राई, बुद्धि तामाङ, राजाराम पौडेल, वसन्त भट्ट, कमलमणि नेपाल, सन्दिप क्षेत्री, पवन खतिवडा, एलिशा राई, सुनीता घिमिरेलगायतको अभिनय छ।

# प्रेमध्वज र रसिकलाई कलाश्री



काठमाडौं (कास)- यस वर्षको राष्ट्रिय कलाश्री सम्मान र पुरस्कार सोमबार घोषणा गरिएको छ। नेपाली गीत-संगीतको क्षेत्रमा अमूल्य योगदान दिएबापत् वरिष्ठ संगीत साधक प्रेमध्वज प्रधानलाई कलाश्री सम्मान र भाषा-साहित्यसँगै सांगीतिक योगदानका लागि गणेश रसिकलाई कलाश्री पुरस्कार दिन लागेको नेपाली कला-साहित्य डटकम प्रतिष्ठानले विज्ञप्तिमार्फत जनाएको छ। सम्मानमा ताम्रपत्र र दोसल्ला र पुरस्कारमा १ लाख रुपैयाँ रहेको छ।

त्यस्तै, ७५ हजार रुपैयाँसहितको ससिद्धि राष्ट्रिय कलाश्री युवा पुरस्कार साहित्यकार सरस्वती प्रतीक्षालाई र ५० हजार रुपैयाँ रहेको बद्री राष्ट्रिय कलाश्री पत्रकारिता पुरस्कार साहित्यकार तथा पत्रकार रोचक घिमिरेलाई दिइने घोषणा जनाइएको छ। गत वर्षदेखि संस्थाका प्रमुख संरक्षक डा. विमल कोइरालाका मातापिताका नाममा स्थापित २५ हजार रुपैयाँको थिरछाया राष्ट्रिय कलाश्री ललितकला पुरस्कार सुनसरीका चित्रकार विक्रमश्रीलाई दिइने भएको छ भने पद्मनेत्र राष्ट्रिय कलाश्री संगीत पुरस्कारबाट गायक तथा संगीतकार शिशिर योगीलाई प्रदान गर्ने निर्णय गरिएको छ। कलाश्री संगीत पुरस्कार प्रतिष्ठानमार्फत डा. गोविन्द नेपालले आफ्नो मातापिताको नाममा स्थापना गरेका हुन्।

सम्मान तथा पुरस्कार यही फागुन महिनाभित्र प्रदान गरिने प्रतिष्ठानका अध्यक्ष मोमिला जोशीले बताइन्। 'सद्भाव र साहित्य' सहित नेपाली कला, साहित्य, संगीत, संस्कृति, दर्शन, इतिहास लगायतका क्षेत्रमा क्रियाशील प्रतिष्ठानले डेढ दशकदेखि पुरस्कार तथ सम्मानलाई निरन्तरता दिँदै आइरहेको छ। यसअघि राष्ट्रिय कलाश्री सम्मान जगदीश घिमिरे, मदनमणि दीक्षित, सत्यमोहन जोशी, शशी शाह, फत्तेमान राजभण्डारी, मनुजबाबु मिश्र, तुलसी दिवस, दुर्गा बराल (वात्स्यायान), दुर्गालाल श्रेष्ठ, डा. वासुदेव त्रिपाठी र वैरागी काइँलाले पाइसकेका छन्।

# 'को-हस्बेन्ड' अब्बल डकुमेन्ट्री

## बुलबुललाई ६ अवार्ड

**कान्तिपुर संवाददाता** (काठमाडौं)

हुम्ला बरगाउँका धर्म, बुद्धि र च्या नर्बुकी एक्ली श्रीमती छिन्। उनीहरूका तीन सन्तान छन्। घरमा पालैपालो श्रीमतीसँग बस्छन्। माइला भाइले मन पराएर मागे पनि एउटै श्रीमती उनीहरू सबैले बाँडिरहेका छन्। दाइहरूले बिहे गर्दा भाउजूको उमेर १६ वर्ष थियो, जब कि च्या नुर्बु १० वर्षका मात्रै थिए। उनी कक्षा चारमा पढ्दै गर्दा बिहे भयो। पहिले बिहे भयो, पछि मात्रै माया बस्यो।

बरगाउँकै नुर्बु र यामकी पनि एक्ली श्रीमती छिन्। भाउजूलाई श्रीमती मानेर बस्न पाउँदा याम निकै खुसी छन्। उनीहरूका दुई छोरी र दुई छोरा छन्। आफूभन्दा जेठी भाउजूलाई श्रीमती मानेकोमा उनलाई भने कुनै पश्चाताप छैन। बरगाउँकै सोनामको हकमा भने यो लागू भएन। उनले आफैंले मन पराएर ल्याएको श्रीमतीलाई भाउजू मानेर बस्न पर्ने भएपछि विद्रोह गरे। अनि अर्को बिहे गरे। तर, अर्को बिहे गरेपछि गाउँ समाजबाट बहिष्कृत भएका सोनाम १५ वर्षपछि यसपालि गाउँ फर्किए। तर, उनी आफैंले जन्माएको छोरी र धनसम्पत्ति सबै खोसिएको छ। सदरमुकाम सिमिकोटमा कष्टकर जीवन बिताइरहेका छन्, उनी।

यसरी सुन्दै अचम्म लाग्ने बहुपति प्रथामाथि झन्डै तीन वर्ष लगाएर डकुमेन्ट्री फिल्म बनाएका थिए, गणेश पाण्डेले। यही फिल्म सोमबार सम्पन्न नेपाल अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा उत्कृष्ट डकुमेन्ट्री ठहरियो। यसबापत् पाण्डेले ट्रफी र १ हजार अमेरिकी डलरको माउन्ट एभरेस्ट अवार्ड पाए। 'हाम्रै मुलुकमा अनौठो संस्कृति अझै जीवित छ,' अवार्ड उचालेपछि उनले भने, 'खासगरी बहुपति प्रथालाई पुरानो र नयाँ दृष्टिकोणबाट नियाल्दा कस्तो देखिन्छ होला भन्ने जिज्ञासाले यो डकुमेन्ट्री बनेको हो।'

समारोहको सबैभन्दा ठूलो पुरस्कार गौतमबुद्ध अवार्ड टर्कीको 'ट्र्याप' ले पायो। जितसँगै फिल्मले १५ सय अमेरिकी डलर हात पायो। यही वर्षबाट थपिएको एनिमेटेड विधाको अवार्ड भने चीनको 'स्प्रिट अफ दि ड्रइङ गर्ल' ले पायो। मञ्जुश्री अवार्ड नाम दिएको यो पुरस्कारमा ७ सय अमेरिकी डलर थियो। अन्तर्राष्ट्रिय सर्ट फिल्मको विधातर्फ भारतीय फिल्म नुरी उत्कृष्ट मानियो। फिल्ममा भारत पाकिस्तान बोर्डरमा चेपिएकी एक युवतीको कथा पेस गरिएको थियो। वाग्मती अवार्ड नाम दिइएको यो पुरस्कारमा ५ सय अमेरिकी डलर थियो।

विनोद पौडेल निर्देशित फिचर फिल्म 'बुलबुल' ले फेस्टिभलमा सबैभन्दा बढी अवार्ड बटुल्यो। राष्ट्रिय सभागृह, पर्यटन बोर्ड र सर्वनाम थिएटरमा ५ दिन जारी रहेको फेस्टिभलमा 'बुलबुल' ले नेपाल पानोरमाको फिचरतर्फ उत्कृष्ट फिल्म, उत्कृष्ट निर्देशक, उत्कृष्ट पटकथा, उकृष्ट अभिनेत्री जुरी अवार्ड पुरुष र महिला गरी ६ वटा अवार्ड जितेको हो। फिल्मबाट विनोद पौडेलले पटकथा र निर्देशकको अवार्ड जितेका थिए भने स्वस्तिमा खड्काले उत्कृष्ट अभिनेत्रीतर्फको अवार्ड जितेकी थिइन्। त्यसैगरी जुरी अवार्डमा पुरुष र महिलातर्फ क्रमशः मुकुन भुसाल र लक्ष्मी बर्देवा अब्बल भए।

'बुलबुल' लाई पछ्याउँदै 'गोपी' ले तीन अवार्ड हात पार्‍यो। दीपेन्द्र लामाको यो फिल्मले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधातर्फ जुरी अवार्ड पायो भने फिल्मबाट विपिन कार्कीले उत्कृष्ट अभिनेताको अवार्ड हात पारे भने शैलेन्द्र डी कार्की उत्कृष्ट छायांकार दरिए। इन्टरनेसनल सर्ट फिल्मतर्फको जुरी मेन्सन अवार्ड भने युक्रेनको 'अन्ना' ले जित्यो भने सर्ट फिल्मतर्फको जुरी मेन्सन अवार्ड श्रीलंकाको 'दि अदर हाफ' ले पायो। नेपाली सर्ट फिल्मतर्फको अवार्ड भने प्रवीनकुमार राउत निर्देशित 'कलम' को पोल्टामा गयो। निर्देशक प्रवीन स्वयं पनि जुरीको नजरमा उत्कृष्ट ठहरिए। केदार श्रेष्ठ निर्देशित 'जुनुको जुत्ता' ले नेपाली सर्ट फिल्म तर्फको जुरी अवार्ड पायो।

फिचर फिल्मतर्फका मुख्य जुरी प्रकाश झाले नेपालका फिल्मसँगको यो पहिलो साक्षात्कार भए पनि नेपाली फिल्मको न्यारेटिभ प्रतिस्पर्धात्मक बनिरहेको अनुभव गरेको बताए। 'काठमाडौं यो मेरो पहिलोपटक हो, तर अब आउने जाने गरिरहन्छु,' उनले भने, 'फिल्मसम्बन्धी जे कामका लागि पनि सहकार्यका लागि तयार छु।' फिचर फिल्मतर्फको निर्णायकको नेतृत्व प्रकाश झाले गरेका थिए भने उनलाई मञ्जुकुमार श्रेष्ठ, गौरी मल्ल, जाओ पाउलो मकाइदो र थिबाउट ब्राकले गरेका थिए। श्रीलंकाका डकुमेन्ट्री फिल्ममेकर अनोमा राजाकरुणाले नेतृत्व गरेको डकुमेन्ट्री विधातर्फको जुरी सदस्यमा करुण थापा, युनी हाडी सदस्य थिए। नेपाल फिल्म एन्ड कल्चरल एकेडेमीले फेस्टिभल गरेको हो।



**गणेश पाण्डे निर्देशित 'को-हस्बेन्ड' को एक दृश्य।**

# सहकार्यमा 'मेरो देश'

काठमाडौं (कास)- नेपाली संगीत क्षेत्रका निकै लोकप्रिय कलाकार रोहित जोन क्षेत्री, स्वप्निल शर्मा, स्वप्न सुमन, त्रिशला गुरुङ र रोहित शाक्यको सांगीतिक सहकार्य रहेको गीत 'मेरो देश' टुबोर्ग ओपन सेसन्स् सिजन २ मा सार्वजनिक भएको छ। टुबोर्ग ओपन सेसन्स् एक युट्युब सिरिज हो, जसमा विभिन्न प्रचलित कलाकारहरूको लाइभ स्टुडियो रेकर्डेड प्रस्तुति पेस गरिन्छ।

देशभक्ति समेटिएको गीत 'मेरो देश' को शब्द र कम्पोजिसन स्वप्निल शर्माले गरेका हुन् भने, एरेन्जर र निर्माताको भूमिकामा रोहित शाक्य रहेका छन्। गीतले नेपालको सुन्दरता र देश प्रतिको समर्पणको महिमा गाउनुको साथै सामाजिक विविधता, बहुसंस्कृति र परम्परा आधारित कथा बताउँछ।

टुबोर्ग ओपन सेसन्स् सिजन २ मा दुई प्रख्यात निर्माता रोहित शाक्य र मनोजकुमार केसीले नेपाली संगीतको सारलाई पुनर्जीवित गर्दै सबै २६ वटा गीतमा सँगै सहकार्य गर्नेछन्। सिजन २ ले नेपाली संगीतकारसँग गौरवपूर्ण उत्साह मनाउँदै उनीहरूलाई टुबोर्ग ओपनको मञ्चमा ल्याउने क्रम जारी राख्ने बताइएको छ। नेपाली संगीत उद्योगको विविधता अँगाल्ने र परम्परागत सांगीतिक आधारलाई सम्मान गर्ने यस सेसनको लक्ष्य रहेको छ। सिजन १ मा ५ ड्रिम बिग प्रोजेक्टका विजेताहरूको साथै ३६ जना लोकप्रिय कलाकारहरूले ५१ वटा गीत निर्माण गरी सहकार्य गरेका थिए।






# २२२ रोपनीको विवाद टुंगयाउन आदेश

■ **लालप्रसाद शर्मा** (पोखरा)

पृथ्वीनारायण क्याम्पससँगैको २२२ रोपनीभन्दा बढी विवादित जग्गाको टुंगो लगाउन उच्च अदालत पोखराले मालपोत कार्यालय कास्कीलाई आदेश गरेको छ। पोखरा-१ बगरस्थित तल्लो तगराको कित्ता नम्बर ८३३ को उक्त जग्गा पृथ्वीनारायण क्याम्पसको कि व्यक्तिको भन्ने विवाद लामो समयदेखि जारी छ।

मुख्य न्यायाधीश यज्ञप्रसाद बस्याल र न्यायाधीश डालकुमार खड्काको संयुक्त इजलासले आइतबार कास्की मालपोतलाई आदेश दिएको हो। उक्त जग्गाको टुंगो नलगाई व्यक्तिले आफ्नो दाबी गरी जग्गा दर्ताका लागि दिएको निवेदन मालपोतले तामेलीमा राखिदिएको थियो। स्थानीय ध्रुवप्रसाद पराजुलीसहित ८६ जनाले उक्त जग्गा आफ्नो भएको दाबी गर्दै मालपोतमा निवेदन दिएका थिए।

पृथ्वीनारायण क्याम्पस र विभिन्न विद्यार्थी संगठनले उक्त जग्गा क्याम्पसकै नाममा हुनुपर्ने भन्दै आएका छन्।

'वादी र प्रतिवादीले दाबी गरेको जग्गामा निजहरूको दाबी पुग्ने/नपुग्ने सम्बन्धमा आवश्यक छानबिन र जाँचबुझ गरी बुझ्नुपर्ने प्रमाण बुझी शीघ्र निर्णय गर्नुपर्नेमा त्यो नगरी लामो समयसम्म दर्ता प्रक्रिया रोक्का राख्ने कास्की मालपोत कार्यालयको निर्णय गैरकानुनी देखिँदा तामेली आदेश उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ,' आदेशमा भनिएको छ।

**पोखरा-१ बगरस्थित तल्लो तगराको जग्गा पृथ्वीनारायण क्याम्पसको कि व्यक्तिको भन्ने विवाद**

मालपोतले २०६७ पुस २९ को निर्णय आदेशबमोजिम भनी २०७६ असार ४ मा विवादित जग्गासम्बन्धी निवेदन तामेलीमा राखेको थियो।

'आदेशको सार भनेको जग्गा दर्ता निवेदनको कारबाही नगरी तामेलीमा राखिएकामा त्यो नगरी अन्य प्रमाण बुझेर मालपोत आफैंले टुंगो लगाउने वा अदालतमा जान भनिएको हो,' उच्च अदालत पोखराका उपरजिस्ट्रार पुष्पराज दाहालले भने।

यस मुद्दामा प्रशासन, मालपोत र नापी कार्यालय कास्की, पृथ्वीनारायण क्याम्पस, नेपाल विद्यार्थी संघ, अनेरास्ववियु क्रान्तिकारी, अखिल छैटौं, अनेरास्ववियु एकीकृत र अनेरास्ववियु प्रतिवादी छन्। उक्त जग्गा स्थानीयले २०३२ यता चारपटकसम्म दर्ताको पहल थालेका थिए। तर क्याम्पसले पनि आफ्नो दाबी गरेपछि दर्ता रोकिएको हो।

त्यसपछि स्थानीयले २०४० मा मालपोत कार्यालयमा जग्गा दर्ताको निवेदन दिएका थिए। तर मालपोतले अहिलेसम्म कुनै टुंगोमा नपुर्‍याई निवेदन तामेलीमा राखिदिएको थियो।

कास्की प्रशासनले २०६७ वैशाख १४ मा मालपोतलाई लेखेको पत्रका आधारमा जग्गा दर्ता प्रक्रिया रोक्का राखी निवेदकको निवेदन तामेलीमा राखेको देखिएको अदालतले जनाएको छ।

## इन्जिनियरविरुद्ध ४ करोडको भ्रष्टाचार मुद्दा

काठमाडौं (कास)- सडक विभागका इन्जिनियर जितेन्द्रकुमार चौधरीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले चौधरीविरुद्ध ३ करोड ९९ लाख रुपैयाँ गैरकानुनी रूपमा आर्जन गरेको अभियोग लगाएको हो। उनी डिभिजन सडक कार्यालय मोरङका प्रमुख थिए। चौधरीले भ्रष्टाचार गरेको सम्पत्ति लुकाउन सहयोग गरेको भन्दै श्रीमती किरण र छोरा अभिषेकलाई पनि मुद्दा दायर गरेको छ।

# बर्गिकृत विज्ञापन

## घर जग्गा

ललितपुको जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रीको लागी 9849188782

०-८-१-० किर्तिपुरमा, ०-४-०-३ सतुङ्गलमा, ०-५-०-० बलम्बुमाबिक्रिमा ९८४१४६७१५४

इमाडोलमा सानाघरहरू बिक्रिमा मूल्य: १,३७,००,०००।- ९८४८७५४१४७, ९८४००९९२२१

जोरपाटी मेडिकलकलेज नजिकै १७आना जग्गा र आधुनिकघर विक्रीमा 9808498519

चपलिभंगालमा आकर्षक घडेरीहरू बिक्रिमा 9841663663;

चुनीखेलमा ४ आना विक्रीमा 9828880291

चाबहिल गोपिकृष्णछेउमा कमर्सीएल घरबिक्रीमा ९८६३६०१८८१, ९८५११०६२३७

सातदोबाटो 0-7-0-0 प्रतिआना २७,००,०००/ 9851027364

बसुन्धारामा ४६२.६०ब.मि. बनेको घरबिक्रीमा ८,९०,००,०००।- 9851010600

बिजुलीबजारमा (0-10-0-0), (0-15-0-0) प्रतिआना ६०,००,०००/ 9851027364

ललितपुर रिङरोडबाट पांचकिलोमिटर ठेचोमा हाईटकोजग्गा आनाको एघारपचासले 9861522757

सस्तोमा नक्साल मालिगाउँमा ०-२-१-० एकमुष्ठ ९०,००,००० 9851065811

सानोभऱ्याङ्गमा सातआनामा बनेको घरबिक्रिमा, 9818775349,

कालीमाटी, कुलेश्वर मेनसडकमा ५ सटर साढेछ तल्लाको घर बिक्रीमा ९८२८९४२१४१

भक्तपुर चागुंनारायण नगरपालिका दुवाकोटमा १५-२० रोपनी जग्गा बिक्रीमा भएकोले खरीदकर्ताले मात्र सम्पर्क राख्नुहोला, ९८११११११३०३

कंलकी ढुङ्गेअड्डामा चारआना बत्तिसलाख प्रतिआना ९८०२०३४१२७

**नयाँठीमीचोकबाट ५-किमीभित्र तर्खगाल बसपार्क नजीक टुक्राजग्गाहरू प्रतिआना रु.१३,५०,०००/- 9841529292,** 9841449314

बुढानिलकण्ठ बधेलीमा रातो घरनजिक ३४.५आना जग्गा बिक्रिमा ९८४९२१७७८८

बुढानिलकण्ठ तोलुङ्ग हाईटमा प्लानिङ्गको ०-५-०-० बिक्रिमा प्रतिआना १९,००,००० ९८५१०८३१०३, ९८६००४१९००

पेप्सीकोला मुलबाटैमा घरजग्गा विक्रीमा, ९८४५२४११७५

**बुढानिलकण्ठ तौलुंग हाईटमा देउवा निवासको उत्तर मेनबाटोमा १०/२० आना जग्गा १९-२१ लाख प्रतिआना, 9866250856**

बुढानिलकण्ठ, सिद्धार्थ कोलोनीभित्र १-२-०-०जग्गा प्रतिआना ३२.५०लाख 9851246812, 9849431868 दलालले कष्ट नगर्नुहोला

भक्तपुरको मुटुको घर विक्रीमा 9849616422

**बुढानिलकण्ठ भ्यालिभ्यु कोलोनीमा र हरेकृष्णधाम माथिको हाईटमा स्वच्छवातावरणयुक्त स्थानको केहि टुक्रा घडेरी जग्गा विक्रीमा सिधासम्पर्क ९८५१०३९४३२, ९८०१२३३१३५, ९८०१२३३१३१**

सातदोबाटो स्विमिङ्गपुल पछाडी ०-३-०-० मा बनेको ३.५ तला आधुनिक नयांघर बिक्रीमा ९८५११५३६७१

**हात्तीवन, कान्तिपुर कोलोनीमा बंगलाहरू ९८५१०५६६०२**

भैसेंपाटी मेनरोड नजिक नयांघर करिब ६-आनामा बनेको ३-करोड ६०-लाख, ९८२३५०५४३६, ९८५११२६८७४

टौखेलमा ०-३-०-२ जग्गा बिक्रीमा ९८५११७७९१८

बालुवाटारचोकमा २-रोपनी जग्गाबिक्रीमा मुल्यतपाईको सिधासम्पर्क 9808552812

**नयाँबानेश्वर हाईटमा २० फिटबाटो दक्षिणमोहडा ०-८-०-० जग्गाबिक्रीमा ९८५१०३२१५४**

धापासिहाईट डाँफेकोलनी ०-५-०-० आधुनिक बङ्गला मुल्य २,९५,००,००० 9851083103, 9860041900

स्पेशल मानबहादुर मार्गमा १३.५आना जग्गाबिक्रीमा आनाको ३२लाख सिधापासगर्नेलाई बिशेषछुट 9840856188, 9823140441

लुभुमा टुक्रा घडेरीहरू बिक्रिमा ९८५११८३५८२, ९८४१२८३१३७, ९८५१०७१३६५

इमाडोल ओचु हाइटमा एकतल्ला घर बिक्रिमा ९८५११८३५८२, ९८१८८० ९९३३

कलंकी स्युचाटारमा चक्रपथबाट १५० मिटर अगाडी पिच बाटोमा ५ आना जग्गा विक्रीमा, ९८०३०१६२३०, ९८५१२०५००९ नो दलाल

कौशलटार नजिक घडेरीहरू, 9851093511, 9851244079

दमौली, गल्फुबेसी मुलसडकछेउ ७.५आना जग्गा बिक्रीमा 9849464940

गोंगबु गणेशथानको ६-आना जग्गाबिक्रीमा 9851086374

जेम्स स्कूल अगाडी ०–७–२–० र ०–३–०–२ माबनेको आकर्षक घर बिक्रिमा ९८४१५०३५०४, ९८५१०८३२३३

विश्व बैंकको करिब पौने तीन अर्ब (२४ मिलियन अमेरिकी डलर) ऋण लगानीमा मन्त्रालयले आठ वर्षसम्म उक्त कार्यक्रम सञ्चालन गर्नेछ। कार्यक्रम रौतहटदेखि कञ्चनपुरसम्मका १३ वटा जिल्लामा सञ्चालन गरिनेछ। मन्त्रालयका प्रवक्ता सहसचिव सिन्धुप्रसाद ढुंगानाले पौने छ अर्ब (५० मिलियन अमेरिकी डलर) को कार्यक्रमको ढाँचा तयार गरिए पनि अहिले विश्व बैंकको सहयोगबाट कार्यक्रम सुरु गर्न लागिएको जानकारी दिए। मन्त्रालयले बाँकी रकमका लागि स्रोत खोजिरहेको छ। सरकारले दुई वर्षअघि 'रूपान्तरण र समृद्धिका लागि वनमा लगानी' शीर्षक तयार गरी वन लगानी कार्यक्रम (एफआईपी) को योजना अघि बढाएको हो।

वन लगानी कार्यक्रममा ११ अर्ब ६२ करोड ८० लाख रुपैयाँ (१०२ मिलियन डलर) खर्च हुने अनुमान गरिएको थियो। त्यसअनुसार १०२ मिलियन डलरकै कार्यक्रम दस्तावेज तयार गर्ने भनिए पनि मन्त्रालयअन्तर्गतको 'रेड कार्यान्वयन केन्द्र' ले विशेषज्ञ लगाएर पौने ६ अर्ब रुपैयाँ (५० मिलियन अमेरिकी डलर) को प्रस्ताव तयार गरेको हो। यादव कँडेल, बलराम कँडेल, अमर मिश्र, याम मल्ल, किरण पौड्याललगायत वन क्षेत्रका विशेषज्ञले आठवर्षे कार्यक्रमको दस्तावेज तयार गरेका हुन्। विश्व बैंकले जलवायु लगानी कोषअन्तर्गतको कार्यक्रमबाट सरकारलाई ऋणस्वरूप रकम उपलब्ध गराएको हो।

'१ अर्ब ७९ करोड (१७.९ मिलियन) ऋण रकम हो,' ढुंगानाले कान्तिपुरसँग भने, '१० वर्षसम्म ब्याज लाग्दैन, त्यसपछि २ र ४ प्रतिशतका दरले ब्याज तिर्नुपर्ने सर्त छ।' यसमध्ये ६१ करोड रुपैयाँ (६.१ मिलियन अमेरिकी डलर) मात्र अनुदान हो। यो रकमबाट आठ वर्षका लागि पाँचवटा लगानी परियोजना सञ्चालन गर्ने गरी मन्त्रालयले योजना बनाएको छ। स्थानीय, प्रदेश र संघ (केन्द्र) मा गरिने परामर्श र कार्यशाला गोष्ठीमा प्राप्त सुझावका आधारमा उक्त रकम खर्चने गरी 'वन लगानी योजना' तय गरिएको छ।

कार्यक्रमले वन क्षेत्रको व्यवस्थापनमा सुधार ल्याउन र आदिवासी, जनजाति, स्थानीय समुदाय, महिला, दलित, मधेसी र वनमा जीवन निर्भर रहेका विपन्न समुदायको क्षमता विकास गर्ने लक्ष्य राखेको छ। मन्त्रालयले भने यो कार्यक्रमपश्चात् नेपालको रेड प्लस (विकासोन्मुख देशहरूमा वन विनाश र वन क्षयीकरणबाट हुने उत्सर्जन कटौती) को रणनीतिमा पहिचान गरिएका विनाश र क्षयीकरणका कारण पत्ता लगाउन सघाउ पुग्ने दाबी गरेको छ। कार्यक्रमअन्तर्गत समुदायमा आधारित वन व्यवस्थापनका माध्यमबाट दिगो वन व्यवस्थापन, वनमा आधारित आर्थिक विकासका लागि वन व्यवस्थापन, निजी वनको विकास, प्रकृतिमा आधारित पर्यटनका माध्यमबाट उन्नत वातावरणीय सेवा र नवीनतम् प्रविधिबाट जलाधार व्यवस्थापन परियोजना सञ्चालन गर्ने योजना छ। कार्यक्रममार्फत १५ लाख मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण गर्ने क्षमता विकास हुने अपेक्षा गरिएको छ।

कार्यक्रम अवधिमा १ लाख ६१ हजार हेक्टर वन क्षेत्र समुदायमा आधारित वन व्यवस्थापनमा परिणत गर्ने र ९ सय हेक्टर सार्वजनिक जमिन कृषि वनका रूपमा व्यवस्थापन गर्ने लक्ष्य लिइएको छ। कार्यक्रम सञ्चालनपछि समुदायमा आधारित वनको ७२ हजार हेक्टर क्षेत्र दिगो काठ कटानी र सदुपयोग गर्ने स्वीकृत योजनाले ओगट्नुका साथै वन क्षेत्रबाट दिगो रूपमा ४० लाख क्युबिक फिट काठ संकलनका लागि बाटो खुल्ने मन्त्रालयको दाबी छ। काठमा आधारित १४ वटा नयाँ उद्यम स्थापना हुने, विपन्न वर्गका लागि काठ कटानी र वनमा आधारित उद्योगमा ५० प्रतिशत नयाँ रोजगारीको अवसर हुने विश्वास मन्त्रालयको छ। परियोजनाबाट एक लाख ८० हजार घरधुरीमध्ये ठूलो संख्यामा वनमा आश्रित वर्गले लाभ पाउने मन्त्रालयका अधिकारीको दाबी छ। सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल (फेकोफन) ले भने कार्यक्रम १३ जिल्लामा मात्र सीमित नगर्न मन्त्रालयसमक्ष माग गरेको छ।



**ओखलढुंगाको मोलुङ-६, ढुस्केका महिला घाँस-दाउरा बोकेर जंगलबाट फर्कंदै।** *तस्बिर : कुम्भराज राई/कान्तिपुर*

# ७५% आयोजनाको काम गुणस्तरहीन

काठमाडौं (कास)- राष्ट्रिय सतर्कता केन्द्रले मुलुकभर निर्माणाधीनमध्ये ७५ प्रतिशतभन्दा बढी आयोजनाको प्रगति सन्तोषजनक नरहेको जनाएको छ। राष्ट्रिय गौरव र अन्य गरी करिब १०७ वटा निर्माणाधीन आयोजनाको प्राविधिक परीक्षण गरेको केन्द्रले काम गुणस्तर नभएको, कार्यान्वयन गर्ने निकायबीच क्षेत्राधिकार स्पष्ट नरहेको, स्रोत साधनको कमी र नियामक निकायबीच समन्वय कमजोर रहेको औंल्याएको छ।

केन्द्रको प्रतिवेदन अनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय र जल ऊर्जा तथा सिँचाइ मन्त्रालयअन्तर्गतका भौतिक पूर्वाधारका काम कमजोर देखिन्छ। यी मन्त्रालयले नै भौतिक पूर्वाधार विकास गर्छन्। केन्द्रको प्रतिवेदनले नियमन गर्ने निकायको उदासीनताले कार्य प्रगति आशाजनक नरहेको उल्लेख गरेको छ। 'निर्माणाधीन सडक र पुलमा प्रगति निकै कमजोर छ, लामो समयदेखि ठेक्कापट्टा लागेका भौतिक पूर्वाधारका आयोजना अलपत्र छन्,' केन्द्रका सचिव ऋषिराम शर्माले भने, 'समस्या चाङ देखाएर प्रत्येक निकाय पन्छिएको देखिएको छ।'

भीमफेदी-लामीडाँडा-गल्छी सडकमा ठेकेदारको लापरबाही गर्नाले कतै ट्राफिक संकेत नभएको, कतै नालीको व्यवस्था नगरिएको प्रतिवेदनमा उल्लेख गरेको छ। केन्द्रले तत्काल ठेकेदारमाथि कारबाही चलाउन सुझाव दिएको छ।

ठेकेदारको लापरबाहीले धनुषामा ४० मिटर लामो पुलको काम पूरा नभएको प्रतिवेदनमा उल्लेख गरिएको छ। 'प्रत्येक निकाय जिम्मेवार भए काम गर्न त्यति गाह्रो छैन तर कोही पनि जिम्मेवार र गम्भीर देखिँदैनन्,' केन्द्रका सहसचिव शर्माले भने, 'ठेक्का लगाएको ४ वर्षपछि पनि कामको प्रगति राम्रो छैन।'

काभ्रे उपत्यका खानेपानी, सर्लाहीस्थित लालबन्दी साना सहर खानेपानी आयोजनाको निर्माणस्थलमा व्यवसायीले सामान्य प्रक्रिया पनि नपुर्‍याएको प्रतिवेदनमा छ। हुलाकी

**राष्ट्रिय गौरव र अन्य गरी करिब १०७ वटा निर्माणाधीन आयोजनाको प्राविधिक परीक्षण**

राजमार्ग, कान्ति लोकपथ, कुलेखानी तेस्रो, मर्स्याङ्दी-काठमाडौं २२० केभी प्रसारण लाइन र दमक सम्मेलन केन्द्रको निर्माण कार्य पनि सुस्त गतिमा भएको प्रतिवेदनमा छ।

'प्राविधिक परीक्षकले औंल्याएका सुझावसमेत सच्चिएको/नसच्चिएको तथा सुझाव लागू भए/नभएको सम्बन्धित निकायलाई जानकारी नै छैन,' सचिव शर्माले भने, 'विभागबाट अनुगमन गरी केन्द्रलाई जानकारी गराउनुपर्नेमा अधिकांश आयोजनाले गरेका छैनन्। कामलाई चुस्तदुरुस्त बनाउन सरोकारवाला निकाय जिम्मेवार हुनैपर्छ।'


## CAREER OPPORTUNITY

**United School** is seeking to appoint a dynamic, energetic, talent and experienced candidate for the post of:

### PRIMARY CO-ORDINATOR

The appointed coordinator has to take in charge of students, parents and teachers from grade 1 to 5.

**Essential**

- Masters degree from a reputed national/ international University.
- Min. 5 years experience in teaching and 2 years in leadership position.
- Fluency in written & spoken English.
- Knowledge of thematic teaching.
- Good skill in computer (MS Word/ Excel/ PowerPoint)

*(No constraint of salary for the deserving candidates.)*

Submit your CV along with expected salary within 7 days at school office **OR** email your documents at: **academyadv2019@gmail.com**

**United School**
**Imadole, Lalitpur**
**Ph : 9851185590**

*Only shortlisted candidates will be called for interview.*


# दिल्लीबाट उड्न...

यात्रुलाई आवागमनमा आइपर्ने एकाध समस्याप्रति दूतावास जानकार रहे पनि 'अवैध आवागमन रोक्न र दिल्ली हुँदै भइरहेको मानव तस्करीको सूचनामा कडाइ गर्न' समेत नेपाली यात्रुले केही असहज स्थिति बेहोर्नुपर्ने अधिकारीको भनाइ छ। यसैगरी, खाडीका साउदी अरेबिया, कुवेत, संयुक्त अरब इमिरेट्स, ओमान, कतार, बहराइन र मध्यपूर्वका सिरिया, इराक तथा पश्चिम एसियाको लेवनानका हकमा दिल्ली हुँदै उड्न चाहने नेपाली श्रमिकले श्रम स्वीकृति र दिल्लीस्थित दूतावासको 'नो अब्जेक्सन लेटर' अनिवार्य चाहिने नियम लागू भएको छ। 'बाँकी देशका हकमा भने काठमाडौंस्थित त्रिभुवन विमानस्थलबाटै यात्रुले उडेको हुनुपर्ने नियम तय भएको छ,' रेग्मीले भने।

'कोही काठमाडौंबाट उडेर आएर अथवा बाहिरी मुलुकबाट आएर दिल्ली-ट्रान्जिटमा रहेको छ भने यसमा समस्या रहन्न,' उनले भने, 'तर एयरपोर्टबाट बाहिर निस्केर फेरि 'इन्ट्री' खोजिएमा उडान अनुमति नहुन सक्छ।' नेपाल सरकार स्वयंले आफ्ना नागरिकलाई 'भारत हुँदै तेस्रो देशमा उड्न नदिनू' भनेर दिएको निर्देशनलाई अफ्रिकाको तान्जानियास्थित गैरआवासीय नेपाली अगुवा हिक्मत थापाले 'अनावश्यक र अनुपयुक्त' भनेर टिप्पणी गरेका छन्। उनका अनुसार अफ्रिकी मुलुकमा कामका लागि आउने दर्जनौं नेपाली श्रमिकले सस्तो टिकट मूल्य र प्रत्यक्ष उडान सुविधाका कारण दिल्ली नाकालाई रोज्ने गरेका हुन्। 'एक त दूतावासले सहजै नो अब्जेक्सन लेटर दिने गरेको छैन,' उनले भने, 'अर्कातिर, दिल्ली हुँदै काठमाडौं फर्कन चाहने नेपाली श्रमिकले पनि अनाहकको कठिनाइ बेहोर्नुपर्ने स्थिति देखिएको छ।'

द्विदेशीय खुला आवागमनको सुविधामा काठमाडौं, पोखरा, भरतपुर, बुटवल, नेपालगन्जसहितका सहरबाट दिल्ली, लखनउ, पन्जाबसम्म दर्जनभन्दा बढी बस सेवा सञ्चालनमा छन्। काँकडभिट्टा, पशुपतिनगर, विराटनगर, वीरगन्ज, बेलहिया, सुनौली, जमुनाहा, मोहना र गड्डाचौकीमा नेपाल-भारत दुवैतर्फ अध्यागमनका शाखा युनिट रहे पनि द्विदेशीय आवागमनमा कहींकतै पनि 'इन्ट्री' वा 'एक्जिट' छाप लगाइने गरेको छैन। कुनै घुमफिर वा धार्मिक यात्रामा भारत जाने नेपालीले घर फर्कंदा भने दिल्ली-काठमाडौं, बनारस-काठमाडौं, कोलकाता-काठमाडौं आदि उडानको उपयोग गर्दै आएका छन् तर अहिले तय भएको आवागमन प्रबन्धबाट यसरी नेपाली यात्रुले हवाई सेवामा 'डिपार्चर स्टाम्प' नभई घर फर्कन नपाउने भएका छन्। बस सेवाबाट दिल्ली वा भारतीय सहरमा यात्रु ओसार्ने बस सञ्चालकहरूलाई बोलाएर दिल्लीस्थित नेपाली दूतावासले सोमबार अपराह्न 'आफूले ल्याएका यात्रुलाई हवाई सेवाबाट घर फर्कन नसकिने जानकारी दिन' निर्देशित गरेको थियो।

'खुला सीमा र सहज आवागमनका नाममा नेपाली सर्वसाधारणले विगतमा अनौपचारिक तहमा दुःख-हैरानी बेहोर्दै आएका थिए,' भारतीय सहरमा नेपाली श्रमिकको अवस्थितिबारे जेएनयूबाट विद्यावारिधि गर्ने विज्ञ केशव बस्यालले भने, 'अब भने सरकारी तोक आदेशबाट औपचारिक तहमा दुःख बेहोर्ने अवस्था आएको छ। सामान्य नागरिक अधिकार र आवागमनको स्वतन्त्र पहुँचअनुसार पनि अहिले लागू भएको प्रबन्ध निन्दनीय छ।'

एक महिनाअघि मात्रै बुद्ध एयरको बनारस-काठमाडौं उडान भर्ने क्रममा केही यात्रुलाई बनारस अध्यागमनले उडान अनुमति दिएको थिएन। यसैगरी, थिम्पु-दिल्ली-काठमाडौं उडान भर्ने ड्रुक एयरबाट दिल्ली ट्रान्जिट हुँदै काठमाडौं आउन चाहने यात्रुलाई पनि दिल्ली विमानस्थलले उडान अनुमति दिएको थिएन।

'खुला सीमा तथा सहज आवागमनको व्यवस्था रहिआएको भुजडित अवस्थामा आफ्नो स्थिति र अवस्था हेरेर जोकोहीले द्विदेशीय स्थल वा हवाईमार्गबाट सहजै आवागमन गर्न पाउनैपर्छ,' डा. बस्यालले भने, 'मानव तस्करी नियन्त्रण वा अवैध आवागमनमा निगरानी राख्ने नाममा नेपाल सरकार, दूतावास स्वयंले यसरी आफ्ना नागरिकलाई 'निषेधित' अवस्थामा राखेको स्थिति मानवअधिकारका दृष्टिमा पनि नमिल्दो देखिन्छ।'

दिल्लीस्थित दूतावासका अनुसार हवाई उडान अथवा स्थलमार्गबाट दैनिक कति नेपाली भारत जान्छन् वा कति फर्कन्छन् भन्ने आधिकारिक तथ्यांक कहींकतै छैन। अध्यागमन विभागमा पनि यसबारे 'अद्यावधिक तथ्यांक' छैन।


## VACANCY NOTICE

The Embassy of the Islamic Republic of Pakistan, Kathmandu invites applications from dqualified and experienced Nepalese citizens for the position of **General Duty Official cum Interpreter.**

- University Graduate
- Age under 50 years
- Fluent in speaking English
- Ability to translate Nepali language into English and vice versa both written and verbal
- Well versed with MS Word, Excel & Power Point
- Typing speed: 40 W/M
- Three years working experience in reputable Nepalese organization/Multinational/International organization.

Shortlisted candidates will be invited for Test/Interview. Application including CV/resume, two references should reach the Embassy of Pakistan, by **24th February 2020** at the address/email given below:

**Head of Chancery, Embassy of Pakistan**
**Chakrapath, Maharajgunj, Kathmandu**
**Phone: 01-4374024, Fax: 01-4374012**
E-mail address: aps.parepkathmandu@gmail.com

## कर्मचारी आवश्यकता

**पुरानो वानेश्वर तथा खिचापोखरी, न्युरोड स्थित एक प्रतिष्ठित सहकारी संस्थाका लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यकता भएकोले सक्षम, दक्ष तथा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र, बायोडाटा र १ प्रति PP साइजको फोटो सहित ७ दिनभित्र आवेदन दिनुहोला।**

| क्र.स. | कर्मचारी | संख्या | शैक्षिक योग्यता | अनुभव | तलब/भत्ता |
|---|---|---|---|---|---|
| १. | लेखापाल | २ | BBA/BBS पास | कम्तिमा ३ बर्षको लेखा सम्बन्धी कार्य अनुभव | २५,०००+ |
| २. | रिसेप्शनिष्ट | १ | BBA/BBS सरह | सम्बन्धीत काम गरेकालाई विशेष प्राथमिकता | १०,०००+ |
| ३. | बजार प्रतिनिधी | ५ | SLC/SEE पास | बजारक्षेत्रमा काम गरेकालाई विशेष ग्राहयता | ११,५००+ |

नोट :- ❖ मोटरसाइकलको लाइसेन्स भएको तथा स्थानिय उम्मेद्वारलाई विशेष ग्रहायता।
❖ प्रारम्भिक छनौटमा परेका उम्मेद्वारलाई अर्न्तवार्तामा वोलाइनेछ।

सम्पर्क ठेगाना :
पुरानो वानेश्वर, काठमाण्डौ ०१-४४७४८९०/४४७४८९१
खिचापोखरी, न्युरोड, काठमाण्डौ ०१-४२५०४५०/४२५७८६०
E: rkrayamajhee47@gmail.com

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
*we make your life easier*

## CAREER IN BANKING

Our client, **Bank of Kathmandu Ltd.** is a constantly growing "A" Class Commercial Bank offering a wide range of innovative banking products, solutions and services. In order to meet its consistent growth plan and fill in the job positions of existing/proposed branches inside and outside Kathmandu valley; the Bank is seeking for highly enthusiastic, positive, result oriented, self-motivated, willing to except challenges and skilled Nepalese citizens with strong desire to excel in banking for the following positions:

Position- SENIOR ASSISTANT (Few)

**Minimum Requirements**

***Age*** : Not exceeding 28 years *(as on 3rd March 2020)*
***Education*** : Semi Qualified Chartered Accountants from ICAN/ICAI or ACCA

**Candidates must submit the scan copies of following documents:**

- Cover Letter
- Updated curriculum vitae (CV) with a recent passport size photograph
- Mark sheet and Transcript
- Copy of Citizenship
- Articleship Completion Certificate (for ICAN and ICAI)
- CAP II/IPCC /CA Intermediate Completion Certificate

Applications without including above mentioned documents shall be automatically disqualified.
Only shortlisted candidates will be called for further selection process.
*The bank reserves the right to reject any/all applications without assigning any reasons whatsoever. Telephone enquiries will not be entertained.*

**To Apply**

Log on to http://www.askmeconsult.com/company/bank-of-kathmandu-353/ and click on Apply Now icon below the respective job. The deadline for application is **24:00 hrs, 3rd March 2020**

ASKME management pvt.Ltd. | Helping Your Enterprise Grow



MILLSBERRY School



## VACANCY ANNOUNCEMENT

**IF YOU ARE A PROFESSIONAL TEACHER, YOU ARE INVITED TO JOIN THE REVOLUTION AT MILLS BERRY SCHOOL.**

We are looking for career teachers-

- who are passionate about teaching and can think out of the box.
- with convent or English medium background and near native fluency in English.
- with at least 3-5 years of work experience in a progressive English medium school.
- who can deliver through Outcome Based Teaching.
- who are CELTA/TESOL certified (Preferable; Applies to Primary English Teachers)
- who have ever cracked a medical or engineering entrance examination in any part of the world. (Applies to science/mathematics teachers.)
- with a history of taking part in competitions.
- who are open to working for a long tenure.
- who have a burning desire to grow.
- WHO ARE NOT GOING TO IMMIGRATE IN COMING 5 YEARS OR HAVE NOT INITIATED THE PROCESS.

| SN | POSITION | SUBJECTS | REQUIRED NOS. | QULIFICATION |
|---|---|---|---|---|
| 1. | Secondary Level Teachers | English, Mathematics, Science, Social Studies, OBTE | 1 in each subject | MA./MEd./MSc./MBS or equivalent |
| 2. | Middle School Level (Classes 4-7 ) | English, Nepali, Mathematics, Science, | English-4 NOs. Rest 1 in each subject | BA/BSc./BEd. or equivalent |
| 3. | Primary School Level (Classes 1-3) | English, Nepali, Mathematics, Science, | English-4 NOs. Science-2 Rest 1 in each subject | BA/BSc./BEd/BIT or equivalent |
| 4. | Lab Assistant | Science | 1 (One) | At least 10+2 passed with pure science background |
| 5. | ECA In-Charge | | | At least Bachelor's degree in any stream |

**KEY BENEFITS:** Unmatched pay packages, long term benefits, free insurance, free accommodation for teachers from abroad, special package for child/children's education, one free meal at school etc.

**Salary (CTC)**
Primary Teacher (Classes 1-3) : **Starting from Rs. 35,000***
Middle School (Classes 4-7) : **Starting from Rs. 40,000***
Secondary School (Classes 8-10) : **Starting from Rs. 45,000***
ECA In-Charge : **Starting from Rs. 45,000***
Lab Assistant : **Rs. 25,000**

*Salary does not include fees paid for after-school classes. Salary is no bar for deserving candidates.

Please apply in strict confidence with a recent passport sized photograph, updated CV and cover later, to the Principal at career@millsberry.edu.np, within 7 days or drop your application at Mills Berry School, Bansbari or call on (01)4372719/4372936 for a direct appointment with the VP Academics.
Shortlisted candidates will be invited to take part in a written evaluation, a class observation and a personal interview.
Candidates who have applied for any post in the last six months are discouraged to apply.

**Principal**

mills berry School

# खोला दोहनले खिइँदै चुरे

तल्लो क्षेत्रमा गहिरो भएपछि बाढीका बेला नदीको स्पिड बढ्छ, त्यसले पहिरो र भूक्षयको जोखिम झनै बढाउँछ । उत्खनन गर्दा वातावरणीय प्रभावमा ध्यान दिनैपर्छ ।

■ **भवानी भट्ट** (कञ्चनपुर)

भीमदत्त नगरपालिकाको ब्रह्मदेव क्षेत्रको कामीकाटे खोलाको सिरान चुरेमा ठूलो पहिरो छ । यो पहिरोको आकार बर्सेनि बढ्दो छ । तत्कालीन जिल्ला वन कार्यालयले तीन वर्षअघि जैविक तटबन्ध निर्माण गरेर रोकथामको प्रयास गरे पनि दिगो हुन सकेको छैन ।

भीमदत्त नगरकै खन्या खोला सिरानमा पनि ठूलै पहिरो छ । भावरबाटै सुरु भएको पहिरो चुरेको टुप्पोमा पुग्न लागेको छ । उक्त पहिरो रोकथामको कुनै प्रयास भएको छैन । वेदकोट नगरपालिका-४ मा त चुरे फेदीमै चट्टान खिइएर धमिराको घरजस्तै ठूल्ठूला थुम्काहरू बनेका छन् । बगुन खोला किनारमै रहेका थुम्कालाई स्थानीयले लिंगाका रूपमा चिनाएका छन् । चुरेमा भइरहेको भूक्षयको एउटा स्वरूपकै रूपमा यसलाई पनि लिन सकिन्छ । चुरेमा यस्ता लिंगाहरू ठाउँठाउँमा देखिन्छन् ।

कैलालीको गोदावरीदेखि ब्रह्मदेवसम्म चुरेमा करिब एक दर्जन ठाउँमा पहिरो छ । यसबाहेक भूक्षय तथा नदीनालाको कटानले पनि विभिन्न ठाउँमा वन सखाप हुने अवस्थामा पुगेको छ । चुरेबाट बग्ने खहरे खोला र नदीहरूबाट पछिल्लो समय भइरहेको अनियन्त्रित उत्खननकै प्रभावले माथिल्लो क्षेत्रमा विभिन्न समस्याहरू देखिन थालेको स्थानीय बताउँछन् ।

'चुरेमा धेरैजसो खोलानालाको सिरानमा पहिरो र भूक्षयको समस्या देखिएको छ,' चुरे संरक्षण सञ्जालका अध्यक्ष रवीन्द्र कुँवरले भने, 'अनियन्त्रित रूपमा भइरहेको उत्खननले तल्लो क्षेत्रभन्दा पनि चुरेमा बढी असर परेको छ ।' बढ्दो पहिरो र भूक्षयका कारण चुरेका विभिन्न ठाउँमा पानीका मुहानसमेत सुक्न थालेको उनले बताए । खोलानाला किनारमा बिरुवा पुनः उत्पादन हुन सकेको छैन । भएका बिरुवा पनि बर्खामा बाढीले बगाउँदै आएको छ । यसले चुरेमा सीधै प्रभाव परेको छ ।

तल्लो क्षेत्रका नदीनालामा गहिरो गरेर ढुंगा-गिट्टी र बालुवा उत्खनन भएपछि चुरेको पहाड सामान्य वर्षामा पनि खस्किने गरेको प्राविधिकहरू बताउँछन् । नदीनालाको सिरानमा पहिरो जानु पनि यही कारण हो । 'तल्लो क्षेत्रमा अनियन्त्रित रूपमा उत्खनन भइरहेको छ, यसको सीधा असर चुरेमै पर्छ,' डिभिजन वन कार्यालय कञ्चनपुरका डिभिजनल वन अधिकृत अजयविक्रम मानन्धरले भने, 'यसले चुरे मात्रै होइन भावर क्षेत्रमा वनमा समेत ठूलो असर गरेको छ ।' यद्यपि नदीनालाको उत्खननपश्चात् वन क्षेत्रमा परेको असरको विषयमा अध्ययन भने हुन नसकेको उनले जानकारी दिए ।

सामान्यतया प्रारम्भिक वातावरणीय परीक्षण (आईई) मा एक मिटरभन्दा गहिरो खन्न नपाइने, एक्स्काभेटर तथा डोजरको प्रयोग गर्न नपाइने, बग्ने पानी नजिकबाट निर्माण सामग्री निकाल्न नपाइने, पुल तथा तटबन्ध र वन क्षेत्रको नजिकबाट पनि निर्माण सामग्री उत्खनन गर्न नपाइने लगायतका कुराहरू उल्लेख गरिएका हुन्छन् । तर स्थानीय तहले उत्खननका लागि ठेक्का दिएपछि यी सबै मापदण्डविपरीत मनपरी ढंगले उत्खनन भइरहेको छ । 'तल्लो क्षेत्रमा गहिरो भएपछि बाढीका बेला नदीको स्पिड बढ्छ, त्यसले पहिरो र भूक्षयको जोखिम झनै बढाउँछ,' डिभिजनल वन अधिकृत मानन्धरले भने, 'व्यवस्थित हिसाबले उत्खनन गर्न सके मात्रै चुरेलाई जोगाउन सकिन्छ ।'

### मनपरी उत्खनन

गत साता जिल्ला समन्वय समितिका प्रमुख फैरु तामाङसहितको अनुगमन टोली लालझाडी गाउँपालिकाको मछेली खोला पुग्दा एउटा एक्स्काभेटर बग्ने पानीबाटै बालुवा निकालेर टिपरमा लोड गरिरहेको थियो । अन्य टिपरहरू पनि त्यही एक्स्काभेटरको पालो पर्खेका थिए । लालझाडी संरक्षित वनसँगै जोडिएको उक्त खोलामा बग्ने पानीमा मात्रै होइन अन्य ठाउँमा पनि ठूल्ठूला खाल्डाहरू बनाइएका छन् । ठाउँठाउँमा बनाइएको यस्ता थुप्रै खाल्डाले उक्त क्षेत्रमा भइरहेको नदी उत्खननको अवस्था दर्शाउँछ ।

लालझाडी गाउँपालिकाले मछेली खोलाको उत्खननका लागि गरुड कन्स्ट्रक्सनलाई ३७ लाखमा ठेक्का दिएको छ । जिल्ला समन्वय समितिका प्रमुखको अनुगमनपछि गाउँपालिकाले निर्माण कम्पनीलाई अनियन्त्रित उत्खनन रोक्न पत्राचार गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बुढाले बताए । 'हामीले पनि बेला-बेलामा अनुगमन गरिरहेका छौं,' उनले भने, 'निर्माण कम्पनीलाई पनि सचेत गराइरहेका छौं ।'

मछेली खोलामा तीन ठाउँमा निर्माण सामग्रीको उत्खनन भइरहेको छ । दुई ठाउँमा कृष्णपुर नगरपालिकाले र एक ठाउँमा लालझाडीले ठेक्का दिएको छ । ठेक्का दिएको ठाउँमा बन्ड र मछेलीमा पनि एक्स्काभेटरको प्रयोग नै भइरहेको छ । तीनवटै ठाउँमा आईईई गरेरै नदीको उत्खनन भइरहेको हो ।

'नदीको बीच भाग उँचो भएको छ, किनारतिर भिरालो हुँदा बाढी किनारतिर हुँदै बस्तीमै पस्छ,' कृष्णपुर नगरपालिकाका प्रमुख कर्ण हमालले भने, 'त्यही भएर यसपटक एक्स्काभेटर लगाएर बीचको भाग उठाउन लगाएका छौं, ठेकेदारलाई पनि बीचबाट मात्रै उठाउन भनेका छौं ।' उनका अनुसार बन्ड र मछेली खोलामा निर्माण सामग्री उत्खननका लागि आईईई गरेर २ करोड २८ लाखमा ठेक्का दिइएको छ ।

वेदकोट नगरपालिकाको छेला बगुन र घुर्सुवा मुसेपानी खोलामा पनि अनियन्त्रित ढंगले बालुवा, गिट्टी र ढुंगा उत्खनन भइरहेको छ । दुवै खोलाको एक करोड १० लाखमा ठेक्का दिएको इन्जिनियर सतीश शाहीले बताए । यी खोलाहरूमा पनि एक्स्काभेटरको प्रयोग तीव्र गतिमा भइरहेको छ ।

दुवै खोला जंगलको बीचमा पर्छन् । वन क्षेत्रसँगै जोडिएका खोलाहरूमा भइरहेको व्यापक उत्खननले जंगल पनि प्रभावित भएको छ । खोलाहरूमा ठूल्ठूला खाल्डा भएका छन् । बगुन खोलामा त बीचको भाग खाल्डोले नहर जस्तै बनेको छ ।



कञ्चनपुरको लालझाडी गाउँपालिकाको मछेली खोलामा एक्स्काभेटरद्वारा भइरहेको उत्खनन । तस्बिर : भवानी/कान्तिपुर

### महाकालीमा झनै बेहाल

कात्तिक अन्तिम साता जिल्ला प्रहरी कार्यालयले महाकाली नदीको झोलुंगे पुल छेउमै अवैध रूपमा गिट्टी, ढुंगा र बालुवा उत्खनन गरेको भन्दै तीनवटा एक्स्काभेटर नियन्त्रणमा लियो । प्रहरीले आईईई रिपोर्टअनुसार नदीमा एक्स्काभेटर प्रयोग गर्न नपाइने र पुल छेउमै भएको उत्खननले पुललाई खतरा हुने भन्दै नियन्त्रणमा लिएको हो । ती एक्स्काभेटरहरू तीन दिनपछि छाडिए ।

पछिल्लो समय गत साता मात्रै महाकालीका विभिन्न ठाउँबाट थप पाँचवटा एक्स्काभेटर नियन्त्रणमा लिएर छाडियो । आईईई रिपोर्टमा एक्स्काभेटरको प्रयोग गर्न बन्देज गरिएको छ । तर महाकाली नदीमा जथाभाबी एक्स्काभेटरको प्रयोग भइरहेकाले नियन्त्रणमा लिई छाडिएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका एसपी मुकुन्द मरासिनीले बताए । उनका अनुसार महाकालीबाट नियन्त्रणमा लिएको एउटा एक्स्काभेटर भीमदत्त नगरपालिकाकै थियो ।

महाकालीमा निर्माण सामग्री उत्खननका लागि भीमदत्त नगरपालिकाले करिब चार करोडमा ठेक्का दिएको छ । आईईई रिपोर्टमा ६७ हजार घनमिटर मात्रै निर्माण सामग्री उत्खनन गर्न पाइने उल्लेख छ । आईईई रिपोर्टअनुसार उत्खनन गर्ने हो भने नगरपालिकाले ६०/७० लाख मात्रै राजस्व संकलन गर्ने देखिन्छ । नगरपालिकाले दिएको ठेक्काले समेत वातावरणीय संरक्षण नियम उल्लंघन गरेको छ ।

आईईई रिपोर्टअनुसार दैनिक २५० घनमिटर मात्रै नदीबाट उत्खनन गर्न पाइन्छ । तर अहिले दैनिक ५ सय बढी टिपर र ट्र्याक्टरहरूले झोलुंगे, ऐरी र भुजेलाघाटबाट नियमित रूपमा निर्माण सामग्री उत्खनन गर्दै ओसारपसार गरिरहेका छन् । महाकालीमा निर्माण सामग्री ढुवानी गर्ने साधनको मेला नै लागेको छ । 'एकै ठाउँमा एक दर्जन बढी एक्स्काभेटर प्रयोग भएका छन्,' जिसस प्रमुख तामाङले भने, 'खोलानालामा निकै बेथिति भइरहेको छ ।' उनले समन्वय समितिसँग आवश्यक स्रोत साधन नहुँदा नियमित अनुगमन गर्नसमेत समस्या भएको बताए ।

'अहिले पनि महाकालीमा १३ लाख घनमिटर निर्माण सामग्री उत्खनन गर्न सकिने देखिन्छ,' भीमदत्त नगरपालिकाका इन्जिनियर हिमालयसिंह ऐरले भने, 'त्यसका लागि ईआईए (वातावरणीय प्रभाव मूल्यांकन) गर्नुपर्छ ।' उनका अनुसार ब्रह्मदेवमा ठेक्का नलागेर नगरपालिका आफैंले रोयल्टी संकलन गरिरहेका छ ।

जिल्ला समन्वय समितिले खोलानालामा भइरहेको अनधिकृत उत्खनन नियन्त्रणका लागि अनुगमन कार्यविधि पनि निर्माण गरिरहेको छ । कार्यविधि पारित गरेर रोकथामका लागि पहल गरिने प्रमुख तामाङले बताए । 'मापदण्डविपरीत उत्खनन गर्नेलाई दण्ड जरिवाना गर्छौं,' उनले भने ।

### योजनाका नाममा जथाभाबी क्रसर

कृष्णपुर नगरपालिकाको गुलरियामा अस्थायी क्रसर उद्योग सञ्चालनमा आएको तीन वर्ष पूरा भयो । उक्त क्षेत्रमा मालुबेला-गुलरिया-बाइसेबिचवा २३ किलोमिटर सडक कालोपत्रेका लागि उक्त क्रसर निर्माण कम्पनीले राखेको हो । तर निर्माण कम्पनीले तोकिएको आयोजनाको कामभन्दा पनि अन्तै ध्यान दिएको छ । गुलरियामा खोलिएको क्रसरको उत्पादन पनि अन्य योजनामा लगाउने गरेको पाइएको छ ।

'कृष्णपुरका दुई/तीनवटा अन्य सडकका योजनामा पनि यही क्रसरको उत्पादन प्रयोग गरेका छौं,' निर्माण कम्पनी गौरव बिल्डर्सका साइट इन्चार्ज श्याम पौडेलले भने, 'तोकिएको सडकको काम भने अझै बाँकी नै छ ।' मालुबेला-गुलरिया-बाइसेबिचवा सडकको काम एक वर्षअघि नै सम्पन्न हुनुपर्ने भए पनि हालसम्म आधा कामसमेत भएको छैन ।

कृष्णपुरकै बन्ड खोलामा पनि घुम्ती क्रसर स्थापना भएको दुई वर्षभन्दा बढी भयो । कलुवापुर-बेलौरी सडकखण्ड कालोपत्रेको जिम्मा पाएको सन्तोषी थेगिन नामक निर्माण कम्पनीले बन्ड नदीमै घुम्ती क्रसर स्थापना गरेर अन्यत्रै निर्माण सामग्री लैजाने गरेको स्थानीय बताउँछन् । एक वर्षअघि नै निर्माण सम्पन्न हुनुपर्ने कलुवापुर-बेलौरी सडक खण्डको काम हालसम्म पनि पूरा भएको छैन ।

यसबाहेक महाकाली नदीमा समेत दुईवटा अस्थायी खालका क्रसरहरू सञ्चालनमा छन् । भीमदत्त नगरपालिकाको भासी र वेदकोट नगरपालिकाको नयाँगाउँमा गरी दुईवटा स्थायी खालका क्रसर पनि सञ्चालनमा छन् । यद्यपि ती क्रसरले समेत मापदण्ड भने पूरा गरेका छैनन् ।

कञ्चनपुरमा स्थायी र अस्थायी गरी आधा दर्जन क्रसर उद्योगहरू सञ्चालनमा छन् । स्थानीय आयोजनाका नाममा स्थापना हुने क्रसर उद्योगले तोकिएको आयोजनाभन्दा पनि अन्यत्रै उत्पादन लैजाने गरेको छ । यसले पनि नदीनालाको दोहनमा ठूलो समस्या निम्त्याएको जिसस प्रमुख तामाङ बताउँछन् ।

# संरक्षण प्रभावकारी बनाइने

काठमाडौं (कास)- चुरे क्षेत्रको संरक्षणका लागि केन्द्रको वन तथा वातावरण मन्त्रालयले सातवटै प्रदेशका वन तथा वातावरणमन्त्रीहरूसँग छलफल गरेको छ । पूर्वदेखि पश्चिमसम्म झन्डै ८ सय किलोमिटर लामो क्षेत्रमा फैलिएको चुरे क्षेत्रको विनाश बढेपछि त्यसको संरक्षणको पहल गर्न केन्द्रदेखि प्रदेशसम्मले चासो देखाएका हुन् ।

वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतले सोमबार सिंहदरबारस्थित मन्त्रालयमा सातवटै प्रदेशका वनमन्त्रीहरूसँग चुरे संरक्षणमा देखिएका मुख्य समस्या, हालसम्मका उपलब्धि र समाधानका उपायबारे छलफल गरेका हुन् । प्रदेशहरूमा फैलिएको राष्ट्रिय वनको संरक्षण र व्यवस्थापनको काम प्रदेशअन्तर्गतको उद्योग, पर्यटन, वन तथा वातवारण मन्त्रालयमातहत हुँदै आए पनि चुरे संरक्षणका लागि केन्द्रमा वन मन्त्रालयमातहत 'राष्ट्रपति चुरे तराई-मधेस संरक्षण विकास समिति' छ । चुरे संरक्षणका लागि केन्द्र सरकारले वार्षिक करिब दुई अर्ब रुपैयाँ खर्चंदै आएको छ । चुरे संरक्षणका लागि केन्द्र र प्रदेशबीच समन्वय नहुँदा सरकारी लगानी खेर गइरहेको छ ।

२०७१ सालमा स्थापित समितिमातहत समग्र चुरेको संरक्षण हुँदै आए पनि पछिल्लो समय परिणाम प्रभावकारी देखिएपछि मन्त्रालयको अध्ययन कार्यदलले चुरे संरक्षणलाई नयाँ ढंगले अघि बढाउनुपर्ने निष्कर्ष निकालेको थियो । त्यहीअनुरूप मन्त्री बस्नेतले प्रदेश मन्त्रीहरूसँग राय, सुझाव र सल्लाह लिन समन्वय बैठक गरेका हुन् ।

केन्द्र र प्रदेशमा समन्वय प्रभावकारी भएको खण्डमा परिणाम सकारात्मक हुने विषयमा छलफल केन्द्रित रहेको वन तथा वातावरण मन्त्रालयका प्रवक्ता सहसचिव सिन्धुप्रसाद ढुंगानाले बताए । 'प्रादेशिक हिसाबले कसरी चुरे संरक्षणलाई प्रभावकारी बनाउन सकिन्छ भनेर सातवटै प्रदेशका मन्त्रीहरूसँग राय सुझाव लिइएको हो,' ढुंगानाले भने, 'केन्द्र र प्रदेशबीच कर्मचारी व्यवस्थापनदेखि फिल्डसम्मै समन्वय आवश्यक भएकामा सबैको जोड रह्यो ।'

# डोजरले हिउँ पन्छाएपछि खुल्यो बाटो

लमजुङ (कास)- मनाङमा दुई महिनाअघिदेखि जमेको बाक्लो हिउँ पन्छाउन थालिएको छ । केही दिनयता हिमपात रोकिए पनि सडकमा जमेको हिउँ नपग्लेपछि डोजर लगाउन थालिएको हो । जिल्लाको माथिल्लो क्षेत्रमा गत सातादेखि हिउँ फाल्न डोजर चलाइएको मनाङ ङिस्याङ गाउँपालिका-१ पिसाङका छिरिङ गुरुङले बताए । उनका अनुसार भ्राताङको स्याउबारीदेखि माथिल्लो क्षेत्रमा डोजरले हिउँ हटाइरहेको छ । भारी हिमपातपछि तल्लो क्षेत्र नासों गाउँपालिका-९ दानक्युबाट माथिल्लो क्षेत्रमा पुग्ने सडक अवरुद्ध भएको थियो । भ्राताङमा रहेको एग्रो मनाङ प्रालिको डोजरले भ्राताङबाट तल चामेसम्मको साढे ५ किलोमिटर सडकको हिउँ हटाएपछि स्याउबारीसम्म सडक सुचारु भइसकेको छ । माथिल्लो क्षेत्रमा पनि एग्रो मनाङको डोजर प्रयोग गरेर हिउँ पन्छाउन थालिएको मनाङङिस्याङ गाउँपालिका अध्यक्ष कान्छा घलेले बताए ।

एग्रो मनाङ प्रतिनिधिसभा सदस्य पोल्देन छोपाङ गुरुङको हो । 'डोजरमा इन्धन गाउँपालिकाले राखेको छ,' अध्यक्ष घलेले भने, 'बाटो बिस्तारै खुल्दै छ ।' उनका अनुसार भ्राताङदेखि माथिल्लो क्षेत्र ढिकुरपोखरी हुँदै पिसाङसम्मको करिब ७ किलोमिटर सडक खुलेर हुम्डेतर्फ अघि बढेको छ ।

चिसो छल्न काठमाडौंलगायत बेंसी झरेका मनाङी अब गाउँ फर्किने समय हुँदै छ । हिउँ माथि हिँडेर सम्भव नहुने देखिएपछि डोजरले बाटो खुलाइएको सांसद गुरुङले बताए । प्रमुख जिल्ला अधिकारी पुष्पराज पौडेलले हिउँ पन्छाएर सडक खुल्न थालेपछि जनजीवन पनि सामान्य हुन थालेको बताए ।

हार्दिक समवेदना



जन्मः २०११।०७।२१
स्वर्गारोहणः २०७६।१०।२३

स्व. शान्ता राणा

हाम्रा अति मिलनसार, मृदुभाषी, आत्मीय सन्तती श्री सुरेन्द्र नरसिंह राणाका रानी **शान्ता राणाको** ६५ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको लागी श्री परमेश्वर सँग प्रार्थना गर्दै यस दुखद घडीमा परमात्माले शोक सन्तप्त परिवारजनलाई धैर्य धारण गर्न सक्ने शक्ति प्रदान गरुन भनी कामना गर्दछौं ।

समस्त नरसिंह राणा परिवारहरू

हार्दिक श्रद्धाञ्जली



जन्म वि.सं. १९८९
स्वर्गारोहण वि.सं. २०७६ माघ २४

स्व. रत्नकुमारी घले

हाम्रा प्रातः स्मरणीय माता श्रद्धेय **रत्नकुमारी घले**को २०७६/१०/२४ गतेका दिन स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुःखद् घडीमा हामीप्रति सहानुभूति तथा समवेदना प्रकट गर्नुहुने समस्त नातेदार, इष्टमित्र, बन्धुवान्धव, साथीभाई, शुभचिन्तक सवैमा हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

**बुहारी**
इश्वरी घले
**नाति/नातिनि बुहारी**
नारायण हजुर/विन्दिया घले
नविन हजुर/करिश्मा घले
**नातिनि/नातिनि ज्वाई**
नम्रता/अन्तिम गुरुङ्ग
**पनातिहरू**
आयुष्मान, लोला घले
नमन घले, अन्क्षु गुरुङ्ग

**छोरी/ज्वाई**
दुर्गा/मोहन कुमार गुरुङ्ग
**नाति/नतिनि**
सिदार्थ/उर्मिला गुरुङ्ग
**पनाति**
आर्निक गुरुङ्ग
**नातिनि/नातिनि ज्वाई**
सदिक्षा/पारोग्य गुरुङ्ग

एवं समस्त घले गुरुङ्ग परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म १९८७/०७/०८
स्वर्गारोहण २०७६/१०/२३

स्व. भीमबहादुर अधिकारी

यस मृगेन्द्र-सम्झना चिकित्सा गुठीका संस्थापक सदस्य, वर्तमान अध्यक्ष तथा नेपाल रक्तचाप नियन्त्रण समाजका कोषाध्यक्ष एवं वरिष्ठ समाजसेवी **श्री भीमबहादुर अधिकारी**ज्यूको यही मिति २०७६/१०/२३ गतेका दिन असामयिक स्वर्गारोहण भएकोमा हामी समस्त गुठी र समाज परिवार मर्माहत भएका छौं । उहाँले यस गुठी एवं समाजको स्थापना कालदेखिनै पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै गुठी र समाज परिवार उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद स्थितिमा समस्त शोक सन्तप्त परिवारमा परमेश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनी गुठी र समाज परिवार इश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

मृगेन्द्र-सम्झना चिकित्सा गुठी परिवार
तथा
नेपाल रक्तचाप नियन्त्रण समाज परिवार

हार्दिक समवेदना


मृगेन्द्र सम्झना चिकित्सा गुठीका अध्यक्ष तथा वरिष्ट समाज सेवी **भीमबहादुर अधिकारी**को ९० वर्षको उमेरमा भएको दुःखद निधनले हामी स्तब्ध भएका छौं । स्वर्गीय अधिकारीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्दछौं ।

मृगेन्द्र सम्झना चिकित्सा गुठी
स्वास्थ्य सेवा शान्ति मन्दिर
सुन्दरीजल



स्व. भीमबहादुर अधिकारी
जन्म : १९८७ कार्तिक ८
स्वर्गारोहणः२०७६ माघ २३

हार्दिक समवेदना



जन्म मितिः वि.सं. १९९८/०३/२५
स्वर्गारोहणः बि.सं.:२०७६/१०/२३

स्व. कालिकारमण पराजुली

हाम्रा प्रातःस्मरणीय पति/पिता/दाजु **कालिकारमण पराजुली** (जन्मः पोखरा-२ बिन्ध्यबासिनी, हालः टोखा-१०, नवज्योति मार्ग गोगंबु) को ७८ वर्षको उमेरमा स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि परमेश्वरसँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछौं।साथै, शोकको यस दुःखद घडीमा हामीप्रति सहानुभुति, सहयोग, समबेदना प्रकट गर्नुहुने समस्त शुभचिन्तक एवं कूलकुटुम्वप्रति आभार व्यक्त गर्दछौं ।

श्रीमतीः शान्ता देवी पराजुली

छोरा/बुहारीहरुः
विमलरमण/सीता पराजुली
निर्मलरमण/कल्पना पराजुली

भाइ/बुहारीहरुः
प्रा.चन्द्ररमण/प्रभा पराजुली
अनन्तरमण/अमृता पराजुली

नाती/नातिनी बुहारीहरुः
विवेकरमण/रोशिना पराजुली
विकलरमण पराजुली
नितेशरमण पराजुली

बहिनी/ज्वाईहरुः
लोकराम/प्रर्जना भट्टराई
शान्ता शर्मा

नातिनीः कृतिका पराजुली
तथा
समस्त पराजुली परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म : १९८२।८।६
स्वर्गारोहण : २०७६।१०।२४

स्व. दिलकुमारी चुके

चुके परिवारका धरोहर स्व. ज्योतिलाल चुके तथा स्व. गंगालक्ष्मी चुकेका जेष्ठ सुपुत्र वैकुण्ठलाल चुकेकी धर्मपत्नी **दिलकुमारी चुके**को असामयिक स्वर्गारोहणको दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**चुके परिवार ट्रष्ट :**
स्व. बैकुण्ठलाल चुके/स्व. दिलकुमारी चुके, बसन्तलाल चुके/कुसुमदेवी चुके
अनन्तलाल चुके/गंगादेवी चुके, स्व. मुक्तिलाल चुके/माधुरीदेवी चुके

छोरा/बुहारीहरु :
विश्वविजयलाल चुके/हेमलता चुके
ज्ञानकुमार चुके/इन्दिरादेवी चुके
रामकुमार चुके/अनुमा चुके
दिनेशकुमार चुके/सन्ध्यालक्ष्मी चुके
प्रकाश चुके/शर्मिला चुके
पवित्रलाल चुके/सर्जु चुके
उत्तमलाल चुके/कविता चुके
मनेशलाल चुके/निमा चुके
बालगोपाल चुके/अनुषा चुके
सिद्धार्थलाल चुके/रचना चुके

नातिहरु :
अमित चुके, आशिष चुके, प्रणय चुके, दिवस चुके, प्रतीक चुके, सादृष्यलाल चुके, अभिषेक चुके, दृष्यलाल चुके, शाहिल चुके, अदित्यलाल चुके, प्रभाष चुके, द्रव्यलाल चुके, आश्रयलाल चुके

बहिनी/ज्वाइँहरु :
चमेलीदेवी चुके प्रधान
कृष्णकुमारी चुके पिया/पञ्चकुमार पिया
राममती चुके प्रधान/भीमलाल प्रधान
शारदा चुके श्रेष्ठ/चन्द्रलाल श्रेष्ठ

छोरी, भतिजी/ज्वाइँहरु :
सावित्रीदेवी चुके पिया/श्रीनारायण पिया
सरस्वती चुके श्रेष्ठ/कृष्णचन्द्र श्रेष्ठ
विद्या चुके श्रेष्ठ/लोकबहादुर श्रेष्ठ
देवेन्द्र श्रेष्ठ
मिनु चुके श्रेष्ठ/राजेन्द्रमान श्रेष्ठ
पूर्णलक्ष्मी चुके द्वा/शिवप्रसाद द्वा
दयालक्ष्मी चुके बतास/शान्ताराज बतास

नातिनीहरु :
अन्जना चुके अमात्य, डा. स्मृति चुके श्रेष्ठ, डा. प्रतिष्ठा चुके श्रेष्ठ, डा. शचि चुके, दिव्या चुके, पारिका चुके, काव्या चुके, आयुषा चुके, शाइरा चुके, साइशा चुके

# खेलकुद






## १० औं उपाधि

पाँचौं हिसान उपत्यकाव्यापी खेलकुदको गर्ल्स बास्केटबलको उपाधि साइपाल एकेडेमीले जितेको छ । दृष्टि श्रेष्ठको ११ स्कोरमा साइपालले मोर्गनलाई ३६-२७ ले हरायो । यस सिजन साइपालले जितेको यो १० औं उपाधि हो ।

## लीलाराममलाई उपाधि

**कान्तिपुर संवाददाता** (भैरहवा)

चौथो साई ग्लोबल ट्वान्टी-२० अन्तरकलेज जिल्लास्तरीय क्रिकेटको उपाधि लीलाराम उच्च मावि भैरहवाले जितेको छ ।

भैरहवास्थित सिद्धार्थ रंगशालामा सोमबार फाइनलमा लीलारामले आयोजक साई ग्लोबल उच्च माविलाई २ विकेटले हरायो । विजेताले ५० हजार र उपविजेताले ३० हजार रुपैयाँ पुरस्कार पाए ।

टस जितेको साई ग्लोबलले १९.२ ओभरमा सबै विकेट गुमाएर ९१ रन बनायो । इमरान खानले १५, सिजन मकाजुले १३, निर्मल गुरुङले १२ रन बनाए । तीनै जनाले १-१ चौका हाने । शाहब आलम ७, प्रनीत थापा ७, सोभेन्द्र पालले ७ र रुपेश बास्तोलाले ६ र अजय रसाइली ४ रन बटुले । लीलारामका पुरुषोत्तम भट्टराईले ८ रन खर्चेर ३ विकेट, रमेश कुर्मी र सन्तोष यादव र तुलबहादुर थापाले समान २ विकेट लिए ।

९२ रनको विजय लक्ष्य लीलारामले १९.५ ओभरमा पूरा गरेको थियो । प्रज्वल थापाले ३२ बलमा दुई चौकासहित सर्वाधिक ३२ रन बनाए । रामचरण धवलले एक चौका र एक छक्कामा २४ रन, दुर्गेश गुप्ताले १०, करण घर्तीमगरले ५, रमेश कुर्मीले ३, पुरुषोत्तम भटराईले ३ र शरद रायले १ रन बनाए । साई ग्लोबलका राहुल थापा, शाहब आलम र सिजन मकाजुले समान २ विकेट तथा रुपेश बास्तोलाले १ विकेट लिए । लीलारामका पुरुषोत्तम भट्टराई म्यान आफ द म्याच घोषित भए ।

विजेतालाई आयोजक साई ग्लोबल उमाविका अध्यक्ष हरिबहादुर थापा, प्रदेशसभा सदस्य सन्तोष पाण्डे, रूपन्देही क्रिकेट संघका अध्यक्ष प्रशान्तविक्रम मल्लगायतले पुरस्कृत गरे ।

## डिपो च्याम्पियन

सुनसरी (कास)- वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान हातामा भएको डीपीएस महिला बास्केटबल च्याम्पियनसिपको उपाधि डिपो उच्च माविले जितेको छ ।

फाइनलमा डिपोले चिल्ड्रेन एकेडेमीलाई ३३-२३ स्कोरले पराजित गर्‍यो । फाइनलमा डिपोका लियालिशा श्रेष्ठले १५ स्कोर जोडिन् । म्यान अफ द म्याच घोषित चिल्ड्रेन एकेडेमीका असु लिम्बुले १४ स्कोर जोडिन् । विजेता र उपविजेताले नगद पुरस्कार पाए । स्पर्धा दिल्ली पब्लिक स्कुलले आयोजना गरेको हो ।

# थ्रीस्टार सेमिफाइनलमा

■ **अर्जुन राजवंशी** (बिर्तामोड)

झापाको झिलझिलेमा भइरहेको तेस्रो सताक्षी गोल्डकप फुटबल प्रतियोगितामा सोमबार रुस्लान थ्रीस्टार क्लब विजयी भएको छ ।

शिवसताक्षी नगरपालिका-११ स्थित गणेशमान सिंह अध्ययन प्रतिष्ठानको मैदानमा थ्रीस्टारले मोरङको बेलबारी फुटबल क्लबलाई ३-० ले पराजित गरेको थियो । थ्रीस्टारलाई सेमिफाइनलमा पुर्‍याउन सन्जोग राईले २ र सुशील राईले १ गोल गरे । थ्रीस्टारले नवौं मिनेटमा अग्रता लियो । बेलबारीका डिफेन्डर अगाडि बढेको अवस्थामा सन्जोगले गोल गरेका थिए ।

त्यसको ५ मिनेटपछि थ्रीस्टारले अग्रता दोब्बर पारेको हो । १४ औं मिनेटमा सन्जोगको लामो पासमा बक्स नजिकबाट सुशील राईले गोल गरेका थिए । सुशीलले सेकेन्डबार च्याप्दै गरेको वान टच बल जालीको सम्पर्कमा पुगेको थियो । ५४ औं मिनेटमा पुनः सन्जोगले गोल थपेका थिए । लालरामको क्रसपासमा बक्सभित्र रहेका सन्जोगले गोल गर्दै टिमको जित सुनिश्चित गरे ।

खेलमा थ्रीस्टार हाबी रह्यो । ३२ औं मिनेटमा थ्रीस्टारका कप्तान विक्रम लामाले प्रहार गरेको फ्रिकिकलाई अनन्त तामाङले हेड गरे पनि बेलबारीका गोलकिपर सनम राईले नियन्त्रणमा लिए । सुशील राईको पासमा लालरामले ४२ औं मिनेटमा गरेको कडा प्रहार पोस्टको थोरै माथिबाट बाहिरियो । बेलबारीका भुषण सुब्बाले ४५ औं मिनेटमा गरेको फ्रिकिक प्रहार बारमा लागेर बाहिरियो ।

खेलको ५३ औं मिनेटमा थ्रीस्टारका सन्जोग राईले मैदानको दायाँ भागबाट अघि बढाएको बल गोलकिपर सनमले अघि बढेर क्लियर गरिदिए । ६१ औं मिनेटमा बेलबारीका भुवन बस्नेतले बललाई पोस्टको दिशा दिन सकेनन् । त्यसको १० मिनेटपछि बेलबारीका सौरभ कार्कीको कडा प्रहार पोस्ट माथिबाट बाहिरियो । ७८ औं मिनेटमा थ्रीस्टारका सुशान्त श्रेष्ठले फस्टबारमा गरेको प्रहार बेलबारीका गोलकिपर सनमले पन्च गरेर बाहिर पठाए । बेलबारीका विनोद अधिकारीले ८५ र ८७ औं मिनेटमा प्राप्त अवसर सदुपयोग गर्न सकेनन् । दुई गोल गरेका थ्रीस्टारका सन्जोग राई म्यान अफ द म्याच घोषित भए । उनले १० हजार रुपैयाँ पाए ।

मंगलबार त्रिभुवन आर्मी क्लब र दार्जिलिङको एमएफसीबीच प्रतिस्पर्धा हुनेछ । विजेताले ६ लाख तथा उपविजेताले ३ लाख रुपैयाँ प्राप्त गर्ने छन् । सतासीधाम स्पोर्टिङ क्लबको आयोजनामा भएको गोल्डकप फागुन ११ सम्म चल्नेछ ।




तेस्रो सताक्षी गोल्डकप फुटबलमा सोमबार बेलबारी फुटबल क्लबविरुद्ध बल अघि बढाउँदै थ्रीस्टारका सुसन श्रेष्ठ (नीलो) । *तस्बिर : अर्जुन/कान्तिपुर*

## च्यासलको जित

■ **सुवास बिडारी** (मकवानपुर)

च्यासल युथ क्लब सोमबार तेस्रो वाग्मती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ । आयोजक वाग्मती गाउँपालिका खेलकुद विकास समितिलाई ८-० को फराकिलो गोलले हराउँदै च्यासलले अन्तिम चारमा स्थान सुरक्षित गर्‍यो ।

खेलको सुरुदेखि नै आयोजकमाथि अनुभवी र राष्ट्रिय खेलाडीको समिश्रण रहेको च्यासल हाबी भयो । राष्ट्रिय खेलाडी सुनील बल र अफ्रिकन खेलाडी काजिमले ह्याट्रिक गरेका थिए । खेलको पाँचौं मिनेटमा काजिमको गोलबाट च्यासलले अग्रता लियो । उनले १० औं मिनेटमा पुनः गोल थपे । काजिमले ५८ औं मिनेटमा तेस्रो गोल गर्दै ह्याट्रिक पूरा गरे ।

च्यासलका लागि सुनीलले २८, ३९ र ८८ औं मिनेटमा गोल गरे । उनले टोलीका लागि दोस्रो ह्याट्रिक गरे । उनी म्यान अफ द म्याच घोषित भए । उनले ५ हजार रुपैयाँ प्राप्त गरे । च्यासलबाट नितिन थापाले ४३ औं मिनेटमा र पूर्णबहादुर गुरुङले ८१ औं मिनेटमा १-१ गोल गरेका थिए । स्थानीय खेलाडीले भरिएको वाग्मती खेलभर सुस्त देखियो । उनीहरूको केही प्रहार च्यासलका गोलरक्षक एलन न्यौपानेले बचाए । च्यासलले फाइनल पुग्न हिमालयन शेर्पा र सरस्वतीको विजेतासँग प्रतिस्पर्धा गर्नेछ ।




## हिमालयन शेर्पा विजयी

नवलपरासी (कास)- पूर्वी नवलपरासीको कोल्हुवामा सोमबार राइनो संरक्षण गोल्डकप फुटबलमा हिमालयन शेर्पा क्लबले वीरगन्ज युथ क्लबलाई ५-१ ले पराजित गरेको छ ।

नवौं मिनेटमा हिमालयनका त्रिदेव गुरुङको गोलले हिमालयनले अग्रता लिएको थियो । पहिलो हाफमै हिमालयनका सुरज हमालले दोस्रो गोल गरे । दोस्रो हाफमा हिमालयन तीन गोल थप्यो । दोस्रो हाफमा विकास राई, विदेशी मूलका स्टिम ग्यामिर, मानबहादुर तामाङले १-१ गोल थपेका थिए । अन्तिम समयमा वीरगन्जका कृष्ण शाक्यले एक गोल गरे ।

मंगलबार एकीकृत विकास केन्द्र पोखरा र अभिषेक चर्च नवलपुरबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा विभागीय टिमसहित 'ए' डिभिजन क्लब गरी १० टिमको सहभागिता रहने छ । विश्वकै दुर्लभ एकसिंगे गैंडा संरक्षणका लागि सचेतना फैलाउने उद्देश्यले कोल्हुवामा १६ वर्षदेखि हुँदै आएको छ । विजेताले १० लाख र उपविजेताले ५ लाख रुपैयाँ पुरस्कार पाउनेछन् । प्रतियोगिता नन्दभाउजु मध्यवर्ती वन उपभोक्ता समितिले आयोजना गरेको हो ।

## बुटवल ओपन टेनिस सुरु

तिलोत्तमा (कास)- रूपन्देही लन टेनिस संघको आयोजनामा सोमबार तेस्रो बुटवल ओपन लन टेनिस प्रतियोगिता सुरु भएको छ । उद्घाटन खेलमा पुरुष एकलतर्फ काठमाडौंका निशान श्रेष्ठले बुटवलका भीष्म काउचालाई २-१ सेटमा पराजित गरे । निशानले ७-६, ६-१, ६-० ले नतिजा निकाल्दै दोस्रो चरण तय गरे ।

सन्तोष खत्रीले समिर क्षत्रीलाई ६-१, ६-१ ले, नवीन मगरले नीरज गुरुङलाई ६-१, ३-६, ६-३ ले, विकास खड्काले दीपक अर्याललाई ६-१, ६-२ ले पराजित गरे । सम्यकभूषण वज्राचार्य वाकओभरबाट अगाडि बढे । ३५ वर्ष उमेर समूहमा राजन पौडेलले सोम रानालाई ६-३, ६-० ले, रामु विकले शेषमणि चौधरीलाई ६-०, ६-१ ले, बुटवलका सन्जयप्रसाद श्रेष्ठले अन्जय बानियाँलाई ६-३, ६-२ र अर्जुन गुरुङले विशेष अमात्यलाई ६-१, ६-२ को सोझो सेटमा हराए । गोपाल ज्ञवालीले अशोक गुरुङलाई २-१ सेटले पन्छाए ।

फागुन ९ सम्म चल्ने प्रतियोगितामा पुरुष एकल र डबल्स, महिला एकल र डबल्स, भेट्रान ३५ वर्षमाथि, ४५ वर्षमाथि र ५५ वर्षमाथि उमेर समूहमा गरी ८ विधामा प्रतिस्पर्धा हुने संघका सचिव गोपाल ज्ञवालीले बताए । विभागीय टिमसहित काठमाडौं, पोखरा, विराटनगर र बुटवलका गरी झन्डै १ सयभन्दा बढी खेलाडी भाग लिएका छन् । पुरुष र महिला एकल विजेताले ५५ हजार, दोस्रोले २५ हजार र तेस्रोले १० हजार रुपैयाँ पुरस्कार पाउने अध्यक्ष सन्जयप्रकाश श्रेष्ठले बताए । ३५ वर्षमाथि विजेताले ३० हजार, ४५ वर्षमाथि विजेताले २५ हजार र ५५ वर्षमाथि विजेताले १५ हजार पाउनेछन् ।

प्रतियोगिताको उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्माले खेलकुदको पूर्वाधार विकास गर्न तीन तहकै सरकारबाट पहल हुनुपर्ने बताए ।




राखेप कभर्डहलमा भइरहेको पाँचौं यू-१८ राष्ट्रिय बास्केटबलमा सोमबार ह्वाइटहाउटविरुद्ध स्कोरिङ प्रयासमा ज्ञान निकेतनका खेलाडी । खेल ८६-७९ स्कोर अन्तरमा ह्वाइटहाउसले जित्यो । *तस्बिर : कान्तिपुर*

# आसिफको शतक




उमेर समूहको दुई दिवसीय क्रिकेटमा सोमबार विकेट लिएपछि हिमालय एकेडेमीका प्रतिश जीसी । *तस्बिर : कान्तिपुर*

**कान्तिपुर संवाददाता** (काठमाडौं)

आसिफ शेखको शतकमा ग्रेट हिमालय क्रिकेट एकेडेमीले हिमालय क्रिकेट लिगको पहिलो दिन उत्कृष्ट सुरुआत गरेको छ । नेपालमा पहिलोपल्ट उमेर समूहमा आयोजित दुईदिवसीय क्रिकेटमा शेखले हिमालय क्रिकेट एकेडेमीविरुद्ध शतक बनाएका हुन् ।

आसिफले १ सय रन बनाएपछि यू-१९ उमेर समूहको यस प्रतियोगितामा ग्रेट हिमालयले ३ सय २० रन बनाएको हो । पहिलो इनिङ्समा बढीमा ६० ओभर खेल्न पाउने प्रावधान छ । ग्रेट हिमालय पूरा ६० ओभर खेल्दै ३ सय २० रनमा अलआउट भयो । १७ चौका र १ छक्का प्रहार गरेका आसिफ ३२ औं ओभरमा आउट भएका थिए ।

चार वर्षअघि एभरेस्ट प्रिमियर लिगमा पञ्चकन्या तेजबाट १ सय ११ रन बनाउँदै घरेलु क्रिकेटमा ट्वान्टी-२० शतक बनाउने पहिलो खेलाडी बनेका आसिफले आयुश बस्नेतसँग दोस्रो विकेटमा १ सय ६७ रन जोडे । अभिषेक बस्नेत शून्यमा आउट भएको अवस्थामा आयुशले १ सय ९ बल खेल्दै ११ चौका प्रहार गरे । आयुशमान बमले ५३ र अशोक बस्नेतले ५१ रन बनाए । त्यसका बावजुत ग्रेट हिमालयले अन्तिम ६ विकेट ३५ रनमा गुमाएको थियो । हिमालयका सन्दीप शाहीले ४ र प्रतिश जीसीले २ विकेट लिए ।

यसअघि टस हारेपछि पहिलो ब्याटिङ गर्न आएको हिमालय एकेडेमी ३४.१ ओभरमा १ सय ४४ रनमा अलआउट भयो । टोलीका रन्जित तिमल्सिनाले ४२, सन्दीप शाहीले २३ र अमित थापाले १४ रन बनाए । ग्रेट हिमालयका सोनु देवकोटाले ३ तथा रशिद खान र मोहम्मद हुसैनले २-२ विकेट लिए ।

पहिलो इनिङ्सका आधारमा १ सय ७६ रनले पछाडि परेको हिमालयले दोस्रो इनिङ्समा ५ ओभर खेल्दै विनाक्षति १२ रन बनाएको छ । दीपक बोहरा ४ र खडक बोहरा १ रन बनाई खेलिरहेका छन् ।

# लाजियोको छलाङ

मिलान (एएफपी)- लाजियोका प्रशिक्षक सिमोन इन्जाघीले आइतबार आफ्नो टिम सन् २००० यता पहिलो सिरी 'ए' उपाधिका लागि तयार रहेको दाबी गरेका छन् । शीर्षस्थानको युभेन्ट्ससँग १ अंकको दूरीमा रहँदै दोस्रोमा उक्लेपछि उनले उपाधिमाथि आफ्नो चुनौती पेस गरेका हुन् । इन्टर मिलानलाई २-१ ले हराएपछि लाजियो ५६ अंक लिएर स्थितिमा पुगेको छ ।

यसअघि पाउलो डिबाला र हुँवा काउड्राडोको गोलमा युभेन्ट्सले ब्रेसियालाई २-० ले पराजित गरेको थियो । यो जितपछि युभेन्ट्स शीर्षस्थानमा कायम रह्यो । हारले इन्टर भने तेस्रो स्थानमा झरेको छ । लाजियोलाई दोस्रो स्थानमा उक्लिन सिरो इमोबाइल र सेर्गे मिलिन्कोभिच-सेभिकले गोल गरे । इन्टरबाट एस्ली योङले एक गोल गरे । उनको गोलले अग्रता लिएपछि जोगाउन सकेन ।

इन्जाघीले भने, 'अहिले हामी संयमित हुनुपर्छ र आफ्नो टिमको प्रदर्शनमा मात्र केन्द्रित हुनुपर्छ । हामीलाई खासमा गुमाउने केही पनि छैन । युभेन्ट्स र इन्टर दुई निकै बलिया टिम हुन् । हाम्रो काम भनेको अन्त्यसम्म बलियो चुनौती पेस गरिरहने हो । मलाई के पनि राम्रोसँग थाहा छ भने यो काम सजिलो छैन ।'

**स्पेन**

म्याड्रिड- रियल म्याड्रिडको स्पेनी ला लिगामा आइतबार राति जितको क्रम रोकिएको छ । रियलले घरमा सेल्टा भिगोसँग २-२ को बराबरी खेल्यो । यो नतिजापछि रियल दोस्रो स्थानको बार्सिलोनाभन्दा एक अंकले मात्र अगाडि छ । अघिल्लो दिन बार्सिलोनाले गेटाफेलाई हराएको थियो ।

यस्तोमा अंकतालिकाको पुछारमा रहेको टिमसँग बराबरी खेल्ने जिनेदिन जिदानको टिमका लागि घाटाको नतिजा भएको छ । बेर्नाबेउमा सेल्टा भिगोले फेडोर स्मोलोभको गोलले अग्रता लिएको थियो । रियलका लागि त्यसयता टोनी क्रुस र सर्जियो रामोसले दुई गोल गरे । तर खेल सकिन ४ मिनेटअगाडि ओकाया योकुस्लुले बराबरी गोल फर्काए ।

**इंग्ल्यान्ड**

लन्डन- आर्सनलले आइतबार राति इंग्लिस प्रिमियर लिगमा न्युकासल युनाइटेडलाई ४-० ले हराएर युरोपेली च्याम्पियन्स लिगमा छनोट हुने सम्भावना जीवित पारेको छ । त्यो जितमा पिएरे एमरिक अबामेयाङ, निकोलस पेपे, मेसुट ओजिल र एलेक्जेन्डर लेकाजेटले गोल गरे । मिखाइल आर्टेटा प्रशिक्षक भएयता यो आर्सनलको दोस्रो जितमात्र हो । यो जितपछि आर्सनल दसौं स्थानमा उक्लेको छ ।

तर यो पाँचौं स्थानको टोटेनहमसँग ६ अंकको मात्र दूरी हो । अर्को खेलमा टोटेनहमले एस्टन भिल्लालाई ३-२ ले हरायो । युरोपेली फुटबल महासंघ (यूईएफए) ले दोस्रो स्थानको म्यानचेटर सिटीलाई दुई वर्षका लागि च्याम्पियन्स लिग खेल्न नपाउने गरेर प्रतिबन्ध लगाएको हुनाले पाँचौं हुनेले पनि यो प्रतियोगिता खेल्न पाउन सक्नेछ ।




इटालियन सिरी 'ए' मा गोल गरेपछि लाजियोका सिरो इमोबाइल साथी लुइज फिलिपसँग खुसी साट्दै । *तस्बिर : एएफपी*




## छोटकरी

**समृद्धि सेमिफाइनलमा**

काठमाडौं (कास)- समृद्धि कलेज सोमबार आईआईएमएस पाँचौं यू-१८ राष्ट्रिय पुरुष बास्केटबलमा सेमिफाइनलमा पुगेको छ । त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा समृद्धिले मोफसलको टोली रामेछापलाई ८१-५० स्कोरले पराजित गर्दा समित गुरुङले ३१ स्कोर जोडे । न्यु जेनिथ, ह्वाइटहाउस र जेभियर कलेज पनि सेमिफाइनलमा पुगे । जेनिथले एलआरआईलाई ७३-४५ ले हराउँदा सिजन महतले २१ स्कोर जोडे । ह्वाइटहाउसले ज्ञान निकेतनलाई ८६-७९ ले हरायो । विजेताका सुरज खत्रीले ३१ स्कोर गरे । जेभियरले टाइम्सलाई ६६-६० ले हराउँदा जेभियरका सविनकुमार कार्कीले १५ स्कोर जोडे ।

**आयोजक ईबीए विजयी**

काठमाडौं (कास)- अमृत र आयोजक इडेन ब्रिज एकेडेमी (ईबीए) 'बी' ले दोस्रो ईबीए कप अन्तरस्कुल बास्केटबलको सिनियर गर्ल्स सोमबार जित पाएका छन् । थ्री बाइ थ्रीका आधारमा भएको खेलमा दुवैले एनआईसीलाई पराजित गरे । अमृतले एनआईसीलाई १७-१४ तथा ईबीएले एनआईसीलाई १९-१५ ले हराए । अमृतकी दिया न्यौपानेले ८ र ईबीएकी अस्मिता विकले ९ स्कोर जोडे । जुनियर ब्वाइजमा मातृभूमिले दोहोरो जित पायो । मातृभूमिले नव ज्ञानभूमिलाई २९-२५ ले हराउँदा अभिनव गुरुङले १२ स्कोर गरे । अभिनवकै १४ स्कोर मातृभूमिले भक्तिलाई २२-१९ ले हरायो । नेपाल मोडेलले फ्युजन एकेडेमीलाई २३-१७ र स्किम्सलाई २६-२० स्कोरले हरायो । फरक खेलमा मोडेलका कृष्ण काफ्लेले १३ र प्रनिश अधिकारीले ९ स्कोर गरे ।

**कुङफुको प्रदेश समिति**

काठमाडौं (कास)- नेपाल उमा कुङफु संघले शिवप्रसाद अधिकारीको अध्यक्षतामा वाग्मती प्रदेश उमा कुङफु संघ गठन गरेको छ । उमा कुङफु संघका अध्यक्ष एवं सिद्धार्थ लामा, उपाध्यक्ष महासचिव सन्जितकुमार राईलगायतको उपस्थितिमा अधिकारीको अध्यक्षतामा ११ सदस्यीय समिति गठन गरेको हो । उपाध्यक्षत्रय हरिकुमार घले, जनककुमार कार्की र सुजन कक्षपति, महासचिव वसन्ती महर्जन, सचिव अनिल रिजाल र कोषाध्यक्ष राजकिशोर श्रेष्ठ चुनिए । सदस्यमा गोपाल थापा, आइतराम तामाङ, सानुराज महर्जन र इन्द्र श्रेष्ठ चयन भए ।

**मसल मेनिया हुने**

काठमाडौं (कास)- खरेल अर्गनाइजेसनले नेपालमा पहिलोपल्ट मसल मेनिया बडीबिल्डिङ प्रतियोगिता आयोजना गर्ने भएको छ । अमेरिकाको फ्रेन्चाइजबाट मान्यताप्राप्त प्रतियोगिता असोज १० मा राष्ट्रियसभामा हुने जानकारी गराइएको छ । शारीरिक सुगठन खेलाडीको क्षमता बढाउन र एक्सपोजर दिन प्रतियोगिता गरिएको आयोजक निर्देशक सज्जान खरेलले बताए । प्रतियोगितामा मसल मेनिया नेपाल क्लासिक, नेपाल फिजिक, मोडल च्याम्पियनसिप, फिगर नेपाल र यू-२२ को विधा गरी ५ इभेन्टमा प्रतिस्पर्धा हुनेछ । विजेताले १३ डिसेम्बरमा सिंगापुरमा हुने मसल मेनिया एसियामा भाग लिन पाउनेछन् ।

# गुमाएको ऐतिहासिक अवसर



सहिद स्मारक लिग खेलेको त्रिभुवन आर्मी क्लबका खेलाडी । प्रशिक्षक नवीन न्यौपाने (तल) । *फाइल तस्बिर*

■ **हिमेश** (काठमाडौं)

कति नजिक, अझै कति टाढा । यो खेलकुदमा प्रायः प्रयोग हुने शब्दावली हो । यो किन दोहोऱ्याएर प्रयोग हुन्छ भने यस्तो स्थिति खेलकुदमा दोहोरिइरहेको हुन्छ । त्रिभुवन आर्मी क्लब यसपालि सहिद स्मारक लिग 'ए' डिभिजन उपाधि नजिक पुगेर पनि त्यसबाट अन्ततः टाढा रहनुपऱ्यो । दशरथ रंगशालामा भएको अन्तिम दिनको खेलअघिसम्म पनि आर्मीका प्रशिक्षक नवीन न्यौपाने भनिरहेका थिए, 'हामी उपाधिबाट एक पाइलामात्र टाढा छौं ।'

त्यो एक पाइला आर्मीले चाल्नै सकेन । सबैभन्दा पहिले २०६३ सालको लिगमा फर्कौं । त्यो वर्षको फागुन २५ मा भएको खेलमा आर्मी अहिले जस्तै स्थितिमा थियो । टोलीलाई बराबरीमै लिग जित्ने अवसर थियो । खेल पुलिस क्लबविरुद्ध थियो । त्यो खेल आर्मीले २-० ले गुमायो । पुलिसका लागि रमेश बुढाथोकी र जुमनु राईले गोल गरे । पुलिसले उपाधि चुम्यो । जति बेला खेल सकियो, आर्मीका गोलरक्षक विकास मल्लले आफूलाई थाम्न सकेनन् । मैदानमै रोए ।

यसपल्ट पनि यस्तै स्थिति थियो । मछिन्द्रलाई बराबरीमा रोके पुग्नेमा आर्मी पराजित नै रह्यो । त्यो पनि आत्मघाती गोलमा । विकास तामाङको नाम सधैं गलत कारणले सम्झिने छ । जति बेला यो खेल पनि सकियो, आर्मीका लगभग सबै खेलाडी मैदानमै ढले । धेरैले आफूलाई सम्हाल्न नै सकेनन् । 'च्याम्पियन' को निकै नजिक पुगेर पनि त्यसबाट वञ्चित हुनुपरेको आर्मीका लागि यो दोस्रोपल्ट थियो । यस्तो स्थितिमा आफूलाई सम्हाल्न गाह्रो हुन्छ । त्यसैले त फुटबल निर्दयी खेल हो भनेर भनिन्छ ।

धेरै अर्थमा आर्मी ऐतिहासिक रूपमा चुकेको मान्न सकिन्छ । यस्तो किनभन्दा नेपाली फुटबलले ढिलोचाँडो एसियाली फुटबल महासंघ (एएफसी) को क्लब लाइसेनिइङ प्रणाली लागू गर्नैपर्छ । यस्तो स्थितिमा विभागीय टिमले लिग खेल्ने सम्भावना पनि कमजोर हुनसक्छ । यो त भयो भविष्यको सम्भावना मात्रै । अहिले तत्कालका लागि भने खाली एउटै तथ्य के स्थापित भएको छ भने आर्मी फेरि एकपल्ट लिग जित्न असफल रह्यो ।

नेपालमा सफा र राम्रो नियतले फुटबल खेल्ने टिमका समर्थकका लागि आर्मी चुक्नु वास्तवमै पीडादायी रहनेछ । एउटा तथ्य के पनि यही लिगमा स्थापित भएको छ भने भलै आर्मीले उपाधि चुम्न सकेन तर पूरा प्रतियोगितामा सबैभन्दा मीठो फुटबल पस्कने टिम आर्मी नै हो । प्रशिक्षक न्यौपानेको नेतृत्वमा आर्मीले अधिकांस खेलमा अत्यन्त 'पेस' मा लयात्मक फुटबल खेल्यो । आर्मीले धेरैको मन जित्यो तर उपाधिमात्र जित्न सकेन ।



आर्मीले १३ खेलमध्ये ६ खेलमा 'क्लिन सिट' राखेको थियो । तर टोलीका लागि तीन खेलका प्रतिकूल नतिजा निकै महँगो साबित भयो । दोस्रो चरणमा मनाङ मर्स्याङ्दीसँग १-० ले पराजित रहनुसम्म पचाउन सकिएला, तर संकटा र एनआरटीसँगको बराबरी भने स्वीकार्य रहेन । आर्मीले जुन प्रकारले थ्रीस्टारलाई चौथो चरणमा २-० ले हरायो । धेरैले त्यो खेल पछिसम्म पनि सम्झनेछन् । त्यसै खेलमा सन्तोष तामाङले प्रतिबन्धयता पहिलोपल्ट खेले र उत्कृष्ट प्रदर्शन गरे ।

उनको आगमनपछि त आर्मीको खेल अझ माझिएको थियो । पुलिससँग ४-२ को जितपछि उत्कृष्ट पुनरागमन रह्यो । एनआरटीसँग गोलरहित बराबरीपछि पनि आर्मीले लगातार ४ खेल जितेको थियो, तर अन्तिम खुड्किलो पार नै गर्न सकेन । आर्मी किन असफल रह्यो त ? यसको उत्तर ठ्याक्कै कसैले दिन सक्ने छैन । एउटा सिनेमा किन सफल हुन्छ, के त्यसको फर्मुला छ र ? उत्तर, छैन । आर्मीले पनि खेलको मैदानमा राम्रो पटकथा त बुन्यो, तर त्यसलाई सुखद अन्त्य दिन सकेन ।

आर्मीले उतारेको टिम भने एकरूपको थियो । उसले २२ खेलाडी उतारेकामा त्यसमध्ये चार खेलाडीले एकै खेलमात्र खेले । आर्मीका लागि सबै १३ खेल्ने तीन खेलाडी रहे, भरत खवास, जर्जप्रिन्स कार्की र विकेश कुथु । विकास खवासले डिफेन्स र सन्तोषले मिडफिल्डमा राम्रो गरे पनि उनीहरू उत्कृष्ट चुनिएनन्, व्यक्तिगत विधामा । सन्तोषले त ४ गोल पनि निकाले । धेरै हदसम्म जर्जप्रिन्सको खेल उनको प्रतिष्ठाअनुसार रहेन ।

**लिगमा आर्मी**

| | |
|---|---|
| १३ | कुल खेल |
| २१ | गोल गरेको |
| १ | आत्मघाती गोल |
| ७ | गोल खाएको |
| २७ | अंक |
| २ | रातो कार्ड |
| १३ | पहेँलो कार्ड |

# साबिक विजेता अन्तिम आठमा



कर्पोरेट सुपर सिक्स क्रिकेटमा सोमबार माछापुच्छ्रेका खेलाडी । *तस्बिर : कान्तिपुर*

**कान्तिपुर संवाददाता** (काठमाडौं)

एनसेल 'ए', कामना सेवा, सेन्चुरी र एनआईसी एसिया बैंकले छैटौं माछापुच्छ्रे बैंक कर्पोरेट सुपर सिक्स क्रिकेटको क्वाटरफाइनल यात्रा तय गरेका छन् । मेगा बैंक, भारतीय दूतावास, सनराइज र प्राइम कमर्सियल बैंक पनि खेल जित्दै अन्तिम १६ मा पुगेका छन् ।

मेगाले भारतीय दूतावासलाई १० रनले हरायो । ८३ रनको लक्ष्य पछ्याएको भारतीय दूतावास ७२ रनमै समेटियो । सोमबारै प्रिक्वाटरफाइनलमा भने भने भारतीय दूतावासले सिप्रदीलाई ५ विकेटले हरायो । ५४ रनको लक्ष्य दूतावासले ३.२ ओभरमै १ विकेट गुमाई पूरा गऱ्यो । सिप्रदी टिम मेगा बैंकसँग पनि १८ रनले पराजित भयो । ७७ रनको लक्ष्य पाएको सिप्रदी ५८ रनमै रोकियो ।

कामना सेवा बैंकले दिनमा दोहोरो जित पायो । लिग चरणमा कुमारी बैंकलाई २९ रनले हराएको कामनाले अर्को खेलमा ग्लोबल आईएमई बैंकमाथि ३६ रनको जित पायो । ९४ रनको लक्ष्य पछ्याउने क्रममा ग्लोबल आईएमईले ५७ रनमात्र बनाउन सक्यो ।

लिग चरणमा प्राइम बैंकले नेपाल लाइफ इन्स्योरेन्सलाई १८ रनले हरायो । ८२ रनको लक्ष्य पछ्याएको नेपाल लाइफले ६३ रनमात्र बनाउन सक्यो । माछापुच्छ्रेले सनराइज बैंकलाई ५ विकेटले हरायो । ४७ रनको लक्ष्य माछापुच्छ्रेले २ विकेट गुमाएर भेट्टायो ।

एनसेल 'ए' ले कुमारी बैंकलाई ४३ रनले हराउँदै क्वाटरफाइनल तय गऱ्यो । ७७ रनको लक्ष्य पाएको कुमारी बैंक ३३ रनमै रोकियो । साबिक विजेता सेन्चुरी बैंकले पनि नेपाल टेलिकमलाई ४ विकेटले हरायो । ६१ रनको लक्ष्य सेन्चुरीले एक बल बाँकी छँदा २ विकेट गुमाएर पूरा गऱ्यो । एनआईसी एसिया बैंकले आईसीएफसी फाइनान्सलाई ३ विकेटले हराएर क्वाटरफाइनल पक्का गऱ्यो । ५८ रनको लक्ष्य एनआईसी एसियाले ४.५ ओभरमा २ विकेट गुमाई पूरा गऱ्यो ।

## जेभियर र साइपाल च्याम्पियन

काठमाडौं (कास)- जेभियर कलेज र साइपाल एकेडेमीले पाँचौं हिसान उपत्यकाव्यापी खेलकुदको बास्केटबल उपाधि जितेका छन् । काठमाडौं हिसानद्वारा सोमबार प्रतियोगिताको ब्वाइज फाइनलमा जेभियरले सीसीआरसीलाई ४८-३९ स्कोरले हरायो । जेभियरका सागर तामाङले १० स्कोर गरे । जेभियरले ११-८, १३-१२, १२-१३, १२-६ को क्वाटर आफ्नो पक्षमा पारेको थियो ।

गर्ल्सको फाइनलमा दृष्टि श्रेष्ठको ११ स्कोर मदतमा साइपालले मोर्गनमाथि ३६-२७ को जित पायो । साइपालले १२-२, ६-३, ७-९, ११-१३ को स्थितिको क्वाटर टुंग्याएको थियो । साइपालले यो सिजन जितेको यो १० औं हो । ऋत एकेडेमीमा भएको खेलमा ब्वाइजतर्फ जेभियरका शिशिर कुँवर र गर्ल्समा साइपालकी पुनम राई मोस्ट भ्यालुएबल प्लेयर घोषित भए । ब्वाइजमा १९ र गर्ल्समा ७ टिमले नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए ।

# खप्तड गोल्डकपको तयारी




खप्तड गोल्डकपबारे जानकारी गराउँदै आयोजक । *तस्बिर : मोहन/कान्तिपुर*

## विजेताले २१ लाख पाउने

■ **मोहन बुढाऐर** (धनगढी)

सर्वाधिक धनराशिको सुदूरपश्चिम आमन्त्रित खप्तड गोल्डकप चौथो संस्करणको ट्रफी र खेलतालिका सोमबार सार्वजनिक गरिएको छ । विजेता र उपविजेताले क्रमशः २१ लाख र १० लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

देशका १२ 'ए' डिभिजनस्तरका टिमले भाग लिने प्रतियोगिता धनगढी रंगशालामा फागुन ९ देखि २० सम्म हुनेछ । प्रतियोगिताको तयारीको अन्तिम चरणमा पुगेको आयोजक टिम सुदूरपश्चिम-११ स्पोर्ट्स क्लबका महासचिव प्रकाश सिंहले बताए ।

उद्घाटन खेलमा वाग्मती क्लब र कञ्चनजंघा फुटबल क्लब भारतबीच प्रतिस्पर्धा हुनेछ । विजेता टिमले सेमिफाइनल पुग्नका लागि नेपाल आइस सुदूरपश्चिम-११ सँग प्रतिस्पर्धा गर्नेछ । फागुन १० मा एपीएफ र एनआरटीबीच प्रतिस्पर्धा हुनेछ । विजेताले फागुन १५ मा सेमिफाइनल पुग्नका लागि नेपाल पुलिस क्लब काठमाडौंसँग प्रतिस्पर्धा गर्नेछ ।

फागुन ११ मा नवजनजागृति क्लब सिमरा र जावलाखेल युथबीच प्रतिस्पर्धा हुनेछ । विजेताले सेमिफाइनल पुग्नका लागि फागुन १४ मा रुस्लान थ्रीस्टार क्लबसँग प्रतिस्पर्धा गर्नेछ । फागुन १२ मा गोर्खा ब्वाइज रूपन्देही र कोवा फुटबल क्लब क्यामरुनबीच खेल हुनेछ । विजेताले सेमिफाइनल पुग्नका लागि सीएमजी संकटासँग फागुन १६ मा प्रतिस्पर्धा गर्नेछ । पहिलो सेमिफाइनल फागुन १७ र दोस्रो १८ मा हुनेछ ।

चौधरी ग्रुपको नेपाल आइसले मुख्य प्रायोजन गरेको प्रतियोगितामा दुई विदेशीसहित १२ टिम सहभागी हुनेछन् । प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई मोटरसाईकल, विभिन्न विधाका उत्कृष्ट खेलाडीलाई १५-१५ हजार र हरेक खेलका म्यान अफ द म्याचले १० हजार पुरस्कार पाउने छन् । कुल १ करोड ५० लाख खर्च लाग्ने अनुमान गरिएको प्रतियोगिताको खेल दैनिक १० हजार दर्शकले प्रत्यक्ष हेर्ने आयोजकको दाबी छ ।

# सबैको चुनौती लिभरपुल

**च्याम्पियन्स लिग**



च्याम्पियन्स लिगअन्तर्गत अन्तिम १६ मा एट्लेटिको म्याड्रिडविरुद्ध हुने पहिलो लेगको खेलअघि अभ्यासरत लिभरपुलका खेलाडी । *तस्बिर : एएफपी*

लन्डन (एएफपी)- युरोपेली च्याम्पिन्स लिग मंगलबार फेरि फर्कंदै छ । डिफेन्डिङ च्याम्पियन लिभरपुल प्रतियोगिताका कायम अरु सबै टिमका लागि सबैभन्दा ठूलो चुनौती रहनेछ । त्यसमाथि लिभरपुल गत वर्ष उपाधि जित्दाको सम्झना हुने गरी एट्लेटिको म्याड्रिडको सामना गर्न मंगलबार राति वान्डा मेट्रोपोलिटानामो फर्कने छ । लिभरपुल ६० वर्षयता पहिलोपल्ट प्रिमियर लिग उपाधि जितको संघारमा छ ।

लिभरपुलले अहिलेसम्म यसपल्टको लिग यात्रामा २ अंकमात्र गुमाएको छ । च्याम्पियन्स लिगको क्वाटरफाइनल हुनुअगाडि नै अप्रिलको सुरुमा लिभरपुलले प्रिमियर लिग जित्ने औपचारिकता पूरा गरिसक्नेछ । यसपल्ट लिभरपुलसामु ५ उपाधि जित्ने अवसर छ । त्यसमध्ये टोलीले यूईएफए सुपर कप र क्लब वर्ल्ड कप जितिसकेको छ । व्यवस्थापकमा योर्गन क्लोप आएयता लिभरपुलले च्याम्पियन्स लिगमा पनि लगातार राम्रो गरिरहेको छ ।

जर्मन प्रशिक्षकले एनफिल्डमा बिताएका चार सिजनमध्ये सन् २०१६ मा युरोपा लिग फाइनल खेलेको थियो भने त्यसलगत्तै च्याम्पियन्स लिगमा रियल म्याड्रिडविरुद्ध उपाधि भिडन्तमा उत्रेको थियो । दुवैमा लिभरपुल पराजित रह्यो । तर गत सिजन भने लिभरपुलले टोटेनहमलाई हराएर स्पेनी राजधानीमा युरोपेली क्लब फुटबलको सबैभन्दा ठूलो उपाधि चुमेको थियो । 'हामीले यसपल्ट पनि उपाधि जित्ने छौं भनेर दाबी गर्न सक्दैनौं, तर हामी यसका लागि हामी तयार छौं,' क्लोपले भनेका छन् ।

एट्लेटिको अहिले जुन लयबाट गुज्रिरहेको छ, त्यो आधारमा लिभरपुलका लागि यो बलियो चुनौती भने हुने छैन । प्रशिक्षक डिएगो सिमोनीको भविष्यलाई लिएर ८ वर्षयता पहिलोपल्ट प्रश्न उठेको छ । उपाधि होडमा नरहेको एटलेटिको शीर्ष चारमा स्थान बनाउन पनि संघर्षरत छ । यो सिजन क्लब गोलका लागि संघर्षरत छ । सन् २०१४ र २०१६ को फाइनल खेलेको एट्लेटिकोको डिफेन्स पनि यसपल्ट कमजोर साबित भएको छ ।

लिभरपुल भने पछिल्ला ११ खेलमा लगातार विजयी छ । यसक्रमा टोलीले २४ गोल गरेर एकै गोलमात्र खाएको छ । तर अर्को प्रिमियर लिग क्लब म्यानचेस्टर सिटीका लागि भने स्थिति दयनीय छ । सिटीमाथि भर्खरै युरोपेली फुटबल महासंघले प्रतियोगिता दुई वर्ष खेल्न नपाउने गरेर प्रतिबन्ध लगाएको छ । यस्तोमा पेप ग्वार्डिओलाको नेतृत्वमा सिटीसामु यसपल्ट उपाधि हात पार्ने एकमात्र अवसर हुनेछ र यसपल्ट पनि सफल नरहेर यसको भविष्यबारे कल्पना गर्न सकिन्न ।

सिटीको प्रतिद्वन्द्वी रियल म्याड्रिड छ । जिनेदिन जिदानको टोली रियल पनि लयमा छ । ला लिगाका पछिल्ला १७ खेलमा रियल अपराजित छ । जिदानले यसपल्ट रियललाई फेरि बलियो र आत्मविश्वासी टिम बनाएको छ । पेरिस सेन्ट जर्मेनले पनि लगातार तीन वर्षको पीडादायी नतिजापछि यसपल्ट अन्तिम १६ मा आफ्नो चुनौती नवीकरण गर्न मंगलबार नै बरुसिया डर्टमन्डको भ्रमणमा जानेछ । डर्टमन्ड जर्मन बुन्डेसलिगामा अहिले उत्कृष्ट लयबाट गुज्रिरहेको छ ।

बार्सिलोनामा च्याम्पियन्स लिगको नकआउट चरण सामना गर्न प्रशिक्षक क्विक सेटिन आएका छन् । उनीसँग यसअघि च्याम्पियन्स लिग खेलाएको अनुभव नै छैन । बार्सिलोनाले नेपोलीको सामना गर्नेछ । घरेलु सफलतामै चित्त बुझाइरहेको युभेन्ट्सले भने लियोनको भ्रमण गर्नेछ भने बायर्नले चेल्सीको चुनौती आत्मसात् गर्नेछ । अन्य खेलमा एटलान्टा र भ्यालेन्सिया तथा टोटेनहम र लेप्जिगले एकआपसको चुनौती बेहोर्नेछन् ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा

को-हस्बेन्ड
बहुपति प्रथामाथिको डकुमेन्ट्री उत्कृष्ट । ९



लभ आजकल
पुरानै शैलीको पुनरावृत्ति । ९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३५९ विराटनगर | ६ फागुन २०७६ मंगलबार फाल्गुण कृष्णपक्ष दशमी | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, February 18, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ





कोरोना भाइरस प्रभावित चीनको वुहानबाट ल्याएर राखिएकाहरू सोमबार भक्तपुरको चाँगुनारायण-७ खरिपाटीस्थित क्वारेन्टाइन परिसरमा । त्यहाँ राखिएका सबै १७५ जनाको घाँटीको र्‍याल र 'नेजेल स्वाब' को नमुना संकलन गरिएको छ । परीक्षणको नतिजा बुधबारसम्म आइसक्ने जनाइएको छ । क्वारेन्टाइनमा १३५ जना पुरुष र ४० जना महिला छन् । समाचार पृष्ठ २ ।
तस्बिर : इलिट जोशी/कान्तिपुर

# दिल्लीबाट उड्न 'इन्ट्री परमिट' अनिवार्य

## स्थलमार्गबाट भारत पुग्ने नेपालीलाई हवाईमार्गबाट फर्कन पासपोर्ट नै चाहिने, भारतीय भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउने

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

परराष्ट्र मन्त्रालयले गरेको औपचारिक आग्रहपछि भारतीय अध्यागमनले 'नेपालका स्थलमार्गबाट दिल्ली पुग्ने नेपाली यात्रुले विमानबाट काठमाडौं फर्कन नपाउने' नियम अनिवार्य गरेको छ ।

दिल्लीस्थित नेपाली दूतावासले जारी गरेको सूचनामा यात्रुले आफ्नो राहदानीमा 'प्रस्थान छाप' (डिपार्चर स्टाम्प) भएको अवस्थामा मात्रै भारतीय अध्यागमनले 'आगमन छाप' (एराइभल स्टाम्प) लगाउने स्पष्ट प्रबन्ध कायम भएको जनाएको छ । यो सूचनापछि परोक्ष रूपमा नेपाल-भारतका नागरिकले हवाईमार्ग हुँदै एकअर्को देशमा आवतजावत गर्न नागरिकता वा अन्य प्रामाणिक पहिचानपत्र प्रयोग गर्न पनि नसक्ने भएका छन् । 'नागरिकतामा एराइभल वा डिपार्चर स्टाम्प लगाउन असम्भव रहेको र यसबारेको रेकर्ड पद्धतिसमेत प्रभावकारी नभएका कारण अब आवागमनमा पासपोर्ट प्रयोगका लागि यात्रुलाई प्रोत्साहित गरिनेछ,' अध्यागमन विभागका एक अधिकारीले भने ।

दिल्लीस्थित उपनियोग प्रमुख भरतकुमार रेग्मीका अनुसार, 'दिल्ली आउने नेपाली यात्रुको पासपोर्टमा इन्ट्री परमिट देखियो भने मात्रै भारतीय अध्यागमनले एक्जिट-परमिट दिने नियम अनिवार्य' भएको छ । 'यो नियमको व्यवस्था हाम्रो अन्तरसरकारी समन्वयमार्फत परराष्ट्रले भारतलाई गरेको अनुरोध बमोजिम हो, यसकारण यो व्यवस्थामा पारस्परिक समान हैसियतको व्यवहार (रेसिप्रोकिसिटी) आवश्यक रहन्न,' रेग्मीले भने । आवागमनमा यो 'असमान प्रबन्ध' लागू भएको अवस्थामा पशुपति दर्शनमा स्थलमार्गबाट आएका भारतीयले भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउनेछन् ।

दूतावासले जारी गरेको सूचनामा 'नेपाल-भारतबीच रहेको खुला सिमानाका कारण नेपालीहरूलाई स्थलमार्गबाट भारत प्रवेश गर्न सहज रहेको सर्वविदितै रहेको' भनिए पनि 'स्थलमार्ग हुँदै भारत आएर तेस्रो मुलुक उड्न खोज्दा समस्या आइपर्ने भएकाले काठमाडौंबाटै उडान भर्न' आग्रह गरिएको छ । तर सूचनामा भनिएजस्तो तेस्रो मुलुक उड्न खोज्दा मात्रै नभएर विशेष परिस्थितिमा सडकमार्गबाट दिल्ली गएर विमानबाट काठमाडौं फर्कन चाहने नेपाली यात्रु पनि 'उडान प्रतिबन्धित' स्थितिमा पुगेका छन् ।

'दुई महिनाअघि पेटको क्यान्सरको सम्भावना देखिएपछि मैले बस सेवाबाट आमालाई राजीव गान्धी क्यान्सर हस्पिटल ल्याएको थिएँ,' पोखराका राजकुमार श्रेष्ठले दिल्लीबाट फोनमा भने, 'अहिले डाइग्नोसिस भएर पुष्टि भएको छ । एक चरणमा किमो दिएपछि आगामी साता काठमाडौंसम्म नेपाल एयरलाइन्सबाट जाने योजना थियो तर यसरी 'इन्ट्री परमिट' नभई र नागरिकताका भरमा उडेर काठमाडौं जान मिल्दैन भनेर एयरलाइन्सले भन्यो । अब नेपाल-भारत खुला सीमा र सहज आवागमनको कुरा मेरोजस्तो कठिनाइमा कसरी लागू हुन सक्ला ?'

बाँकी पृष्ठ १३ ▶▶

## भोलि

३६ पृष्ठको वार्षिकोत्सव विशेष



ती ३५ अग्रणी, जसले समाजलाई अगाडि बढाए, सभ्य बनाए अनि हाम्रो चेत र सोचलाई फराकिलो पारे

## गजब छ बा !

– अविन –



तपैं पूर्व सभामुखकाँ ?...
म पूर्व उपसभामुखकाँ !

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि


# भारतले महाकालीमा बनाएको पुल हटाइयो

■ **मनोज बडू** (दार्चुला)

भारतले महाकाली नदीमा लगाएको काठेपुल नेपाली प्रहरीले हटाएका छन् । केही साताअघि व्यास गाउँपालिका-१ को माल्पादेखि दोपखेसम्मको क्षेत्रमा भारतीय पक्षले काठेपुल हालेको थियो । आइतबार दुम्लिङमा रहेका प्रहरीले काठेपुल निकालेर महाकाली नदीमा फालेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । भारतले तिब्बत सीमा जोड्ने सडक निर्माण गर्नुका साथै सीमा नदी महाकालीमा पुल हालेको थियो ।

व्यास-१ पेल्सितीमा लगाइएको र माल्पानजिक महाकाली तर्न बनाइएको काठका डन्डी प्रहरीले फालेका हुन् । व्यास-१ कै कटारपानीमा डोजरसमेत वारपार गर्न मिल्ने गरी बनाएको कल्भर्टजस्तै पुलमाथि ढुंगा राखिएकाले भत्काउन नसकेको एक प्रहरीले बताए ।

प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले उक्त क्षेत्रमा सुरक्षा उपस्थिति नहुँदा त्यहाँ कार्यरत कामदारले सडक खनेका र अस्थायी काठेपुल लगाएका दाबी गरे । 'भारतले नभई उक्त क्षेत्रमा मजदुरी गर्न जाने नेपाली कामदारले सजिलोका लागि काठेपुल लगाएका रै'छन्,' उनले भने, 'अन्तर्राष्ट्रिय सीमा नदीमा पुल लगाउनु हुँदैन, सबैलाई समस्या पर्छ भनेर कामदारलाई सम्झाएर प्रहरी फर्केका छन् ।' प्रजिअ पौडेलले नेपाली कामदारले पुल राखेको दाबी गरे पनि सीमापारि भारतीय सुरक्षाकर्मीको नियमित गस्तीका बीच कामदारले सीमा नदीमा पुल हाल्नु असम्भव भएको स्थानीय बताउँछन् । 'हाम्रो प्रशासनले यस्तै जानकारी गराएको होला,' स्थानीय हिमालय भट्टले भने, 'भारतले उक्त क्षेत्रमा मनोमानी ढंगले सडक निर्माण गरिरहेको छ । काठेपुल त कामदारले वारिपारि गर्नलाई लगाए होला । नेपाली भूमिमा आएर सडक बनाई डोजर ओसारपसार गर्नु कति ठूलो हेपाहा प्रवृत्ति हो ।'



दार्चुलाको व्यास गाउँपालिका-१ को पेल्सितीस्थित सीमा नदी महाकालीमा भारतले बनाएको काठेपुल ।
फाइल तस्बिर : कान्तिपुर

गत वर्ष भारतले नेपाली प्रशासनकै सहमतिमा महाकालीमा काठेपुल हालेको थियो । 'दुई देशको सीमा क्षेत्रमा संरचना निर्माण गर्न नपाइने अन्तर्राष्ट्रिय नियम छ । तर, भारतले त्यसविपरीत नेपाली पक्षको उपस्थिति नभएको मौका छोपी संरचना निर्माण गर्दै आइरहेको छ,' प्रजिअ पौडेलले भने, 'गर्नैपर्ने भए हाम्रो सहमति लिनुपर्थ्यो ।' उक्त क्षेत्रमा भारतले दुई ठाउँमा करिब आधा किलोमिटर सडक खनेको छ भने एक ठाउँमा सवारीसाधन वारपार गर्न सक्ने पुलसमेत बनाएको छ । भारतले महाकालीमा काठेपुल राखेको र नेपाली भूमिमै आएर आधा किलोमिटर सडक खनेको समाचार कान्तिपुरमार्फत सार्वजनिक भएपछि मात्रै नेपाली प्रशासनले पुल भत्काउन चासो दिएको हो । गत शनिबारमात्रै नेपाली प्रशासनले उत्तरी सीमा क्षेत्रमा भएका गतिविधिबारे कुनै थाहा नभएको र पुल निर्माण र सडक खनेको बारे अनभिज्ञता प्रकट गरेको थियो ।

### कालापानी नपुगी फर्किए उपप्रधानमन्त्री

उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल नेतृत्वको टोली सोमबार सेनाको हेलिकप्टर लिएर उडे पनि भारतद्वारा अतिक्रमित कालापानी क्षेत्र नपुगी फर्किएको छ । व्यास गाउँपालिका-१ छाङरुसम्म पुगेर टोली आकाशबाटै फर्केको हो ।

भ्रमण टोलीमा रहेका सुदूरपश्चिम प्रदेश सांसद गेल्बुसिंह बोहराले पाँच मिनेट जति छाङरु गाउँमाथिको आकाश हुँदै तिंकर खोलाबाट हेलिकप्टर टर्न भएको बताए । उनले छाङरुमा सशस्त्र प्रहरीको सीमा अवलोकन पोस्ट (बीओपी) स्थापना गर्ने स्थानको आकाशबाटै अवलोकन गरिएको बताए । फर्केपछि खलंगामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै पोखरेलले नेपालका सीमा क्षेत्रमा क्रमशः सुरक्षा पोस्टहरू थपिँदै जाने बताए ।

## भित्र

धनुषा र रूपन्देहीमा सामूहिक बलात्कार
मौसमी रुघाखोकी लागेकामा स्वाइन र हङकङ फ्लु देखियो
वन लगानी कार्यक्रममा पौने ६ अर्ब




# 'बाँकी कुरा पछि भन्छु'

■ **मातृका दाहाल** (काठमाडौं)



यसरी सफाइ पाए महराले । ३

नेकपा सचेतक भन्छिन्- 'पुरुषपीडक कानुनले महरा पीडित'

पूर्वसभामुख कृष्णबहादुर महरालाई सोमबार दिउँसो काठमाडौं जिल्ला अदालतले सफाइ दिएसँगै उनका सहयोगी र शुभेच्छुकहरू डिल्लीबजार कारागारबाहिर भेला भइसकेका थिए । सत्तारूढ नेकपाका हिमाल शर्मालगायत नेता-कार्यकर्ता महरालाई स्वागत गर्न फूलमालासहित पुगेका थिए ।

सफाइ पाएका महरालाई करिब ३ बजेतिर अदालतबाट सिधै कारागारको 'क' ब्लकमा लगियो । त्यहीं रहेका पूर्वआईजीपी रमेश चन्द ठकुरी, सशस्त्रका पूर्वडीआईजी रञ्जन कोइरालालगायतले 'बधाई छ हजुर' भन्दै उनलाई स्वागत गरे । चन्द सुडान घोटाला प्रकरणमा र पूर्वडीआईजी कोइराला पत्नी गीता ढकालको हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । करिब ५० जना अट्ने 'क' ब्लकको हलमा चन्द र कोइरालासँगै महरा १३३ दिन बसेका थिए । दुवै पूर्वप्रहरी अधिकृत उनका रुम पार्टनर थिए । कैदीबन्दीले सोमबार 'पहिलो पटक महरालाई मुस्कुराएको देखेको' भन्दै मुखामुख पनि गरे । कहिलेकाहीँ मात्रै घरबाट ल्याएको खाना खाएका महराले यो अवधिमा अधिकांश समय कैदीबन्दीबाट सञ्चालित मेसमा खाना खाएका थिए ।

आफूलाई खाना खुवाउनेदेखि भेटिएका सबैप्रति उनले छुट्ने बेला सहानुभूति देखाए । महराले 'यो अवधिको बसाइ अविष्मरणीय रह्यो, तपाईंहरूले गर्नुभएको सहयोग र मप्रति देखाउनुभएको सद्भावप्रति धन्यवाद दिन चाहन्छु' भने । त्यति भनिसकेपछि पूर्वआईजीपी चन्द र पूर्वडीआईजी कोइरालाले खादा ओढाएर बिदाइ गरे । जेलमा ल्याउँदा पनि चन्दले उनलाई स्वागत गरेका थिए ।

२०६८ जेठ १८ मा आईजीपी चन्दलाई जिम्मेवारीबाट मुक्त गरी प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारमा ल्याउने प्रस्ताव उनै महराले गरेका थिए । त्यसमा तत्कालीन प्रधानमन्त्री झलनाथ खनालले सहमति जनाएका थिए । प्रधानमन्त्री खनाल र गृहमन्त्री महराको सल्लाहमा चन्दलाई आईजीपीबाट हटाइएको थियो । एक कर्मचारीका अनुसार घर जानुअघि महरा निकै खुसी देखिएका थिए ।

बाँकी पृष्ठ ३ ▶▶

# प्रदेशको नाम तोक्न दबाब

मोरङ (कास)- प्रदेश १ को नामकरण तत्काल गर्न प्रदेशसभा बैठकमा सांसदहरूले माग गरेका छन्। प्रमुख प्रतिपक्षी दलकी सांसद सञ्झाकुमारी दनुबारले सोमबार प्रदेशसभामा प्रदेशको नामकरणमा अब ढिलाइ गर्न नहुने भन्दै सभामुखलाई ध्यानाकर्षण गराएकी थिइन्।

'सत्तारूढ दल नेकपाले आफ्ना पार्टीको हेडक्वार्टरको निर्देशनको पर्खाइमा ढिलाई भएको हो ?' उनले भनिन्, 'बच्चा जन्मेको ६ दिनमा नामकरण गर्नुपर्ने हुन्छ तर प्रदेशसभा गठन भएको दुई वर्ष बित्दासमेत नामकरण नहुँदा जनताले गिज्याउन थालेका छन्।'

सत्तारूढ दलका सांसद खिनुलङ्बा लिम्बूले पनि प्रदेशको नामकरणका लागि ध्यानाकर्षण गराइन्। यस्तै, विष्णुतुम्बा हाम्फेले पनि प्रदेशको नामकरण पहिचानको आधारमा गर्न माग गरिन्। प्रदेशसभामा प्रतिनिधित्व गर्ने ५ वटा दलका संसदीय दलका नेताहरूले हिउँदे अधिवेशन सुरु भएकै दिन यस अधिवेशनबाट प्रदेशको नामकरण गरिने प्रतिबद्धता जनाएका थिए।

संवैधानिक व्यवस्थाअनुसार प्रदेशको नामकरणका लागि संसद्को दुई तिहाइ बहुमतले पारित गर्नुपर्ने छ। सत्तापक्ष नेकपा दुई तिहाइको हैसियतमा भएकाले प्रदेशको नामकरणमा प्रतिपक्षी दलहरूको खासै महत्त्व नहुने अवस्था छ। तर सत्तापक्षकै सांसदहरूबीच यो विषयमा सहमति जुट्न सकिरहेको छैन।

नामकरणको विषयमा सांसदहरू जाति र समुदायका आधारमा विभाजित भएका छन्। तत्कालिन माओवादी पार्टीले पनि जातीय पहिचानको आधारमा प्रदेशको नामकरण गर्ने भनी यहाँका आदिवासी जनजातिलाई दिएको आश्वासनले पनि नामकरण प्रभावित भएको हो।

सत्तापक्षका सांसदमा जनजातिको संख्या अधिक रहेकाले जातीय पहिचानको आधारमा प्रदेशको नामकरण गर्ने दबाब चर्को छ। तर पहिचान पक्षधर सांसदहरूमा पनि मत भिन्नता छ। सांसदहरू किराँत, लिम्बुवान, खुम्बुवान, कोसी, सगरमाथा, कोसी-किराँत र कोसी-सगरमाथामा बाँडिएको सुनसरीका सांसद उमिता विश्वकर्माको भनाइ थियो।

दलहरूबीच पनि प्रदेशको नामकरणको विषयमा सहमति जुट्न सकेको छैन। प्रमुख प्रतिपक्षी दल कांग्रेसले प्रदेशको नामकरणका लागि स्थानीय तहसँग राय संकलन थालेको प्रमुख सचेतक केदार कार्कीले बताए।

प्रदेशसभामा नेकपाको दुई तिहाइ बहुमत छ। प्रदेशसभाका ९३ सदस्यमध्ये नेकपाको ६७, कांग्रेसका २१, संघीय समाजवादी फोरम ३, स्वतन्त्र, राप्रपा र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका एक/एक सदस्य छन्।

# खोलामा दोब्बर दोहन

स्थानीय तहले खोला डेढ मिटरभन्दा गहिर्‍याउन रोक लगाए पनि क्रसर उद्योगले जनप्रतिनिधिकै संरक्षणमा ३ मिटरसम्म खनेर गिट्टीबालुवा झिकिरहेछन्

■ **विनोद भण्डारी** (विराटनगर)

मोरङका क्रसर उद्योग र खोलाका ठेकेदारले मापदण्ड विपरित प्राकृतिक स्रोत दोहन गर्दा बस्ती संकटमा परेका छन्। कतिपय स्थानमा चापाकल र इनारको पानीको मुहान सुकेका छन्। केही स्थानमा चुरेक्षेत्रमा मापदण्डविपरीत उत्खनन् गरेको पाइएको छ।

त्यस्ता उद्योगले ढुंगा, गिट्टी, बालुवा दोहन तीव्र बनाएको भन्दै प्रदेश सांसदहरूले प्रदेशसभामा सरकारको ध्यानाकर्षण गराउँदै आएका छन्। उनीहरूले सरकारले ल्याएको प्रदेश वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयकमा दोहन रोक्न माग गरेका छन्।

अधिकांश क्रसर उद्योग र खोलाका ठेक्दार स्थानीय जनप्रतिनिधिको संरक्षणमा रहेको समेत पाइएको छ। केरावारी गाउँपालिका ९ स्थित भलुवा खोलामा ठेक्दारले तोकिएको मापदण्डभन्दा बढी खोलाबाट ढुङ्गा, गिट्टी र बालुवा निकाल्दा खोलो नै पोखरी जस्तै बनेको छ। त्यहाँ खोला उत्खनन गर्नका लागि सम्बन्धित निकायले बढीमा एक मिटर ३० सेन्टिमिटर गहिरो खन्न अनुमति दिएको थियो। ठेकेदारले तीन मिटरसम्म गहिरो खन्दा आसपासका बासिन्दा आक्रोशित भएका छन्। 'हामीले त्यति गहिरो बनाएर नखन्न ठेकेदारलाई आग्रह गर्‍यौं' स्थानीय शरद लिम्बुले भने, 'तर खन्न छाडेनन्।' उनका अनुसार मापदण्ड विपरीत खोला खन्दा यहाँका जनप्रतिनिधिहरू पनि चुपचाप छन्। केराबारीको धरधरेदेखि माथिल्लो क्षेत्रलाई चुरे क्षेत्र घोषणा गरेर प्राकृतिक स्रोतको उत्खनन गर्न रोक लगाइएको थियो। तर अहिले त्यहाँ धमाधम ढुङ्गा, गिट्टी र बालुवा निकाल्दा पनि सम्बन्धित निकायले वास्ता गरेको छैन। ठेकेदारले मापदण्ड विपरीत र चुरेक्षेत्रमा समेत नदी उत्खनन गरेको स्वीकार्दै वडाध्यक्ष भूपतेन्द्रप्रताप मल्लले जनप्रतिनिधिले रोक्न नसकेको बताए।

गछिया खोलाको डिलमा सञ्चालन भइरहेका दुइटा क्रसर उद्योग र ठेक्दारले वातावरणीय प्रभाव मूल्यांकन विपरीत खोलाको दोहन गर्दा स्थानीय निकाय, प्रहरी र प्रशासन मौन छन। शून्य दशमलव ५ मिटरदेखि बढीमा डेढ मिटरसम्म गहिरो बनाएर गिट्टी, बालुवा र ढुङ्गा उत्खनन् गर्न स्थानीय तहले क्रसर र ठेक्दारलाई अनुमति दिएको थियो। तर तीन मिटरसम्म गहिरो खनेर उत्खनन गर्दै आएको पाइएको छ।

वातावरण प्रभाव मूल्यांकनमा हाते उपकरण प्रयोग गर्ने सहमति भए पनि ठेकेदारले एक्स्काभेटर प्रयोग गरेर गिट्टी र बालुवा निकाल्दै आएका छन्। गछिया खोलाकै डिलमा पूर्वाञ्चल र अटल नामका क्रसर उद्योग मापदण्ड विपरीत सञ्चालन भइरहेका छन। उक्त खोलाको बालुवा गिट्टी झिक्ने ठेकेदार रमेश आचार्य हुन्। स्रोतका अनुसार सुन्दर हरैंचा नगरपालिकाले उक्त खोलाबाट दैनिक २४९ दशमलव ९६ घन मिटरका दरले ६७ हजार ४ सय ८८ दशमलव ६७ घनमिटर ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गर्न ठेक्का लगाएको थियो। तर यो परिमाणभन्दा दोब्बर उत्खनन गरिसक्दा पनि स्थानीय निकाय मौन छ। त्यसै गरी वेलवारी नगरपालिकाले ८ करोडमा ठेक्का लगाएको लोहन्द्रा खोलाबाट पनि गिट्टी, बालुवा दोहन भइरहँदा पनि नगरपालिकाले नियन्त्रणको प्रयत्न गरेको छैन। उक्त खोलाको ठेक्का बेलबारीसहित सुन्दर हरैंचा नगर, केरावारी र ग्रामथान गाउँपालिकाले बाँडफाँड गर्छन। खोलाको ठेक्का माधव थापासहित राजन प्रसाईंले लिएका छन्। प्रसाई बेलबारी नगरपालिकाका मेयर ज्ञानेन्द्र सुवेदीका भान्जा हुन।



मोरङको गछिया खोलामा बालुवा, गिट्टी संकलन गरिँदै। *तस्बिर : विनोद/कान्तिपुर*

लोहन्द्रा खोलामा मापदण्डविपरीत प्राकृतिक स्रोत निकाल्दा ग्रामथान गाउँपालिका ४ को मोतिपुरको सिंगो बस्ती नै प्रभावित हुँदापनि दोहन रोकिएको छैन। ग्रामथान ४ मोतीपुर र बेलबारी नगरपालिकाको सिमाना भएर बग्ने लोहन्द्रा खोलामा मापदण्डविपरीत दैनिक सयौं ट्याक्टर र टिफरमा बालुवा र ढुङ्गा उत्खनन् भइरहँदा कसैले नियन्त्रणको प्रयास गरेको छैन। खोलाको सतह भन्दा ८ देखि १२ फिटभन्दा बढी गहिरो खाडल बनाएर मापदण्ड विपरित उत्खनन गरिएको स्थानिय सुन्दर थारु सरदारको गुनासो छ। खोलामा मापदण्ड विपरीत उत्खनन गर्दा भएको खाल्डोमा डुबेर गत वर्ष एक बालकको मृत्यु हुँदा उत्खनन गर्ने टोलीले मृतकका परिवालाई क्षतिपूर्ति दिएर घटना गुपचुप बनाएको स्थानीयको दाबी छ।

उत्खननका कारण ग्रामथान गपाको भोला चोक, शुक्रबारे छेउसम्मै आइपुगेको पैनी, सार्वजनिक बाटो र आर्यघाटको संरचना कटानमा परेकोले जोखिम बढेको स्थानीयको भनाइ छ। खोलाको सतह गहिरो भएका कारण चौपायालाई चरनमा लान र खोला वारपार गर्दा डुब्ने खतरा पनि बढेको उनीहरूको गुनासो छ। त्यसैगरी लेटाङको चिसाङ र केराबारीको खदम खोलामा मापदण्ड विपरीत खोलाको दोहन गर्दा खोलाको सतह गरिएर आसपासका बस्तीका चापाकल र इनारको पानीको स्रोत सुकेपछि पानी नै आउने छाडेको स्थानीयको गुनासो छ। दुई वर्षअघि जिल्ला प्रशासन कार्यालयले मोरङका क्रसर उद्योगहरूको नियमनका लागि गठन गरेको अनुगमन समितिले अधिकांश उद्योग खोला र वन क्षेत्रमै मापदण्ड विपरित सञ्चालन भइरहेको प्रतिवेदन तयार गरेको थियो। प्रशासनले उक्त प्रतिवेदन अहिलेसम्म कार्यान्वयनमा ल्याएको छैन।

त्यसलगत्तै प्रशासनले खोला नदी र वन क्षेत्रमा अवैध रुपमा क्रसर सञ्चालन भएको र एक्स्काभेटर लगाएर मापदण्ड विपरीत उत्खनन भइरहेको गुनासो बढेपछि घरेलु कार्यालयका तत्कालीन प्रमुखको नेतृत्वमा अनुगमन समिति गठन गरेको थियो। समितिले रमेश भट्टराईको नाममा दर्ता भएको ओम श्री क्रसर उद्योगसहित त्यहाँका अन्य क्रसर उद्योग चिसाङ खोलामै स्थापना भएको वन क्षेत्रको मापदण्ड पालन नगरेको प्रतिवेदन बुझाएको थियो।

त्यसैगरी केरावारी गाउँपालिकाका अध्यक्ष रोहित कार्कीको कृष्ण क्रसर उद्योग, वडा ३ का अध्यक्ष भक्त श्रेष्ठ, वडा ८ का अध्यक्ष मनोज खड्का र वडा १० का अध्यक्ष जंग खवासको महादेव क्रस उद्योग पनि खदम खोलामा मापदण्ड विपरीत सञ्चालन हुँदै आएको प्रतिवेदनमा उल्लेख थियो।

बेलबारीस्थित एनएआई एग्रिगेट, केराबारीको कृष्ण क्रसिङ, मिक्लाजुङको पूर्वेली क्रसर, सुन्दर हरैंचाको शंकर रोडा, पशुपति स्टोन क्रसिङ, सिद्धकाली रोडा, इस्टर्न एग्रिगेट एन्ड स्टोन, जयश्री तिरुपति क्रसर बेलबारीको माधव एग्रिगेट, पथरीको जयश्री तिरुपति क्रसर उद्योग पनि खोला र वन क्षेत्रको मापदण्ढ विपरीत सञ्चालन भइरहेको पाइएको छ।

केही क्रसर उद्योगले वन क्षेत्र पनि दोहन गरेको डिभिजन वन कार्यालय मोरङका प्रमुख विशाल घिमिरेको भनाइ छ। 'लेटाङ, केराबारी, चिसाङ लगायतका क्षेत्रमा वन क्षेत्र पनि क्रसर उद्योगवाट सुरक्षित छैन' घिमिरेले भने 'त्यसरी वन क्षेत्र नियम विपरीत दोहन गर्ने तीनवटा क्रसर उद्योग विरुद्ध जिल्ला अदालतमा दर्ता भएको मुद्दा विचाराधीन छ।'

जिल्ला समन्वय समिति मोरङका प्रमुख नरेश पोखरेल मापदण्डी विपरीत उत्खनन भएको गुनासो आएका स्थानमा सम्बन्धित स्थानीय तहलाई पत्रचार गरेर उत्खनन रोक्न निर्देशन दिने गरेको बताउँछन्। ग्रामथान गाउँपालिकालाई पनि उत्खनन रोक्न निर्देशन दिइसकेको उल्लेख गर्दै पोखरेलले भने, 'मापदण्ड अनुसार उत्खनन भए नभएको चाँडै अनुगमन गरेर नियम विपरीत गर्नेलाई कारबाहीको दायरामा ल्याइनेछ।'

**प्रदेश जनस्वास्थ्य विधेयक**

# धैरैतिर काम गर्ने चिकित्सकलाई कारबाही

मोरङ (कास)- प्रदेश १ मा एकभन्दा बढी स्वास्थ्य संस्थामा आबद्ध रही सेवा प्रदान गर्ने चिकित्सक वा स्वास्थ्यकर्मीलाई ५ हजार जरिवाना गर्ने व्यवस्था गरिएको छ। सामाजिक विकास मन्त्री जीवन घिमिरेले प्रदेशसभामा टेबल गरेको प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ मा यस्तो अधिकार स्वास्थ्य निर्देशकलाई तोकिएको छ।

स्वास्थ्य सेवा पाउने नागरिकको हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी तथा गुणस्तरीय तुल्याई नागरिकको पहुँच स्थापित गर्ने उद्देश्यले उक्त विधेयक ल्याएको मन्त्री घिमिरेले बताए। विधयेकको अधिकांश दफामा तोकिएबमोजिम शब्दाबली प्रयोग गरेर अधिकार प्रत्यायोजनको व्यवस्था गरिएको छ। यसले संसदबाट अधिकार प्रत्यायोजन गराएर मन्त्रालयले आफू अनुकुल नियमावली, कार्यविधि, निर्देशिका बनाएर मनोमानी तरिकाले काम गर्न सक्ने विज्ञहरूको भनाई छ। 'प्रत्येक नागरिकलाई प्रदेश सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने हक हुनेछ,' विधेयकमा भनिएको छ, 'प्रदेश सरकारले तोकेको आधारभूत स्वास्थ्य सेवा स्थानीय तहलेसमेत प्रदान गर्नुपर्ने छ।' कुनै पनि सेवाग्राहीलाई आर्थिक अभावका कारणले आकस्मिक उपचार सेवाबाट वञ्चित गराउने स्वास्थ्य संस्थालाई १० हजार जरिवाना तिर्नुपर्ने व्यवस्था विधयेकमा छ। 'उपयुक्त सेवा र सेवाप्रदायक हुँदाहुँदै पनि सेवाग्राहीलाई अन्य स्वास्थ्य संस्थामा रेफर गर्ने स्वास्थ्य संस्थालाई २० हजार जरिबाना गरिने छ,' विधयेकमा उल्लेख छ, 'प्रदेश सरकारले संघीय सरकार र स्वास्थ्य संस्थासँगको सहकार्यमा सर्वसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने र स्वास्थ्य सेवा लिन जाँदा सेवाग्राहीले पनि तोकिएको कर्तव्य पालना गर्नुपर्ने छ।'

> उपचारबाट वञ्चित गराउने स्वास्थ्य संस्थालाई १० हजार जरिवाना

सेवाग्राहीले सजिलै देख्ने स्थानमा नागरिक बडापत्र नराखे २० हजार जरिवाना तिर्नुपर्ने विधेयकमा छ। उपचारमा सेवाग्राहीलाई शंका लागेमा संलग्न स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाविरुद्ध उजुरी गर्न सक्ने व्यवस्था छ। 'स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवासम्बन्धी मापदण्ड अन्तर्गतको प्रदेश सरकारले तोकेको तीन महिनाभित्र जनशक्ती, उपकरण र सेवाको ग्यारेन्टी गर्नुपर्ने र तीन बर्षभित्र भवनको मापदण्ड पूरा गर्नुपर्ने छ,' विधयेकमा छ, 'मापदण्ड पूरा नगरी स्वास्थ्य सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थालाई पहिलो पटक २० हजार, दोस्रो पटक ३० हजार जरिबाना तोकी त्यस्तो स्वास्थ्य संस्था बन्द गरिनेछ।'

# दुर्घटनामा दुईको मृत्यु

विराटनगर (कास)- मोरङका बेग्लाबेग्लै स्थानमा भएका दुर्घटनामा दुईजनाको मृत्यु भएको छ। ग्रामथान गाउँपालिकाको भित्री सडकमा को६प ७९६९ नम्बर मोटरसाइकलको ठक्करले पैदलयात्री ५३ वर्षीय हरिलाल माझीको आइतबार मृत्यु भएको प्रहरीले जनाएको छ। यसैगरी मोरङकै जहदा गाउँपालिका ५ का ३५ वर्षीय वीरेन्द्र मण्डलको मोटरसाइकल दुर्घटनामा मृत्यु भएको छ। को३७प ९७४३ नम्बर मोटरसाइकलमा सवार उनको को१२प ६२२ नम्बर मोटरसाइकलसँग जुधेर भएको दुर्घटनामा मृत्यु भएको प्रहरीले जनाएको छ।

# नौ दशकपछि बल्ल पुल

■ **अर्जुन राजवंशी** (दमक)

झापा र मोरङको सिमाना भएर बग्ने मावा खोला नजिकै दुम्से बस्ती छ। दमक नगरपालिका ३ मा पर्ने उक्त बस्तीमा षडानन्द अधिकारीको परिवार ३८ वर्षदेखि बसोबास गर्दै आएको छ।

७३ वर्षीय अधिकारीले मधेसको चार दशक जीवनभन्दा धेरै मावा खोलासँग 'लडेर' बिताए। सुनदेखि नुनसम्मको जोहो गर्न उनले सधैं मावा खोला तरेर पारि मोरङको मधुमल्ला बजार पुग्नुपर्थ्यो। दुम्सेदेखि मधुमल्ला टाढा त होइन तर, खोला तरेर जानुपर्दा नजिक पनि थिएन।

मधुमल्ला विसं. १९९० तिरै बजार बनिसकेको थियो। मधुमल्ला-खजुरगाछी सडक हुँदै झापालीहरू बजार भर्न जान्थे। इलाम, पाँचथर, तेह्रथुम, धनकुटा र ताप्लेजुङसम्मका व्यापारी ढाकरमा घ्यू बोकेर नुन साट्न मधुमल्ला झर्थे।

आइतबारदेखि सुरु भएको मधुमल्ला बजार लगातार तीन दिनसम्म लागेर मंगलबार मात्र सकिन्थ्यो। पूर्वोत्तर मोरङको एउटा पुरानो बजार मधुमल्लाको व्यापार पूर्वपश्चिम राजमार्ग र झापा हुँदै ताप्लेजुङ जाने मेची राजमार्गको निर्माणपछि बिस्तारै घट्न थाल्यो। मधुमल्लासम्म पुग्ने गोरेटोहरूको स्वरूप फेरिएन।

पूर्वमा मावा र पश्चिममा नुनसरी खोलामा पुल बनेन। लगातार व्यापार घटेका कारण डेढ दशकयता मधुमल्ला एउटा ग्रामीण बजारको रूपमा सीमित बनेको छ। वर्षौंको पहल र प्रयासपछि मधुमल्ला र दमक जोड्ने गरी मावा खोलामा पुल बनेको छ। मधुमल्ला-खजुरगाछी सडकको नामले कहलिएको करिब नौ दशकपछि मावामा पक्की पुल निर्माण भएको हो। पुल योजना पूर्वी क्षेत्र सेक्टर नं. १ धरानले ३० करोड २२ लाख ९१ हजार ७५० रुपैयाँको लागतमा पुल निर्माण गरेको हो। दुवैपट्टि फुटपाथसहित १०.५ मिटर चौडाइ रहेको पुलको लम्बाइ २५० मिटर रहेको छ।



झापाको दमक र मोरङको मधुमल्ला जोड्न मावा खोलामा बनाइएको पक्की पुल उद्घाटन गर्दै प्रधानमन्त्री केपी शर्मा ओली। *तस्बिर : अर्जुन/कान्तिपुर*

०७२ असार २९ मा ठेक्का सम्झौता भएको पुलको निर्माण कार्य निर्धारित मितिभन्दा एक महिना अघि नै सम्पन्न भएको हो। पुल शर्मा-लामा-स्वच्छन्द जेभी काठमाडौंले निर्माण गरेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव देवेन्द्र कार्कीले जानकारी दिए।

उक्त पुलको आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेका छन्। पुल नहुँदा वर्षातको समयमा खोला नजिकका स्थानीयलाई वारिपारि गर्न १५ किलोमिटरको घुमाउरो बाटो प्रयोग गर्नुपर्थ्यो। 'दमक जानुपर्दा उर्लाबारी हुँदै घुमेर जानुपर्थ्यो। अब, सीधै ५ किलोमिटर यात्रा गर्दा दमक पुग्न सकिने भइयो' मधुमल्लाका ६५ वर्षीय यामनाथ निरौलाले बताए। पुल बनेपछि खोला वारिपारिका स्थानीय खुसी बनेका छन्। 'यही जीवनकालमा मावामा पानी नटेकी वारिपारि गरिएला जस्तो लागेको थिएन' निरौलाले भने, 'खोलाको बाढीमा बग्दै डुबेका ती दिनका पीडाहरू बिर्साउने गरी पुल बन्यो। साह्रै खुसी लागेको छ।'


ढिलै भए पनि मावामा पुल बनाएर सरकारले आफूहरूको दुःख घटाइदिएको मिक्लाजुङ गाउँपालिका ६ मधुमल्ला निवासी भूपेन्द्रराज कार्कीले बताए। 'मावामा २० वर्ष अघि पुल बनेको भए हाम्रो मधुमल्ला बजार यतिबेला एउटा टाउन बनिसक्थ्यो' उनले भने। पुल नहुँदा दशकौंदेखि दुःख झेल्दै आएका मधुमल्लावासीले हर्षित हुँदै आइतबार पुल उद्घाटन गरेपछि प्रधानमन्त्री ओलीलाई ताम्रपत्रले सम्मान गरे। 'हाम्रो एउटा सपना पूरा भएको छ। यो पुलका लागि जीवनकालमा धेरै प्रयासहरू गरियो' मिक्लाजुङ गाउँपालिकाका अध्यक्ष देवीप्रसाद आचार्यले भने। पुलले पुरानो मधुमल्ला-दमक-खजुरगाछी सडकलाई जीवन प्रदान गरेको उनले बताए।


# प्रदूषित बन्दै चारकोसे क्षेत्र

धनकुटा (कास)- धरानदेखि इटहरीबीचको चारकोसे झाडीमा भइरहेको प्रदूषणबारे धरान र इटहरी उपमहानगरपालिका गैरजिम्मेवारी देखिएका छन्। धरान उपमहानगरको क्षेत्राधिकार रहेको सेउती आसपासको क्षेत्रमा प्रदूषण बढेको छ।

अत्यधिक मात्रामा प्लास्टिक जलाउने गरिएकाले वायु प्रदूषण व्यापक बढेको सर्वसाधारणको भनाइ छ। दुवै उपमहानगरले एकापसलाई दोषारोपण गर्दै पन्छने गरेका छन्। उक्त स्थानमा सवारी साधनमा यात्रा गर्दा निसासिने गरी धूवाँ जम्मा हुने गरेको यात्रु दिलीप लिम्बुले बताए। सेउती पुलनजिक पुग्दा जंगलै ढाक्ने गरी कुहिरो जस्तो बाक्लो धूवाँ देखिन्छ।

वातावरण प्रदूषणमा कमजोरी नभएको धरानका मेयर तिलक राईले बताए। उनले इटहरी उपमहानगरपालिकाले त्यस क्षेत्रमा फोहोर जम्मा पारेर जलाउने गरेको जनाए। बारम्बार इटहरीलाई ध्यानाकर्षण गराए पनि गम्भीर नभएको उनको आरोप छ। आफ्नो क्षेत्राधिकारमा फोहोर वस्तु जलाउने गरेकोप्रति धरान नगरसभामा पनि गम्भीरतापूर्वक कुरा उठेको राईले बताए। इटहरीका मेयर द्वारिकलाल चौधरीले आफ्नोतर्फबाट यस्तो काम नभएको जिकिर गरे। धरानले भनेर नहुने भन्दै उनले आफूले गर्दै नगरेको कामको जिम्मेवारी लिन नसक्ने बताए। फोहोर व्यवस्थापनका लागि ६ विगाहा जग्गा छुट्याएर उपभोक्तालाई जिम्मा दिइसकेको उनको भनाइ छ।









## तपाईंको आज

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | भाग्य वृद्धि | तुला | स्फुर्ती बढ्ने |
| वृष | अस्वस्थता | वृश्चिक | वैभव प्राप्ति |
| मिथुन | मित्र भेट | धनु | उत्साहप्रद |
| कर्कट | आलस्यता | मकर | कान्ति क्षय |
| सिंह | अध्ययनमा सफल | कुम्भ | कार्य सफल |
| कन्या | पारिवारीक सुख | मीन | कर्म प्राप्ति |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन ७ गते बुधबार तदनुरुप १९ फेब्रुवरी २०२० फाल्गुन कृष्णपक्ष एकादशी तिथी दिनको ५:१६ बजेसम्म उप्रान्त द्वादशी तिथी, मूल नक्षत्र प्रातः ८:४६ बजेसम्म उप्रान्त पूर्वाषाढा नक्षत्र, वज्र योग प्रातः १०:२८ बजेसम्म उप्रान्त सिद्धि योग, बालब करण दिनको ५:१६ बजेसम्म उप्रान्त कौलब करण, धनु राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सरोकार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | फिल्म टनिक (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हवाट द फ्लप (रिपिट) |
| १:३० | बलियो घर (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | फिल्म टनिक (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | कमेडी च्याम्पियन |
| १०:०० | सरोकार |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टू लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | फिल्म टनिक (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (सागरिका) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | गीतहरू |
| १०:०० | स्पोर्ट्स डायरी |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | मनका कुरा |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) |
| १३:०० | डिस्ट्रिक्ट डायरी |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | नेपालय (रश्मिला) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| १७:०० | डिस्ट्रिक्ट डायरी |
| १७:०५ | हेल्थ हटलाइन (कमला) |
| १८:०० | गीतहरू |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | कनेक्ट (मानस्वी वान्तवा राई) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | ओल्डी गोल्डी (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| २३:०० | पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल) |
| ००:०० | फिल्मी परेड (रिपिट) |
| ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| ०२:०० | नेपाली गीतहरू लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **दमकल** | |
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |
| **एम्बुलेन्स** | |
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |
| **प्रहरी** | |
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/९८५२०९०१६१/१०३ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
|---|---|
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)



इलामको कन्यामस्थित चिया बगानमा मौलिक पहिरनमा सजिएर तस्बिर खिचाउँदै आन्तरिक पर्यटक ।

*तस्बिरः रमेशचन्द्र अधिकारी/कान्तिपुर*

# पहिचानका आधारमा प्रदेश नामकरण माग

**कान्तिपुर संवाददाता** (ताप्लेजुङ)

गण्डकी प्रदेशको नामकरणप्रति तमू समुदायले असहमति जनाएका छन् । ताप्लेजुङ सदरमुकाम फुङलिङमा आइतबार सकिएको तमू ह्युल छोंज धी गुरुङ राष्ट्रिय परिषद्को दुईदिने राष्ट्रिय भेलाले पहिचानका आधारमा गण्डकी प्रदेशलाई 'तमू प्रदेश' नामाकरण गर्न माग गरेको छ । यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सबै तमू समुदायलाई वैचारिक रुपमा सचेत र संगठित गर्ने तथा निरन्तर आन्दोलन गर्ने निर्णय पनि गरेको छ ।

संघीय संरचनाअनुरुप बहुभाषिक नीति लागु गर्दै प्रदेश ४ मा गुरुङ भाषा र लिपीलाई राज्यको माध्यम भाषाको रुपमा मान्यता दिइनुपर्नेमा समेत जोड दिइएको छ । १२ बुँदे घोषणा पत्र जारी गर्दै भेलाले प्रदेश १ को नामकरण पहिचानका आधारमा लिम्बूवान/किँरात प्रदेश हुनुपर्ने भन्दै उठिरहेको आवाजप्रति ऐक्यबद्धता जनाएको छ । २०७८ मा हुने राष्ट्रिय जनगणनालाई भने उत्सव र महाअभियानको रुपमा लिने निर्णय भएको परिषद्ले जनाएको छ ।

आफ्नो मातृभाषामा गुरुङ र धर्ममा बौद्ध/वोन उल्लेख गर्न जनचेतनामूलक कार्यक्रम गरिने भएको छ । भेलाले तमू ल्होसारका अवसरमा दिइँदै आएको सार्वजनिक बिदा सुनिश्चित हुनुपर्ने आवाज पुनः दोहोऱ्याएको छ । आफ्नो मातृभाषाको पठनपाठनका लागि खेमा लिपीमा पाठ्क्रम तयार गरी सञ्चालन गर्न माग गरेको छ । अनौपचारिक कक्षामार्फत समुदायमा यो भाषा पुऱ्याउने निर्णय पनि भेलाको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा सूचिकृत आदिवासी जनजाति मध्येको एक थारु समुदायलाई 'राना थारु'को नाममा छुट्टै समुदायको रुप दिइएकोमा भेलाले विरोध जनाएको छ । यसलाई बदर गर्नसमेत परिषद्ले माग गरेको छ ।

# 'अझै सिंहदरबारमै कैद छ प्रजातन्त्र'

**जितेन्द्र साह** (विराटनगर)

काठमाडौं लैनचौरको सम्पन्न परिवारमा जन्मिएका राम बहादुर श्रेष्ठलाई विराटनगरले लोभ्यायो र यतैका स्थायी बासिन्दा भए । शिक्षा, चेतना र राजनीतिमा विराटनगरसँग काठमाडौंको तुलना हुन नसक्ने बताउने उनी २०१६ मा विराटनगर झरेका हुन् । हाल विराटनगर महानगरपालिका-७, गहेली टोलमा उनको स्थायी बसोबास छ । आगामी असारमा उनी एक सय वर्षका पुग्दैछन् ।

वन तस्करका अगाडि नझुक्ने रेन्जरका रुपमा श्रेष्ठलाई धेरैले चिन्ने गरेका छन् । धेरै वर्ष वन अधिकृतका रुपमा विभिन्न जिल्लामा खटिएको त्यो समय उनको सम्झनामा मात्र सीमित छ । राष्ट्रिय एवं स्थानीय पत्रपत्रिकामा सुशासन, सामाजिक चेतना र जागरणसम्बन्धी कविता तथा विचार लेखनमा उनी अझै सक्रिय छन् । विभिन्न कार्यक्रम र अन्तर्क्रियामा सहभागी भई आफ्ना विचार राख्ने सिलसिला उमेरका कारण अहिले पातलिएको छ तर टुटिसकेको छैन । भेट्न आएकालाई समेत आफ्ना कुरा सुनाउँछन् श्रेष्ठ । 'सहमति, सहकार्य, सञ्चार र समय, यी चार कुरा हरेक नागरिकको सफलताका सुत्रहरू हुन्,' उनी भन्छन्, 'सामाजिक अभियान र व्यवहारमा यिनै पक्षको अनुशरणले सफलताको निर्धारण गर्छ ।'



**आउने असारमा सय वर्ष पुग्दै गरेका पूर्व वन अधिकृत राम बहादुर श्रेष्ठ सिंहदरबारको संरचना र स्वरुप बदलिएको तर स्वभाव उस्तै रहेको बताउँछन् ।**

वृद्ध भए पनि उनी सहजै देख्न र सुन्न सक्छन् । राष्ट्रिय पत्रपत्रिकाको नियमित अध्ययन गर्छन् तर भ्रष्टाचारको समाचार पढ्दा निराश हुन्छन् । विगतमा फर्किन्छन् । काठमाडौंको सम्झना उनमा ताजै छ । 'त्यो समयमा सिंहदरबार अगाडिको दायाँबायाँ तरकारी खेती हुन्थ्यो, धेरैपछि महलहरू बने,' उनी भन्छन्, 'सिंहदरबारको संरचना र स्वरुप बदलियो, तर स्वभाव एवम् आनीबानी उस्तै छ ।' अझै सिंहदरबारभित्रै प्रजातन्त्र कैद भएको उनी बताउँछन् । 'वास्तविक रुपमा भूइँका मान्छेसम्म प्रजातन्त्र पुग्न सकेकै छैन,' श्रेष्ठको आवाज केही रुखो सुनिन्छ, 'भोट हालेर सत्तामा पुऱ्याई दिने साधनको रुपमा मात्र जनतालाई प्रयोग गरिँदै आएको छ, जनताप्रति जवाफदेहिता बिल्कुलै छैन ।'

सिंहदरबार निर्माणका बखत श्रेष्ठका बुवा रत्नलालले श्रमिकहरूलाई ज्याला बाँड्ने काम गर्थे । पछि डिट्ठा भए । उबेला चोरडाँकाले दुःख दिएपछि डिल्लीबजार सरेका श्रेष्ठ परिवारको आर्थिक र सामाजिक अवस्था दरिलो थियो । तीन दाजु र चार दिदीबहिनी भएका श्रेष्ठको बाल्यकाल पनि सुखसयलमै बित्यो । बुवा सिंहदरबारमा काम गर्ने भएकोले त्यसबेला गरिने कार्यसम्पादन र दरबारियाबारे उनी जानकार छन् । सोहीकारण पनि आजको समयसँग उनी तुलना गरिरहन्छन् ।

राणाकालमा जस्तै सिंहदरबार जनताका लागि आज पनि रहस्यमय नै रहेको उनको भनाइ छ । 'काठमाडौंको डिल्लीबजारमा बसेर आन्दोलन गर्ने धागो तामाङ, मैना क्षेत्री र सुराकी गर्न सुसारेको रुपमा पठाइएका उनीहरूका बहिनीहरूको दरबारभित्र विभत्स हत्या भएकोबारे बुढापाकाले सुनाउँथे,' उनले भने, 'तर नेपालको राजनीतिक रुपान्तरणको इतिहासमा यी नारीहरूको बारेमा कतै उल्लेख छैन ।'

राणाकालदेखि लोकतन्त्रिक गणतन्त्रसम्म राजनीतिक जागरणका साक्षी बनेका उनी सिंहदबारका परिदृश्यहरू बदलिए पनि विभिन्न रुपले जनताको शोषण गर्ने र अँध्यारोमा राख्ने क्रम नरोकिएको बताउँछन् । 'जनताको सेवाभन्दा पनि भ्रष्टाचार गर्नलाई शक्ति र सत्तामा पुग्ने होड नै आजको शोषणको आधुनिक रुप हो,' श्रेष्ठ भन्छन्, 'मुलुकमा वास्तविकभन्दा देखावटी प्रजातन्त्र छ, सोझा जनतालाई रमिते बनाएर ढुकुटी लुट्ने प्रतिस्पर्धा चलेको छ ।'

अहिले अनुशासन, सुशासन र प्रशासनलाई 'बाइपास' गरिएको उनको तर्क छ । 'अहिलेका राजनीतीकर्मी र कर्मचारीतन्त्रले सुशासनको महत्व बुझेका छैनन्, अनि भ्रष्टाचार कसरी रोकिन्छ,' श्रेष्ठ प्रश्न गर्छन् । यस्तै कारणले यातायात र विद्युतलगायत क्षेत्रको पूर्वाधार विकासमा मुलुक धेरै समयसम्म पछि परेको उनलाई लाग्छ । 'सर्वत्र अनुशासनको अभाव छ, तर यो सिक्नै पर्छ, नत्र भ्रष्टाचार र अन्य बेथिति कम हुन्न,' उनी सुझाउँछन् । उनले प्रजातन्त्र पुनर्बहालीपश्चात् र लोकतन्त्र प्राप्ति पछिका संविधानले समेत सरकारको क्रियाकलापमा पारदर्शिता हुनुपर्नेमा जोड दिएको बताए ।

आफू विभिन्न जिल्ला वन कार्यालयमा अधिकृतको रुपमा कार्यरत रहँदा गरिने चाकरीको शैलीमा कुनै परिवर्तन नआएको उनको ठकर छ । 'सम्मान गर्नेभन्दा पनि चाकरीको रुपमा गरिने नमस्कार बेकार हो । उबेला मलाई नमस्कार नगर्नुस् भन्थें, त्यसको साटो फाइल, दर्ता र चलानी दुरुस्त राख्न सिकाउँथे, बेलामा चिठीपत्रको जवाफ दिन लगाउँथे,' उनी भन्छन्, 'अहिले लोकतान्त्रिक मुलुकको अधिकांश सरकारी कार्यालयमा सेवाग्राहीको राजनीतिक, आर्थिक र सामाजिक हैसियत बुझेर व्यवहार गरिन्छ । यो गलत छ ।'

लामो समयसम्म एउटै दल र एउटै व्यक्ति सत्तामा रहँदा पनि भ्रष्टाचार, अनियमिता र बेथिति फैलिएको श्रेष्ठको बुझाइ छ । 'अरु दल र नेतामा पनि गुण त होला नि, सबैले मौका पाउनु पर्ने हो,' उनी भन्छन्, 'तर राम्राले पाइरहेका छैनन् ।'

बुढ्यौलीसँगै गर्धनको हाड खिइएको र नसाको समस्याले हातखुट्टा झमझमाउन थालेकाले अचेल उनको दिनचर्या घरभित्रै आराम गरेर बित्ने गरेको छ । तर लठ्ठी टेकेर भए पनि हिँड्ने ध्याउन्नमा हुन्छन् उनी । घुमन्ते स्वभावका उनको जीवनकथा पनि रोचक छ । दरबार हाइस्कूलमा पढ्दैगर्दा दोस्रो विश्वयुद्धका लागि भारतमा रहेको अंग्रेज फौजमा श्रेष्ठ भर्ना पनि भएका थिए । त्यतिबेला उनको उमेर १८/१९ को हाराहारीमा थियो । दुई वर्षमै पिउठमा पदोन्नति भए पनि फौजमा हुने हेपाहा व्यवहार खप्न नसकेर उनी स्वदेश फर्किए र रेन्जर विषय पढ्न थाले । भारत सरकारको छात्रवृत्तिमा देहरादुन पुगेर वनविज्ञानको थप अध्ययन गर्न पाए । अमिनको पढाइ र तालिममा उत्कृष्ट नतिजा ल्याएका श्रेष्ठलाई राणाहरूले कैलालीको भजनीमा रेन्जर बनाएर पठाए ।

जागिरको क्रममा विभिन्न जिल्ला पुगेका उनी २०१६ मा मोरङको जिल्ला वन कार्यालय सरुवा भएका थिए । 'मोरङमा त्यतिखेर चोरीनिकासीभन्दा वन फडानी गर्ने धेरै थिए, वन तस्करका नाइके पेस्तोल भिरेर घोडा चढेर हिँड्दा सबै डराउँथे, वन फाँडेर जमिनमा बसोबास गराई धन कमाउनु मुख्य पेसा थियो,' श्रेष्ठ पूराना दिन स्मरण गर्छन्, 'मलाई प्रलोभन र त्रास देखाइए पनि ठूटा नापेर मुद्दा चलाइने अडान लिएपछि तस्करहरू पछि हटे ।' हिजोआज भएका रुख काटिँदै गएको र त्यो अनुपातमा वृक्षारोपण नभएको देख्दा उनलाई चिन्ता लाग्छ ।

'निहित स्वार्थका कारणले सरकार र नागरिक असंवेदनशील भइरहने हो भने दुई/तीन दशकपछि देश मरुभूमिमा परिणत हुन बेर छैन,' उनी भन्छन्, 'कंक्रिटको महल थप्नेहरूले वनले गर्दा वर्षा हुने र भूमिगत जलस्रोत अडिने कुरा बिर्सेका छन् ।' पर्यावरणको मामिलामा काठमाडौंको अवस्था दयनीय रहेको श्रेष्ठको दाबी छ । 'सानो छँदा अहिलेको सहिदगेट दक्षिणको पोखरीमा गर्मीमा पौडी खेल्न जान्थ्यौं,' उनी भन्छन्, 'अहिले त सब सखाप भए, वाग्मती र विष्णुमती नदीमा कञ्चन पानी बग्थ्यो, तिर्खा लागेका बेला अञ्जुली भरेर त्यही पानी खान्थ्यौं ।'

विसं १९९० को भूइँचालोको विनाश र निर्माण दुवैका पनि उनी साक्षी थिए । 'पुनर्निर्माणपछि सामान्य अवस्थामा फर्किन एक वर्षभन्दा बढी समय लागेको थियो, सरकारले दिएको ऋणमा थपेर पहिलेका भन्दा सुन्दर महलहरू बने, काठमाडौं आकर्षक बनेको थियो ।' हिजोआज लोकतन्त्रमा धमिरा लाग्दै गएकोले मुलुकमा भनिएजस्तै समृद्धि देख्न नपाएको उनी बताउँछन् । 'सामाजिक सेवा भावले गरिनुपर्ने राजनीति पनि व्यापार जस्तै भएपछि सर्वत्र निराशा छायो,' उनी भन्छन्, 'जनतालाई सबल बनाउँदा सत्तामा टिक्न कठिन हुने नेतृत्व वर्गको संकिर्ण सोचले लोकतन्त्रमा धमिरा लाग्दै गएको छ ।'

# एबीसीमा हेलिकप्टरको व्यावसायिक उडानमा निषेध

अन्नपूर्ण संरक्षण क्षेत्रमा अत्यधिक हेलिकप्टर उडानले पर्यावरण तथा पदयात्रा पर्यटनमा असर पुऱ्याएको र हिमपहिरोको जोखिम बढाएको भन्दै व्यावसायिक उडानमा प्रतिबन्ध



**कास्कीको अन्नपूर्ण गाउँपालिकामा पर्ने एबीसीमा पोखराबाट पर्यटक लिएर पुगेका हेलिकप्टर ।**

*फाइल तस्बिर : दीपक/कान्तिपुर*

**दीपक परियार** (पोखरा)

अन्नपूर्ण आधार शिविर (एबीसी) मा हेलिकप्टरको व्यावसायिक उडानमा रोक लगाइएको छ । गत माघ ३ मा एबीसी ट्रेकअन्तर्गत देउरालीमा गएको हिमपहिरोमा हराइरहेकाहरुको उद्धार बाहेकका उडानमा रोक लगाइएको हो ।

कास्कीको अन्नपूर्ण गाउँपालिकाले गत वर्ष साउनमा भएको चौंथो नगरसभाबाटै हेलिकप्टर निषेध गर्ने निर्णय गरेको थियो । तर, कार्यान्वयन हुन सकेको थिएन । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) भित्र पर्ने एबीसीमा हेलिकप्टर उडाउन निश्चित शुल्क तिरेर अनुमति लिनुपर्ने भएपछि हवाई कम्पनीले लिएका थिएनन् । हिमपहिरोपछि भने गाउँपालिकाको वडा नम्बर ११ ले जिल्ला प्रशासन कार्यालयलाई सहजीकरण गरिदिन निवेदन पठायो । अन्नपूर्ण संरक्षण क्षेत्रमा अत्यधिक हेलिकप्टर उडानले पर्यावरण तथा पदयात्रा पर्यटनमा असर पुऱ्याएको र हिमपहिरोको जोखिम बढाएकोले व्यावसायिक उडान रोक्नुपर्ने वडाको माग थियो । वडाको माग बमोजिम जिल्ला प्रशासनले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्र लेखेको थियो । जथाभावी हेलिकप्टर उडान रोकी नियमन गनुपर्ने प्रशासनको राय थियो ।

अन्नपूर्ण-११ का अध्यक्ष हिमबहादुर गुरुङ अव्यवस्थित उडानले वातावरणीय असर गरेको बताउँछन् । 'पहिले डाँफे, मुनाल, घोरल, कस्तुरी घर नजिकै आउँथे,' उनले भने, 'हेलिकप्टर धेरै उडेपछि त्यसकै आवाजले तर्सिएर ती पशुपंक्षी कतै देखिँदैन । उनीहरूको बासस्थानमा धावा बोल्ने काम भएको छ ।' हेलिकप्टरको कम्पनले एबीसीमा हिमनदीको कटान बढिरहेको उनको दाबी छ । संरक्षित क्षेत्रभित्र उद्धारबाहेक व्यावसायिक उडान गर्न नपाइने भएकोले रोक लगाउनुपरेको उनी बताउँछन् ।

कास्कीका प्रमुख जिल्ला अधिकारी रमेशकुमार केसी पूर्णरुपमा निषेध नभई नियमन गर्नुपर्ने पक्षमा छन् । 'भ्रमण वर्ष २०२० चलिरहेको छ । खर्च गरेर जान्छु भन्ने पाहुनालाई रोक्न पनि भएन,' उनी भन्छन्, 'बरु पर्यटकलाई महँगो शुल्क लगाउने र राजश्व संकलन गर्नेबारे सोच्नुपर्छ ।' व्यावसायिक उडानमा महँगो शुल्क तोकिए उडान स्वतः कम हुने उनको बुझाइ छ ।

देउरालीमा हिमपहिरो जानुअघि पोखरा विमानस्थललाई आधार बनाएर पाँच हवाई कम्पनीले व्यावसायिक उडान गर्दै आएका थिए । प्रभु हेली, एअर डाइनेस्टी, सिम्रिक, फिस्टेल र अल्टिच्युड एयरका हेलिकप्टर एबीसी पुग्थे । पर्यटकीय मौसममा दिनमा ५० वटासम्म उडान हुने गरेका नागरिक उड्डयन प्राधिकरण पोखरा कार्यालयका प्रवक्ता देवराज सुवेदीले बताए । चार कोरियाली र तीन जना नेपाली बेपत्ता हुनेगरी गएको हिमपहिरोपछि उद्धारको अनुमति लिएर मात्रै हेलिकप्टर उडेको उनले जानकारी दिए । 'एक्याप, गाउँपालिका र स्थानीय व्यवसायीको माग बमोजिम रोक्न उपयुक्त देखिएको व्यहोरासहितको जिल्ला प्रशासनको पत्र आइपुगेको छ,' उनले भने, 'मन्त्रालयले आधिकारिक रुपमा रोक्न भनिसकेको छैन ।'

एक्याप, गाउँपालिका र प्राधिकरणको मौखिक आग्रहमा हेलिकप्टर कम्पनीले व्यावसायिक उडान रोकेका हुन् । एबीसीबाहेक एक्यापमै पर्ने मर्दी हाई क्याम्पमा भने अहिले पनि हेलिकप्टरहरूले व्यावसायिक उडान गरिरहेका छन् । एबीसीमा पर्यटकको उद्धारका लागि मात्रै हेलिकप्टर प्रयोग भएको कम्पनीले जनाएका छन् । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरका अनुसार वार्षिक १५ हजार पर्यटक हेलिकप्टरबाट एबीसी पुग्छन् । पदयात्रा पर्यटनलाई नै धरापमा पार्नेगरी हुने हेलिकप्टर उडानको आफू विपक्षमा रहेको उनले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन नियमावलीको अनुसूची १ अनुसार संरक्षण क्षेत्रमा हेलिकप्टर ल्यान्ड गर्न एक्यापको अनुमति चाहिन्छ । उद्धारबाहेक संरक्षण क्षेत्रमा एकपटक हेलिकप्टर अवतरण गर्दा तीन हजार रुपैयाँ बुझाएपछि मात्रै एक्यापले अनुमति दिन्छ । तर हेलिकप्टर कम्पनीले हालसम्म एक्यापको अनुमति लिने गरेका छैनन् । हेलिकप्टरमार्फत एबीसी पुग्ने विदेशी पर्यटकले एक्यापलाई बुझाउनुपर्ने प्रवेश शुल्क समेत बुझाउँदैनन् । विमानस्थलमा एकपल्टको अवतरण शुल्कवापत डेढ सय रुपैयाँ मात्रै बुझाउँछन् ।

हवाई कम्पनीलाई पटक-पटक आग्रह गरे पनि अटेर गरेको एक्याप प्रमुख राजकुमार गुरुङले बताए । 'हिमपहिरो जानुअघिसम्म हेलिकप्टरको उडान नियमानुसार भएनन्,' उनले भने, 'सन् २०१९ मा कति उडान भए भन्ने तथ्यांक कम्पनीसँग मागेका छौं । कसरी नियमन गर्न सकिन्छ भनेर प्राधिकरणसँग पनि छलफल अगाडि बढेको छ ।'

एबीसीमा सिधै हेलिकप्टर अवतरण हुँदा पदयात्रा व्यवसाय धरासायी भएको पर्यटन व्यवसायीको गुनासो छ । ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान) पश्चिमाञ्चल च्याप्टर अध्यक्ष हरि भुजेल अव्यवस्थित हेलिकप्टर उडानले पदयात्रा पर्यटनको भविष्य अन्योलमा परेको बताउँछन् । 'आधार शिविर पुग्न एक साताभन्दा लामो समय र लाखौं रुपैयाँ खर्च गर्नेगरी पर्यटक नेपाल आउँछन्,' उनले भने, 'तिनै पर्यटकलाई १/१ सय डलर लिएर आधा घण्टामै एबीसी पुऱ्याएर ल्याएपछि हाम्रो पर्यटन व्यवसाय कहाँ जान्छ ?'

अन्नपूर्ण सेन्चुरी ट्रेकमा पर्ने होटल व्यवसायीको संस्था छोम्रोङ पर्यटन व्यस्थापन समितिका अध्यक्ष बुद्धिमान गुरुङ पदयात्रा पर्यटनबाट गाइड, भरिया, होटल, रेस्टुरेन्ट तथा स्पा मजदुर, किराना पसल लगायत थुप्रै व्यवसाय चलिरहेको बताउँछन् । 'हेलिकप्टरबाट ओसार्दा विदेशी पर्यटक खर्च गर्नबाट पनि वञ्चित हुन्छन्, हामी व्यवसायीलाई समेत कमाउने बाटो बन्द हुन्छ ।'



**को-हस्बेन्ड**
बहुपति प्रथामाथिको डकुमेन्ट्री उत्कृष्ट । ९

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

**लभ आजकल**
पुरानै शैलीको पुनरावृत्ति । ९



वर्ष २७ अंक ३५९ जनकपुर | ६ फागुन २०७६ मंगलबार फाल्गुण कृष्णपक्ष दशमी | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, February 18, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ





कोरोना भाइरस प्रभावित चीनको वुहानबाट ल्याएर राखिएकाहरू सोमबार भक्तपुरको चाँगुनारायण-७ खरिपाटीस्थित क्वारेन्टाइन परिसरमा । त्यहाँ राखिएका सबै १७५ जनाको घाँटीको र्‍याल र 'नेजेल स्वाब' को नमुना संकलन गरिएको छ । परीक्षणको नतिजा बुधबारसम्म आइसक्ने जनाइएको छ । क्वारेन्टाइनमा १३५ जना पुरुष र ४० जना महिला छन् । समाचार पृष्ठ २ ।
*तस्बिर : इलिट जोशी/कान्तिपुर*

# दिल्लीबाट उड्न 'इन्ट्री परमिट' अनिवार्य

## स्थलमार्गबाट भारत पुग्ने नेपालीलाई हवाईमार्गबाट फर्कन पासपोर्ट नै चाहिने, भारतीय भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउने

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

परराष्ट्र मन्त्रालयले गरेको औपचारिक आग्रहपछि भारतीय अध्यागमनले 'नेपालका स्थलमार्गबाट दिल्ली पुग्ने नेपाली यात्रुले विमानबाट काठमाडौं फर्कन नपाउने' नियम अनिवार्य गरेको छ ।

दिल्लीस्थित नेपाली दूतावासले जारी गरेको सूचनामा यात्रुले आफ्नो राहदानीमा 'प्रस्थान छाप' (डिपार्चर स्टाम्प) भएको अवस्थामा मात्रै भारतीय अध्यागमनले 'आगमन छाप' (एराइभल स्टाम्प) लगाउने स्पष्ट प्रबन्ध कायम भएको जनाएको छ । यो सूचनापछि परोक्ष रूपमा नेपाल-भारतका नागरिकले हवाईमार्ग हुँदै एकअर्को देशमा आवतजावत गर्न नागरिकता वा अन्य प्रामाणिक पहिचानपत्र प्रयोग गर्न पनि नसक्ने भएका छन् । 'नागरिकतामा एराइभल वा डिपार्चर स्टाम्प लगाउन असम्भव रहेको र यसबारेको रेकर्ड पद्धतिसमेत प्रभावकारी नभएका कारण अब आवागमनमा पासपोर्ट प्रयोगका लागि यात्रुलाई प्रोत्साहित गरिनेछ,' अध्यागमन विभागका एक अधिकारीले भने ।

दिल्लीस्थित उपनियोग प्रमुख भरतकुमार रेग्मीका अनुसार, 'दिल्ली आउने नेपाली यात्रुको पासपोर्टमा इन्ट्री परमिट देखियो भने मात्रै भारतीय अध्यागमनले एक्जिट-परमिट दिने नियम अनिवार्य' भएको छ । 'यो नियमको व्यवस्था हाम्रो अन्तरसरकारी समन्वयमार्फत परराष्ट्रले भारतलाई गरेको अनुरोध बमोजिम हो, यसकारण यो व्यवस्थामा पारस्परिक समान हैसियतको व्यवहार (रेसिप्रोकिसिटी) आवश्यक रहन्न,' रेग्मीले भने । आवागमनमा यो 'असमान प्रबन्ध' लागू भएको अवस्थामा पशुपति दर्शनमा स्थलमार्गबाट आएका भारतीयले भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउनेछन् ।

दूतावासले जारी गरेको सूचनामा 'नेपाल-भारतबीच रहेको खुला सिमानाका कारण नेपालीहरूलाई स्थलमार्गबाट भारत प्रवेश गर्न सहज रहेको सर्वविदितै रहेको' भनिए पनि 'स्थलमार्ग हुँदै भारत आएर तेस्रो मुलुक उड्न खोज्दा समस्या आइपर्ने भएकाले काठमाडौंबाटै उडान भर्न' आग्रह गरिएको छ । तर सूचनामा भनिएजस्तो तेस्रो मुलुक उड्न खोज्दा मात्रै नभएर विशेष परिस्थितिमा सडकमार्गबाट दिल्ली गएर विमानबाट काठमाडौं फर्कन चाहने नेपाली यात्रु पनि 'उडान प्रतिबन्धित' स्थितिमा पुगेका छन् ।

'दुई महिनाअघि पेटको क्यान्सरको सम्भावना देखिएपछि मैले बस सेवाबाट आमालाई राजीव गान्धी क्यान्सर हस्पिटल ल्याएको थिएँ,' पोखराका राजकुमार श्रेष्ठले दिल्लीबाट फोनमा भने, 'अहिले डाइग्नोसिस भएर पुष्टि भएको छ । एक चरणमा किमो दिएपछि आगामी साता काठमाडौंसम्म नेपाल एयरलाइन्सबाट जाने योजना थियो तर यसरी 'इन्ट्री परमिट' नभई र नागरिकताका भरमा उडेर काठमाडौं जान मिल्दैन भनेर एयरलाइन्सले भन्यो । अब नेपाल-भारत खुला सीमा र सहज आवागमनको कुरा मेरोजस्तो कठिनाइमा कसरी लागू हुन सक्ला ?' **बाँकी पृष्ठ १३**

**भोलि**

**३६ पृष्ठको वार्षिकोत्सव विशेष**




ती ३५ अग्रणी, जसले समाजलाई अगाडि बढाए, सभ्य बनाए अनि हाम्रो चेत र सोचलाई फराकिलो पारे


# भारतले महाकालीमा बनाएको पुल हटाइयो

■ **मनोज बडू** (दार्चुला)

भारतले महाकाली नदीमा लगाएको काठेपुल नेपाली प्रहरीले हटाएका छन् । केही साताअघि व्यास गाउँपालिका-१ को माल्पादेखि दोपखेसम्मको क्षेत्रमा भारतीय पक्षले काठेपुल हालेको थियो । आइतबार दुम्लिङमा रहेका प्रहरीले काठेपुल निकालेर महाकाली नदीमा फालेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । भारतले तिब्बत सीमा जोड्ने सडक निर्माण गर्नुका साथै सीमा नदी महाकालीमा पुल हालेको थियो ।

व्यास-१ पेल्सितीमा लगाइएको र माल्पानजिक महाकाली तर्न बनाइएको काठका डन्डी प्रहरीले फालेका हुन् । व्यास-१ कै कटारपानीमा डोजरसमेत वारपार गर्न मिल्ने गरी बनाएको कल्भर्टजस्तै पुलमाथि ढुंगा राखिएकाले भत्काउन नसकेको एक प्रहरीले बताए ।

प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले उक्त क्षेत्रमा सुरक्षा उपस्थिति नहुँदा त्यहाँ कार्यरत कामदारले सडक खनेका र अस्थायी काठेपुल लगाएका दाबी गरे । 'भारतले नभई उक्त क्षेत्रमा मजदुरी गर्न जाने नेपाली कामदारले सजिलोका लागि काठेपुल लगाएका रै'छन्,' उनले भने, 'अन्तर्राष्ट्रिय सीमा नदीमा पुल लगाउनु हुँदैन, सबैलाई समस्या पर्छ भनेर कामदारलाई सम्झाएर प्रहरी फर्केका छन् ।' प्रजिअ पौडेलले नेपाली कामदारले पुल राखेको दाबी गरे पनि सीमापारि भारतीय सुरक्षाकर्मीको नियमित गस्तीका बीच कामदारले सीमा नदीमा पुल हाल्नु असम्भव भएको स्थानीय बताउँछन् । 'हाम्रो प्रशासनले यस्तै जानकारी गराएको होला,' स्थानीय हिमालय भट्टले भने, 'भारतले उक्त क्षेत्रमा मनोमानी ढंगले सडक निर्माण गरिरहेको छ । काठेपुल त कामदारले वारिपारि गर्नलाई लगाए



**दार्चुलाको व्यास गाउँपालिका-१ को पेल्सितीस्थित सीमा नदी महाकालीमा भारतले बनाएको काठेपुल ।**
*फाइल तस्बिर : कान्तिपुर*

होला । नेपाली भूमिमा आएर सडक बनाई डोजर ओसारपसार गर्नु कति ठूलो हेपाहा प्रवृत्ति हो ।'

गत वर्ष भारतले नेपाली प्रशासनकै सहमतिमा महाकालीमा काठेपुल हालेको थियो । 'दुई देशको सीमा क्षेत्रमा संरचना निर्माण गर्न नपाइने अन्तर्राष्ट्रिय नियम छ । तर, भारतले त्यसविपरीत नेपाली पक्षको उपस्थिति नभएको मौका छोपी संरचना निर्माण गर्दै आइरहेको छ,' प्रजिअ पौडेलले भने, 'गर्नैपर्ने भए हाम्रो सहमति लिनुपर्थ्यो ।' उक्त क्षेत्रमा भारतले दुई ठाउँमा करिब आधा किलोमिटर सडक खनेको छ भने एक ठाउँमा सवारीसाधन वारपार गर्न सक्ने पुलसमेत बनाएको छ । भारतले महाकालीमा काठेपुल राखेको र नेपाली भूमिमै आएर आधा किलोमिटर सडक खनेको समाचार कान्तिपुरमार्फत सार्वजनिक भएपछि मात्रै नेपाली प्रशासनले पुल भत्काउन चासो दिएको हो । गत शनिबारमात्रै नेपाली प्रशासनले उत्तरी सीमा क्षेत्रमा भएका गतिविधिबारे कुनै थाहा नभएको र पुल निर्माण र सडक खनेको बारे अनभिज्ञता प्रकट गरेको थियो ।

### कालापानी नपुगी फर्किए उपप्रधानमन्त्री

उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल नेतृत्वको टोली सोमबार सेनाको हेलिकप्टर लिएर उडे पनि भारतद्वारा अतिक्रमित कालापानी क्षेत्र नपुगी फर्किएको छ । व्यास गाउँपालिका-१ छाङरुसम्म पुगेर टोली आकाशबाटै फर्केको हो ।

भ्रमण टोलीमा रहेका सुदूरपश्चिम प्रदेश सांसद गेल्बुसिंह बोहराले पाँच मिनेट जति छाङरु गाउँमाथिको आकाश हुँदै तिंकर खोलाबाट हेलिकप्टर टर्न भएको बताए । उनले छाङरुमा सशस्त्र प्रहरीको सीमा अवलोकन पोस्ट (बीओपी) स्थापना गर्ने स्थानको आकाशबाटै अवलोकन गरिएको बताए । फर्केपछि खलंगामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै पोखरेलले नेपालका सीमा क्षेत्रमा क्रमशः सुरक्षा पोस्टहरू थपिँदै जाने बताए ।

**भित्र**

धनुषा र रूपन्देहीमा सामूहिक बलात्कार

मौसमी रुघाखोकी लागेकामा स्वाइन र हङकङ फ्लु देखियो

वन लगानी कार्यक्रममा पौने ६ अर्ब

**गजब छ बा !**

– अविन –



तपैं पूर्व सभामुखकहाँ ?...
म पूर्व उपसभामुखकहाँ !

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि




# 'बाँकी कुरा पछि भन्छु'

■ **मातृका दाहाल** (काठमाडौं)

पूर्वसभामुख कृष्णबहादुर महरालाई सोमबार दिउँसो काठमाडौं जिल्ला अदालतले सफाइ दिएसँगै उनका सहयोगी र शुभेच्छुकहरू डिल्लीबजार कारागारबाहिर भेला भइसकेका थिए । सत्तारूढ नेकपाका हिमाल शर्मालगायत नेता-कार्यकर्ता महरालाई स्वागत गर्न फूलमालासहित पुगेका थिए ।

सफाइ पाएका महरालाई करिब ३ बजेतिर अदालतबाट सिधै कारागारको 'क' ब्लकमा लगियो । त्यहीं रहेका पूर्वआईजीपी रमेश चन्द ठकुरी, सशस्त्रका पूर्वडीआईजी रञ्जन कोइरालालगायतले 'बधाई छ हजुर' भन्दै उनलाई स्वागत गरे । चन्द सुडान घोटाला प्रकरणमा र पूर्वडीआईजी कोइराला पत्नी गीता ढकालको हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । करिब ५० जना अट्ने 'क' ब्लकको हलमा चन्द र कोइरालासँगै महरा १३३ दिन बसेका थिए । दुवै पूर्वप्रहरी अधिकृत उनका रुम पार्टनर थिए । कैदीबन्दीले सोमबार 'पहिलो पटक महरालाई मुस्कुराएको देखेको' भन्दै मुखामुख पनि गरे ।



**यसरी सफाइ पाए महराले । ३**

नेकपा सचेतक भन्छिन्- 'पुरुषपीडक कानुनले महरा पीडित'

कहिलेकाहीँ मात्रै घरबाट ल्याएको खाना खाएका महराले यो अवधिमा अधिकांश समय कैदीबन्दीबाट सञ्चालित मेसमा खाना खाएका थिए ।

आफूलाई खाना खुवाउनेदेखि भेटिएका सबैप्रति उनले छुट्ने बेला सहानुभूति देखाए । महराले 'यो अवधिको बसाइ अविष्मरणीय रह्यो, तपाईंहरूले गर्नुभएको सहयोग र मप्रति देखाउनुभएको सद्भावप्रति धन्यवाद दिन चाहन्छु' भने । त्यति भनिसकेपछि पूर्वआईजीपी चन्द र पूर्वडीआईजी कोइरालाले खादा ओढाएर बिदाइ गरे । जेलमा ल्याउँदा पनि चन्दले उनलाई स्वागत गरेका थिए ।

२०६८ जेठ १८ मा आईजीपी चन्दलाई जिम्मेवारीबाट मुक्त गरी प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारमा ल्याउने प्रस्ताव उनै महराले गरेका थिए । त्यसमा तत्कालीन प्रधानमन्त्री झलनाथ खनालले सहमति जनाएका थिए । प्रधानमन्त्री खनाल र गृहमन्त्री महराको सल्लाहमा चन्दलाई आईजीपीबाट हटाइएको थियो । एक कर्मचारीका अनुसार घर जानुअघि महरा निकै खुसी देखिएका थिए । **बाँकी पृष्ठ ३**

# कृषि मजदुर पाउनै सकस

सर्लाही (कास)- सर्लाहीमा यतिबेला 'उखु क्रसिङ' को सिजन छ। किसानलाई उखु काट्ने चटारो छ। तर, मजदुर नै नपाएका कारण किसानले समयमै उखु काटेर चिनी मिलसम्म पुऱ्याउन सकेका छैनन्। मिलमा उखु नपुऱ्याउँदा एकातिर पालो गुम्ने डर छ भने अर्कोतिर खेतमा पाकेको बाली सुक्न थालेको छ। वर्षभरि मेहनत गरेर हुर्काएको बाली खेतमै सुक्दा किसानले क्षति बेहोर्नुपर्ने भएको छ।

ग्रामीण क्षेत्रका अधिकांश युवा वैदेशिक रोजगारीमा गएपछि सर्लाहीको कृषि क्षेत्रमा मजदुर अभाव भएको हो। समयमा मजदुर नपाउँदा बाली भित्र्याउन तथा बिक्री गर्न किसानलाई समस्या हुँदै आएको छ।

चिनी मिल सञ्चालनमा आएपछि सर्लाहीको कविलासी नगरपालिका-२ पिपरियाका किसान सुरेन्द्र यादवको परिवारका हरेक सदस्यको दैनिकी खेतमै बितिरहेको छ। घरका हरेक सदस्य मिलेर काम गर्दा पनि अहिलेसम्म उखु बिक्री गर्नसकेका छैनन्। यसअघिका वर्षहरूमा मजदुर र छोराको सहयोगमा यादवले खेतीपाती गर्दै आएका थिए। तर, गतवर्ष छोरा वैदेशिक रोजगारमा गएपछि उनलाई खेती गर्न समस्या भइरहेको बताए। 'यसवर्ष मजदुर नपाउँदा घरका हरेक सदस्य मिलेर अहिले उखु काट्दै छु, भ्याउन सकिरहेको छैन,' उनले भने।

> **ग्रामीण क्षेत्रका अधिकांश युवा वैदेशिक रोजगारीमा गएपछि कृषि क्षेत्रमा मजदुर अभाव**

कतिपय स्थानमा मजदुरको जिम्मेवारी महिलाको काँधमा आएको छ। महिलाहरूले समूहमा उखु काट्न ठेक्कामा लिने गरेका छन्। मजदुर अभाव भएपछि काम गर्नेले मनपरी ठेक्कामा लिने गरेको किसानको भनाइ छ।

महिलाहरूले उखु काट्दा समयमा सकिरहेका छैनन्। एक ट्र्याक्टर उखु पुऱ्याउन हप्तादेखि दश दिन लागिरहेको छ। दश दिनमा काटेको उखु सुक्न थालेको र मजदुरको ज्यालामा किसानको बढी खर्च भइरहेको स्थानीय किसान पुकार साहको गुनासो छ। 'बढ्दो मजदुरी अभाव चिर्न तीनै तहको सरकारले कृषि प्रविधिको पहुँचमा ध्यान पुऱ्याउनु पर्छ,' उनले भने।

मजदुर अभावले तरकारी खेतीमा पनि असर परिरहेको किसानको गुनासो छ। जिल्लाको उत्तरी क्षेत्रमा व्यावसायिकरुपमा मौसमी तथा बेमौसमी तरकारी खेती हुँदै आएको छ। गतवर्ष परवल रोपेको खेतको चिस्यान जोगाउन हरिवनका सिंहबहादुर थापाले बारीभरी उखुको पत्कर ओछ्याउने योजनामा छन्। तर, मजदुर नपाएर उनले सकिरहेका छैनन्।

'किसानको एक्लै प्रयासले खेती गर्न सकिन्न,' उनले भने, 'हाम्रा युवा विदेशमा मजदुरी गरिरहँदा यहाँ अभाव खेपिरहेका छौं।' यस्तै, मजदुर अभावकै कारण किसानले गोलभेंडा टिप्न सकेका छैनन्। मजदुर पाइहाले पनि अघिपछिका भन्दा धेरै ज्याला दिनुपर्ने किसानको गुनासो छ।

# 'सचिवको असहयोगले भुक्तानी अन्योल'

## प्रक्रिया पूरा भएका योजनाको भुक्तानीका लागि मन्त्रालयका सचिवले चेक काट्न नमानेको मुख्यमन्त्रीको आरोप

■ **सन्तोष सिंह** (धनुषा)


प्रदेशका मुख्यमन्त्री लालबाबु राउतलाई सोमबार ज्ञापनपत्र बुझाउँदै प्रमुख प्रतिपक्ष दल नेकपाका सांसद। *तस्बिर : सन्तोष/कान्तिपुर*

मुख्यमन्त्री लालबाबु राउतले प्रदेशका सचिव अनुदार हुँदा उपभोक्ता समितिको भुक्तानी अन्योलमा परेको बताएका छन्। उनले प्रक्रिया पूरा भएका योजनाको भुक्तानीका लागि मन्त्रालयका सचिवले चेक काट्न नमानेको आरोप लगाएका हुन्। सोमबार प्रतिपक्षी दल नेकपाको ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री राउतले यस्तो जानकारी दिए।

'चेक काट्ने कर्मचारी र सचिवले नै हो,' मुख्यमन्त्री राउतले भने, 'चेक काट्ने अनुदार छन्। सरकारले गत आर्थिक वर्षको भुक्तानी गर्न नसक्दा उपभोक्ता पीडामा छन्।' गत वर्षको भुक्तानी तत्काल गरी सरकारले चाँडै निकास दिने राउतले बताए। प्रदेश सरकारले गत वर्षको भुक्तानी नगर्दा प्रदेश सभा बैठक महिनौंसम्म ठप्प भएकाले तत्काल बैठक बोलाउन प्रमुख प्रतिपक्ष नेकपाले मुख्यमन्त्री राउतलाई ज्ञापनपत्र बुझाएको छ। प्रतिपक्षी नेकपा प्रदेश २ संसदीय दलका नेता सत्यनारायण मण्डलले तत्काल प्रदेश सभाको बैठक बोलाएर समस्या समाधान गर्न माग गरे।

प्रदेश सरकारको ६ वटा विकासे मन्त्रालयले उपभोक्ता समितिमार्फत गत वर्ष गराएका ८ सय १४ वटा योजनाको ८६ करोड रुपैयाँ भुक्तानी हुन सकेको छैन। भुक्तानीको माग गर्दै प्रदेश सभा बैठक अवरुद्ध छ, जसमा सत्ता पक्षीय सांसदसमेत सहभागी छन्। उपभोक्ता समिति पनि आन्दोलित छन्।

उपभोक्ता र सांसदको दबाब पछि सरकारले प्रयास गरे पनि सचिवहरूले भने भुक्तानी प्रक्रिया अघि बढाउन मानेका छैनन्। प्रदेशसभाको निर्देशनअनुसार मन्त्रिपरिषद्को बैठकले भुक्तानी गर्न निर्णय गरे पनि कर्मचारीहरू अनियमिततामा फस्ने डरले निर्णयमा हस्ताक्षर गर्न मानेका छैनन्। गतवर्षको भुक्तानी चालु आवमा दिन नमिल्ने नियम छ।

प्रदेश सरकारका २ वर्ष पूरा भए पनि विनियोजित बजेट खर्च गर्न नसकेको, विकास खर्च न्यून भएको, विकास योजनाको रातो किताब प्रकाशन गर्न नसकेकोलगायत समस्या देखाएर ज्ञापनपत्रमा ८ बुँदे माग राखिएको छ। 'योजनाका रकम भुक्तानी नदिँदा सत्तापक्षबाट समेत संसद् अवरुद्ध हुँदै आएको छ,' नेकपा संसदीय दलका सचेतक सुन्दरबहादुर विश्वकर्माले भने, 'सरकार दिगो विकासको अनुभूति दिनुको साटो दिशाविहीन भएर अनुत्तरदायी हुँदै गएको छ। अपारदर्शी र प्रचारमुखी कार्यमा मात्र सीमित भएको छ।'

ज्ञापनपत्रमा जनता आवास कार्यक्रममा ढिलासुस्ती र अपारदर्शी भएको भन्दै जिल्लामा तत्काल अख्तियारी पठाउनु पर्ने, प्रदेश सांसदको सिफारिसमा मात्र स्थानीय तहलाई योजना दिनुपर्ने माग गरिएको छ।

प्रदेश सरकारले कृषि, सिँचाइ, मलखादको व्यवस्था गरी किसानलाई प्रदान गरिने अनुदान, कार्यविधि तयार गरी वितरण गर्नुपर्ने माग पनि गरिएको छ। छोरी बीमा लगायतका कार्यक्रमहरू एक पक्षीय र पूर्वाग्रही देखिएकाले प्रदेश सांसदलाई अभियानमा सामेल गराउनु पर्ने नेकपाको माग छ। प्रदेशका खोलाहरूमा अवैध रुपमा दोहन भइरहेकोले कडाइका साथ रोकेर चुरे संरक्षणलाई प्राथमिकतामा राख्न पनि नेकपाले माग गरेको छ। नेकपाले प्रदेशमा कठिनाइका साथ सञ्चालन भइरहेको सामुदायिक क्याम्पसलाई खर्च दिन पनि मुख्यमन्त्रीको ज्ञापनपत्रमार्फत ध्यानाकर्षण गराएको छ।

# दाइजोविना अन्तरजातीय विवाह

**कान्तिपुर संवाददाता** (पर्सा)

*'केटा केटीको मूल्य नलगाऊ, पढाइ लेखाइ सक्षम बनाऊ,*
*बिना दाइजो विवाह गराऔं, विवाह कुरा २० वर्ष पारी'*

कुनै गैरसरकारी संस्थाले बेलाबेलामा चर्काउने नारा जस्तो लाग्ने यो सन्देश वीरगन्ज महानगरपालिका-२४ रमगढवा निवासी वृजेश्वर चौधरीले आफ्नो जेठा छोरा मधुसूदन चौधरीको विवाहको कार्डमा लेखेका हुन्। वृजेश्वर आफै दाइजो एवम् सामाजिक कुरीतिविरुद्ध जागरण मञ्च नामक संस्थाका अध्यक्ष पनि हुन्। ४ वर्षयता सक्रिय यो संस्थाले हालसम्म ९ वटा आदर्श विवाह गराइसक्यो। यस्तो अवस्थामा वृजेश्वर आफ्नो पालो आउँदा चुक्ने कुरै भएन।

अमेरिकामा बस्ने आफ्ना सफ्टवेयर इन्जिनियर छोराको पनि उनले आदर्श विवाह नै गरे। आइतबार जनकपुरकी २२ वर्षीया कन्चन चौधरीलाई बुहारीको रुपमा घर भित्र्याएका वृजेश्वरले आफन्तजन इष्टमित्रहरूलाई सोमबार बहुभोज पनि खुवाए।

विवाहको कार्ड अन्य स्थानीयले जस्तो हिन्दी भाषामा नभई मातृभाषा भोजपुरीमा लेखिएको छ। एक पैसा पनि दाइजो र कुनै पनि जिन्सी सामान नलिई गरिएको आदर्श विवाहमा जन्ती पनि मुस्किलले ५० जना थिए। घरबाट जन्ती निस्किँदा अन्य विवाहमा जस्तो डिजे र अश्लील भोजपुरी गीतहरू बजेनन्। 'हामी अरुलाई यस्ता तडकभडक तथा फजुल खर्च नगर्न सचेत गरिरहन्छौं, आफूले कसरी यस्ता नियम र आचारसंहिता उल्लघंन गर्न सक्छौं ?,' उनले भने, 'राम्रा कुराको सुरुवात आफैबाट गर्नु पर्छ भन्ने सन्देश दिन पनि मैले छोराको दाइजोरहित विवाह गराएँ।'

बेहुला मधुसूदनले बुबाको कदमको प्रशंसा गरे। कञ्चनले पनि आफ्नो आदर्श विवाहले समाज परिवर्तनमा थोरै भए पनि भूमिका खेल्नेमा आशावादी रहेको बताइन्।

मधुसूदन नुनिया जातिका हुन् भने कन्चन कलवार जातिकी हुन्। दुवैको जात मिल्दैन। यसअघि उनीहरूको प्रत्यक्ष भेटघाट भएको थिएन। अभिभावकले अढाइ महिनाअघि विवाह पक्का गरेपछि दुपैको सामाजिक सञ्जालबाट वार्ता हुन थालेको हो। वैवाहिक समारोहमा बेहुला बेहुलीले औंठी र वरमाला साटासाट गरेका थिए। धार्मिक विधि भने पूरा गरिएको थियो।

# मौलापुरमा मधानी महायज्ञ

रौतहट (कास)- रौतहटको मौलापुरमा मंगलबारदेखि मधानी महायज्ञ सुरु हुने भएको छ। मौलापुर नगरपालिका-५ पतौरामा हुने महायज्ञमा मंगलबार नै राष्ट्रपति विद्यादेवी भण्डारीले विशेषपूजा गर्ने कार्यक्रम तय भएको छ।

महायज्ञमा शिवलीला प्रदर्शन र कलाकारहरूको सांस्कृतिक प्रस्तुति हुनेछ। भ्रमण वर्ष २०२० लाई लक्षित गर्दै आयोजित महायज्ञमा ३ लाख भारतीय पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ। मौलापुरमा रहेको पुरातात्विक महादेव मन्दिरको प्रांगणमा महायज्ञ आयोजना गरिएको हो। क्षेत्र नम्बर ३ प्रतिनिधि सभा सदस्य प्रभु साहले महायज्ञमा लाखौं भक्तजन आउने बताए।

प्रदेशमै पहिलो पटक हुन लागेको धार्मिक मधानी महायज्ञ र मेलाको औचित्यबारे सबैलाई जानकारी दिनु पर्ने साहले सुनाए। शिवरात्रीको दिनसम्म चल्ने महायज्ञमा नेपाल र भारतका गरेर ५ लाख भन्दा बढी श्रद्धालु भक्तजन आउने अनुमान गरिएको छ।

# क्षेत्रीय सहरी विकास परियोजना निर्माण तीव्र

■ **शंकर आचार्य** (पर्सा)

वीरगन्जमा एसियाली विकास बैंकको सहयोगमा सञ्चालित क्षेत्रीय सहरी विकास परियोजनाको निर्माणले तीव्रता पाएको छ। पछिल्लो समय बन्द हडताल जस्ता अवरोध घटेकाले काम गर्ने वातावरण सहज भई निर्माणको गति बढेको हो।

ठेकेदार कम्पनी कालिका कन्स्ट्रक्सनले यही गतिमा काम अघि बढे परियोजना ६ महिनाअघि नै सम्पन्न हुने दाबी गरेको छ। परियोजनाको वीरगन्ज प्रमुख ठाकुरप्रसाद ढकालले असारसम्म सबै काम सकिने बताए। सम्झौताअनुसार ९ डिसेम्बर २०१८ बाट सुरु गरिएको परियोजनाको काम १२ डिसेम्बर २०२० सम्म सम्पन्न गर्नु पर्नेछ। 'हाल परियोजनाको करीब ५५ प्रतिशत काम सम्पन्न भइसकेको छ,' उनले भने, 'अब बाँकी रहेका काम ठूला खाले नभई ससाना प्रकृतिका छन्।'

परियोजना अन्तर्गत कुल १२ दशमलव ०३ किमी ह्युम पाइप नालामध्ये ११ दशमलव ८४ किमीमा तयार भइसकेको छ। ६ दशमलव ४६ किमी आरसीसी बक्स नालामध्ये ५ दशमलव १४ किमी नाला निर्माण भइसकेको छ। ७ दशमलव १० किमी बाइपास सडकमध्ये करीब ६ किमी तयार भइसकेको छ। १० दशमलव ५८ किमी अन्य सडकमध्ये अधिकांश तयार भइसकेको छ। अब वृक्षरोपण, रोड पेन्ट, तथा फुटपाथको काम बाँकी छ।


नृसिंग माविको भवन निर्माणको काम पनि करीब ९८ प्रतिशत सम्पन्न भइसकेको छ। आउँदो शैक्षिक सत्रदेखि पठनपाठन हुने गरी विद्यालय व्यवस्थापन समितिलाई भवन हस्तान्तरण गर्ने तयारी भइरहेको ढकालले बताए। दोस्रो बाइपास सडकको बीचमा परेको यो विद्यालयको पुरानो भवन भत्काउनका लागि परियोजनाले नयाँ विद्यालय भवन निर्माण गरिरहेको छ।



वीरगन्जमा सञ्चालित क्षेत्रीय सहरी विकास परियोजना अन्तर्गत निर्माण गरिएको बाइपास सडक। *तस्बिर : शंकर/कान्तिपुर*

परियोजना अन्तर्गत हालसम्म बाइपास सडक करीब ६ किमी तयार भइसकेको छ। प्रिपा लिंक र घण्टाघर लिंक सडक तयार भइसकेको छ। नेशनल मेडिकल कलेज चोकदेखि सेन्ट जोन्स स्कुल हुँदै ब्रह्मचोक करीब अढाई किमी तयार भइसकेको छ भने भिष्वा हुँदै आयुर्वेद अस्पतालसम्म डेढ किमी सडक तयार भइसकेको छ। रेल्वे रोड आधाभन्दा बढी तयार भइसकेको छ।

यसअघिको मझौला एकीकृत सहरी परियोजनाले समेट्न नसकेका महानगरका भित्री सडकहरूलाई यो परियोजनामा प्राथमिकतामा राखिएको छ। तेजारथ टोल, शिरोमणि नगर, पिपरा चिनिमिल बाइपास आदि सडक यस पटक प्राथमिकतामा परेका छन्। महानगरका अधिकांश टोलमा डुबानको समस्या रहेको छ। डुबान अन्त्य गर्न प्रत्येक सडकसंगै नाला पनि निर्माण गरिएका छन्। अधिकांश स्थानमा भूमिगत नाला छन्।

ढकालका अनुसार २ अर्ब ३४ करोड ९२ लाख रुपैयाँ (मूल्य अभिवृद्धि करसहित) लागतको परियोजनामा ६.२ प्रतिशत वीरगन्ज महानगरको र बाँकी एशियाली विकास बैंकको लगानी छ। कालिका र चिनियाँ कम्पनी जेडटीएसजे परियोजनाका ठेकेदार हुन्। ठेक्कामा कालिकाको ८० र जेडटीएसजेको २० प्रतिशत हिस्सा छ।









## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | भाग्य वृद्धि | तुला | स्फुर्ती बढ्ने |
| वृष | अस्वस्थता | वृश्चिक | वैभव प्राप्ति |
| मिथुन | मित्र भेट | धनु | उत्साहप्रद |
| कर्कट | आलस्यता | मकर | कान्ति क्षय |
| सिंह | अध्ययनमा सफल | कुम्भ | कार्य सफल |
| कन्या | पारिवारीक सुख | मीन | कर्म प्राप्ति |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन ७ गते बुधबार तदनुरुप १९ फेब्रुवरी २०२० फाल्गुन कृष्णपक्ष एकादशी तिथी दिनको ५:१६ बजेसम्म उप्रान्त द्वादशी तिथी, मूल नक्षत्र प्रात: ८:४६ बजेसम्म उप्रान्त पूर्वाषाढा नक्षत्र, वज्र योग प्रात: १०:२८ बजेसम्म उप्रान्त सिद्धि योग, बालव करण दिनको ५:१६ बजेसम्म उप्रान्त कौलव करण, धनु राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सरोकार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | सुमनसङ्ग (रिपिट) |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | फिल्म टनिक (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | ह्वाट द फ्लप (रिपिट) |
| १:३० | बलियो घर (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | फिल्म टनिक (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्युज |
| ६:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | कमेडी च्याम्पियन |
| १०:०० | सरोकार |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टू लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | फिल्म टनिक (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (सागरिका) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | गीतहरु |
| १०:०० | स्पोर्ट्स डायरी |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | मनका कुरा |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) |
| १३:०० | डिस्ट्रिक्ट डायरी |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | नेपालय (रश्मिला) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| १७:०० | डिस्ट्रिक्ट डायरी |
| १७:०५ | हेल्थ हटलाइन (कमला) |
| १८:०० | गीतहरु |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | कनेक्ट (मानस्वी वान्तवा राई) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | ओल्डी गोल्डी (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| २३:०० | पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल) |
| ००:०० | फिल्मी परेड (रिपिट) |
| ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **धनुषा** | |
| प्रहरी | ०४१५२४१०० |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२६९३८ |
| एम्बुलेन्स महावीर युवा कमिटी | ५२५९८० |
| एम्बुलेन्स मारवाडी सेवा समिति | ५२१७८४ |
| रक्त सञ्चार रेडक्रस | ५२०८७० |
| धनुषा अस्पताल | ५२५८०० |
| केयर मेडिकल सेन्टर | ५२०२३० |
| जानकी आँखा अस्पताल | ५२०३९७ |
| जानकी हेल्थ केयर सेन्टर | ५२५३४१ |
| अञ्चल प्रहरी कार्यालय | ५२०३६५ |
| एयरपोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२४४६० |
| जानकी मन्दिर | ५२०१७६ |
| राष्ट्रिय मानव अधिकार आयोग | ०४१-५२७८१२/५२७८११ |
| **महोत्तरी** | |
| जिल्ला अस्पताल | ५२००६० |
| वारुण यन्त्र | ५२००९७ |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२०००९ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| बन्दना हस्पिटल प्रा.लि. गौशाला | ९८५४०२५५२७/९८५४०२३५२७ |
| विद्युत् फ्युज शाखा | ५२००६६ |
| जलेश्वर अस्पताल | ५२००७० |
| ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स | ९८४४१२७१७७ |
| छिन्नमस्ता गण | ५२२६१९ |
| ई.प्र.का. बर्दिबास | ५५५००६ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| प्रहरी कन्ट्रोल | ५२०००९ |
| जिल्ला अस्पताल | ५२००७० |
| ईलाका प्रहरी कार्यालय गौशाला | ५५१००/६९२०७२ |
| **काठमाडौंका महत्वपूर्ण टेलिफोन** | |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसुति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७०६६, ४२१७७५५ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६० |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६० |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७१६०३ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)



इलामको कन्यामस्थित चिया बगानमा मौलिक पहिरनमा सजिएर तस्बिर खिचाउँदै आन्तरिक पर्यटक ।

तस्बिर: रमेशचन्द्र अधिकारी/कान्तिपुर

# पहिचानका आधारमा प्रदेश नामकरण माग

**कान्तिपुर संवाददाता** (ताप्लेजुङ)

गण्डकी प्रदेशको नामकरणप्रति तमू समुदायले असहमति जनाएका छन् । ताप्लेजुङ सदरमुकाम फुङलिङमा आइतबार सकिएको तमू ह्युल छोंज धी गुरुङ राष्ट्रिय परिषद्को दुईदिने राष्ट्रिय भेलाले पहिचानका आधारमा गण्डकी प्रदेशलाई 'तमू प्रदेश' नामाकरण गर्न माग गरेको छ । यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सबै तमू समुदायलाई वैचारिक रुपमा सचेत र संगठित गर्ने तथा निरन्तर आन्दोलन गर्ने निर्णय पनि गरेको छ ।

संघीय संरचनाअनुरुप बहुभाषिक नीति लागु गर्दै प्रदेश ४ मा गुरुङ भाषा र लिपीलाई राज्यको माध्यम भाषाको रुपमा मान्यता दिइनुपर्नेमा समेत जोड दिइएको छ । १२ बुँदे घोषणा पत्र जारी गर्दै भेलाले प्रदेश १ को नामकरण पहिचानका आधारमा लिम्बूवान/किँरात प्रदेश हुनुपर्ने भन्दै उठिरहेको आवाजप्रति ऐक्वबद्धता जनाएको छ । २०७८ मा हुने राष्ट्रिय जनगणनालाई भने उत्सव र महाअभियानको रुपमा लिने निर्णय भएको परिषद्ले जनाएको छ ।

आफ्नो मातृभाषामा गुरुङ र धर्ममा बौद्ध/वोन उल्लेख गर्न जनचेतनामूलक कार्यक्रम गरिने भएको छ । भेलाले तमू ल्होसारका अवसरमा दिइँदै आएको सार्वजनिक बिदा सुनिश्चित हुनुपर्ने आवाज पुनः दोहोर्‍याएको छ । आफ्नो मातृभाषाको पठनपाठनका लागि खेमा लिपीमा पाठ्क्रम तयार गरी सञ्चालन गर्न माग गरेको छ । अनौपचारिक कक्षामार्फत समुदायमा यो भाषा पुर्‍याउने निर्णय पनि भेलाको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा सूचिकृत आदिवासी जनजाति मध्येको एक थारु समुदायलाई 'राना थारु'को नाममा छुट्टै समुदायको रुप दिइएकोमा भेलाले विरोध जनाएको छ । यसलाई बदर गर्नसमेत परिषद्ले माग गरेको छ ।

# 'अझै सिंहदरबारमै कैद छ प्रजातन्त्र'

**जितेन्द्र साह** (विराटनगर)

काठमाडौं लैनचौरको सम्पन्न परिवारमा जन्मिएका राम बहादुर श्रेष्ठलाई विराटनगरले लोभ्यायो र यतैका स्थायी बासिन्दा भए । शिक्षा, चेतना र राजनीतिमा विराटनगरसँग काठमाडौंको तुलना हुन नसक्ने बताउने उनी २०१६ मा विराटनगर झरेका हुन् । हाल विराटनगर महानगरपालिका-७, गहेली टोलमा उनको स्थायी बसोबास छ । आगामी असारमा उनी एक सय वर्षका पुग्दैछन् ।

वन तस्करका अगाडि नझुक्ने रेन्जरका रुपमा श्रेष्ठलाई धेरैले चिन्ने गरेका छन् । धेरै वर्ष वन अधिकृतका रुपमा विभिन्न जिल्लामा खटिएको त्यो समय उनको सम्झनामा मात्र सीमित छ । राष्ट्रिय एवं स्थानीय पत्रपत्रिकामा सुशासन, सामाजिक चेतना र जागरणसम्बन्धी कविता तथा विचार लेखनमा उनी अझै सक्रिय छन् । विभिन्न कार्यक्रम र अन्तर्क्रियामा सहभागी भई आफ्ना विचार राख्ने सिलसिला उमेरका कारण अहिले पातलिएको छ तर टुटिसकेको छैन । भेट्न आएकालाई समेत आफ्ना कुरा सुनाउँछन् श्रेष्ठ । 'सहमति, सहकार्य, सञ्चार र समय, यी चार कुरा हरेक नागरिकको सफलताका सुत्रहरू हुन्,' उनी भन्छन्, 'सामाजिक अभियान र व्यवहारमा यिनै पक्षको अनुशरणले सफलताको निर्धारण गर्छ ।'



आउने असारमा सय वर्ष पुग्दै गरेका पूर्व वन अधिकृत राम बहादुर श्रेष्ठ सिंहदरबारको संरचना र स्वरुप बदलिएको तर स्वभाव उस्तै रहेको बताउँछन् ।

वृद्ध भए पनि उनी सहजै देख्न र सुन्न सक्छन् । राष्ट्रिय पत्रपत्रिकाको नियमित अध्ययन गर्छन् तर भ्रष्टाचारको समाचार पढ्दा निराश हुन्छन् । विगतमा फर्किन्छन् । काठमाडौंको सम्झना उनमा ताजै छ । 'त्यो समयमा सिंहदरबार अगाडिको दायाँबायाँ तरकारी खेती हुन्थ्यो, धेरैपछि महलहरू बने,' उनी भन्छन्, 'सिंहदरबारको संरचना र स्वरुप बदलियो, तर स्वभाव एवम् आनीबानी उस्तै छ ।' अझै सिंहदरबारभित्रै प्रजातन्त्र कैद भएको उनी बताउँछन् । 'वास्तविक रुपमा भूइँका मान्छेसम्म प्रजातन्त्र पुग्न सकेकै छैन,' श्रेष्ठको आवाज केही रुखो सुनिन्छ, 'भोट हालेर सत्तामा पुर्‍याई दिने साधनको रुपमा मात्र जनतालाई प्रयोग गरिँदै आएको छ, जनताप्रति जवाफदेहिता बिल्कुलै छैन ।'

सिंहदरबार निर्माणका बखत श्रेष्ठका बुवा रत्नलालले श्रमिकहरूलाई ज्याला बाँड्ने काम गर्थे । पछि डिट्ठा भए । उबेला चोरडाँकाले दुःख दिएपछि डिल्लीबजार सरेका श्रेष्ठ परिवारको आर्थिक र सामाजिक अवस्था दरिलो थियो । तीन दाजु र चार दिदीबहिनी भएका श्रेष्ठको बाल्यकाल पनि सुखसयलमै बित्यो । बुवा सिंहदरबारमा काम गर्ने भएकोले त्यसबेला गरिने कार्यसम्पादन र दरबारियाबारे उनी जानकार छन् । सोहीकारण पनि आजको समयसँग उनी तुलना गरिरहन्छन् ।

राणाकालमा जस्तै सिंहदरबार जनताका लागि आज पनि रहस्यमय नै रहेको उनको भनाइ छ । 'काठमाडौंको डिल्लीबजारमा बसेर आन्दोलन गर्ने धागो तामाङ, मैना क्षेत्री र सुराकी गर्न सुसारेको रुपमा पठाइएका उनीहरूका बहिनीहरूको दरबारभित्र विभत्स हत्या भएकोबारे बुढापाकाले सुनाउँथे,' उनले भने, 'तर नेपालको राजनीतिक रुपान्तरणको इतिहासमा यी नारीहरूको बारेमा कतै उल्लेख छैन ।'

राणाकालदेखि लोकतन्त्रिक गणतन्त्रसम्म राजनीतिक जागरणका साक्षी बनेका उनी सिंहदबारका परिदृश्यहरू बदलिए पनि विभिन्न रुपले जनताको शोषण गर्ने र अँध्यारोमा राख्ने क्रम नरोकिएको बताउँछन् । 'जनताको सेवाभन्दा पनि भ्रष्टाचार गर्नलाई शक्ति र सत्तामा पुग्ने होड नै आजको शोषणको आधुनिक रुप हो,' श्रेष्ठ भन्छन्, 'मुलुकमा वास्तविकभन्दा देखावटी प्रजातन्त्र छ, सोझा जनतालाई रमिते बनाएर ढुकुटी लुट्ने प्रतिस्पर्धा चलेको छ ।'

अहिले अनुशासन, सुशासन र प्रशासनलाई 'बाइपास' गरिएको उनको तर्क छ । 'अहिलेका राजनीतीकर्मी र कर्मचारीतन्त्रले सुशासनको महत्व बुझेका छैनन्, अनि भ्रष्टाचार कसरी रोकिन्छ,' श्रेष्ठ प्रश्न गर्छन् । यस्तै कारणले यातायात र विद्युतलगायत क्षेत्रको पूर्वाधार विकासमा मुलुक धेरै समयसम्म पछि परेको उनलाई लाग्छ । 'सर्वत्र अनुशासनको अभाव छ, तर यो सिक्नै पर्छ, नत्र भ्रष्टाचार र अन्य बेथिति कम हुन्न,' उनी सुझाउँछन् । उनले प्रजातन्त्र पुनर्बहालीपश्चात् र लोकतन्त्र प्राप्ति पछिका संविधानले समेत सरकारको क्रियाकलापमा पारदर्शिता हुनुपर्नेमा जोड दिएको बताए ।

आफू विभिन्न जिल्ला वन कार्यालयमा अधिकृतको रुपमा कार्यरत रहँदा गरिने चाकरीको शैलीमा कुनै परिवर्तन नआएको उनको ठकर छ । 'सम्मान गर्नेभन्दा पनि चाकरीको रुपमा गरिने नमस्कार बेकार हो । उबेला मलाई नमस्कार नगर्नुस् भन्थेँ, त्यसको साटो फाइल, दर्ता र चलानी दुरुस्त राख्न सिकाउँथे, बेलामा चिठीपत्रको जवाफ दिन लगाउँथे,' उनी भन्छन्, 'अहिले लोकतान्त्रिक मुलुकको अधिकांश सरकारी कार्यालयमा सेवाग्राहीको राजनीतिक, आर्थिक र सामाजिक हैसियत बुझेर व्यवहार गरिन्छ । यो गलत छ ।'

लामो समयसम्म एउटै दल र एउटै व्यक्ति सत्तामा रहँदा पनि भ्रष्टाचार, अनियमिता र बेथिति फैलिएको श्रेष्ठको बुझाइ छ । 'अरु दल र नेतामा पनि गुण त होला नि, सबैले मौका पाउनु पर्ने हो,' उनी भन्छन्, 'तर राम्राले पाइरहेका छैनन् ।'

बुढ्यौलीसँगै गर्धनको हाड खिइएको र नसाको समस्याले हातखुट्टा झमझमाउन थालेकाले अचेल उनको दिनचर्या घरभित्रै आराम गरेर बित्ने गरेको छ । तर लठ्ठी टेकेर भए पनि हिँड्ने ध्याउन्नमा हुन्छन् उनी । घुमन्ते स्वभावका उनको जीवनकथा पनि रोचक छ । दरबार हाइस्कूलमा पढ्दैगर्दा दोस्रो विश्वयुद्धका लागि भारतमा रहेको अंग्रेज फौजमा श्रेष्ठ भर्ना पनि भएका थिए । त्यतिबेला उनको उमेर १८/१९ को हाराहारीमा थियो । दुई वर्षमै पिउठमा पदोन्नति भए पनि फौजमा हुने हेपाहा व्यवहार खप्न नसकेर उनी स्वदेश फर्किए र रेन्जर विषय पढ्न थाले । भारत सरकारको छात्रवृत्तिमा देहरादुन पुगेर वनविज्ञानको थप अध्ययन गर्न पाए । अमिनको पढाइ र तालिममा उत्कृष्ट नतिजा ल्याएका श्रेष्ठलाई राणाहरूले कैलालीको भजनीमा रेन्जर बनाएर पठाए ।

जागिरको क्रममा विभिन्न जिल्ला पुगेका उनी २०१६ मा मोरङको जिल्ला वन कार्यालय सरुवा भएका थिए । 'मोरङमा त्यतिखेर चोरीनिकासीभन्दा वन फडानी गर्ने धेरै थिए, वन तस्करका नाइके पेस्तोल भिरेर घोडा चढेर हिँड्दा सबै डराउँथे, वन फाँडेर जमिनमा बसोबास गराई धन कमाउनु मुख्य पेसा थियो,' श्रेष्ठ पुराना दिन स्मरण गर्छन्, 'मलाई प्रलोभन र त्रास देखाइए पनि ठूटा नापेर मुद्दा चलाइने अडान लिएपछि तस्करहरू पछि हटे ।' हिजोआज भएका रुख काटिँदै गएको र त्यो अनुपातमा वृक्षारोपण नभएको देख्दा उनलाई चिन्ता लाग्छ ।

'निहित स्वार्थका कारणले सरकार र नागरिक असंवेदनशील भइरहने हो भने दुई/तीन दशकपछि देश मरुभूमिमा परिणत हुन बेर छैन,' उनी भन्छन्, 'कंक्रिटको महल थप्नेहरूले वनले गर्दा वर्षा हुने र भूमिगत जलस्रोत अडिने कुरा बिर्सेका छन् ।' पर्यावरणको मामिलामा काठमाडौंको अवस्था दयनीय रहेको श्रेष्ठको दाबी छ । 'सानो छँदा अहिलेको सहिदगेट दक्षिणको पोखरीमा गर्मीमा पौडी खेल्न जान्थ्यौं,' उनी भन्छन्, 'अहिले त सब सखाप भए, वाग्मती र विष्णुमती नदीमा कञ्चन पानी बग्थ्यो, तिर्खा लागेका बेला अञ्जुली भरेर त्यही पानी खान्थ्यौं ।'

विसं १९९० को भूइँचालोको विनाश र निर्माण दुवैका पनि उनी साक्षी थिए । 'पुनर्निर्माणपछि सामान्य अवस्थामा फर्किन एक वर्षभन्दा बढी समय लागेको थियो, सरकारले दिएको ऋणमा थपेर पहिलेका भन्दा सुन्दर महलहरू बने, काठमाडौं आकर्षक बनेको थियो ।' हिजोआज लोकतन्त्रमा धमिरा लाग्दै गएकोले मुलुकमा भनिएजस्तै समृद्धि देख्न नपाएको उनी बताउँछन् । 'सामाजिक सेवा भावले गरिनुपर्ने राजनीति पनि व्यापार जस्तै भएपछि सर्वत्र निराशा छायो,' उनी भन्छन्, 'जनतालाई सबल बनाउँदा सत्तामा टिक्न कठिन हुने नेतृत्व वर्गको संकिर्ण सोचले लोकतन्त्रमा धमिरा लाग्दै गएको छ ।'

# एबीसीमा हेलिकप्टरको व्यावसायिक उडानमा निषेध

अन्नपूर्ण संरक्षण क्षेत्रमा अत्यधिक हेलिकप्टर उडानले पर्यावरण तथा पदयात्रा पर्यटनमा असर पुर्‍याएको र हिमपहिरोको जोखिम बढाएको भन्दै व्यावसायिक उडानमा प्रतिबन्ध



कास्कीको अन्नपूर्ण गाउँपालिकामा पर्ने एबीसीमा पोखराबाट पर्यटक लिएर पुगेका हेलिकप्टर ।

फाइल तस्बिर : दीपक/कान्तिपुर

**दीपक परियार** (पोखरा)

अन्नपूर्ण आधार शिविर (एबीसी) मा हेलिकप्टरको व्यावसायिक उडानमा रोक लगाइएको छ । गत माघ ३ मा एबीसी ट्रेकअन्तर्गत देउरालीमा गएको हिमपहिरोमा हराइरहेकाहरुको उद्धार बाहेकका उडानमा रोक लगाइएको हो ।

कास्कीको अन्नपूर्ण गाउँपालिकाले गत वर्ष साउनमा भएको चौंथो नगरसभाबाटै हेलिकप्टर निषेध गर्ने निर्णय गरेको थियो । तर, कार्यान्वयन हुन सकेको थिएन । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) भित्र पर्ने एबीसीमा हेलिकप्टर उडाउन निश्चित शुल्क तिरेर अनुमति लिनुपर्ने भएपछि हवाई कम्पनीले लिएका थिएनन् । हिमपहिरोपछि भने गाउँपालिकाको वडा नम्बर ११ ले जिल्ला प्रशासन कार्यालयलाई सहजीकरण गरिदिन निवेदन पठायो । अन्नपूर्ण संरक्षण क्षेत्रमा अत्यधिक हेलिकप्टर उडानले पर्यावरण तथा पदयात्रा पर्यटनमा असर पुर्‍याएको र हिमपहिरोको जोखिम बढाएकोले व्यावसायिक उडान रोक्नुपर्ने वडाको माग थियो । वडाको माग बमोजिम जिल्ला प्रशासनले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्र लेखेको थियो । जथाभावी हेलिकप्टर उडान रोकी नियमन गनुपर्ने प्रशासनको राय थियो ।

अन्नपूर्ण-११ का अध्यक्ष हिमबहादुर गुरुङ अव्यवस्थित उडानले वातावरणीय असर गरेको बताउँछन् । 'पहिले डाँफे, मुनाल, घोरल, कस्तुरी घर नजिकै आउँथे,' उनले भने, 'हेलिकप्टर धेरै उडेपछि त्यसकै आवाजले तर्सिएर ती पशुपंक्षी कतै देखिँदैन । उनीहरूको बासस्थानमा धावा बोल्ने काम भएको छ ।' हेलिकप्टरको कम्पनले एबीसीमा हिमनदीको कटान बढिरहेको उनको दाबी छ । सरंक्षित क्षेत्रभित्र उद्धारबाहेक व्यावसायिक उडान गर्न नपाइने भएकोले रोक लगाउनुपरेको उनी बताउँछन् ।

कास्कीका प्रमुख जिल्ला अधिकारी रमेशकुमार केसी पूर्णरुपमा निषेध नभई नियमन गर्नुपर्ने पक्षमा छन् । 'भ्रमण वर्ष २०२० चलिरहेको छ । खर्च गरेर जान्छु भन्ने पाहुनालाई रोक्न पनि भएन,' उनी भन्छन्, 'बरु पर्यटकलाई महँगो शुल्क लगाउने र राजश्व संकलन गर्नेबारे सोच्नुपर्छ ।' व्यावसायिक उडानमा महँगो शुल्क तोकिए उडान स्वतः कम हुने उनको बुझाइ छ ।

देउरालीमा हिमपहिरो जानुअघि पोखरा विमानस्थललाई आधार बनाएर पाँच हवाई कम्पनीले व्यावसायिक उडान गर्दै आएका थिए । प्रभु हेली, एअर डाइनेस्टी, सिम्रिक, फिस्टेल र अल्टिच्युड एयरका हेलिकप्टर एबीसी पुग्थे । पर्यटकीय मौसममा दिनमा ५० वटासम्म उडान हुने गरेका नागरिक उड्डयन प्राधिकरण पोखरा कार्यालयका प्रवक्ता देवराज सुवेदीले बताए । चार कोरियाली र तीन जना नेपाली बेपत्ता हुनेगरी गएको हिमपहिरोपछि उद्धारको अनुमति लिएर मात्रै हेलिकप्टर उडेको उनले जानकारी दिए । 'एक्याप, गाउँपालिका र स्थानीय व्यवसायीको माग बमोजिम रोक्न उपुयक्त देखिएको व्यहोरासहितको जिल्ला प्रशासनको पत्र आइपुगेको छ,' उनले भने, 'मन्त्रालयले आधिकारिक रुपमा रोक्न भनिसकेको छैन ।'

एक्याप, गाउँपालिका र प्राधिकरणको मौखिक आग्रहमा हेलिकप्टर कम्पनीले व्यावसायिक उडान रोकेका हुन् । एबीसीबाहेक एक्यापमै पर्ने मर्दी हाई क्याम्पमा भने अहिले पनि हेलिकप्टरहरूले व्यावसायिक उडान गरिरहेका छन् । एबीसीमा पर्यटकको उद्धारका लागि मात्रै हेलिकप्टर प्रयोग भएको कम्पनीले जनाएका छन् । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरका अनुसार वार्षिक १५ हजार पर्यटक हेलिकप्टरबाट एबीसी पुग्छन् । पदयात्रा पर्यटनलाई नै धरापमा पार्नेगरी हुने हेलिकप्टर उडानको आफू विपक्षमा रहेको उनले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन नियमावलीको अनुसूची १ अनुसार संरक्षण क्षेत्रमा हेलिकप्टर ल्यान्ड गर्न एक्यापको अनुमति चाहिन्छ । उद्धारबाहेक संरक्षण क्षेत्रमा एकपटक हेलिकप्टर अवतरण गर्दा तीन हजार रुपैयाँ बुझाएपछि मात्रै एक्यापले अनुमति दिन्छ । तर हेलिकप्टर कम्पनीले हालसम्म एक्यापको अनुमति लिने गरेका छैनन् । हेलिकप्टरमार्फत एबीसी पुग्ने विदेशी पर्यटकले एक्यापलाई बुझाउनुपर्ने प्रवेश शुल्क समेत बुझाउँदैनन् । विमानस्थलमा एकपल्टको अवतरण शुल्कवापत डेढ सय रुपैयाँ मात्रै बुझाउँछन् ।

हवाई कम्पनीलाई पटक-पटक आग्रह गरे पनि अटेर गरेको एक्याप प्रमुख राजकुमार गुरुङले बताए । 'हिमपहिरो जानुअघिसम्म हेलिकप्टरको उडान नियमानुसार भएनन्,' उनले भने, 'सन् २०१९ मा कति उडान भए भन्ने तथ्यांक कम्पनीसँग मागेका छौं । कसरी नियमन गर्न सकिन्छ भनेर प्राधिकरणसँग पनि छलफल अगाडि बढेको छ ।'

एबीसीमा सिधै हेलिकप्टर अवतरण हुँदा पदयात्रा व्यवसाय धरासायी भएको पर्यटन व्यवसायीको गुनासो छ । ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान) पश्चिमाञ्चल च्याप्टर अध्यक्ष हरि भुजेल अव्यवस्थित हेलिकप्टर उडानले पदयात्रा पर्यटनको भविष्य अन्योलमा परेको बताउँछन् । 'आधार शिविर पुग्न एक साताभन्दा लामो समय र लाखौं रुपैयाँ खर्च गर्नेगरी पर्यटक नेपाल आउँछन्,' उनले भने, 'तिनै पर्यटकलाई १/१ सय डलर लिएर आधा घण्टामै एबीसी पुर्‍याएर ल्याएपछि हाम्रो पर्यटन व्यवसाय कहाँ जान्छ ?'

अन्नपूर्ण सेन्चुरी ट्रेकमा पर्ने होटल व्यवसायीको संस्था छोम्रोङ पर्यटन व्यस्थापन समितिका अध्यक्ष बुद्धिमान गुरुङ पदयात्रा पर्यटनबाट गाइड, भरिया, होटल, रेस्टुरेन्ट तथा स्पा मजदुर, किराना पसल लगायत थुप्रै व्यवसाय चलिरहेको बताउँछन् । 'हेलिकप्टरबाट ओसार्दा विदेशी पर्यटक खर्च गर्नबाट पनि वञ्चित हुन्छन्, हामी व्यवसायीलाई समेत कमाउने बाटो बन्द हुन्छ ।'




को-हस्बेन्ड
बहुपति प्रथामाथिको डकुमेन्ट्री उत्कृष्ट । ९





'लभ आजकल'
पुरानै शैलीको पुनरावृत्ति । ९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३५९ पोखरा | ६ फागुन २०७६ मंगलबार फाल्गुण कृष्णपक्ष दशमी | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, February 18, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ






**कोरोना भाइरस प्रभावित चीनको वुहानबाट ल्याएर राखिएकाहरू सोमबार भक्तपुरको चाँगुनारायण-७ खरिपाटीस्थित क्वारेन्टाइन परिसरमा । त्यहाँ राखिएका सबै १७५ जनाको घाँटीको र्‍याल र 'नेजेल स्वाब' को नमुना संकलन गरिएको छ । परीक्षणको नतिजा बुधबारसम्म आइसक्ने जनाइएको छ । क्वारेन्टाइनमा १३५ जना पुरुष र ४० जना महिला छन् ।** समाचार पृष्ठ २ ।

*तस्बिर : इलिट जोशी/कान्तिपुर*

# दिल्लीबाट उड्न 'इन्ट्री परमिट' अनिवार्य

## स्थलमार्गबाट भारत पुग्ने नेपालीलाई हवाईमार्गबाट फर्कन पासपोर्ट नै चाहिने, भारतीय भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउने

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

परराष्ट्र मन्त्रालयले गरेको औपचारिक आग्रहपछि भारतीय अध्यागमनले 'नेपालका स्थलमार्गबाट दिल्ली पुग्ने नेपाली यात्रुले विमानबाट काठमाडौं फर्कन नपाउने' नियम अनिवार्य गरेको छ ।

दिल्लीस्थित नेपाली दूतावासले जारी गरेको सूचनामा यात्रुले आफ्नो राहदानीमा 'प्रस्थान छाप' (डिपार्चर स्टाम्प) भएको अवस्थामा मात्रै भारतीय अध्यागमनले 'आगमन छाप' (एराइभल स्टाम्प) लगाउने स्पष्ट प्रबन्ध कायम भएको जनाएको छ । यो सूचनापछि परोक्ष रूपमा नेपाल-भारतका नागरिकले हवाईमार्ग हुँदै एकअर्को देशमा आवतजावत गर्न नागरिकता वा अन्य प्रामाणिक पहिचानपत्र प्रयोग गर्न पनि नसक्ने भएका छन् । 'नागरिकतामा एराइभल वा डिपार्चर स्टाम्प लगाउन असम्भव रहेको र यसबारेको रेकर्ड पद्धतिसमेत प्रभावकारी नभएका कारण अब आवागमनमा पासपोर्ट प्रयोगका लागि यात्रुलाई प्रोत्साहित गरिनेछ,' अध्यागमन विभागका एक अधिकारीले भने ।

दिल्लीस्थित उपनियोग प्रमुख भरतकुमार रेग्मीका अनुसार, 'दिल्ली आउने नेपाली यात्रुको पासपोर्टमा इन्ट्री परमिट देखियो भने मात्रै भारतीय अध्यागमनले एक्जिट-परमिट दिने नियम अनिवार्य' भएको छ । 'यो नियमको व्यवस्था हाम्रो अन्तरसरकारी समन्वयमार्फत परराष्ट्रले भारतलाई गरेको अनुरोध बमोजिम हो, यसकारण यो व्यवस्थामा पारस्परिक समान हैसियतको व्यवहार (रेसिप्रोकिसिटी) आवश्यक रहन्न,' रेग्मीले भने । आवागमनमा यो 'असमान प्रबन्ध' लागू भएको अवस्थामा पशुपति दर्शनमा स्थलमार्गबाट आएका भारतीयले भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउनेछन् ।

दूतावासले जारी गरेको सूचनामा 'नेपाल-भारतबीच रहेको खुला सिमानाका कारण नेपालीहरूलाई स्थलमार्गबाट भारत प्रवेश गर्न सहज रहेको सर्वविदितै रहेको' भनिए पनि 'स्थलमार्ग हुँदै भारत आएर तेस्रो मुलुक उड्न खोज्दा समस्या आइपर्ने भएकाले काठमाडौंबाटै उडान भर्न' आग्रह गरिएको छ । तर सूचनामा भनिएजस्तो तेस्रो मुलुक उड्न खोज्दा मात्रै नभएर विशेष परिस्थितिमा सडकमार्गबाट दिल्ली गएर विमानबाट काठमाडौं फर्कन चाहने नेपाली यात्रु पनि 'उडान प्रतिबन्धित' स्थितिमा पुगेका छन् ।

'दुई महिनाअघि पेटको क्यान्सरको सम्भावना देखिएपछि मैले बस सेवाबाट आमालाई राजीव गान्धी क्यान्सर हस्पिटल ल्याएको थिएँ,' पोखराका राजकुमार श्रेष्ठले दिल्लीबाट फोनमा भने, 'अहिले डाइग्नोसिस भएर पुष्टि भएको छ । एक चरणमा किमो दिएपछि आगामी साता काठमाडौंसम्म नेपाल एयरलाइन्सबाट जाने योजना थियो तर यसरी 'इन्ट्री परमिट' नभई र नागरिकताका भरमा उडेर काठमाडौं जान मिल्दैन भनेर एयरलाइन्सले भन्यो । अब नेपाल-भारत खुला सीमा र सहज आवागमनको कुरा मेरोजस्तो कठिनाइमा कसरी लागू हुन सक्ला ?'

बाँकी पृष्ठ १३ ▸▸

## भोलि

**३६ पृष्ठको वार्षिकोत्सव विशेष**





ती ३५ अग्रणी, जसले समाजलाई अगाडि बढाए, सभ्य बनाए अनि हाम्रो चेत र सोचलाई फराकिलो पारे

## गजब छ बा !

– अविन –



तपैं पूर्व सभामुखकाँ ?...
म पूर्व उपसभामुखकाँ !


हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि



# भारतले महाकालीमा बनाएको पुल हटाइयो

■ **मनोज बडू** (दार्चुला)

भारतले महाकाली नदीमा लगाएको काठेपुल नेपाली प्रहरीले हटाएका छन् । केही साताअघि व्यास गाउँपालिका-१ को माल्पादेखि दोपखेसम्मको क्षेत्रमा भारतीय पक्षले काठेपुल हालेको थियो । आइतबार दुम्लिङमा रहेका प्रहरीले काठेपुल निकालेर महाकाली नदीमा फालेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । भारतले तिब्बत सीमा जोड्ने सडक निर्माण गर्नुका साथै सीमा नदी महाकालीमा पुल हालेको थियो ।

व्यास-१ पेल्सितीमा लगाइएको र माल्पानजिक महाकाली तर्न बनाइएको काठका डन्डी प्रहरीले फालेका हुन् । व्यास-१ कै कटारपानीमा डोजरसमेत वारपार गर्न मिल्ने गरी बनाएको कल्भर्टजस्तै पुलमाथि ढुंगा राखिएकाले भत्काउन नसकेको एक प्रहरीले बताए ।

प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले उक्त क्षेत्रमा सुरक्षा उपस्थिति नहुँदा त्यहाँ कार्यरत कामदारले सडक खनेका र अस्थायी काठेपुल लगाएका दाबी गरे । 'भारतले नभई उक्त क्षेत्रमा मजदुरी गर्न जाने नेपाली कामदारले सजिलोका लागि काठेपुल लगाएका रै'छन्,' उनले भने, 'अन्तर्राष्ट्रिय सीमा नदीमा पुल लगाउनु हुँदैन, सबैलाई समस्या पर्छ भनेर कामदारलाई सम्झाएर प्रहरी फर्केका छन् ।' प्रजिअ पौडेलले नेपाली कामदारले पुल राखेको दाबी गरे पनि सीमापारि भारतीय सुरक्षाकर्मीको नियमित गस्तीका बीच कामदारले सीमा नदीमा पुल हाल्नु असम्भव भएको स्थानीय बताउँछन् । 'हाम्रो प्रशासनले यस्तै जानकारी गराएको होला,' स्थानीय हिमालय भट्टले भने, 'भारतले उक्त क्षेत्रमा मनोमानी ढंगले सडक निर्माण गरिरहेको छ । काठेपुल त कामदारले वारिपारि गर्नलाई लगाए



**दार्चुलाको व्यास गाउँपालिका-१ को पेल्सितीस्थित सीमा नदी महाकालीमा भारतले बनाएको काठेपुल ।**

*फाइल तस्बिर : कान्तिपुर*

होला । नेपाली भूमिमा आएर सडक बनाई डोजर ओसारपसार गर्नु कति ठूलो हेपाहा प्रवृत्ति हो ।'

गत वर्ष भारतले नेपाली प्रशासनकै सहमतिमा महाकालीमा काठेपुल हालेको थियो । 'दुई देशको सीमा क्षेत्रमा संरचना निर्माण गर्न नपाइने अन्तर्राष्ट्रिय नियम छ । तर, भारतले त्यसविपरीत नेपाली पक्षको उपस्थिति नभएको मौका छोपी संरचना निर्माण गर्दै आइरहेको छ,' प्रजिअ पौडेलले भने, 'गर्नैपर्ने भए हाम्रो सहमति लिनुपर्थ्यो ।' उक्त क्षेत्रमा भारतले दुई ठाउँमा करिब आधा किलोमिटर सडक खनेको छ भने एक ठाउँमा सवारीसाधन वारपार गर्न सक्ने पुलसमेत बनाएको छ । भारतले महाकालीमा काठेपुल राखेको र नेपाली भूमिमै आएर आधा किलोमिटर सडक खनेको समाचार कान्तिपुरमार्फत सार्वजनिक भएपछि मात्रै नेपाली प्रशासनले पुल भत्काउन चासो दिएको हो । गत शनिबारमात्रै नेपाली प्रशासनले उत्तरी सीमा क्षेत्रमा भएका गतिविधिबारे कुनै थाहा नभएको र पुल निर्माण र सडक खनेको बारे अनभिज्ञता प्रकट गरेको थियो ।

### कालापानी नपुगी फर्किए उपप्रधानमन्त्री

उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल नेतृत्वको टोली सोमबार सेनाको हेलिकप्टर लिएर उडे पनि भारतद्वारा अतिक्रमित कालापानी क्षेत्र नपुगी फर्किएको छ । व्यास गाउँपालिका-१ छाङरुसम्म पुगेर टोली आकाशबाटै फर्केको हो ।

भ्रमण टोलीमा रहेका सुदूरपश्चिम प्रदेश सांसद गेल्बुसिंह बोहराले पाँच मिनेट जति छाङरु गाउँमाथिको आकाश हुँदै तिंकर खोलाबाट हेलिकप्टर टर्न भएको बताए । उनले छाङरुमा सशस्त्र प्रहरीको सीमा अवलोकन पोस्ट (बीओपी) स्थापना गर्ने स्थानको आकाशबाटै अवलोकन गरिएको बताए । फर्केपछि खलंगामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै पोखरेलले नेपालका सीमा क्षेत्रमा क्रमशः सुरक्षा पोस्टहरू थपिँदै जाने बताए ।

## भित्र


धनुषा र रूपन्देहीमा सामूहिक बलात्कार

मौसमी रुघाखोकी लागेकामा स्वाइन र हङकङ फ्लु देखियो

वन लगानी कार्यक्रममा पौने ६ अर्ब








# 'बाँकी कुरा पछि भन्छु'

■ **मातृका दाहाल** (काठमाडौं)

पूर्वसभामुख कृष्णबहादुर महरालाई सोमबार दिउँसो काठमाडौं जिल्ला अदालतले सफाइ दिएसँगै उनका सहयोगी र शुभेच्छुकहरू डिल्लीबजार कारागारबाहिर भेला भइसकेका थिए । सत्तारूढ नेकपाका हिमाल शर्मालगायत नेता-कार्यकर्ता महरालाई स्वागत गर्न फूलमालासहित पुगेका थिए ।

सफाइ पाएका महरालाई करिब ३ बजेतिर अदालतबाट सिधै कारागारको 'क' ब्लकमा लगियो । त्यहीं रहेका पूर्वआईजीपी रमेश चन्द ठकुरी, सशस्त्रका पूर्वडीआईजी रञ्जन कोइरालालगायतले 'बधाई छ हजुर' भन्दै उनलाई स्वागत गरे । चन्द सुडान घोटाला प्रकरणमा र पूर्वडीआईजी कोइराला पत्नी गीता ढकालको हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । करिब ५० जना अट्ने 'क' ब्लकको हलमा चन्द र कोइरालासँगै महरा १३३ दिन बसेका थिए । दुवै पूर्वप्रहरी अधिकृत उनका रुम पार्टनर थिए । कैदीबन्दीले सोमबार 'पहिलो पटक महरालाई मुस्कुराएको देखेको' भन्दै मुखामुख पनि गरे ।



यसरी सफाइ पाए महराले । ३

नेकपा सचेतक भन्छिन्–
'पुरुषपीडक कानुनले
महरा पीडित'

कहिलेकाहीँ मात्रै घरबाट ल्याएको खाना खाएका महराले यो अवधिमा अधिकांश समय कैदीबन्दीबाट सञ्चालित मेसमा खाना खाएका थिए ।

आफूलाई खाना खुवाउनेदेखि भेटिएका सबैप्रति उनले छुट्ने बेला सहानुभूति देखाए । महराले 'यो अवधिको बसाइ अविष्मरणीय रह्यो, तपाईंहरूले गर्नुभएको सहयोग र मप्रति देखाउनुभएको सद्भावप्रति धन्यवाद दिन चाहन्छु' भने । त्यति भनिसकेपछि पूर्वआईजीपी चन्द र पूर्वडीआईजी कोइरालाले खादा ओढाएर बिदाइ गरे । जेलमा ल्याउँदा पनि चन्दले उनलाई स्वागत गरेका थिए ।

२०६८ जेठ १८ मा आईजीपी चन्दलाई जिम्मेवारीबाट मुक्त गरी प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारमा ल्याउने प्रस्ताव उनै महराले गरेका थिए । त्यसमा तत्कालीन प्रधानमन्त्री झलनाथ खनालले सहमति जनाएका थिए । प्रधानमन्त्री खनाल र गृहमन्त्री महराको सल्लाहमा चन्दलाई आईजीपीबाट हटाइएको थियो । एक कर्मचारीका अनुसार घर जानुअघि महरा निकै खुसी देखिएका थिए ।

बाँकी पृष्ठ ३ ▸▸

# पशु सेवा केन्द्रमा जनशक्ति अभाव

**कान्तिपुर संवाददाता** (लमजुङ)

लमजुङको बेंसीसहरस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जनशक्ति र स्रोतसाधनको अभाव भएको छ । अस्पतालमा बिरामी पशुपन्छी राख्ने, शल्यक्रिया गर्ने तथा विशेषज्ञ सेवा हुनुपर्ने भए पनि कुनै पनि सेवा सञ्चालन हुन सकेको छैन ।

संघीय संरचनापछि उक्त कार्यालय प्रदेश सरकार मातहत गएको छ । तर, केन्द्रमा केही विज्ञ कर्मचारी भए पनि पर्याप्त नहुँदा सेवा प्रवाहमा असर पुगेको हो । कार्यालय प्रमुख वरिष्ठ पशु चिकित्सक डा. रुपेश श्रेष्ठले अस्पताल र विज्ञ सेवा केन्द्र भएको डेढ वर्षसम्म पनि सुधार नआएको बताए । उनका अनुसार पहिलेकै पशु सेवा कार्यालयले सञ्चालन गर्ने कार्यक्रम अनुसारै सञ्चालन गर्नुपर्ने बाध्यता छ ।

**केन्द्रमा केही विज्ञ कर्मचारी भए पनि पर्याप्त नहुँदा सेवा प्रवाहमा असर**

पशु सेवा कार्यालय हुँदा ४ सेवाकेन्द्र र ९ उपकेन्द्र थिए । एक गाउँपालिका एक प्राविधिक अन्तर्गतका २४ प्राविधिक थिए । पशु सेवा कार्यालयमा मात्रै १२ कर्मचारी र जिल्लाभर ६० कर्मचारी थिए । अहिले अस्पताल तथा विज्ञ केन्द्र हुँदा १२ दरबन्दी स्वीकृत छ । तर, कार्यालयमा भने ६ जना मात्रै कर्मचारी छन् । त्यसमा पनि प्राविधिकतर्फका पशु विकास अधिकृत, पशु चिकित्सक, पशु सेवा प्राविधिक, पशु स्वास्थ्य प्राविधिक छैनन् । नायब पशु स्वास्थ्य प्राविधिक र लेखापाल छैनन् ।

'प्राविधिक छैनन् । म एक्लैले के गर्नु सक्छु,' श्रेष्ठले भने, 'न कर्मचारी पठाउँछन्, न त अस्पताल र विज्ञ केन्द्रको रुपमा विकसित गर्न सकिएको छ ।' स्रोतसाधन र कर्मचारी अभावमा एक्लैले केही गर्न नसकेको उनले बताए ।

कार्यालयका अनुसार पशु विकास अधिकृत खिला शर्मा घिमिरेले माघ १३ गते अवकाश लिएका थिए । पशु चिकित्सक नारायण कुसुम भदौमा म्याग्दी सरुवा भएर गए । पशु सेवा प्राविधिक अर्जुनबन्धु खनाल २ दिन हाजिर गरेर काजमा मन्त्रालय गए । लेखापाल पोखरा सीप विकास प्रतिष्ठानमा गए । स्वास्थ्य कार्यालयका लेखापाल विष्णुहरि न्यौपानेलाई बोलाएर काम चलाइएको श्रेष्ठले बताए ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको एउटा प्रशासनिक भवन र एउटा पुरानो भवन छ । केही स्टोर कोठा छन् । पुरानै भवनमा प्रयोगशालाका केही सामग्री राखिएको छ । पशुपन्छी उपचार, प्रयोगशाला सेवा, पशुपन्छी परीक्षण, खोप सेवा, शल्यक्रिया सेवा तथा बिरामी पशुपन्छी राख्ने ठाउँ हुनुपर्नेमा अस्पताल तथा विज्ञ केन्द्रमा यी सेवा भवनबाटै दिन सकिने अवस्था छैन । अहिले केही मेडिकल उपचार, खोप सेवा तथा शल्यचिकित्सा हुने गरेको उनले बताए । डा. श्रेष्ठले केही प्रविधि भित्र्याउन सुरु गरिए पनि पर्याप्त नरहेको जानकारी दिए ।

अल्ट्रासाउन्ड मेसिन, जीवाणु कल्चर मेसिन, र्‍यापिड टेस्ट किट ल्याउने तयारी गरेको उनले बताए । 'विज्ञ केन्द्र र अस्पताल हुनुपर्नेमा अनुदान वितरण केन्द्रजस्तै भएको छ,' उनले भने ।

४ करोड ८ लाख ९७ हजार रुपैयाँ बजेट रहेको कार्यालयले माघ मसान्तसम्ममा १५ प्रतिशतमात्रै रकम खर्च गरेको छ । मनाङका ५ र लमजुङका ४० कृषक तथा समूहलाई मोडेल फार्मका लागि १ करोड २० लाख रुपैयाँ वितरण गरिँदै छ ।

भेडाबाख्रा, गाईभैंसी पकेट क्षेत्रमा केन्द्रले काम गरिरहेको छ । 'पकेट क्षेत्र बनाउने, अनुदान दिने काम अब स्थानीय तहले गर्नुपर्छ । विज्ञ केन्द्र र अस्पताल भनेपछि नाम अनुसारको काम र सेवा दिइनुपर्छ,' उनले भने ।

# समयमै योजना सक्न अनुगमन

काम नसक्दा बजेट फिर्ता हुने समस्या दोहोरिन थालेपछि गाउँपालिकाले चासो देखाएको हो



**पर्वतको जलजला-९ बनौं पुग्ने सडक स्तरोन्नति गरिँदै ।** *तस्बिर : अगन्धर/कान्तिपुर*

**अगन्धर तिवारी** (पर्वत)

विकास आयोजना समयमै सक्न जलजला गाउँपालिकाले ठेकेदार तथा उपभोक्ता समितिलाई सचेत गराउने अभियान थालेको छ । विगतमा आर्थिक वर्षभित्र विकास आयोजना सक्न मुस्किल भएपछि विकास बजेट फिर्ता गएको भन्दै गाउँपालिकाले यस वर्ष सतर्कता र अनुगमन थालेको हो ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा गाउँसभाबाट विनियोजन गरेका विकास योजनाको कार्यान्वयनलाई तीव्रता दिने र समयमै सक्न सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी लगायतलाई सचेत गराउन थालेको हो । पालिकाभित्र सञ्चालित सडक, सिँचाइ, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानीलगायत पूर्वाधारतर्फका योजना तोकिएको समयभित्रै सक्नेगरी विभिन्न समिति र व्यवसायीलाई सचेत गराउन जनप्रतिनिधि र कर्मचारी खटिएका छन् ।

समितिमार्फत काम भइरहेको योजनाको उपभोक्ता समितिलाई सम्बन्धित स्थानमै पुगेर समयमै सक्न सचेत गराइएको गाउँपालिका अध्यक्ष यामबहादुर मल्लले बताए । 'समितिले काम गर्न समस्या भए त्यसको कारण खोज्नसमेत लागेका छौं,' मल्लले भने, 'समयमै काम नसक्दा एकातिर विकासमा पछि पर्ने, अर्कोतिर बजेट फिर्ता हुने र अर्को वर्ष त्यही योजनालाई बजेट नपर्ने हुन्छ ।' विकासका काम जति छिटो सक्यो उति बजेट बढ्ने भएकोले यो वर्ष सतर्कता अपनाइएको उनले बताए ।

प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माका अनुसार गाउँसभाबाट विनियोजन भएका २३६ योजना मध्ये हालसम्म करिब दुई सय योजनाको उपभोक्ता समिति गठन भई सम्झौता भइसकेको छ । सम्झौता भएकामध्ये ४९ योजनाको काम सम्पन्न भइसकेको छ । ११० बढी योजना कार्यान्वनयको चरणमा छन् । गापाको योजना शाखाका अनुसार ५० लाख माथिका २, १० देखि ५० लाखसम्मका १५ योजना विनियोजन भएकामा ११ सम्झौता भई १० वटा कार्यान्वयनको चरणमा छन् । ठूला योजनामध्ये एउटा सम्पन्न भइसकेको छ । पाँचदेखि १० लाख बजेटसम्मका ३० योजना छन् । तीमध्ये २३ वटा योजनाको सम्झौता भएर काम अघि बढेको छ । अरु १९ योजना कार्यान्वयनका लागि सम्झौता भएका छन् ।

सम्झौता भएका मझौला योजनामध्ये चारवटा सम्पन्न भइसकेको गाउँपालिकाका प्रवक्ता एवं वडा ३ का अध्यक्ष देवेन्द्रबहादुर भण्डारीले बताए । 'विगतमा समयमा काम नसकेर केही योजनाको पैसा फिर्ता भयो,' उनले भने, 'त्यही भएर यो वर्ष कडाइ गरिएको छ ।' पाँच लाखसम्मका एक सय ८९ योजना रहेकोमा एक सय ३० भन्दा धेरै योजना सम्झौता गरी कार्यान्वयनको चरणमा छन् । तीमध्ये ४४ वटा योजना सम्पन्न भइसकेको अधिकृत शर्माले बताए ।

वडाबाट सिफारिस भएका योजनाको अनुगमन तथा सुपरिवेक्षणको जिम्मा सम्बन्धित वडाध्यक्षलाई दिइएको छ । त्यस्तै गाउँसभाबाट विनियोजन भएका योजनाहरूको अनुगमन गर्न अध्यक्ष, उपाध्यक्ष तथा आवश्यकताअनुसार कार्यपालिका सदस्य समेत खट्ने गरेका छन् । असारे विकासलाई नियन्त्रण गर्नेगरी योजना कार्यान्वयनलाई अहिलेदेखि प्राथमिकतामा राखेको अध्यक्ष मल्लले बताए । पालिकाले सञ्चालन गरेका विकास आयोजना तथा कार्यक्रमका लागि १४ करोड ६७ लाख ७५ हजार रुपैयाँ विनियोजन भएको थियो । त्यसमध्ये हालसम्म करिब चार करोड अर्थात् २६.३९ प्रतिशत खर्च भएको गाउँपालिकाले जनाएको छ ।

# नमुना विद्यालयमा छैनन् शिक्षक

पर्वत (कास)- दुई वर्षअघि नगरपालिकाले गाभ्ने सूचीमा अग्रस्थानमा राखेको फलेबास-४ को गहते अम्बोट आधारभूत विद्यालयको चर्चा अहिले जिल्लाभर छ । एकै शैक्षिक सत्रमा ५० भन्दा बढी विद्यार्थी बढाएर उक्त विद्यालय जिल्लामै नमुना विद्यालयको सूचीमा दरिएको थियो । तर, सोही विद्यालय अहिले शिक्षक अभावको चरम समस्यामा परेको छ ।

शैक्षिक सुधारमा चामत्कारिक परिवर्तन गरेको विद्यालयमा आधारभूत तहकै शिक्षकको अभाव भएको हो । विद्यालयमा बालकक्षादेखि कक्षा ८ सम्म पढाइ हुन्छ । हाल विद्यालय कक्षा १-५ सम्मका शिक्षक दरबन्दीकै भरमा चलिरहेको छ । थप दुई शिक्षक भए पुग्ने विद्यालयले जनाएको छ । 'हामीलाई मुख्य चुनौती विज्ञान र गणित विषयको हो,' शिक्षक अभिभावक संघका अध्यक्ष बाबुराम पौडेलले भने । शैक्षिक गुणस्तरमा जिल्लामै सर्वोत्कृष्ट बनाउनेगरी लागिपरेका अभिभावक र शिक्षकहरूले हरेक दिन अतिरिक्त २ घण्टा अध्यापन गराउँदै आएका छन् । 'बिहान ९ देखि बेलुका ५ बजेसम्म सबै शिक्षक खट्नुभएको छ,' प्रधानाध्यापक ओमकार पौडेलले भने, 'त्यसबापत कुनै अतिरिक्त शुल्क लिनुभएको छैन । विद्यार्थीको नतिजा नै हाम्रो आम्दानी ठानेका छौं ।'

त्यसबाहेक स्थानीय भवानी तिवारीले विद्यालयमा स्वयंसेवी रुपमा गणित र विज्ञान विषय पढाउँदै आएका छन् । विद्यालयको आर्थिक अवस्था नभएकै कारणले स्वयंसेवी अध्यापन गर्दा पनि सन्तुष्ट भएको उनले बताए ।

**विद्यालयमा विज्ञान र गणित पढाउने शिक्षकको अभाव**

आइतबार विद्यालयको चालिसौं वार्षिकोत्सवमा गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्सालले नमुना विद्यालयको रुपमा नाम सुन्दा खुसी लागेको भन्दै प्रशंसा गरे । नगरप्रमुख पदमपाणी शर्माले २ वर्षमै विद्यालय नमुना बनेको बताए ।

नगरले ०७४ भदौमा नगरका १३ विद्यालय गाभ्ने निर्णय गरेको थियो । त्यसमा थियो गहते अम्बोट पनि थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चेतनाथ कुँवर, प्रअ पौडेल लगायतले नगरपालिकासँग एक वर्षको समय मागे । 'त्यो शैक्षिक सत्र चलिरहेको थियो,' प्रअ पौडेलले भने, 'हामीले नगरपालिकालाई आगामी शैक्षिक सत्रसम्मका लागि पर्खन भन्यौं । भदौदेखि नै शैक्षिक सुधारमा खट्यौं ।' व्यवस्थापन समिति अध्यक्ष सहित पदाधिकारी, शिक्षक अभिभावक संघ, शिक्षक र स्थानीय समुदायको प्रयासमा केही महिनामै बदलिएको विद्यालयमा नयाँ शैक्षिक सत्र सुरु हुनासाथ विद्यार्थीको लर्को लाग्यो । निजी विद्यालय छोडेर आउने नयाँ विद्यार्थीको संख्यामात्रै ५० नाघ्यो । विद्यालयमा २३ पुराना विद्यार्थी थिए । नयाँ सत्रमा उर्लिएको विद्यार्थीको लहरले सबैलाई उत्साहित बनायो ।

विद्यालयमा तत्कालीन प्रावि (१-५ कक्षा) का ७ शिक्षकको दरबन्दी छ । विद्यालयले ११ वटा कक्षा सञ्चालन गरेको छ । विद्यालयले राष्ट्रिय आविष्कार केन्द्रसँगको पहलमा स्मार्ट बाल उद्यान बनाएर उद्यानमै स्मार्ट कक्षा सञ्चालनको तयारी गरेको प्रअ पौडेलले बताए ।

# कैदीबन्दीको मुडाले पाएन बजार

**कान्तिपुर संवाददाता** (तनहुँ)

बाँसको मुडाले बजार नपाउँदा जिल्ला कारागार तनहुँका कैदीबन्दी चिन्तित भएका छन् । सुरुमा नियमितजस्तो बिक्री हुँदै आएकोमा पछिल्लो समय भने बजार नपाएको उनीहरूले बताए । 'तालिमपछि मुडा बनाउने सीपलाई निरन्तरता दिएका छौं,' ६५ वर्षीय विष्णुहरि घिमिरेले भने, 'पहिले बिक्री हुन्थे, अहिले भने गाह्रो छ । मुडा नबिक्दा आम्दानी टुटेको छ ।' करिब २ सय मुडा नबिकेर 'स्टक' रहेको उनले बताए ।

कारागारमा तीन प्रकारको मुडा बनाइन्छ । सानोलाई २५०, मझौलालाई २७५ र ठूलोलाई ३७५ रुपैयाँमा स्थानीय बजारमै बिक्री गर्दै आएको उनले बताए । कुनै बेला मुडा बेचेर एकै सिजनमा ७/८ हजार रुपैयाँसम्म कमाएको कैदीबन्दी बताउँछन् । उक्त आम्दानी घर खर्चस्वरुप पठाएको सुनाउने उनीहरूले अहिले बिक्री नहुँदा समस्यामा परेको गुनासो गरे । मुडाका लागि आवश्यक बाँस र धागो स्थानीय बजार र टायर चितवनबाट ल्याउने गरिन्छ । दशैंतिहारको समयमा मुडा बेचेर एउटैले ७/८ हजारसम्म कमाएका थिए । १४१ कैदीबन्दीमध्ये ५५ जनाले नियमित रुपमा मुडा बनाउने सहायक चौकीदार तेजकुमार श्रेष्ठले बताए । मुडा बनाउँदा टायर बाँध्ने, बिट हान्ने, बुट्टा भर्ने काम भिन्दाभिन्दै व्यक्तिले गर्छन् । उनले भने, 'प्रतिव्यक्ति दैनिक २ सयदेखि ३ सय रुपैयाँसम्म कमाउने गरेका छन् ।'

कारागारमा दैनिकजसो मुडा बुनिन्छ । बजार व्यवस्थापन राम्रो भए महिनामै ७ सयदेखि ८ सयसम्म बनाउन सकिने घिमिरेले बताए । उत्पादित मुडा कैदीबन्दीले नै व्यवसायीसँग समन्वय गरेर कारागारबाटै बेच्दै आएका थिए । तर पछिल्लो समय बिकेको छैन । अन्य सीप पनि सिक्न इच्छुक रहेको घिमिरेले बताए । उनले भने, 'कैदसजाय सकिएपछि स्वरोजगार भएर बस्न मन छ । अन्य सीप पनि सिक्न पाए कारागारबाट निस्केपछि आफैले कमाएर हातमुख जोड्न सक्थैं ।' कारागारमा निर्माण भएका बाँसका मुडा बजारमा पाइने भन्दा बलियो र आकर्षक रहेको जिल्ला कारागारका शाखा अधिकृत विजयराज पौडेलले बताए । उनले भने, 'कैदीबन्दीले निकै मिहिनेतसाथ बलियो तथा बुट्टेदार मुडा तयार गर्छन् । उनीहरूले बुनेका मुडा स्थानीय बजारमै बिक्री हुने गरेको छ ।' कारागार साँघुरो भएको कारण पनि चाहेअनुसारको सीपमूलक तालिम कैदीबन्दीहरूलाई दिन नसकेको अधिकृत पौडेलले बताए । कारागारमा ६६ थुनुवा र ७५ कैदी गरी १४१ पुरुष कैदीबन्दी छन् ।



**तनहुँको दमौलीस्थित जिल्ला कारागारमा मुडा बनाउँदै कैदीबन्दी ।** *तस्बिर : सम्झना रसाइली/कान्तिपुर*

## छोटकरी

**अश्लील सामग्री पठाउने पक्राउ**


म्याग्दी (कास)- प्रहरीले फेसबुक म्यासेन्जरमार्फत अश्लील सामग्री पठाएको आरोपमा अन्नपूर्ण गाउँपालिका-६ घारका मेख खड्कालाई आइतबार पक्राउ गरेको छ । गाउँकै आफन्त महिलालाई उनले त्यस्तो सामग्री र म्यासेज पठाएर हैरान पारेपछि प्रहरीमा उजुरी परेको थियो । 'सामाजिक सञ्जालमार्फत यौन दुर्व्यवहारको आरोपमा अनुसन्धान थालेका छौं । साइबर क्राइम मुख्यालयमार्फत म्यासेन्जरको अध्ययन भइरहेको छ,' जिल्ला प्रहरी प्रमुख किरणजंग कुँवरले भने, 'महिलाले उपलब्ध गराएका म्यासेज हेर्दा साइबर अपराध गरेको देखिन्छ ।'


**प्रज्ञा प्रतिष्ठान विधेयक विधायन समितिमा**

गण्डकी (कास)- प्रदेश सरकारले प्रदेशसभामा पेस गरेको गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि विधायन समितिमा पठाइएको छ । सोमबारको प्रदेशसभा बैठकले समितिमा पठाएको हो । प्रदेशका भाषा, साहित्य, कला, संस्कृति र लोपोन्मुख रीतिरिवाजलाई जगेर्ना गर्ने हेतुले विधेयक ल्याइएको हो । बैठकमा विधेयकमाथि सैद्धान्तिक छलफल भएको थियो । विधेयकलाई माघ २८ को प्रदेशसभा बैठकमा पेस गरिएको थियो । सांसदले विधेयक समसामयिक रहेकाले छिटो पारित गरी कार्यान्वयनमा लैजानुपर्ने बताएका छन् ।

**बेपत्ता युवतीको ६ महिनापछि खोजी**

म्याग्दी (कास)- बेपत्ता भएको ६ महिनापछि एक गर्भवती युवतीको प्रहरीले खोजी थालेको छ । बेनी-८ न्यूरोडकी १९ वर्षीया मनीषा परियार गत भदौ १८ देखि बेपत्ता भएकी थिइन् । उनी ५ महिनाकी गर्भवती थिइन् । प्रहरीका अनुसार श्रीमान् टिभी रुममा रहेको र सासु बाहिर गएको मौकामा मोबाइल, हाते पर्स समेत घरमै छोडेर मनीषा निक्लेकी थिइन् । 'मनिषा बेपत्ता सम्बन्धी फाइल पेन्डिङमा थियो, बिर्सेका भने थिएनौं । नयाँ शिराबाट अनुसन्धान थालेका छौं,' डीएसपी किरणजंग कुँवरले भने, 'अहिलेसम्म निचोडमा पुग्ने तथ्यप्रमाण भेटेका छैनौं ।' आमा सिर्जनाले उतिबेला प्रहरीले महत्वसाथ नखोजेको जानकारी दिएकी छन् ।









## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | भाग्य वृद्धि | तुला | स्फुर्ती बढ्ने |
| वृष | अस्वस्थता | वृश्चिक | वैभव प्राप्ति |
| मिथुन | मित्र भेट | धनु | उत्साहप्रद |
| कर्कट | आलस्यता | मकर | कान्ति क्षय |
| सिंह | अध्ययनमा सफल | कुम्भ | कार्य सफल |
| कन्या | पारिवारीक सुख | मीन | कर्म प्राप्ति |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन ७ गते बुधबार तदनुरुप १९ फेब्रुवरी २०२० फाल्गुन कृष्णपक्ष एकादशी तिथी दिनको ५:१६ बजेसम्म उप्रान्त द्वादशी तिथी, मूल नक्षत्र प्रात: ८:४६ बजेसम्म उप्रान्त पूर्वाषाढा नक्षत्र, वज्र योग प्रात: १०:२८ बजेसम्म उप्रान्त सिद्धि योग, बालव करण दिनको ५:१६ बजेसम्म उप्रान्त कौलव करण, धनु राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | | | |
|---|---|---|---|
| ५:०० | भक्तिसुर | ४:०० | कान्तिपुर समाचार |
| ५:३० | आध्यात्मिक सन्देश | ४:३० | फिल्म टनिक (रिपिट) |
| ६:०० | जीवन विज्ञान | ५:०० | कल कान्तिपुर |
| ६:३० | भजन | ६:०० | कान्तिपुर न्यूज |
| ७:०० | कान्तिपुर समाचार | ६:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ८:०० | गुडमर्निङ नेपाल | ७:०० | कान्तिपुर समाचार |
| ८:३० | कान्तिपुर न्युज | ७:३० | प्रदेश विशेष (लाइभ) |
| ९:०० | सरोकार (रिपिट) | ८:०० | कान्तिपुर समाचार |
| १०:०० | कान्तिपुर समाचार | ९:०० | कमेडी च्याम्पियन |
| १०:३० | सुमनसँग (रिपिट) | १०:०० | सरोकार |
| ११:०० | कान्तिपुर न्यूज | ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | फिल्म टनिक (रिपिट) | ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कान्तिपुर समाचार | १२:०० | कल कान्तिपुर रिपीटेड |
| १२:३० | ह्वाट द फ्लप (रिपिट) | १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | बलियो घर (रिपिट) | १:३० | हियर्ज टू लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार | २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | हियर्ज टू लाइफ (रिपिट) | २:३० | फिल्म टनिक (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) | ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| | | ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | | | |
|---|---|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) | १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| ०६:३० | कान्तिपुर डायरी | १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| ०७:०० | द हेडलाइनर्स | १७:०० | डिस्ट्रिक्ट डायरी |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) | १७:०५ | हेल्थ हटलाइन (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी | १८:०० | गीतहरु |
| ०८:०५ | द गुडमर्निङ शो (सागरिका) | १८:३० | कान्तिपुर डायरी |
| ०८:३० | ओल्ड इज गोल्ड | १९:०० | कनेक्ट (मानस्वी वान्तवा राई) |
| ०९:०० | कान्तिपुर डायरी | २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| ०९:१० | ट्राफिक अपडेट | २०:०५ | ओल्डी गोल्डी (स्मीता) |
| ०९:१५ | राष्ट्रिय गीत | २१:०० | कान्तिपुर डायरी |
| ०९:२० | गीतहरु | २१:२५ | न्युज मेकर अफ द डे |
| १०:०० | स्पोर्टस् डायरी | २१:३० | इन्द्रेनी |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) | २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी | २३:०० | पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल) |
| ११:०५ | मनका कुरा | ००:०० | फिल्मी परेड (रिपिट) |
| १२:०० | कान्तिपुर डायरी | ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) | ०२:०० | नेपाली गीतहरु लगातार |
| १३:०० | डिस्ट्रिक्ट डायरी | ०३:०० | हिन्दी गीतहरु लगातार |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) | ०४:०० | भजनहरु लगातार |
| १४:०० | इन्टरनेसनल डायरी | | |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) | | |
| १५:०० | कान्तिपुर डायरी | | |
| १५:१५ | नेपालय (रश्मिला) | | |

## अस्पताल र विविध

**पोखराका महत्वपूर्ण नम्बरहरू**

| | |
|---|---|
| रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस | ०६१-५२१०९१ |
| कास्की रेडक्रस | ०६१-५२०३४७ |
| दमकल सेवा | ०६१-५२०२२२ |
| शव बाहन सेवा (सिद्धार्थ क्लब) | ०६१-५३०२०० |
| पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ०६१-५२००६६/६७ |
| मनिपाल शिक्षण अस्पताल | ०६१-५२६४१६/१७/१८ |
| गण्डकी मेडिकल कलेज | ०६१-५५०२५३ |
| हिमालय आँखा अस्पताल | ०६१-४६११६८ |
| पोखरा विश्वविद्यालय, लेखनाथ | ०६१-५६१०४६/५६१५४६ |
| क्षेत्रीय प्रशासन कार्यालय | टोल फ्रि १११९/०६१-४६४८४१ |
| क्षेत्रीय प्रहरी कार्यालय | ०६१-४६२५००/९८५६०२८४३३ |
| जिल्ला प्रहरी कार्यालय | ०६१-५२००३३/९८५६०३९५९९ |
| जिल्ला ट्राफिक प्रहरी | १०३/०६१-५२०४१२ |
| सशस्त्र प्रहरी बल (कालिका गण) | ०६१-५४१०८८/९८५१२७२०४७ |

**बागलुङ**

| | |
|---|---|
| धौलागिरि अञ्चल अस्पताल | ०६८ ५२०१८८/५२०२८८ |
| रक्तसञ्चार केन्द्र | ०६८ ५२०२७३ |
| कालिका भगवती गुठी एम्बुलेन्स | ९८४६९१७५०० |
| गोरखा अस्पताल | ०६४ ४२०२०८ |
| स्याङ्जा जिल्ला अस्पताल | ०६३ ४२०२३९ |
| स्याङ्जा रेडक्रस एम्बुलेन्स | ०६३ ४२०११४ |
| पर्वत जिल्ला अस्पताल | ०६७ ४२०११९/४२०४१४ |
| पर्वत रेडक्रस एम्बुलेन्स | ०६७ ४२०१६९ |
| पर्वत प्रहरी/वारुणयन्त्र | ०६७ ४२०१००/४२०१९९ |
| लमजुङ जिल्ला अस्पताल | ०६६ ५२०१२५/५२०५५७ |
| लमजुङ सामुदायिक अस्पताल | ०६६ ५२०१८३ |
| म्याग्दी जिल्ला अस्पताल | ०६९ ५२०१०८ |
| दमौली अस्पताल | ०६५ ५६०२०३ |
| नवलपरासी जिल्ला अस्पताल | ०७८ ५२०५०३ |
| स्याङ्जा वारुणयन्त्र | ०६३ ४२०४०९ |
| जिल्ला प्रहरी बागलुङ | ०६८ ५२०१९९ र ५२०२११ |
| जिल्ला प्रहरी गोरखा | ०६४ ४२०२३७ |
| जिल्ला प्रहरी लमजुङ | ०६६ ५२०१९८ र ५२०१९९ |
| जिल्ला प्रहरी मनाङ | ०६६ ४४०१९९ |
| जिल्ला प्रहरी मुस्ताङ | ०६९ ४४०११६ र ४४००९८ |
| जिल्ला प्रहरी म्याग्दी | ०६९ ५२०१९९ र ५२०२९९ |
| जिल्ला प्रहरी पर्वत | ०६७ ४२०१९९ |
| जिल्ला प्रहरी स्याङ्जा | ०६३ ४२०१००/४२०१९९/४२०२८४ |
| जिल्ला प्रहरी तनहुँ | ०६५ ५६०१९९ |
| इप्रका आँबुखैरेनी | ०६५ ५४००९९ |
| जिल्ला प्रहरी नवलपरासी | ०७८ ५४०१०० |
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१२३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |



इलामको कन्यामस्थित चिया बगानमा मौलिक पहिरनमा सजिएर तस्बिर खिचाउँदै आन्तरिक पर्यटक । तस्विर: रमेशचन्द्र अधिकारी/कान्तिपुर

# पहिचानका आधारमा प्रदेश नामकरण माग

**कान्तिपुर संवाददाता** (ताप्लेजुङ)

गण्डकी प्रदेशको नामकरणप्रति तमू समुदायले असहमति जनाएका छन् । ताप्लेजुङ सदरमुकाम फुङलिङमा आइतबार सकिएको तमू ह्युल छोंज धी गुरुङ राष्ट्रिय परिषद्को दुईदिने राष्ट्रिय भेलाले पहिचानका आधारमा गण्डकी प्रदेशलाई 'तमू प्रदेश' नामाकरण गर्न माग गरेको छ । यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सबै तमू समुदायलाई वैचारिक रुपमा सचेत र संगठित गर्ने तथा निरन्तर आन्दोलन गर्ने निर्णय पनि गरेको छ ।

संघीय संरचनाअनुरुप बहुभाषिक नीति लागु गर्दै प्रदेश ४ मा गुरुङ भाषा र लिपीलाई राज्यको माध्यम भाषाको रुपमा मान्यता दिइनुपर्नेमा समेत जोड दिइएको छ । १२ बुँदे घोषणा पत्र जारी गर्दै भेलाले प्रदेश १ को नामकरण पहिचानका आधारमा लिम्बूवान/किँरात प्रदेश हुनुपर्ने भन्दे उठिरहेको आवाजप्रति ऐक्वबद्धता जनाएको छ । २०७८ मा हुने राष्ट्रिय जनगणनालाई भने उत्सव र महाअभियानको रुपमा लिने निर्णय भएको परिषद्ले जनाएको छ ।

आफ्नो मातृभाषामा गुरुङ र धर्ममा बौद्ध/वोन उल्लेख गर्न जनचेतनामूलक कार्यक्रम गरिने भएको छ । भेलाले तमू ल्होसारका अवसरमा दिइँदै आएको सार्वजनिक बिदा सुनिश्चित हुनुपर्ने आवाज पुन: दोहोर्‍याएको छ । आफ्नो मातृभाषाको पठनपाठनका लागि खेमा लिपीमा पाठ्क्रम तयार गरी सञ्चालन गर्न माग गरेको छ । अनौपचारिक कक्षामार्फत समुदायमा यो भाषा पुर्‍याउने निर्णय पनि भेलाको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा सूचिकृत आदिवासी जनजाति मध्येको एक थारु समुदायलाई 'राना थारु'को नाममा छुट्टै समुदायको रुप दिइएकोमा भेलाले विरोध जनाएको छ । यसलाई बदर गर्नसमेत परिषद्ले माग गरेको छ ।

# 'अझै सिंहदरबारमै कैद छ प्रजातन्त्र'

■ **जितेन्द्र साह** (विराटनगर)

काठमाडौं लैनचौरको सम्पन्न परिवारमा जन्मिएका राम बहादुर श्रेष्ठलाई विराटनगरले लोभ्यायो र यतैका स्थायी बासिन्दा भए । शिक्षा, चेतना र राजनीतिमा विराटनगरसँग काठमाडौंको तुलना हुन नसक्ने बताउने उनी २०१६ मा विराटनगर झरेका हुन् । हाल विराटनगर महानगरपालिका-७, गहेली टोलमा उनको स्थायी बसोबास छ । आगामी असारमा उनी एक सय वर्षका पुग्दैछन् ।

वन तस्करका अगाडि नझुक्ने रेन्जरका रुपमा श्रेष्ठलाई धेरैले चिन्ने गरेका छन् । धेरै वर्ष वन अधिकृतका रुपमा विभिन्न जिल्लामा खटिएको त्यो समय उनको सम्झनामा मात्र सीमित छ । राष्ट्रिय एवं स्थानीय पत्रपत्रिकामा सुशासन, सामाजिक चेतना र जागरणसम्बन्धी कविता तथा विचार लेखनमा उनी अझै सक्रिय छन् । विभिन्न कार्यक्रम र अन्तर्क्रियामा सहभागी भई आफ्ना विचार राख्ने सिलसिला उमेरका कारण अहिले पातलिएको छ तर टुटिसकेको छैन । भेट्न आएकालाई समेत आफ्ना कुरा सुनाउँछन् श्रेष्ठ । 'सहमति, सहकार्य, सञ्चार र समय, यी चार कुरा हरेक नागरिकको सफलताका सुत्रहरू हुन्,' उनी भन्छन्, 'सामाजिक अभियान र व्यवहारमा यिनै पक्षको अनुशरणले सफलताको निर्धारण गर्छ ।'



आउने असारमा सय वर्ष पुग्दै गरेका पूर्व वन अधिकृत राम बहादुर श्रेष्ठ सिंहदरबारको संरचना र स्वरुप बदलिएको तर स्वभाव उस्तै रहेको बताउँछन् ।

वृद्ध भए पनि उनी सहजै देख्न र सुन्न सक्छन् । राष्ट्रिय पत्रपत्रिकाको नियमित अध्ययन गर्छन् तर भ्रष्टाचारको समाचार पढ्दा निराश हुन्छन् । विगतमा फर्किन्छन् । काठमाडौंको सम्झना उनमा ताजै छ । 'त्यो समयमा सिंहदरबार अगाडिको दायाँबायाँ तरकारी खेती हुन्थ्यो, धेरैपछि महलहरू बने,' उनी भन्छन्, 'सिंहदरबारको संरचना र स्वरुप बदलियो, तर स्वभाव एवम् आनीबानी उस्तै छ ।' अझै सिंहदरबारभित्रै प्रजातन्त्र कैद भएको उनी बताउँछन् । 'वास्तविक रुपमा भूइँका मान्छेसम्म प्रजातन्त्र पुग्न सकेकै छैन,' श्रेष्ठको आवाज केही रुखो सुनिन्छ, 'भोट हालेर सत्तामा पुर्‍याई दिने साधनको रुपमा मात्र जनतालाई प्रयोग गरिँदै आएको छ, जनताप्रति जवाफदेहिता बिल्कुलै छैन ।'

सिंहदरबार निर्माणका बखत श्रेष्ठका बुवा रत्नलालले श्रमिकहरूलाई ज्याला बाँड्ने काम गर्थे । पछि डिट्ठा भए । उबेला चोरडाँकाले दु:ख दिएपछि डिल्लीबजार सरेका श्रेष्ठ परिवारको आर्थिक र सामाजिक अवस्था दरिलो थियो । तीन दाजु र चार दिदीबहिनी भएका श्रेष्ठको बाल्यकाल पनि सुखसयलमै बित्यो । बुवा सिंहदरबारमा काम गर्ने भएकोले त्यसबेला गरिने कार्यसम्पादन र दरबारियाबारे उनी जानकार छन् । सोहीकारण पनि आजको समयसँग उनी तुलना गरिरहन्छन् ।

राणाकालमा जस्तै सिंहदरबार जनताका लागि आज पनि रहस्यमय नै रहेको उनको भनाइ छ । 'काठमाडौंको डिल्लीबजारमा बसेर आन्दोलन गर्ने धागो तामाङ, मैना क्षेत्री र सुराकी गर्न सुसारेको रुपमा पठाइएका उनीहरूका बहिनीहरूको दरबारभित्र विभत्स हत्या भएकोबारे बुढापाकाले सुनाउँथे,' उनले भने, 'तर नेपालको राजनीतिक रुपान्तरणको इतिहासमा यी नारीहरूको बारेमा कतै उल्लेख छैन ।'

राणाकालदेखि लोकतन्त्रिक गणतन्त्रसम्म राजनीतिक जागरणका साक्षी बनेका उनी सिंहदबारका परिदृश्यहरू बदलिए पनि विभिन्न रुपले जनताको शोषण गर्ने र अँध्यारोमा राख्ने क्रम नरोकिएको बताउँछन् । 'जनताको सेवाभन्दा पनि भ्रष्टाचार गर्नलाई शक्ति र सत्तामा पुग्ने होड नै आजको शोषणको आधुनिक रुप हो,' श्रेष्ठ भन्छन्, 'मुलुकमा वास्तविकभन्दा देखावटी प्रजातन्त्र छ, सोझा जनतालाई रमिते बनाएर ढुकुटी लुट्ने प्रतिस्पर्धा चलेको छ ।'

अहिले अनुशासन, सुशासन र प्रशासनलाई 'बाइपास' गरिएको उनको तर्क छ । 'अहिलेका राजनीतीकर्मी र कर्मचारीतन्त्रले सुशासनको महत्व बुझेका छैनन्, अनि भ्रष्टाचार कसरी रोकिन्छ,' श्रेष्ठ प्रश्न गर्छन् । यस्तै कारणले यातायात र विद्युतलगायत क्षेत्रको पूर्वाधार विकासमा मुलुक धेरै समयसम्म पछि परेको उनलाई लाग्छ । 'सर्वत्र अनुशासनको अभाव छ, तर यो सिक्नै पर्छ, नत्र भ्रष्टाचार र अन्य बेथिति कम हुन्न,' उनी सुझाउँछन् । उनले प्रजातन्त्र पुनर्बहालीपश्चात् र लोकतन्त्र प्राप्ति पछिका संविधानले समेत सरकारको क्रियाकलापमा पारदर्शिता हुनुपर्नेमा जोड दिएको बताए ।

आफू विभिन्न जिल्ला वन कार्यालयमा अधिकृतको रुपमा कार्यरत रहँदा गरिने चाकरीको शैलीमा कुनै परिवर्तन नआएको उनको ठकर छ । 'सम्मान गर्नेभन्दा पनि चाकरीको रुपमा गरिने नमस्कार बेकार हो । उबेला मलाई नमस्कार नगर्नुस् भन्थैं, त्यसको साटो फाइल, दर्ता र चलानी दुरुस्त राख्न सिकाउँथे, बेलामा चिठीपत्रको जवाफ दिन लगाउँथे,' उनी भन्छन्, 'अहिले लोकतान्त्रिक मुलुकको अधिकांश सरकारी कार्यालयमा सेवाग्राहीको राजनीतिक, आर्थिक र सामाजिक हैसियत बुझेर व्यवहार गरिन्छ । यो गलत छ ।'

लामो समयसम्म एउटै दल र एउटै व्यक्ति सत्तामा रहँदा पनि भ्रष्टाचार, अनियमिता र बेथिति फैलिएको श्रेष्ठको बुझाइ छ । 'अरु दल र नेतामा पनि गुण त होला नि, सबैले मौका पाउनु पर्ने हो,' उनी भन्छन्, 'तर राम्राले पाइरहेका छैनन् ।'

बुढ्यौलीसँगै गर्धनको हाड खिइएको र नसाको समस्याले हातखुट्टा झमझमाउन थालेकाले अचेल उनको दिनचर्या घरभित्रै आराम गरेर बित्ने गरेको छ । तर लठ्ठी टेकेर भए पनि हिँड्ने ध्याउन्नमा हुन्छन् उनी । घुमन्ते स्वभावका उनको जीवनकथा पनि रोचक छ । दरबार हाइस्कूलमा पढ्दैगर्दा दोस्रो विश्वयुद्धका लागि भारतमा रहेको अंग्रेज फौजमा श्रेष्ठ भर्ना पनि भएका थिए । त्यतिबेला उनको उमेर १८/१९ को हाराहारीमा थियो । दुई वर्षमै पिउठमा पदोन्नति भए पनि फौजमा हुने हेपाहा व्यवहार खप्न नसकेर उनी स्वदेश फर्किए र रेन्जर विषय पढ्न थाले । भारत सरकारको छात्रवृत्तिमा देहरादुन पुगेर वनविज्ञानको थप अध्ययन गर्न पाए । अमिनको पढाइ र तालिममा उत्कृष्ट नतिजा ल्याएका श्रेष्ठलाई राणाहरूले कैलालीको भजनीमा रेन्जर बनाएर पठाए ।

जागिरको क्रममा विभिन्न जिल्ला पुगेका उनी २०१६ मा मोरङको जिल्ला वन कार्यालय सरुवा भएका थिए । 'मोरङमा त्यतिखेर चोरीनिकासीभन्दा वन फडानी गर्ने धेरै थिए, वन तस्करका नाइके पेस्तोल भिरेर घोडा चढेर हिँड्दा सबै डराउँथे, वन फाँडेर जमिनमा बसोबास गराई धन कमाउनु मुख्य पेसा थियो,' श्रेष्ठ पूराना दिन स्मरण गर्छन्, 'मलाई प्रलोभन र त्रास देखाइए पनि ठूटा नापेर मुद्दा चलाइने अडान लिएपछि तस्करहरू पछि हटे ।' हिजोआज भएका रुख काटिँदै गएको र त्यो अनुपातमा वृक्षारोपण नभएको देख्दा उनलाई चिन्ता लाग्छ ।

'निहित स्वार्थका कारणले सरकार र नागरिक असंवेदनशील भइरहने हो भने दुई/तीन दशकपछि देश मरुभूमिमा परिणत हुन बेर छैन,' उनी भन्छन्, 'कंक्रिटको महल थप्नेहरूले वनले गर्दा वर्षा हुने र भूमिगत जलस्रोत अडिने कुरा बिर्सेका छन् ।' पर्यावरणको मामिलामा काठमाडौंको अवस्था दयनीय रहेको श्रेष्ठको दाबी छ । 'सानो छँदा अहिलेको सहिदगेट दक्षिणको पोखरीमा गर्मीमा पौडी खेल्न जान्थ्यौं,' उनी भन्छन्, 'अहिले त सब सखाप भए, वाग्मती र विष्णुमती नदीमा कञ्चन पानी बग्थ्यो, तिर्खा लागेका बेला अञ्जुली भरेर त्यही पानी खान्थ्यौं ।'

विसं १९९० को भूइँचालोको विनाश र निर्माण दुवैका पनि उनी साक्षी थिए । 'पुनर्निर्माणपछि सामान्य अवस्थामा फर्किन एक वर्षभन्दा बढी समय लागेको थियो, सरकारले दिएको ऋणमा थपेर पहिलेका भन्दा सुन्दर महलहरू बने, काठमाडौं आकर्षक बनेको थियो ।' हिजोआज लोकतन्त्रमा धमिरा लाग्दै गएकोले मुलुकमा भनिएजस्तै समृद्धि देख्न नपाएको उनी बताउँछन् । 'सामाजिक सेवा भावले गरिनुपर्ने राजनीति पनि व्यापार जस्तै भएपछि सर्वत्र निराशा छायो,' उनी भन्छन्, 'जनतालाई सबल बनाउँदा सत्तामा टिक्न कठिन हुने नेतृत्व वर्गको संकिर्ण सोचले लोकतन्त्रमा धमिरा लाग्दै गएको छ ।'

# एबीसीमा हेलिकप्टरको व्यावसायिक उडानमा निषेध

अन्नपूर्ण संरक्षण क्षेत्रमा अत्यधिक हेलिकप्टर उडानले पर्यावरण तथा पदयात्रा पर्यटनमा असर पुर्‍याएको र हिमपहिरोको जोखिम बढाएको भन्दै व्यावसायिक उडानमा प्रतिबन्ध



कास्कीको अन्नपूर्ण गाउँपालिकामा पर्ने एबीसीमा पोखराबाट पर्यटक लिएर पुगेका हेलिकप्टर । फाइल तस्बिर : दीपक/कान्तिपुर

■ **दीपक परियार** (पोखरा)

अन्नपूर्ण आधार शिविर (एबीसी) मा हेलिकप्टरको व्यावसायिक उडानमा रोक लगाइएको छ । गत माघ ३ मा एबीसी ट्रेकअन्तर्गत देउरालीमा गएको हिमपहिरोमा हराइरहेकाहरुको उद्धार बाहेकका उडानमा रोक लगाइएको हो ।

कास्कीको अन्नपूर्ण गाउँपालिकाले गत वर्ष साउनमा भएको चौंथो नगरसभाबाटै हेलिकप्टर निषेध गर्ने निर्णय गरेको थियो । तर, कार्यान्वयन हुन सकेको थिएन । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) भित्र पर्ने एबीसीमा हेलिकप्टर उडाउन निश्चित शुल्क तिरेर अनुमति लिनुपर्ने भएपछि हवाई कम्पनीले लिएका थिएनन् । हिमपहिरोपछि भने गाउँपालिकाको वडा नम्बर ११ ले जिल्ला प्रशासन कार्यालयलाई सहजीकरण गरिदिन निवेदन पठायो । अन्नपूर्ण संरक्षण क्षेत्रमा अत्यधिक हेलिकप्टर उडानले पर्यावरण तथा पदयात्रा पर्यटनमा असर पुर्‍याएको र हिमपहिरोको जोखिम बढाएकोले व्यावसायिक उडान रोक्नुपर्ने वडाको माग थियो । वडाको माग बमोजिम जिल्ला प्रशासनले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्र लेखेको थियो । जथाभावी हेलिकप्टर उडान रोकी नियमन गनुपर्ने प्रशासनको राय थियो ।

अन्नपूर्ण-११ का अध्यक्ष हिमबहादुर गुरुङ अव्यवस्थित उडानले वातावरणीय असर गरेको बताउँछन् । 'पहिले डाँफे, मुनाल, घोरल, कस्तुरी घर नजिकै आउँथे,' उनले भने, 'हेलिकप्टर धेरै उडेपछि त्यसकै आवाजले तर्सिएर ती पशुपंक्षी कतै देखिँदैन । उनीहरूको बासस्थानमा धावा बोल्ने काम भएको छ ।' हेलिकप्टरको कम्पनले एबीसीमा हिमनदीको कटान बढिरहेको उनको दाबी छ । सरंक्षित क्षेत्रभित्र उद्धारबाहेक व्यावसायिक उडान गर्न नपाइने भएकोले रोक लगाउनुपरेको उनी बताउँछन् ।

कास्कीका प्रमुख जिल्ला अधिकारी रमेशकुमार केसी पूर्णरुपमा निषेध नभई नियमन गर्नुपर्ने पक्षमा छन् । 'भ्रमण वर्ष २०२० चलिरहेको छ । खर्च गरेर जान्छु भन्ने पाहुनालाई रोक्न पनि भएन,' उनी भन्छन्, 'बरु पर्यटकलाई महँगो शुल्क लगाउने र राजश्व संकलन गर्नेबारे सोच्नुपर्छ ।' व्यावसायिक उडानमा महँगो शुल्क तोकिए उडान स्वत: कम हुने उनको बुझाइ छ ।

देउरालीमा हिमपहिरो जानुअघि पोखरा विमानस्थललाई आधार बनाएर पाँच हवाई कम्पनीले व्यावसायिक उडान गर्दै आएका थिए । प्रभु हेली, एअर डाइनेस्टी, सिम्रिक, फिस्टेल र अल्टिच्युड एयरका हेलिकप्टर एबीसी पुग्थे । पर्यटकीय मौसममा दिनमा ५० वटासम्म उडान हुने गरेका नागरिक उड्डयन प्राधिकरण पोखरा कार्यालयका प्रवक्ता देवराज सुवेदीले बताए । चार कोरियाली र तीन जना नेपाली बेपत्ता हुनेगरी गएको हिमपहिरोपछि उद्धारको अनुमति लिएर मात्रै हेलिकप्टर उडेको उनले जानकारी दिए । 'एक्याप, गाउँपालिका र स्थानीय व्यवसायीको माग बमोजिम रोक्न उपुयक्त देखिएको व्यहोरासहितको जिल्ला प्रशासनको पत्र आइपुगेको छ,' उनले भने, 'मन्त्रालयले आधिकारिक रुपमा रोक्न भनिसकेको छैन ।'

एक्याप, गाउँपालिका र प्राधिकरणको मौखिक आग्रहमा हेलिकप्टर कम्पनीले व्यावसायिक उडान रोकेका हुन् । एबीसीबाहेक एक्यापमै पर्ने मर्दी हाई क्याम्पमा भने अहिले पनि हेलिकप्टरहरूले व्यावसायिक उडान गरिरहेका छन् । एबीसीमा पर्यटकको उद्धारका लागि मात्रै हेलिकप्टर प्रयोग भएको कम्पनीले जनाएका छन् । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरका अनुसार वार्षिक १५ हजार पर्यटक हेलिकप्टरबाट एबीसी पुग्छन् । पदयात्रा पर्यटनलाई नै धरापमा पार्नेगरी हुने हेलिकप्टर उडानको आफू विपक्षमा रहेको उनले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन नियमावलीको अनुसूची १ अनुसार संरक्षण क्षेत्रमा हेलिकप्टर ल्यान्ड गर्न एक्यापको अनुमति चाहिन्छ । उद्धारबाहेक संरक्षण क्षेत्रमा एकपटक हेलिकप्टर अवतरण गर्दा तीन हजार रुपैयाँ बुझाएपछि मात्रै एक्यापले अनुमति दिन्छ । तर हेलिकप्टर कम्पनीले हालसम्म एक्यापको अनुमति लिने गरेका छैनन् । हेलिकप्टरमार्फत एबीसी पुग्ने विदेशी पर्यटकले एक्यापलाई बुझाउनुपर्ने प्रवेश शुल्क समेत बुझाउँदैनन् । विमानस्थलमा एकपल्टको अवतरण शुल्कवापत डेढ सय रुपैयाँ मात्रै बुझाउँछन् ।

हवाई कम्पनीलाई पटक-पटक आग्रह गरे पनि अटेर गरेको एक्याप प्रमुख राजकुमार गुरुङले बताए । 'हिमपहिरो जानुअघिसम्म हेलिकप्टरको उडान नियमानुसार भएनन्,' उनले भने, 'सन् २०१९ मा कति उडान भए भन्ने तथ्यांक कम्पनीसँग मागेका छौं । कसरी नियमन गर्न सकिन्छ भनेर प्राधिकरणसँग पनि छलफल अगाडि बढेको छ ।'

एबीसीमा सिधै हेलिकप्टर अवतरण हुँदा पदयात्रा व्यवसाय धरासायी भएको पर्यटन व्यवसायीको गुनासो छ । ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान) पश्चिमाञ्चल च्याप्टर अध्यक्ष हरि भुजेल अव्यवस्थित हेलिकप्टर उडानले पदयात्रा पर्यटनको भविष्य अन्योलमा परेको बताउँछन् । 'आधार शिविर पुग्न एक साताभन्दा लामो समय र लाखौं रुपैयाँ खर्च गर्नेगरी पर्यटक नेपाल आउँछन्,' उनले भने, 'तिनै पर्यटकलाई १/१ सय डलर लिएर आधा घण्टामै एबीसी पुर्‍याएर ल्याएपछि हाम्रो पर्यटन व्यवसाय कहाँ जान्छ ?'

अन्नपूर्ण सेन्चुरी ट्रेकमा पर्ने होटल व्यवसायीको संस्था छोम्रोङ पर्यटन व्यस्थापन समितिका अध्यक्ष बुद्धिमान गुरुङ पदयात्रा पर्यटनबाट गाइड, भरिया, होटल, रेस्टुरेन्ट तथा स्पा मजदुर, किराना पसल लगायत थुप्रै व्यवसाय चलिरहेको बताउँछन् । 'हेलिकप्टरबाट ओसार्दा विदेशी पर्यटक खर्च गर्नबाट पनि वञ्चित हुन्छन्, हामी व्यवसायीलाई समेत कमाउने बाटो बन्द हुन्छ ।'

को-हस्बेन्ड
बहुपति प्रथामाथिको डकुमेन्ट्री उत्कृष्ट । ९



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

लभ आजकल
पुरानै शैलीको पुनरावृत्ति । ९



वर्ष २७ अंक ३५९ बुटवल | ६ फागुन २०७६ मंगलबार फाल्गुण कृष्णपक्ष दशमी | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, February 18, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ





कोरोना भाइरस प्रभावित चीनको वुहानबाट ल्याएर राखिएकाहरू सोमबार भक्तपुरको चाँगुनारायण-७ खरिपाटीस्थित क्वारेन्टाइन परिसरमा । त्यहाँ राखिएका सबै १७५ जनाको घाँटीको र्‍याल र 'नेजेल स्वाब' को नमुना संकलन गरिएको छ । परीक्षणको नतिजा बुधबारसम्म आइसक्ने जनाइएको छ । क्वारेन्टाइनमा १३५ जना पुरुष र ४० जना महिला छन् । समाचार पृष्ठ २ ।
*तस्बिर : इलिट जोशी/कान्तिपुर*

# दिल्लीबाट उड्न 'इन्ट्री परमिट' अनिवार्य

## स्थलमार्गबाट भारत पुग्ने नेपालीलाई हवाईमार्गबाट फर्कन पासपोर्ट नै चाहिने, भारतीय भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउने

**देवेन्द्र भट्टराई** (काठमाडौं)

परराष्ट्र मन्त्रालयले गरेको औपचारिक आग्रहपछि भारतीय अध्यागमनले 'नेपालका स्थलमार्गबाट दिल्ली पुग्ने नेपाली यात्रुले विमानबाट काठमाडौं फर्कन नपाउने' नियम अनिवार्य गरेको छ ।

दिल्लीस्थित नेपाली दूतावासले जारी गरेको सूचनामा यात्रुले आफ्नो राहदानीमा 'प्रस्थान छाप' (डिपार्चर स्टाम्प) भएको अवस्थामा मात्रै भारतीय अध्यागमनले 'आगमन छाप' (एराइभल स्टाम्प) लगाउने स्पष्ट प्रबन्ध कायम भएको जनाएको छ । यो सूचनापछि परोक्ष रूपमा नेपाल-भारतका नागरिकले हवाईमार्ग हुँदै एकअर्को देशमा आवतजावत गर्न नागरिकता वा अन्य प्रामाणिक पहिचानपत्र प्रयोग गर्न पनि नसक्ने भएका छन् । 'नागरिकतामा एराइभल वा डिपार्चर स्टाम्प लगाउन असम्भव रहेको र यसबारेको रेकर्ड पद्धतिसमेत प्रभावकारी नभएका कारण अब आवागमनमा पासपोर्ट प्रयोगका लागि यात्रुलाई प्रोत्साहित गरिनेछ,' अध्यागमन विभागका एक अधिकारीले भने ।

दिल्लीस्थित उपनियोग प्रमुख भरतकुमार रेग्मीका अनुसार, 'दिल्ली आउने नेपाली यात्रुको पासपोर्टमा इन्ट्री परमिट देखियो भने मात्रै भारतीय अध्यागमनले एक्जिट-परमिट दिने नियम अनिवार्य' भएको छ । 'यो नियमको व्यवस्था हाम्रो अन्तरसरकारी समन्वयमार्फत परराष्ट्रले भारतलाई गरेको अनुरोध बमोजिम हो, यसकारण यो व्यवस्थामा पारस्परिक समान हैसियतको व्यवहार (रेसिप्रोकिसिटी) आवश्यक रहन्न,' रेग्मीले भने । आवागमनमा यो 'असमान प्रबन्ध' लागू भएको अवस्थामा पशुपति दर्शनमा स्थलमार्गबाट आएका भारतीयले भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउनेछन् ।

दूतावासले जारी गरेको सूचनामा 'नेपाल-भारतबीच रहेको खुला सिमानाका कारण नेपालीहरूलाई स्थलमार्गबाट भारत प्रवेश गर्न सहज रहेको सर्वविदितै रहेको' भनिए पनि 'स्थलमार्ग हुँदै भारत आएर तेस्रो मुलुक उड्न खोज्दा समस्या आइपर्ने भएकाले काठमाडौंबाटै उडान भर्न' आग्रह गरिएको छ । तर सूचनामा भनिएजस्तो तेस्रो मुलुक उड्न खोज्दा मात्रै नभएर विशेष परिस्थितिमा सडकमार्गबाट दिल्ली गएर विमानबाट काठमाडौं फर्कन चाहने नेपाली यात्रु पनि 'उडान प्रतिबन्धित' स्थितिमा पुगेका छन् ।

'दुई महिनाअघि पेटको क्यान्सरको सम्भावना देखिएपछि मैले बस सेवाबाट आमालाई राजीव गान्धी क्यान्सर हस्पिटल ल्याएको थिएँ,' पोखराका राजकुमार श्रेष्ठले दिल्लीबाट फोनमा भने, 'अहिले डाइग्नोसिस भएर पुष्टि भएको छ । एक चरणमा किमो दिएपछि आगामी साता काठमाडौंसम्म नेपाल एयरलाइन्सबाट जाने योजना थियो तर यसरी 'इन्ट्री परमिट' नभई र नागरिकताका भरमा उडेर काठमाडौं जान मिल्दैन भनेर एयरलाइन्सले भन्यो । अब नेपाल-भारत खुला सीमा र सहज आवागमनको कुरा मेरोजस्तो कठिनाइमा कसरी लागू हुन सक्ला ?' बाँकी पृष्ठ १३

## भोलि

३६ पृष्ठको वार्षिकोत्सव विशेष




ती ३५ अग्रणी, जसले समाजलाई अगाडि बढाए, सभ्य बनाए अनि हाम्रो चेत र सोचलाई फराकिलो पारे

## गजब छ बा !

– अविन –



तपैं पूर्व सभामुखकाँ ?...
म पूर्व उपसभामुखकाँ !





# भारतले महाकालीमा बनाएको पुल हटाइयो

**मनोज बडू** (दार्चुला)

भारतले महाकाली नदीमा लगाएको काठेपुल नेपाली प्रहरीले हटाएका छन् । केही साताअघि व्यास गाउँपालिका-१ को माल्पादेखि दोपखेसम्मको क्षेत्रमा भारतीय पक्षले काठेपुल हालेको थियो । आइतबार दुम्लिङमा रहेका प्रहरीले काठेपुल निकालेर महाकाली नदीमा फालेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । भारतले तिब्बत सीमा जोड्ने सडक निर्माण गर्नुका साथै सीमा नदी महाकालीमा पुल हालेको थियो ।

व्यास-१ पेल्सितीमा लगाइएको र माल्पानजिक महाकाली तर्न बनाइएको काठका डन्डी प्रहरीले फालेका हुन् । व्यास-१ कै कटारपानीमा डोजरसमेत वारपार गर्न मिल्ने गरी बनाएको कल्भर्टजस्तै पुलमाथि ढुंगा राखिएकाले भत्काउन नसकेको एक प्रहरीले बताए ।

प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले उक्त क्षेत्रमा सुरक्षा उपस्थिति नहुँदा त्यहाँ कार्यरत कामदारले सडक खनेका र अस्थायी काठेपुल लगाएका दाबी गरे । 'भारतले नभई उक्त क्षेत्रमा मजदुरी गर्न जाने नेपाली कामदारले सजिलोका लागि काठेपुल लगाएका रै'छन्,' उनले भने, 'अन्तर्राष्ट्रिय सीमा नदीमा पुल लगाउनु हुँदैन, सबैलाई समस्या पर्छ भनेर कामदारलाई सम्झाएर प्रहरी फर्केका छन् ।' प्रजिअ पौडेलले नेपाली कामदारले पुल राखेको दाबी गरे पनि सीमापारि भारतीय सुरक्षाकर्मीको नियमित गस्तीका बीच कामदारले सीमा नदीमा पुल हाल्नु असम्भव भएको स्थानीय बताउँछन् । 'हाम्रो प्रशासनले यस्तै जानकारी गराएको होला,' स्थानीय हिमालय भट्टले भने, 'भारतले उक्त क्षेत्रमा मनोमानी ढंगले सडक निर्माण गरिरहेको छ । काठेपुल त कामदारले वारिपारि गर्नलाई लगाए होला । नेपाली भूमिमा आएर सडक बनाई डोजर ओसारपसार गर्नु कति ठूलो हेपाहा प्रवृत्ति हो ।'



दार्चुलाको व्यास गाउँपालिका-१ को पेल्सितीस्थित सीमा नदी महाकालीमा भारतले बनाएको काठेपुल ।
*फाइल तस्बिर : कान्तिपुर*

गत वर्ष भारतले नेपाली प्रशासनकै सहमतिमा महाकालीमा काठेपुल हालेको थियो । 'दुई देशको सीमा क्षेत्रमा संरचना निर्माण गर्न नपाइने अन्तर्राष्ट्रिय नियम छ । तर, भारतले त्यसविपरीत नेपाली पक्षको उपस्थिति नभएको मौका छोपी संरचना निर्माण गर्दै आइरहेको छ,' प्रजिअ पौडेलले भने, 'गर्नैपर्ने भए हाम्रो सहमति लिनुपर्थ्यो ।' उक्त क्षेत्रमा भारतले दुई ठाउँमा करिब आधा किलोमिटर सडक खनेको छ भने एक ठाउँमा सवारीसाधन वारपार गर्न सक्ने पुलसमेत बनाएको छ । भारतले महाकालीमा काठेपुल राखेको र नेपाली भूमिमै आएर आधा किलोमिटर सडक खनेको समाचार कान्तिपुरमार्फत सार्वजनिक भएपछि मात्रै नेपाली प्रशासनले पुल भत्काउन चासो दिएको हो । गत शनिबारमात्रै नेपाली प्रशासनले उत्तरी सीमा क्षेत्रमा भएका गतिविधिबारे कुनै थाहा नभएको र पुल निर्माण र सडक खनेको बारे अनभिज्ञता प्रकट गरेको थियो ।

### कालापानी नपुगी फर्किए उपप्रधानमन्त्री

उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल नेतृत्वको टोली सोमबार सेनाको हेलिकप्टर लिएर उडे पनि भारतद्वारा अतिक्रमित कालापानी क्षेत्र नपुगी फर्किएको छ । व्यास गाउँपालिका-१ छाङरुसम्म पुगेर टोली आकाशबाटै फर्केको हो ।

भ्रमण टोलीमा रहेका सुदूरपश्चिम प्रदेश सांसद गेल्बुसिंह बोहराले पाँच मिनेट जति छाङरु गाउँमाथिको आकाश हुँदै तिंकर खोलाबाट हेलिकप्टर टर्न भएको बताए । उनले छाङरुमा सशस्त्र प्रहरीको सीमा अवलोकन पोस्ट (बीओपी) स्थापना गर्ने स्थानको आकाशबाटै अवलोकन गरिएको बताए । फर्केपछि खलंगामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै पोखरेलले नेपालका सीमा क्षेत्रमा क्रमशः सुरक्षा पोस्टहरू थपिँदै जाने बताए ।

## भित्र

धनुषा र रूपन्देहीमा सामूहिक बलात्कार

मौसमी रुघाखोकी लागेकामा स्वाइन र हङकङ फ्लु देखियो

वन लगानी कार्यक्रममा पौने ६ अर्ब




# 'बाँकी कुरा पछि भन्छु'

**मातृका दाहाल** (काठमाडौं)

पूर्वसभामुख कृष्णबहादुर महरालाई सोमबार दिउँसो काठमाडौं जिल्ला अदालतले सफाइ दिएसँगै उनका सहयोगी र शुभेच्छुकहरू डिल्लीबजार कारागारबाहिर भेला भइसकेका थिए । सत्तारूढ नेकपाका हिमाल शर्मालगायत नेता-कार्यकर्ता महरालाई स्वागत गर्न फूलमालासहित पुगेका थिए ।

सफाइ पाएका महरालाई करिब ३ बजेतिर अदालतबाट सिधै कारागारको 'क' ब्लकमा लगियो । त्यहीं रहेका पूर्वआईजीपी रमेश चन्द ठकुरी, सशस्त्रका पूर्वडीआईजी रञ्जन कोइरालालगायतले 'बधाई छ हजुर' भन्दै उनलाई स्वागत गरे । चन्द सुडान घोटाला प्रकरणमा र पूर्वडीआईजी कोइराला पत्नी गीता ढकालको हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । करिब ५० जना अट्ने 'क' ब्लकको हलमा चन्द र कोइरालासँगै महरा १३३ दिन बसेका थिए । दुवै पूर्वप्रहरी अधिकृत उनका रुम पार्टनर थिए । कैदीबन्दीले सोमबार 'पहिलो पटक महरालाई मुस्कुराएको देखेको' भन्दै मुखामुख पनि गरे ।



यसरी सफाइ पाए महराले । ३

नेकपा सचेतक भन्छिन्– 'पुरुषपीडक कानुनले महरा पीडित'

कहिलेकाहीँ मात्रै घरबाट ल्याएको खाना खाएका महराले यो अवधिमा अधिकांश समय कैदीबन्दीबाट सञ्चालित मेसमा खाना खाएका थिए ।

आफूलाई खाना खुवाउनेदेखि भेटिएका सबैप्रति उनले छुट्ने बेला सहानुभूति देखाए । महराले 'यो अवधिको बसाइ अविष्मरणीय रह्यो, तपाईंहरूले गर्नुभएको सहयोग र मप्रति देखाउनुभएको सद्भावप्रति धन्यवाद दिन चाहन्छु' भने । त्यति भनिसकेपछि पूर्वआईजीपी चन्द र पूर्वडीआईजी कोइरालाले खादा ओढाएर बिदाइ गरे । जेलमा ल्याउँदा पनि चन्दले उनलाई स्वागत गरेका थिए ।

२०६८ जेठ १८ मा आईजीपी चन्दलाई जिम्मेवारीबाट मुक्त गरी प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारमा ल्याउने प्रस्ताव उनै महराले गरेका थिए । त्यसमा तत्कालीन प्रधानमन्त्री झलनाथ खनालले सहमति जनाएका थिए । प्रधानमन्त्री खनाल र गृहमन्त्री महराको सल्लाहमा चन्दलाई आईजीपीबाट हटाइएको थियो । एक कर्मचारीका अनुसार घर जानुअघि महरा निकै खुसी देखिएका थिए । बाँकी पृष्ठ ३

## छोटकरी

**व्यवसायीद्वारा अवहेलना मुद्दा**

तिलोत्तमा (कास)- सर्वोच्च अदालतको आदेश विपरीत लुम्बिनी प्रादेशिक अस्पतालका व्यापारिक सटर भत्काइएको भन्दै व्यवसायीले अवहेलना मुद्दा दर्ता गरेका छन् । व्यवसायीहरू यज्ञप्रसाद सापकोटा, चुन्तबहादुर थापा, विष्णु गिरीलगायतले आइतबार प्रदेश ५ सामाजिक विकास मन्त्रालय, जिल्ला प्रशासन, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष, अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट, इलाका प्रहरी प्रमुखलाई विपक्षी बनाएर मुद्दा दर्ता गरिएको अधिवक्ता रामचन्द्र पौडेलले बताए । व्यवसायीले गत माघ २० गते अस्पतालले सूचना टाँसेर सटर खाली गर्न दिएको ४८ घण्टाको अल्टिमेटम पूरा गर्न नसक्ने जनाउँदै अस्पताल प्रशासनविरुद्ध माघ २१ गते सर्वोच्चमा रिट दायर गरेका थिए । रिटबमोजिम माघ २२ गते सर्वोच्चले सटर नभत्काउन अन्तरिम आदेश जारी गरेको थियो । उक्त आदेश विपरीत सटर भत्काइएकाले अवहेलना मुद्दा दर्ता गरिएको पौडेलले बताए । अन्तरिम आदेश जारीसँगै सर्वोच्च अदालतले फागुन १ गते दुवै पक्षलाई छलफलका लागि बोलाएको थियो । आदेश प्राप्त नभएको जनाउँदै सरकारले सटर भत्काएको थियो ।

**खजुरामा शीत भण्डार**

नेपालगन्ज (कास)- बाँकेको खजुरा गाउँपालिकाले शीत भण्डार निर्माण थालेको छ । खजुरा-५, उढरापुरमा १ बिघा ७ कट्ठा क्षेत्रमा निर्माण सुरु गरेको हो । १ हजार ५ सय मेट्रिक टन कृषि उपज भण्डारण गर्ने क्षमताको शीत भण्डार निर्माण गर्न लागिएको छ । करिब ९ करोड रुपैयाँ खर्चमा तयार हुने छ । यसको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर)समेत तयार भइसकेको छ । शीत भण्डारले यस क्षेत्रका किसानलाई उत्साहित तुल्याएको गाउँपालिका प्रमुख किस्मतकुमार कक्षपतिले बताए । गाउँपालिकाको गौरवको योजनामध्ये शीत भण्डार पनि रहेको उनले बताए ।

**नि:शुल्क शिक्षामा ढिलाइ**

प्यूठान (कास)- प्यूठान नगरपालिकाले ल्याएको नि:शुल्क शिक्षाको अवधारणा कार्यान्वयनमा ढिलाइ भएको छ । विपन्नलाई लक्षित गरी ल्याइएको कार्यक्रम शैक्षिक सत्र सकिनै लाग्दासमेत कार्यान्वयन नभएपछि अभिभावक चिन्तित छन् । नगर क्षेत्रभित्रका ५२ सामुदायिक विद्यालयमा कक्षा १ देखि १० सम्म नि:शुल्क शिक्षा दिने भन्दै नगरपालिकाले आर्थिक वर्ष ०७६/०७७ का लागि ३ करोड बजेट विनियोजन गरेको थियो । नगरपालिकाको आन्तरिक आम्दानीबाट नि:शुल्क शिक्षा कार्यान्यन गर्ने योजना बनाएको थियो । आन्तरिक राजस्व उठ्न ढिलाइ भएकाले कार्यान्वयनमा ढिलो भएको नगरपालिकाले जनाएको छ । नगरपालिकाले दिने भनिएको रकम विद्यालयमा अझै निकासा नभएको जनता माध्यमिक विद्यालय बाग्दुलाका प्रधानाध्यापक ईन्द्रमणी पोखेलले बताए । नगरपालिकाबाट रकम निकासा नभएकाले विद्यार्थीलाई रकम फिर्ता दिन नसकिएको पोखेलले जानकारी दिए । नगरपालिकाको पाँचौं नगर सभाले नगरभित्र नि:शुल्क शिक्षाको अवधारणा अगाडि सारेको थियो । सामुदायिक विद्यालयका १० हजार विद्यार्थीबाट विभिन्न बहानमा विद्यालयले उठाएको शुल्क फिर्ता गर्ने भनिएको थियो ।

**एक वर्षपछि छोरा भेटिए**

नेपालगन्ज (कास)- हराएका छोरा एक वर्षपछि भेटिएपछि जाजरकोटको नलगाड नगरपालिका-४ का कृष्णबहादुर नेपालीको खुसीको सीमा छैन । प्रहरीले उद्धार गरेर नेपालगन्जस्थित सिविन बाल हेल्पलाइनको जिम्मा लगाएको थियो । सिविन बाल हेल्पलाइनका प्रमुख सिद्धराज पनेरुले कृष्णबहादुरलाई छोरो फेला परेको सुनाएका थिए । खबर पाएपछि ऋण खोजेर आएको कृष्णले बताए । उनका १३ वर्षीय छोरा प्रकाश एक वर्षअघि जाजरकोटबाट हराएका थिए । साथीले घुम्न जाऊँ भनेपछि काम गर्न डोल्पा पुगेको प्रकाशले बताए । त्यहींबाट नेपालगन्ज आए । प्रहरीले गत माघ १५ गते नेपालगन्ज पुष्पलालचोकबाट उद्धार गरेको थियो । प्रकाशले स्कुलको ठेगाना बताए । त्यसपछि शिक्षकलाई फोन गरेपछि घरको ठेगाना पत्ता लाग्यो । जाजरकोट नगरपालिकाको सहयोगमा अभिभाभवक बोलाएर जिम्मा लगाइएको हो ।

# स्थानीय तहले टेरेनन् निर्देशन

### तालिम र क्षमता विकासका कार्यक्रम कर्मचारीका लागि भत्ता खाने साधनका रूपमा प्रयोग भएको अख्तियारको दाबी



**बर्दियाको बढैयाताल गाउँपालिकामा सोमबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आयोजना गरेको सुशासनसम्बन्धी कार्यक्रममा जिज्ञासा राख्दै सहभागी ।** *तस्बिर : ठाकुरसिंह/कान्तिपुर*

■ **ठाकुरसिंह थारू** (बर्दिया)

विकास निर्माणमा देखिएको बेथिति नियन्त्रण र सुधारका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यहाँका स्थानीय तहलाई ६१ बुँदे निर्देशन दिएको एक वर्ष भयो । उक्त सुझाव कार्यान्वयनमा स्थानीय सरकार उदासीन पाइएका छन् । निर्देशन उल्लंघनका घटना धेरै छन् । अख्तियारले स्थानीय तहमा पुगेर निर्देशन पालना भए/नभएको अनुगमन गर्‍यो । अटेर गरेको पाइएपछि दोस्रोपटक कार्यन्वयनका लागि पत्राचार गरेको छ ।

स्थानीय र प्रदेश सरकारले सञ्चालन गरेका शिक्षा, स्वास्थ्य, क्षमता विकासलगायत सार्वजनिक सेवा र पूर्वाधार निर्माणका कार्यक्रमविरुद्ध अख्तियारमा परेका उजुरीको छानबिनपछि उक्त निर्देशन दिइएको हो । 'उजुरी छानबिन तथा अनुसन्धानका क्रममा पाइएका बेथिति र कमजोरी सुधार गर्न स्थानीय सरकार प्रमुखलाई लिखित तथा मौखिक निर्देशन तथा सुझाव दिएका थियौं,' आयोगको नेपालगन्ज सम्पर्क कार्यालयका प्रमुख गणेश गैरेले भने, 'कतिपयले सुधारको साटो कानुनविपरीत कामहरू गरेको पाइएको छ ।' उनका अनुसार संघले कानुन निर्माण नगर्दासम्म शिक्षक नियुक्ति नगर्न सुझाव दिएको थियो । त्यसविपरीत शिक्षक भर्ना गरेको पाइएको छ । स्थानीय तहले सभाबाट बजेट स्वीकृत नगर्ने, स्वीकृत बजेटभन्दा धेरै खर्च गरिएको उनले बताए । एउटा शीर्षकको बजेट अर्कोमा पनि खर्च गरिएको पाइएको छ ।

विकास निर्माणका काममा दोहोर्‍याएर बिल बनाउने, उपभोक्ता समिति गठन गर्दा वास्तविक उपभोक्तालाई जानकारी नदिई कार्यकर्ता पोस्ने, कानुनविपरीत पेस्की दिने, उपभोक्ता समितिको काममा हेभी इक्युप्मेन्ट प्रयोग, प्रतिस्पर्धा नगराई उपभोक्ता समितिको काम ठेकेदारलाई दिएको भन्दै सुधारका लागि सुझाव दिइएको छ । तालिम, क्षमता विकासका कार्यक्रम कर्मचारीका लागि भत्ता खाने साधनका रूपमा प्रयोग भएको, उपयोगिता नरहेको भन्दै तिनमा सुधार गर्न भनिएको थियो । 'स्थानीय सरकारका पदाधिकारीको मिलेमतोमा प्राकृतिक स्रोत र साधनको दोहनसमेत भएको पाइएको छ,' अख्तियार सम्पर्क कार्यालय प्रमुख गैरेले भने ।

अख्तियारका अनुसार जनप्रतिनिधिले आफ्ना निकटका व्यक्तिसँग उच्च दरमा सवारी साधन भाडामा लिएका छन् । निजामती सेवा ऐनविरुद्ध कर्मचारी राख्ने, बढुवा गर्ने, आन्तरिक दरबन्दी कायम गरी शिक्षक नियुक्ति गर्ने कार्य अझै रोकिएका छैनन् । सबैभन्दा बढी विवाद जिल्लामा शिक्षक नियुक्तिका बारेमा हुने गरेको छ । अख्तियारले कानुनविपरीत शिक्षक नराख्न निर्देशन दिए पनि बाँसगढीलगायतका नगरपालिकाले नियुक्त गरेका छन् । अख्तियारमा सबैभन्दा बढी उजुरी परेको बाँसगढी नगरपालिकाले हालैमात्रै शिक्षक नियुक्त गरेको छ । शिक्षा प्रमुख मनप्रसाद रेग्मीले करारमा शिक्षक नियुक्तिमा कर्मचारीको भूमिका नरहने दाबी गरे । जिल्लामा स्थानीय सरकारले अनुचित कार्य गरेको भन्दै उजुरी पर्ने क्रम जारी छ । विकास निर्माणका कामसँगै शिक्षामा पनि विकृति बढेको भन्दै उजुरी परेको हो । संघीय शिक्षा ऐन जारी नहुँदै आफू अनुकूल नियमावली बनाएर शिक्षक नियुक्ति गरेको अख्तियारले जनाएको छ ।

चालु वर्षको सात महिनामा जिल्लाका स्थानीय सरकारविरुद्ध १ सय ६ उजुरी परेका छन् । अधिकांश उजुरी शिक्षासम्बन्धी छन् । बाँसगढी नगरपालिकाविरुद्ध सबैभन्दा बढी उजुरी परेका छन् । त्यसपछि राजापुर, ठाकुरबाबा नगरपालिका, बारबर्दिया र बढैयाताल गाउँपालिकाविरुद्ध उजुरी परेको हो । अख्तियारको सम्पर्क कार्यालय नेपालगन्जले बर्दिया, बाँके र दाङ हेर्दै आएको छ । गुलरिया, मधुवन नगरपालिका र गेरुवा गाउँपालिकाविरुद्ध उजुरी परेका थिए ।


तीन जिल्लाका उजुरी हेर्ने हो भने १ सय ३९ उजुरी संघीय मामिला तथा सामान्य प्रशासनसँग सम्बन्धित छन् । १ सय २ उजुरी शिक्षा, ५६ उजुरी वनसँग सम्बन्धित छन् । भूमि, खानेपानीलगायत बर्दिया, बाँके र दाङमा ४ सय ५८ उजुरी परेका छन् । यसअघि बढीजसो उजुरी सरकारी कार्यालयविरुद्ध पर्दै आएका थिए । पछिल्लो समय स्थानीय तहमा अनियमितताका घटना बढेको जनाइएको छ ।

# बोयर जातका पाठापाठी खोसाखोस

■ **वीरेन्द्र केसी** (अर्घाखाँची)

सामान्यत: एउटा बोकाको तौल ५० किलोसम्म हुन सक्छ । यहाँस्थित सन्धिखर्क नगरपालिका-१२, डिभर्नाको जालकाँडा बाख्रापालन समूहका अध्यक्ष गोपाल बस्यालले पालेको बोयर जातको बोका १ सय ७२ किलोको छ । बोयर जातका बाख्रा उत्पादनका लागि अस्ट्रियाबाट साढे दुई वर्षअघि वर्णसंकर बोका ल्याइएको थियो । तत्कालीन कृषिमन्त्री चक्रपाणि खनालले बस्यालको घरमै पुगेर अवलोकन गरेका थिए ।

यसको वीर्यबाट यहाँ सयौं बाख्रा उत्पादन गरिएका छन् । यहाँका स्थानीय तहबाहेक गुल्मी, प्यूठान, स्याङ्जा, दाङ, रुकुम, सल्यान, पाल्पालगायत जिल्लाका कृषक र जनप्रतिनिधिले बोयर जातका पाठापाठी किनेर लैजान्छन् । जन्मिँदै पाठापाठीको तौल पाँच किलो हुन्छ । ६ महिनापछि ३० किलो तौल पुग्छ । वर्षौंदेखि स्थानीय जातका बाख्रा पालेर आम्दानी लिन नसकेका किसानबीच अहिले यस्ता पाठापाठीको खोसाखोस छ । जिउँदो पाठाको प्रतिकिलो एक हजार र पाठीको छ सय रुपैयाँमा बिक्री भइरहेको छ । डिभर्नाका १ सय ५३ किसानले जालकाँडा बाख्रापालन समूह गठन गरेर १ हजार ५ सयभन्दा बढी बाख्रा पाल्दै आएका छन् । समूहका अध्यक्ष बस्यालले २५ वटा बाख्रा पालेका छन् । बोयर जातका बाख्रा पाल्न थालेपछि गाउँबाट वार्षिक एक करोड रुपैयाँ बराबरका बोका, बाख्रा र पाठापाठी बिक्री भइरहेको उनले बताए । बोयर बाख्रा वर्षमा दुईपटक ब्याउने र



धेरैले दुई/तीनवटासम्म पाठापाठी जन्माउँछन् । वर्षदिन पाल्दा बोका ६०/७० किलो तौलका हुन्छन् ।

स्थानीय जातको बोका एक वर्ष पाल्दा बढीमा ३५ किलो तौलसम्मको हुन्छ । छोटो समयमै तौल धेरै भएपछि गाउँका सबैका घरमा बोयर जातका बाख्रा पाल्नेको होडबाजी चलेको उनले बताए । 'एक कृषकले वर्षमा एक लाखदेखि पाँच लाख रुपैयाँसम्म आम्दानी गरेका छन्,' उनले भने, 'अहिले वैदेशिक रोजगारमा जाने युवासमेत भिसा रद्द गरेर बाख्रा पालनमा लागेका छन् ।' बोयरका पाठापाठीले गाउँको आर्थिक स्थिति सुधारिदिएको उनले बताए । वर्षमा आठ लाख रुपैयाँसम्म बाख्रापालनबाट आम्दानी गर्दै आएको उनले बताए ।

समूहकी सदस्य गीता भुसालका घरमा वर्षौंदेखि दुई/चारवटा बाख्रा खोरमा हुन्थे । तर, धेरै आम्दानी थिएन । स्थानीय बाख्रामा बोयर जातको बोका लगाइदिइन् । त्यसपछि जन्मिएका पाठापाठी छिट्टै हुर्के । 'पहिला खसीबोका बेचेर वर्षमा २०/३० हजार रुपैयाँमात्रै आम्दानी थियो,' उनले भनिन्, 'दस महिनामा बोयर जातका पाँचवटा बोका १ लाख ९६ हजार ७ सय रुपैयाँमा बेचेँ ।'

**अर्घाखाँचीको डिभर्नामा गोपाल बस्यालले पालेको बोयर जातको बोका ।** *तस्बिर : वीरेन्द्र/कान्तिपुर*

# सिमेन्ट उद्योगमा अवरोध

पाल्पा (कास)- स्थानीय बासिन्दाले तालाबन्दी गरेपछि तीन दिनदेखि यहाँ निर्माणाधीन सिजी सिमेन्ट उद्योगको काम ठप्प भएको छ । माग पूरा नभएको जनाउँदै निर्माण कम्पनी भारतीय आईयूके र सिजी सिमेन्टको प्रशासनमा शनिबार साँझ तालाबन्दी गरेका थिए ।

रैनादेवी छहरा-२, सोमादीको सर्देवामा सिजी सिमेन्ट कारखाना निर्माणाधीन अवस्थामा छ । सर्देवाका स्थानीयले धूलोधूवाँ गराएको, तीव्र गतिमा टिपर चलाएको, आईयूके कम्पनीका कामदारले जथाभावी फोहोर गरेको, वातावरणीय प्रदूषण बढाएको आरोप लगाउँदै ताला लगाएको जनाए । कुलो मिचेर काम भइरहेको, सार्वजनिक बाटो मिचेको लगायतका आरोप उनीहरूले लगाएका छन् । केही दिनअघि यही विषयमा स्थानीय, जनप्रतिनिधि, कम्पनीबीच छलफल भएको थियो । स्थानीय दीपक पाण्डेयले कम्पनीका कर्मचारीले स्थानीयलाई धम्की दिएकाले तालाबन्दी गर्नु परेको बताए । 'हामीलाई कम्पनीका मान्छेले धम्की दिए,' उनले भने, 'धाकधम्कीका विषयमा छलफल गर्न पनि तालाबन्दी गर्नु परेको हो ।' सोमबार गाउँपालिका अध्यक्ष रामबहादुर कार्की, वडाध्यक्ष जीवनाथ पोखरेल, स्थानीय बासिन्दा र कम्पनीका महाप्रबन्धक कल्याण पन्तबीच छलफल भएको छ । स्थानीयले तालाबन्दी गरेर काम रोकेको थाहा पाएपछि आफू निर्माणस्थलमा पुगेको गाउँपालिका अध्यक्ष कार्कीले बताए ।

> कम्पनीका कामदारले जथाभावी फोहोर गरेको र वातावरणीय प्रदूषण बढाएको स्थानीयको आरोप


कम्पनीका महाप्रबन्धक पन्तले कम्पनीलाई जानकारी नदिई तालाबन्दी गरेको बताए । उनले लिखित माग कोही कसैले नदिएको र केही युवाले कम्पनी प्रशासनमा आएर अचानक तालाबन्दी गरेको बताए । 'हामीलाई कुनै लिखित माग आएको थिएन,' उनले भने, 'एकाएक तालाबन्दी गरेपछि हामी काम रोक्न बाध्य भएका छौं ।' कम्पनी निर्माणको चरणमा भएको तर सुरक्षाको प्रत्याभूति हुन नसकेको उनले बताए । खेतमा सिँचाइ गर्ने कुलो पुरिएको विषयमा दुई साताअघि पनि स्थानीय बासिन्दा र कम्पनीबीच विवाद भएपछि जनप्रतिनिधि, स्थानीय समाजसेवी, अगुवा बसेर समस्या समाधान गरेका थिए ।


# ढुवानीमा टाइम कार्ड

तिलोत्तमा (कास)- यहाँस्थित प्रदेश ट्राफिक प्रहरीले दुर्घटना न्यूनीकरणका लागि ढुवानीका साधनमा टाइम कार्ड लागू गरेको छ । टिपरलाई लक्षित गरेर यो व्यवस्था लागू गरिएको कार्यालयले जनाएको छ ।

टिपरको गतिका कारण दुर्घटना बढेको पाइएपछि नियन्त्रण गर्न समय सीमा तय गरिएको प्रदेश ट्राफिक कार्यालय प्रमुख प्रहरी उपरीक्षक मधुसूधन लुईंटेलले बताए । 'पाल्पामा दुई साताअघि लागू गरिएको थियो,' उनले भने । उनका अनुसार पाल्पाको हारथोकदेखि दोभानसम्मको ४६ किलोमिटरमा २ घण्टा ३० मिनेट, दोभानदेखि भैरहवा अञ्चलपुरसम्मको २८ किलोमिटर सडकमा ५६ मिनेट र दोभानदेखि बुटवल रामनगरसम्मको ११ किलोमिटरमा ३३ मिनेटभित्रमा पुग्नुपर्ने गरी प्रहरीले समय तोकेर ढुवानीका सवारी साधन सञ्चालनको व्यवस्था मिलाएको छ । समय सीमा उल्लंघन गर्नेलाई नियमअनुसार जरिवाना गरिने उनले बताए । दुईपटकभन्दा बढी उल्लंघन गरेमा तीन दिनसम्म नियन्त्रणमा राख्ने र जरिवानासमेत तिर्न लगाउने लुईंटेलले बताए ।

हारथोकबाट जारी गरिएको कार्डको दोभानमा, दोभानबाट जारी गरिएको कार्डको भैरहवा अञ्चलपुर र रामनगरमा चेक गर्ने गरी व्यवस्था मिलाइएको प्रदेश ट्राफिक प्रहरी बुटवलका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक रामप्रकाश शाहले बताए । 'अभियान सञ्चालनका लागि चालक र सहचालकलाई स्थलगत गति नियन्त्रण, दुर्घटना, सवारीको लेन नियम र कार्डका बारेमा प्रशिक्षण दिइरहेका छौं,' उनले भने, 'बढी दुर्घटना हुने स्थानमा सचेतना बोर्डसमेत राखिएको छ ।'









## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | भाग्य वृद्धि | तुला | स्फुर्ती बढ्ने |
| वृष | अस्वस्थता | वृश्चिक | वैभव प्राप्ति |
| मिथुन | मित्र भेट | धनु | उत्साहप्रद |
| कर्कट | आलस्यता | मकर | कान्ति क्षय |
| सिंह | अध्ययनमा सफल | कुम्भ | कार्य सफल |
| कन्या | पारिवारीक सुख | मीन | कर्म प्राप्ति |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन ७ गते बुधबार तदनुरुप १९ फेब्रुवरी २०२० फाल्गुन कृष्णपक्ष एकादशी तिथी दिनको ५:१६ बजेसम्म उप्रान्त द्वादशी तिथी, मूल नक्षत्र प्रात: ८:४६ बजेसम्म उप्रान्त पूर्वाषाढा नक्षत्र, वज्र योग प्रात: १०:२८ बजेसम्म उप्रान्त सिद्धि योग, बालब करण दिनको ५:१६ बजेसम्म उप्रान्त कौलब करण, धनु राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सरोकार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | फिल्म टनिक (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हवाट द फ्लप (रिपिट) |
| १:३० | बलियो घर (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | फिल्म टनिक (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | कमेडी च्याम्पियन |
| १०:०० | सरोकार |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टू लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | फिल्म टनिक (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (सागरिका) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | गीतहरू |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | मनका कुरा |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) |
| १३:०० | डिस्ट्रिक्ट डायरी |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | नेपालय (रश्मिला) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| १७:०० | डिस्ट्रिक्ट डायरी |
| १७:०५ | हेल्थ हटलाइन (कमला) |
| १८:०० | गीतहरू |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | कनेक्ट (मानस्वी वान्तवा राई) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | ओल्डी गोल्डी (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| २३:०० | पुराना हिन्दी गीतहरू (दृष्टि अर्याल) |
| ००:०० | फिल्मी परेड (रिपिट) |
| ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| ०२:०० | नेपाली गीतहरू लगातार |
| ०३:०० | हिन्दी गीतहरू लगातार |
| ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१९३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |
| संयुक्त एम्बुलेन्स चालक संघ बुटवल | ९८५७०२३०९९ |
| भीम अस्पतल भैरहवा | ०७१-५२०१९३ |
| युनिभर्सल शिक्षण अस्पताल भैरहवा | ०७१-५०६०९२, ५०६०५२ |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय | ०७१-५२२८७५, ९८५७०९०३९० |
| इलाका प्रहरी कार्यालय बेलहिया | ०७१-४१८००४ |
| अध्यागमन कार्यालय बेलहिया | ०७१-४१८०२० |
| गौतम बुद्ध विमानस्थल कार्यालय | ०७१-५०७०८६ |
| दमकल सिद्धार्थनगर नगरपालिका | ०७१-५२०२१५ |
| दमकल बुटवल उपमहानगरपालिका | ०७१-५४०१११ |
| माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा | ०७१-५२३५३४ |
| जिल्ला प्रशासन कार्यालय | ५६०१३३ |
| जिल्ला प्रहरी कार्यालय | ५६०१९९ |
| राप्ती उपक्षेत्रीय अस्पताल घोराही | ५६२३६५ |
| राप्ती अञ्चल अस्पताल तुलसीपुर | ५२००११ |
| लमही अस्पताल | ५४००११ |
| राप्ती आँखा अस्पताल तुलसीपुर | ५२०१६५ |
| आँखा अस्पताल लमही | ४१७००८ |
| घोराही उपमहानगरपालिका | ५६०७०० |
| तुलसीपुर उपमहानगरपालिका | ५२०२३३ |
| लमही नगरपालिका | ५४००५० |
| उच्च अदालत तुलसीपुर | ५२००२४ |
| जिल्ला अदालत | ५६०२४५ |
| राप्ती प्राबिधिक शिक्षालय लालमटिया | ४१३००१ |
| एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर | ९८५७८२३१२३ |
| एम्बुलेन्स परिवार नियोजन संघ घोराही | ५६००२३/९८४७८६२३५८ |
| दमकल घोराही | ५६०४९९ |
| दमकल तुलसीपुर | ५२०३०५ |
| रेडक्रश सोसाइटी घोराही ब्लड बैंक | ५६१४६० |
| रेडक्रश सोसाइटी तुलसीपुर ब्लड बैंक | ५२३१४० |
| घोराही बसपार्क | ५६०४१५ |
| तुलसीपुर बसपार्क | ५२०५७४ |
| लमही बसपार्क | ५४००४० |
| जिल्ला प्रहरी कार्यालय बाँके | ५२०२११/५२२७४८/१०० |
| ईलाका प्रहरी कार्यालय कोहलपुर | ५४०४२०/५४०११३ |
| वडा प्रहरी कार्यालय नेपालगन्ज | ५२०२९९ |
| क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज | ५४०००३/ १०३ |
| जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज | ५२०८५३ |
| नेपाल रेडक्रस सोसाईटी | ५२०१०४ |
| एम्बुलेन्स/ब्लड बैंक नेपालगन्ज | ५२०१७४ |
| दमकल नेपालगन्ज | ५२०१११ |
| दमकल कोहलपुर | ९८६८११४९६० |
| भेरी अन्चल अस्पताल नेपालगन्ज | ५२०१२० |
| नेपालगन्ज मेडिकल कलेज | ५२२४५८ |
| कोहलपुर मेडिकल | ५४०४०८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)



इलामको कन्यामस्थित चिया बगानमा मौलिक पहिरनमा सजिएर तस्बिर खिचाउँदै आन्तरिक पर्यटक । तस्बिरः रमेशचन्द्र अधिकारी/कान्तिपुर

# पहिचानका आधारमा प्रदेश नामकरण माग

**कान्तिपुर संवाददाता** (ताप्लेजुङ)

गण्डकी प्रदेशको नामकरणप्रति तमू समुदायले असहमति जनाएका छन् । ताप्लेजुङ सदरमुकाम फुङलिङमा आइतबार सकिएको तमू ह्युल छोंज धी गुरुङ राष्ट्रिय परिषद्को दुईदिने राष्ट्रिय भेलाले पहिचानका आधारमा गण्डकी प्रदेशलाई 'तमू प्रदेश' नामाकरण गर्न माग गरेको छ । यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सबै तमू समुदायलाई वैचारिक रुपमा सचेत र संगठित गर्ने तथा निरन्तर आन्दोलन गर्ने निर्णय पनि गरेको छ ।

संघीय संरचनाअनुरुप बहुभाषिक नीति लागु गर्दै प्रदेश ४ मा गुरुङ भाषा र लिपीलाई राज्यको माध्यम भाषाको रुपमा मान्यता दिइनुपर्नेमा समेत जोड दिइएको छ । १२ बुँदे घोषणा पत्र जारी गर्दै भेलाले प्रदेश १ को नामकरण पहिचानका आधारमा लिम्बूवान/किँरात प्रदेश हुनुपर्ने भन्दे उठिरहेको आवाजप्रति ऐक्यबद्धता जनाएको छ । २०७८ मा हुने राष्ट्रिय जनगणनालाई भने उत्सव र महाअभियानको रुपमा लिने निर्णय भएको परिषद्ले जनाएको छ ।

आफ्नो मातृभाषामा गुरुङ र धर्ममा बौद्ध/वोन उल्लेख गर्न जनचेतनामूलक कार्यक्रम गरिने भएको छ । भेलाले तमू ल्होसारका अवसरमा दिइँदै आएको सार्वजनिक बिदा सुनिश्चित हुनुपर्ने आवाज पुनः दोहोऱ्याएको छ । आफ्नो मातृभाषाको पठनपाठनका लागि खेमा लिपीमा पाठ्क्रम तयार गरी सञ्चालन गर्न माग गरेको छ । अनौपचारिक कक्षामार्फत समुदायमा यो भाषा पुऱ्याउने निर्णय पनि भेलाको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा सूचिकृत आदिवासी जनजाति मध्येको एक थारु समुदायलाई 'राना थारु'को नाममा छुट्टै समुदायको रुप दिइएकोमा भेलाले विरोध जनाएको छ । यसलाई बदर गर्नसमेत परिषद्ले माग गरेको छ ।

# 'अझै सिंहदरबारमै कैद छ प्रजातन्त्र'

■ **जितेन्द्र साह** (विराटनगर)

काठमाडौं लैनचौरको सम्पन्न परिवारमा जन्मिएका राम बहादुर श्रेष्ठलाई विराटनगरले लोभ्यायो र यतैका स्थायी बासिन्दा भए । शिक्षा, चेतना र राजनीतिमा विराटनगरसँग काठमाडौंको तुलना हुन नसक्ने बताउने उनी २०१६ मा विराटनगर झरेका हुन् । हाल विराटनगर महानगरपालिका-७, गहेली टोलमा उनको स्थायी बसोबास छ । आगामी असारमा उनी एक सय वर्षका पुग्दैछन् ।

वन तस्करका अगाडि नझुक्ने रेन्जरका रुपमा श्रेष्ठलाई धेरैले चिन्ने गरेका छन् । धेरै वर्ष वन अधिकृतका रुपमा विभिन्न जिल्लामा खटिएको त्यो समय उनको सम्झनामा मात्र सीमित छ । राष्ट्रिय एवं स्थानीय पत्रपत्रिकामा सुशासन, सामाजिक चेतना र जागरणसम्बन्धी कविता तथा विचार लेखनमा उनी अझै सक्रिय छन् । विभिन्न कार्यक्रम र अन्तर्क्रियामा सहभागी भई आफ्ना विचार राख्ने सिलसिला उमेरका कारण अहिले पातलिएको छ तर टुटिसकेको छैन । भेट्न आएकालाई समेत आफ्ना कुरा सुनाउँछन् श्रेष्ठ । 'सहमति, सहकार्य, सञ्चार र समय, यी चार कुरा हरेक नागरिकको सफलताका सुत्रहरू हुन्,' उनी भन्छन्, 'सामाजिक अभियान र व्यवहारमा यिनै पक्षको अनुशरणले सफलताको निर्धारण गर्छ ।'



आउने असारमा सय वर्ष पुग्दै गरेका पूर्व वन अधिकृत राम बहादुर श्रेष्ठ सिंहदरबारको संरचना र स्वरुप बदलिएको तर स्वभाव उस्तै रहेको बताउँछन् ।

वृद्ध भए पनि उनी सहजै देख्न र सुन्न सक्छन् । राष्ट्रिय पत्रपत्रिकाको नियमित अध्ययन गर्छन् तर भ्रष्टाचारको समाचार पढ्दा निराश हुन्छन् । विगतमा फर्किन्छन् । काठमाडौंको सम्झना उनमा ताजै छ । 'त्यो समयमा सिंहदरबार अगाडिको दायाँबायाँ तरकारी खेती हुन्थ्यो, धेरैपछि महलहरू बने,' उनी भन्छन्, 'सिंहदरबारको संरचना र स्वरुप बदलियो, तर स्वभाव एवम् आनीबानी उस्तै छ ।' अझै सिंहदरबारभित्रै प्रजातन्त्र कैद भएको उनी बताउँछन् । 'वास्तविक रुपमा भूइँका मान्छेसम्म प्रजातन्त्र पुग्न सकेकै छैन,' श्रेष्ठको आवाज केही रुखो सुनिन्छ, 'भोट हालेर सत्तामा पुऱ्याई दिने साधनको रुपमा मात्र जनतालाई प्रयोग गरिँदै आएको छ, जनताप्रति जवाफदेहिता बिल्कुलै छैन ।'

सिंहदरबार निर्माणका बखत श्रेष्ठका बुवा रत्नलालले श्रमिकहरूलाई ज्याला बाँड्ने काम गर्थे । पछि डिट्ठा भए । उबेला चोरडाँकाले दुःख दिएपछि डिल्लीबजार सरेका श्रेष्ठ परिवारको आर्थिक र सामाजिक अवस्था दरिलो थियो । तीन दाजु र चार दिदीबहिनी भएका श्रेष्ठको बाल्यकाल पनि सुखसयलमै बित्यो । बुवा सिंहदरबारमा काम गर्ने भएकोले त्यसबेला गरिने कार्यसम्पादन र दरबारियाबारे उनी जानकार छन् । सोहीकारण पनि आजको समयसँग उनी तुलना गरिरहन्छन् ।

राणाकालमा जस्तै सिंहदरबार जनताका लागि आज पनि रहस्यमय नै रहेको उनको भनाइ छ । 'काठमाडौंको डिल्लीबजारमा बसेर आन्दोलन गर्ने धागो तामाङ, मैना क्षेत्री र सुराकी गर्न सुसारेको रुपमा पठाइएका उनीहरूका बहिनीहरूको दरबारभित्र विभत्स हत्या भएकोबारे बुढापाकाले सुनाउँथे,' उनले भने, 'तर नेपालको राजनीतिक रुपान्तरणको इतिहासमा यी नारीहरूको बारेमा कतै उल्लेख छैन ।'

राणाकालदेखि लोकतन्त्रिक गणतन्त्रसम्म राजनीतिक जागरणका साक्षी बनेका उनी सिंहदबारका परिदृश्यहरू बदलिए पनि विभिन्न रुपले जनताको शोषण गर्ने र अँध्यारोमा राख्ने क्रम नरोकिएको बताउँछन् । 'जनताको सेवाभन्दा पनि भ्रष्टाचार गर्नलाई शक्ति र सत्तामा पुग्ने होड नै आजको शोषणको आधुनिक रुप हो,' श्रेष्ठ भन्छन्, 'मुलुकमा वास्तविकभन्दा देखावटी प्रजातन्त्र छ, सोझा जनतालाई रमिते बनाएर ढुकुटी लुट्ने प्रतिस्पर्धा चलेको छ ।'

अहिले अनुशासन, सुशासन र प्रशासनलाई 'बाइपास' गरिएको उनको तर्क छ । 'अहिलेका राजनीतीकर्मी र कर्मचारीतन्त्रले सुशासनको महत्व बुझेका छैनन्, अनि भ्रष्टाचार कसरी रोकिन्छ,' श्रेष्ठ प्रश्न गर्छन् । यस्तै कारणले यातायात र विद्युतलगायत क्षेत्रको पूर्वाधार विकासमा मुलुक धेरै समयसम्म पछि परेको उनलाई लाग्छ । 'सर्वत्र अनुशासनको अभाव छ, तर यो सिक्नै पर्छ, नत्र भ्रष्टाचार र अन्य बेथिति कम हुन्न,' उनी सुझाउँछन् । उनले प्रजातन्त्र पुनर्बहालीपश्चात् र लोकतन्त्र प्राप्ति पछिका संविधानले समेत सरकारको क्रियाकलापमा पारदर्शिता हुनुपर्नेमा जोड दिएको बताए ।

आफू विभिन्न जिल्ला वन कार्यालयमा अधिकृतको रुपमा कार्यरत रहँदा गरिने चाकरीको शैलीमा कुनै परिवर्तन नआएको उनको ठकर छ । 'सम्मान गर्नेभन्दा पनि चाकरीको रुपमा गरिने नमस्कार बेकार हो । उबेला मलाई नमस्कार नगर्नुस् भन्थेँ, त्यसको साटो फाइल, दर्ता र चलानी दुरुस्त राख्न सिकाउँथे, बेलामा चिठीपत्रको जवाफ दिन लगाउँथे,' उनी भन्छन्, 'अहिले लोकतान्त्रिक मुलुकको अधिकांश सरकारी कार्यालयमा सेवाग्राहीको राजनीतिक, आर्थिक र सामाजिक हैसियत बुझेर व्यवहार गरिन्छ । यो गलत छ ।'

लामो समयसम्म एउटै दल र एउटै व्यक्ति सत्तामा रहँदा पनि भ्रष्टाचार, अनियमिता र बेथिति फैलिएको श्रेष्ठको बुझाइ छ । 'अरु दल र नेतामा पनि गुण त होला नि, सबैले मौका पाउनु पर्ने हो,' उनी भन्छन्, 'तर राम्राले पाइरहेका छैनन् ।'

बुढ्यौलीसँगै गर्धनको हाड खिइएको र नसाको समस्याले हातखुट्टा झमझमाउन थालेकाले अचेल उनको दिनचर्या घरभित्रै आराम गरेर बित्ने गरेको छ । तर लठ्ठी टेकेर भए पनि हिँड्ने ध्याउन्नमा हुन्छन् उनी । घुमन्ते स्वभावका उनको जीवनकथा पनि रोचक छ । दरबार हाइस्कूलमा पढ्दैगर्दा दोस्रो विश्वयुद्धका लागि भारतमा रहेको अंग्रेज फौजमा श्रेष्ठ भर्ना पनि भएका थिए । त्यतिबेला उनको उमेर १८/१९ को हाराहारीमा थियो । दुई वर्षमै पिउठमा पदोन्नति भए पनि फौजमा हुने हेपाहा व्यवहार खप्न नसकेर उनी स्वदेश फर्किए र रेन्जर विषय पढ्न थाले । भारत सरकारको छात्रवृत्तिमा देहरादुन पुगेर वनविज्ञानको थप अध्ययन गर्न पाए । अमिनको पढाइ र तालिममा उत्कृष्ट नतिजा ल्याएका श्रेष्ठलाई राणाहरूले कैलालीको भजनीमा रेन्जर बनाएर पठाए ।

जागिरको क्रममा विभिन्न जिल्ला पुगेका उनी २०१६ मा मोरङको जिल्ला वन कार्यालय सरुवा भएका थिए । 'मोरङमा त्यतिखेर चोरीनिकासीभन्दा वन फडानी गर्ने धेरै थिए, वन तस्करका नाइके पेस्तोल भिरेर घोडा चढेर हिँड्दा सबै डराउँथे, वन फाँडेर जमिनमा बसोबास गराई धन कमाउनु मुख्य पेसा थियो,' श्रेष्ठ पुराना दिन स्मरण गर्छन्, 'मलाई प्रलोभन र त्रास देखाइए पनि ठूटा नापेर मुद्दा चलाइने अडान लिएपछि तस्करहरू पछि हटे ।' हिजोआज भएका रुख काटिँदै गएको र त्यो अनुपातमा वृक्षारोपण नभएको देख्दा उनलाई चिन्ता लाग्छ ।

'निहित स्वार्थका कारणले सरकार र नागरिक असंवेदनशील भइरहने हो भने दुई/तीन दशकपछि देश मरुभूमिमा परिणत हुन बेर छैन,' उनी भन्छन्, 'कंक्रिटको महल थप्नेहरूले वनले गर्दा वर्षा हुने र भूमिगत जलस्रोत अडिने कुरा बिर्सेका छन् ।' पर्यावरणको मामिलामा काठमाडौंको अवस्था दयनीय रहेको श्रेष्ठको दाबी छ । 'सानो छँदा अहिलेको सहिदगेट दक्षिणको पोखरीमा गर्मीमा पौडी खेल्न जान्थ्यौं,' उनी भन्छन्, 'अहिले त सब सखाप भए, वाग्मती र विष्णुमती नदीमा कञ्चन पानी बग्थ्यो, तिर्खा लागेका बेला अञ्जुली भरेर त्यही पानी खान्थ्यौं ।'

विसं १९९० को भूईंचालोको विनाश र निर्माण दुवैका पनि उनी साक्षी थिए । 'पुनर्निर्माणपछि सामान्य अवस्थामा फर्किन एक वर्षभन्दा बढी समय लागेको थियो, सरकारले दिएको ऋणमा थपेर पहिलेका भन्दा सुन्दर महलहरू बने, काठमाडौं आकर्षक बनेको थियो ।' हिजोआज लोकतन्त्रमा धमिरा लाग्दै गएकोले मुलुकमा भनिएजस्तै समृद्धि देख्न नपाएको उनी बताउँछन् । 'सामाजिक सेवा भावले गरिनुपर्ने राजनीति पनि व्यापार जस्तै भएपछि सर्वत्र निराशा छायो,' उनी भन्छन्, 'जनतालाई सबल बनाउँदा सत्तामा टिक्न कठिन हुने नेतृत्व वर्गको संकिर्ण सोचले लोकतन्त्रमा धमिरा लाग्दै गएको छ ।'

# एबीसीमा हेलिकप्टरको व्यावसायिक उडानमा निषेध

अन्नपूर्ण संरक्षण क्षेत्रमा अत्यधिक हेलिकप्टर उडानले पर्यावरण तथा पदयात्रा पर्यटनमा असर पुऱ्याएको र हिमपहिरोको जोखिम बढाएको भन्दै व्यावसायिक उडानमा प्रतिबन्ध



कास्कीको अन्नपूर्ण गाउँपालिकामा पर्ने एबीसीमा पोखराबाट पर्यटक लिएर पुगेका हेलिकप्टर । फाइल तस्बिर : दीपक/कान्तिपुर

■ **दीपक परियार** (पोखरा)

अन्नपूर्ण आधार शिविर (एबीसी) मा हेलिकप्टरको व्यावसायिक उडानमा रोक लगाइएको छ । गत माघ ३ मा एबीसी ट्रेकअन्तर्गत देउरालीमा गएको हिमपहिरोमा हराइरहेकाहरुको उद्धार बाहेकका उडानमा रोक लगाइएको हो ।

कास्कीको अन्नपूर्ण गाउँपालिकाले गत वर्ष साउनमा भएको चौंथो नगरसभाबाटै हेलिकप्टर निषेध गर्ने निर्णय गरेको थियो । तर, कार्यान्वयन हुन सकेको थिएन । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) भित्र पर्ने एबीसीमा हेलिकप्टर उडाउन निश्चित शुल्क तिरेर अनुमति लिनुपर्ने भएपछि हवाई कम्पनीले लिएका थिएनन् । हिमपहिरोपछि भने गाउँपालिकाको वडा नम्बर ११ ले जिल्ला प्रशासन कार्यालयलाई सहजीकरण गरिदिन निवेदन पठायो । अन्नपूर्ण संरक्षण क्षेत्रमा अत्यधिक हेलिकप्टर उडानले पर्यावरण तथा पदयात्रा पर्यटनमा असर पुऱ्याएको र हिमपहिरोको जोखिम बढाएकोले व्यावसायिक उडान रोक्नुपर्ने वडाको माग थियो । वडाको माग बमोजिम जिल्ला प्रशासनले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्र लेखेको थियो । जथाभावी हेलिकप्टर उडान रोकी नियमन गनुपर्ने प्रशासनको राय थियो ।

अन्नपूर्ण-११ का अध्यक्ष हिमबहादुर गुरुङ अव्यवस्थित उडानले वातावरणीय असर गरेको बताउँछन् । 'पहिले डाँफे, मुनाल, घोरल, कस्तुरी घर नजिकै आउँथे,' उनले भने, 'हेलिकप्टर धेरै उडेपछि त्यसकै आवाजले तर्सिएर ती पशुपंक्षी कतै देखिँदैन । उनीहरूको बासस्थानमा धावा बोल्ने काम भएको छ ।' हेलिकप्टरको कम्पनले एबीसीमा हिमनदीको कटान बढिरहेको उनको दाबी छ । सरंक्षित क्षेत्रभित्र उद्धारबाहेक व्यावसायिक उडान गर्न नपाइने भएकोले रोक लगाउनुपरेको उनी बताउँछन् ।

कास्कीका प्रमुख जिल्ला अधिकारी रमेशकुमार केसी पूर्णरुपमा निषेध नभई नियमन गर्नुपर्ने पक्षमा छन् । 'भ्रमण वर्ष २०२० चलिरहेको छ । खर्च गरेर जान्छु भन्ने पाहुनालाई रोक्न पनि भएन,' उनी भन्छन्, 'बरु पर्यटकलाई महँगो शुल्क लगाउने र राजश्व संकलन गर्नेबारे सोच्नुपर्छ ।' व्यावसायिक उडानमा महँगो शुल्क तोकिए उडान स्वतः कम हुने उनको बुझाइ छ ।

देउरालीमा हिमपहिरो जानुअघि पोखरा विमानस्थललाई आधार बनाएर पाँच हवाई कम्पनीले व्यावसायिक उडान गर्दै आएका थिए । प्रभु हेली, एअर डाइनेस्टी, सिम्रिक, फिस्टेल र अल्टिच्युड एयरका हेलिकप्टर एबीसी पुग्थे । पर्यटकीय मौसममा दिनमा ५० वटासम्म उडान हुने गरेका नागरिक उड्डयन प्राधिकरण पोखरा कार्यालयका प्रवक्ता देवराज सुवेदीले बताए । चार कोरियाली र तीन जना नेपाली बेपत्ता हुनेगरी गएको हिमपहिरोपछि उद्धारको अनुमति लिएर मात्रै हेलिकप्टर उडेको उनले जानकारी दिए । 'एक्याप, गाउँपालिका र स्थानीय व्यवसायीको माग बमोजिम रोक्न उपुयक्त देखिएको व्यहोरासहितको जिल्ला प्रशासनको पत्र आइपुगेको छ,' उनले भने, 'मन्त्रालयले आधिकारिक रुपमा रोक्न भनिसकेको छैन ।'

एक्याप, गाउँपालिका र प्राधिकरणको मौखिक आग्रहमा हेलिकप्टर कम्पनीले व्यावसायिक उडान रोकेका हुन् । एबीसीबाहेक एक्यापमै पर्ने मर्दी हाई क्याम्पमा भने अहिले पनि हेलिकप्टरहरूले व्यावसायिक उडान गरिरहेका छन् । एबीसीमा पर्यटकको उद्धारका लागि मात्रै हेलिकप्टर प्रयोग भएको कम्पनीले जनाएका छन् । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरका अनुसार वार्षिक १५ हजार पर्यटक हेलिकप्टरबाट एबीसी पुग्छन् । पदयात्रा पर्यटनलाई नै धरापमा पार्नेगरी हुने हेलिकप्टर उडानको आफू विपक्षमा रहेको उनले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन नियमावलीको अनुसूची १ अनुसार संरक्षण क्षेत्रमा हेलिकप्टर ल्यान्ड गर्न एक्यापको अनुमति चाहिन्छ । उद्धारबाहेक संरक्षण क्षेत्रमा एकपटक हेलिकप्टर अवतरण गर्दा तीन हजार रुपैयाँ बुझाएपछि मात्रै एक्यापले अनुमति दिन्छ । तर हेलिकप्टर कम्पनीले हालसम्म एक्यापको अनुमति लिने गरेका छैनन् । हेलिकप्टरमार्फत एबीसी पुग्ने विदेशी पर्यटकले एक्यापलाई बुझाउनुपर्ने प्रवेश शुल्क समेत बुझाउँदैनन् । विमानस्थलमा एकपल्टको अवतरण शुल्कवापत डेढ सय रुपैयाँ मात्रै बुझाउँछन् ।

हवाई कम्पनीलाई पटक-पटक आग्रह गरे पनि अटेर गरेको एक्याप प्रमुख राजकुमार गुरुङले बताए । 'हिमपहिरो जानुअघिसम्म हेलिकप्टरको उडान नियमानुसार भएनन्,' उनले भने, 'सन् २०१९ मा कति उडान भए भन्ने तथ्यांक कम्पनीसँग मागेका छौं । कसरी नियमन गर्न सकिन्छ भनेर प्राधिकरणसँग पनि छलफल अगाडि बढेको छ ।'

एबीसीमा सिधै हेलिकप्टर अवतरण हुँदा पदयात्रा व्यवसाय धरासायी भएको पर्यटन व्यवसायीको गुनासो छ । ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान) पश्चिमाञ्चल च्याप्टर अध्यक्ष हरि भुजेल अव्यवस्थित हेलिकप्टर उडानले पदयात्रा पर्यटनको भविष्य अन्योलमा परेको बताउँछन् । 'आधार शिविर पुग्न एक साताभन्दा लामो समय र लाखौं रुपैयाँ खर्च गर्नेगरी पर्यटक नेपाल आउँछन्,' उनले भने, 'तिनै पर्यटकलाई १/१ सय डलर लिएर आधा घण्टामै एबीसी पुऱ्याएर ल्याएपछि हाम्रो पर्यटन व्यवसाय कहाँ जान्छ ?'

अन्नपूर्ण सेन्चुरी ट्रेकमा पर्ने होटल व्यवसायीको संस्था छोम्रोङ पर्यटन व्यस्थापन समितिका अध्यक्ष बुद्धिमान गुरुङ पदयात्रा पर्यटनबाट गाइड, भरिया, होटल, रेस्टुरेन्ट तथा स्पा मजदुर, किराना पसल लगायत थुप्रै व्यवसाय चलिरहेको बताउँछन् । 'हेलिकप्टरबाट ओसार्दा विदेशी पर्यटक खर्च गर्नबाट पनि वञ्चित हुन्छन्, हामी व्यवसायीलाई समेत कमाउने बाटो बन्द हुन्छ ।'



**को-हस्बेन्ड**
बहुपति प्रथामाथिको डकुमेन्ट्री उत्कृष्ट । ९



**'लभ आजकल'**
पुरानै शैलीको पुनरावृत्ति । ९

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३५९ सुर्खेत | ६ फागुन २०७६ मंगलबार फाल्गुण कृष्णपक्ष दशमी | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, February 18, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ






कोरोना भाइरस प्रभावित चीनको वुहानबाट ल्याएर राखिएकाहरू सोमबार भक्तपुरको चाँगुनारायण-७ खरिपाटीस्थित क्वारेन्टाइन परिसरमा । त्यहाँ राखिएका सबै १७५ जनाको घाँटीको र्‍याल र 'नेजेल स्वाब' को नमुना संकलन गरिएको छ । परीक्षणको नतिजा बुधबारसम्म आइसक्ने जनाइएको छ । क्वारेन्टाइनमा १३५ जना पुरुष र ४० जना महिला छन् । समाचार पृष्ठ २ ।
*तस्बिर : इलिट जोशी/कान्तिपुर*

# दिल्लीबाट उड्न 'इन्ट्री परमिट' अनिवार्य

## स्थलमार्गबाट भारत पुग्ने नेपालीलाई हवाईमार्गबाट फर्कन पासपोर्ट नै चाहिने, भारतीय भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउने

■ **देवेन्द्र भट्टराई** (काठमाडौं)

परराष्ट्र मन्त्रालयले गरेको औपचारिक आग्रहपछि भारतीय अध्यागमनले 'नेपालका स्थलमार्गबाट दिल्ली पुग्ने नेपाली यात्रुले विमानबाट काठमाडौं फर्कन नपाउने' नियम अनिवार्य गरेको छ ।

दिल्लीस्थित नेपाली दूतावासले जारी गरेको सूचनामा यात्रुले आफ्नो राहदानीमा 'प्रस्थान छाप' (डिपार्चर स्टाम्प) भएको अवस्थामा मात्रै भारतीय अध्यागमनले 'आगमन छाप' (एराइभल स्टाम्प) लगाउने स्पष्ट प्रबन्ध कायम भएको जनाएको छ । यो सूचनापछि परोक्ष रूपमा नेपाल-भारतका नागरिकले हवाईमार्ग हुँदै एकअर्को देशमा आवतजावत गर्न नागरिकता वा अन्य प्रामाणिक पहिचानपत्र प्रयोग गर्न पनि नसक्ने भएका छन् । 'नागरिकतामा एराइभल वा डिपार्चर स्टाम्प लगाउन असम्भव रहेको र यसबारेको रेकर्ड पद्धतिसमेत प्रभावकारी नभएका कारण अब आवागमनमा पासपोर्ट प्रयोगका लागि यात्रुलाई प्रोत्साहित गरिनेछ,' अध्यागमन विभागका एक अधिकारीले भने ।

दिल्लीस्थित उपनियोग प्रमुख भरतकुमार रेग्मीका अनुसार, 'दिल्ली आउने नेपाली यात्रुको पासपोर्टमा इन्ट्री परमिट देखियो भने मात्रै भारतीय अध्यागमनले एक्जिट-परमिट दिने नियम अनिवार्य' भएको छ । 'यो नियमको व्यवस्था हाम्रो अन्तरसरकारी समन्वयमार्फत परराष्ट्रले भारतलाई गरेको अनुरोध बमोजिम हो, यसकारण यो व्यवस्थामा पारस्परिक समान हैसियतको व्यवहार (रेसिप्रोकिसिटी) आवश्यक रहन्न,' रेग्मीले भने । आवागमनमा यो 'असमान प्रबन्ध' लागू भएको अवस्थामा पशुपति दर्शनमा स्थलमार्गबाट आएका भारतीयले भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउनेछन् ।

दूतावासले जारी गरेको सूचनामा 'नेपाल-भारतबीच रहेको खुला सिमानाका कारण नेपालीहरूलाई स्थलमार्गबाट भारत प्रवेश गर्न सहज रहेको सर्वविदितै रहेको' भनिए पनि 'स्थलमार्ग हुँदै भारत आएर तेस्रो मुलुक उड्न खोज्दा समस्या आइपर्ने भएकाले काठमाडौंबाटै उडान भर्न' आग्रह गरिएको छ । तर सूचनामा भनिएजस्तो तेस्रो मुलुक उड्न खोज्दा मात्रै नभएर विशेष परिस्थितिमा सडकमार्गबाट दिल्ली गएर विमानबाट काठमाडौं फर्कन चाहने नेपाली यात्रु पनि 'उडान प्रतिबन्धित' स्थितिमा पुगेका छन् ।

'दुई महिनाअघि पेटको क्यान्सरको सम्भावना देखिएपछि मैले बस सेवाबाट आमालाई राजीव गान्धी क्यान्सर हस्पिटल ल्याएको थिएँ,' पोखराका राजकुमार श्रेष्ठले दिल्लीबाट फोनमा भने, 'अहिले डाइग्नोसिस भएर पुष्टि भएको छ । एक चरणमा किमो दिएपछि आगामी साता काठमाडौंसम्म नेपाल एयरलाइन्सबाट जाने योजना थियो तर यसरी 'इन्ट्री परमिट' नभई र नागरिकताका भरमा उडेर काठमाडौं जान मिल्दैन भनेर एयरलाइन्सले भन्यो । अब नेपाल-भारत खुला सीमा र सहज आवागमनको कुरा मेरोजस्तो कठिनाइमा कसरी लागू हुन सक्ला ?'

बाँकी पृष्ठ १३ ▶▶

## भोलि

**३६ पृष्ठको वार्षिकोत्सव विशेष**




ती ३५ अग्रणी, जसले समाजलाई अगाडि बढाए, सभ्य बनाए अनि हाम्रो चेत र सोचलाई फराकिलो पारे


# भारतले महाकालीमा बनाएको पुल हटाइयो

■ **मनोज बडू** (दार्चुला)

भारतले महाकाली नदीमा लगाएको काठेपुल नेपाली प्रहरीले हटाएका छन् । केही साताअघि व्यास गाउँपालिका-१ को माल्पादेखि दोपखेसम्मको क्षेत्रमा भारतीय पक्षले काठेपुल हालेको थियो । आइतबार दुम्लिङमा रहेका प्रहरीले काठेपुल निकालेर महाकाली नदीमा फालेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । भारतले तिब्बत सीमा जोड्ने सडक निर्माण गर्नुका साथै सीमा नदी महाकालीमा पुल हालेको थियो ।

व्यास-१ पेल्सितीमा लगाइएको र माल्पानजिक महाकाली तर्न बनाइएको काठका डन्डी प्रहरीले फालेका हुन् । व्यास-१ कै कटारपानीमा डोजरसमेत वारपार गर्न मिल्ने गरी बनाएको कल्भर्टजस्तै पुलमाथि ढुंगा राखिएकाले भत्काउन नसकेको एक प्रहरीले बताए ।

प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले उक्त क्षेत्रमा सुरक्षा उपस्थिति नहुँदा त्यहाँ कार्यरत कामदारले सडक खनेका र अस्थायी काठेपुल लगाएका दाबी गरे । 'भारतले नभई उक्त क्षेत्रमा मजदुरी गर्न जाने नेपाली कामदारले सजिलोका लागि काठेपुल लगाएका रै'छन्,' उनले भने, 'अन्तर्राष्ट्रिय सीमा नदीमा पुल लगाउनु हुँदैन, सबैलाई समस्या पर्छ भनेर कामदारलाई सम्झाएर प्रहरी फर्केका छन् ।' प्रजिअ पौडेलले नेपाली कामदारले पुल राखेको दाबी गरे पनि सीमापारि भारतीय सुरक्षाकर्मीको नियमित गस्तीका बीच कामदारले सीमा नदीमा पुल हाल्नु असम्भव भएको स्थानीय बताउँछन् । 'हाम्रो प्रशासनले यस्तै जानकारी गराएको होला,' स्थानीय हिमालय भट्टले भने, 'भारतले उक्त क्षेत्रमा मनोमानी ढंगले सडक निर्माण गरिरहेको छ । काठेपुल त कामदारले वारिपारि गर्नलाई लगाए होला । नेपाली भूमिमा आएर सडक बनाई डोजर ओसारपसार गर्नु कति ठूलो हेपाहा प्रवृत्ति हो ।'



**दार्चुलाको व्यास गाउँपालिका-१ को पेल्सितीस्थित सीमा नदी महाकालीमा भारतले बनाएको काठेपुल ।**
*फाइल तस्बिर : कान्तिपुर*

गत वर्ष भारतले नेपाली प्रशासनकै सहमतिमा महाकालीमा काठेपुल हालेको थियो । 'दुई देशको सीमा क्षेत्रमा संरचना निर्माण गर्न नपाइने अन्तर्राष्ट्रिय नियम छ । तर, भारतले त्यसविपरीत नेपाली पक्षको उपस्थिति नभएको मौका छोपी संरचना निर्माण गर्दै आइरहेको छ,' प्रजिअ पौडेलले भने, 'गर्नैपर्ने भए हाम्रो सहमति लिनुपर्थ्यो ।' उक्त क्षेत्रमा भारतले दुई ठाउँमा करिब आधा किलोमिटर सडक खनेको छ भने एक ठाउँमा सवारीसाधन वारपार गर्न सक्ने पुलसमेत बनाएको छ । भारतले महाकालीमा काठेपुल राखेको र नेपाली भूमिमै आएर आधा किलोमिटर सडक खनेको समाचार कान्तिपुरमार्फत सार्वजनिक भएपछि मात्रै नेपाली प्रशासनले पुल भत्काउन चासो दिएको हो । गत शनिबारमात्रै नेपाली प्रशासनले उत्तरी सीमा क्षेत्रमा भएका गतिविधिबारे कुनै थाहा नभएको र पुल निर्माण र सडक खनेको बारे अनभिज्ञता प्रकट गरेको थियो ।

### कालापानी नपुगी फर्किए उपप्रधानमन्त्री

उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल नेतृत्वको टोली सोमबार सेनाको हेलिकप्टर लिएर उडे पनि भारतद्वारा अतिक्रमित कालापानी क्षेत्र नपुगी फर्किएको छ । व्यास गाउँपालिका-१ छाङरुसम्म पुगेर टोली आकाशबाटै फर्केको हो ।

भ्रमण टोलीमा रहेका सुदूरपश्चिम प्रदेश सांसद गेल्बुसिंह बोहराले पाँच मिनेट जति छाङरु गाउँमाथिको आकाश हुँदै तिंकर खोलाबाट हेलिकप्टर टर्न भएको बताए । उनले छाङरुमा सशस्त्र प्रहरीको सीमा अवलोकन पोस्ट (बीओपी) स्थापना गर्ने स्थानको आकाशबाटै अवलोकन गरिएको बताए । फर्केपछि खलंगामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै पोखरेलले नेपालका सीमा क्षेत्रमा क्रमशः सुरक्षा पोस्टहरू थपिँदै जाने बताए ।

## भित्र


धनुषा र रूपन्देहीमा सामूहिक बलात्कार

मौसमी रुघाखोकी लागेकामा स्वाइन र हङकङ फ्लु देखियो

वन लगानी कार्यक्रममा पौने ६ अर्ब







## गजब छ बा !

– अविन –



तपैं पूर्व सभामुखकाँ ?...
म पूर्व उपसभामुखकाँ !


हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि


# 'बाँकी कुरा पछि भन्छु'

■ **मातृका दाहाल** (काठमाडौं)

पूर्वसभामुख कृष्णबहादुर महरालाई सोमबार दिउँसो काठमाडौं जिल्ला अदालतले सफाइ दिएसँगै उनका सहयोगी र शुभेच्छुकहरू डिल्लीबजार कारागारबाहिर भेला भइसकेका थिए । सत्तारूढ नेकपाका हिमाल शर्मालगायत नेता-कार्यकर्ता महरालाई स्वागत गर्न फूलमालासहित पुगेका थिए ।

सफाइ पाएका महरालाई करिब ३ बजेतिर अदालतबाट सिधै कारागारको 'क' ब्लकमा लगियो । त्यहीं रहेका पूर्वआईजीपी रमेश चन्द ठकुरी, सशस्त्रका पूर्वडीआईजी रञ्जन कोइरालालगायतले 'बधाई छ हजुर' भन्दै उनलाई स्वागत गरे । चन्द सुडान घोटाला प्रकरणमा र पूर्वडीआईजी कोइराला पत्नी गीता ढकालको हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । करिब ५० जना अट्ने 'क' ब्लकको हलमा चन्द र कोइरालासँगै महरा १३३ दिन बसेका थिए । दुवै पूर्वप्रहरी अधिकृत उनका रुम पार्टनर थिए । कैदीबन्दीले सोमबार 'पहिलो पटक महरालाई मुस्कुराएको देखेको' भन्दै मुखामुख पनि गरे ।



**यसरी सफाइ पाए महराले । ३**

नेकपा सचेतक भन्छिन्- 'पुरुषपीडक कानुनले महरा पीडित'

कहिलेकाहीँ मात्रै घरबाट ल्याएको खाना खाएका महराले यो अवधिमा अधिकांश समय कैदीबन्दीबाट सञ्चालित मेसमा खाना खाएका थिए ।

आफूलाई खाना खुवाउनेदेखि भेटिएका सबैप्रति उनले छुट्ने बेला सहानुभूति देखाए । महराले 'यो अवधिको बसाइ अविष्मरणीय रह्यो, तपाईंहरूले गर्नुभएको सहयोग र मप्रति देखाउनुभएको सद्भावप्रति धन्यवाद दिन चाहन्छु' भने । त्यति भनिसकेपछि पूर्वआईजीपी चन्द र पूर्वडीआईजी कोइरालाले खादा ओढाएर बिदाइ गरे । जेलमा ल्याउँदा पनि चन्दले उनलाई स्वागत गरेका थिए ।

२०६८ जेठ १८ मा आईजीपी चन्दलाई जिम्मेवारीबाट मुक्त गरी प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारमा ल्याउने प्रस्ताव उनै महराले गरेका थिए । त्यसमा तत्कालीन प्रधानमन्त्री झलनाथ खनालले सहमति जनाएका थिए । प्रधानमन्त्री खनाल र गृहमन्त्री महराको सल्लाहमा चन्दलाई आईजीपीबाट हटाइएको थियो । एक कर्मचारीका अनुसार घर जानुअघि महरा निकै खुसी देखिएका थिए ।

बाँकी पृष्ठ ३ ▶▶

## छोटकरी

**रुखबाट खसेर मृत्यु**
सल्यान (कास)- शारदा नगरपालिका-८, मार्केमा घाँस काट्ने क्रममा रुखबाट खसेर २१ वर्षीया कल्पना शर्माको मृत्यु भएको छ । रुखबाट खसेर गम्भीर घाइते भएकी शर्माको जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । प्रहरीका अनुसार रुखबाट उनी १० मिटर तल खसेर अचेत भएकी थिइन् । जिल्ला अस्पतालका चिकित्सकले उपचार सम्भव नभएको भन्दै नेपालगन्ज वा काठमाडौं लैजान आफन्तलाई आग्रह गरेका थिए । आर्थिक समस्याका कारण परिवारका सदस्यले बाहिर लिन नसकेपछि उनको जिल्ला अस्पतालमै ज्यान गएको हो ।

**फोटो पत्रकार महासंघमा खड्का**
सुर्खेत (कास)-नेपाल फोटो पत्रकार महासंघ, कर्णाली प्रदेशको अध्यक्षमा सुशील खड्का चयन भएका छन् । महासंघको सोमबार वीरेन्द्रनगरमा सम्पन्न भेलाले खड्काको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । महासंघको उपाध्यक्षमा गोविन्द केसी, सचिवमा ज्योति कटुवाल, सहसचिवमा नवीन पौडेल र कोषाध्यक्षमा सीता ओली निर्वाचित भएका छन् । महासंघका अनुसार भेलाले सुर्खेत शाखा अध्यक्षमा यज्ञ खत्रीलाई चयन गरेको छ ।

**दुर्घटनामा ४ घाइते**
दैलेख (कास)-प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुन्तला जोन कार्यालय, दुल्लूको बा-१ भ ६५६७ नम्बरको जिप दुर्घटना हुँदा चारजना गम्भीर घाइते भएका छन् । प्रहरीका अनुसार ब्रेक फेल भइ दुल्लू नगरपालिका-५, देउतीगढमा जिप दुर्घटनामा परेको हो । जिप सडकबाट करिब दुई सय मिटर तल खसेको छ । दुर्घटनामा परी चालक भैरवी गाउँपालिका-२ का गोकुल खत्री, कार्यालयका कर्मचारी भैरवी-२ का माधव रिजाल, दुल्लु-५ का सुरेन्द्र रिजाल र दुल्लू-८ का विक्रम रिजाल घाइते भएको प्रहरीले जनाएको छ । दूल्लु अस्पतालमा उपचार सम्भव नभएपछि घाइतेलाई नेपालगन्ज रिफर गरिएको छ ।

**घर भत्किँदा १० घाइते**
सल्यान (कास)-छत्रेश्वरी गाउँपालिका-२ रामचनेमा दिलबहादुर विकको निर्माणाधीन घर भत्किँदा १० जना घाइते भएका छन् । माटोको दोस्रो तला पटान गर्ने क्रममा जगैबाट घर भत्किएपछि मजदुरसहित परिवारका सदस्य घाइते भएका हुन् । प्रहरीका अनुसार पाँचजनाको अवस्था गम्भीर छ । सामान्य घाइतेलाई प्राथमिक उपचारपछि घर फर्काइएको छ भने अन्यको जिल्ला अस्पतालमा उपचार भइरहेको छ । प्रहरीका अनुसार ३१ वर्षीया भुमा खड्का, २८ वर्षकी रिता विक, वर्ष ३२ की रेवती विक, ३५ वर्षीया कविता बस्नेत र ७४ वर्षका गोपाल खड्काको जिल्ला अस्पतालमा उपचार भइरहेको हो । घर निर्माणका क्रममा ३० जना खटिएको प्रहरीले जनाएको छ ।



छिन्चु-जाजरकोट सडकअन्तर्गत छेडाखोलाको एउटै घाटमा १० मिटर दूरीमा रहेका दुई पुल । दुई वर्षअघि पक्की पुल बनेपछि नेपाली सेनाले १० वर्षअघि ३ करोड खर्चेर बनाएको बेलिब्रिज बेकामे बनेको छ । उक्त बेलिब्रिज अन्य दुर्गम भेगमा सारेर आवतजावत सहज बनाउन सकिने भए पनि सम्बन्धित निकायले ध्यान दिएका छैनन् ।
*तस्बिर : भीमबहादुर सिंह/कान्तिपुर*

# सुन्तला छोडेर अनारखेती

**विप्लव महर्जन** (सल्यान)

दुई दशकअघि शारदा नगरपालिका-३, सिरुबारका बुद्धिराज विष्टले खाद्यबाली लगाउन छोडी १२ रोपनी जग्गामा दुई सय बोट सुन्तलाका बिरुवा लगाएका थिए । सुन्तलाबाट वार्षिक दुई लाख रुपैयाँ आम्दानी गरिरहेका उनले गत वर्ष भने सबै सुन्तलाका बोट फाँडेर अनारखेती सुरु गरे । उनका छिमेकी ध्रुबराज विष्टले पनि गत वर्षसम्म ६ रोपनी क्षेत्रफलमा सुन्तलाखेती गरेका थिए । उनको बारीमा पनि अहिले अनार हुर्किरहेको छ ।

चार वर्षयता सुन्तलामा रोग-किराको प्रकोप बढेपछि व्यवसायिक खेती गरिरहेका किसानका बारीमा अहिले अनार हुर्किरहेको छ । अधिकांश किसानले सुन्तलाका सबै बोट मासेर अनारखेती गरिरहेका छन् । सुन्तलाबाट मनग्गे आम्दानी गरेका किसानले बोट पहेँलिने र दाना लाग्ने समस्या कारण अनारखेती सुरु गरेका हुन् । 'सुरुसुरुमा राम्रै आम्दानी भयो, उत्पादन पनि बढिरहेको थियो,' विष्टले भने, 'रोगकिराको प्रकोपले सबै सुन्तला नष्ट गर्नुपर्ने बाध्यता भयो ।' अधिकांश बारीमा अनार छिटो हुर्किरहेकाले राम्रो आम्दानी हुने अपेक्षा गरिएको उनको भनाइ छ । उनका अनुसार अधिकांश किसानले सुन्तलाखेतीकै कमाइले सदरमुकामलगायत व्यापारिक केन्द्रमा घरघडेरी जोडिसकेका छन् ।

थापागाउँका नरेन्द्र महर्जनको बारीमा अहिले तीन सय बोट अनार हुर्किरहेको छ । 'खेती त गरेकै छौं,' उनले भने, 'पहिले बारीमा सुन्तला फल्थे, अब अनार फल्न सुरु भएको छ ।' रोग-किराको प्रकोप कम हुने र अनुकूल हावापानी भएकाले अधिकांश किसान अनारखेतीमा आकर्षित भएको उनले जानकारी दिए । उनका अनुसार फल्न सुरु भइसकेकाले अनारले यस वर्षदेखि आम्दानी दिने उनले जानकारी दिए । उनले चार वर्षअघि बारीमा अनारका बेर्ना लगाएका हुन् । जलवायु परिवर्तनको असरका कारण सुन्तलाखेती संकटमा परेको किसानको गुनासो छ । शारदा नगरपालिकाको कृषि शाखाका अनुसार नगरक्षेत्रमा करिब ६० हेक्टर जग्गामा अनारखेती भइरहेको छ । पाँच वर्षयता किसानले झण्डै २० हजार अनारका बोट लगाएको नगरपालिकाको तथ्यांक छ । साविक कृषि विकास कार्यालयले अनार खेतीबारे सम्भाव्यता अध्ययन गरेपछि कृषकहरू अनारखेतीमा आकर्षित भएका हुन् । शारदा नगरपालिको खलंगा, साहुटोला, पिपलनेटा, मार्के, मधना, त्रिबेणी गाउँपालिकाको लुहाम, काभ्रा र बाग्चौर नगरपालिकाको कोटमौलामा व्यवसायिक अनारखेती भइरहेको छ । कृषि विकास कार्यालयका अनुसार जिल्लाभरिका किसानले सुन्तला फल्ने बारीमा 'मिर्दुला' जातको अनार लगाएका छन् ।

> **अनारमा रोग–कीरा नलाग्ने र आम्दानी पनि मनग्गे हुने किसानको भनाइ**

स्थानीय कमलराज विष्टले बिषादी प्रयोग गर्दासमेत रोग-किरा नियन्त्रणमा नआएपछि दुई/तीन वर्षको अवधिमै दुई सय बोट सुन्तला नष्ट गरेको बताए । 'सुन्तलाको पकेट क्षेत्रमा पनि सबै बोट नष्ट गर्नुपर्ने बाध्यता भयो,' उनले भने, 'गोडमेल, बगैचा स्याहार, मलखादको व्यवस्थापनलगायत कारण अनारका बिरुवा छिटो हुर्किरहेका छन्, अर्को वर्षबाट उत्पादन दिने आशा छ ।' रोगले सुन्तला सखाप पारेपछि झन्डै पाँच वर्ष बेरोजगार भएर बस्नुपरेको उनको गुनासो छ । विष्टका अनुसार सिरुबारका एक सय ६० घरधुरीमध्ये ५० परिवारले व्यवसायिक फलफूल खेती गरिरहेका छन् । अहिले गाउँमा करिब दुई सय रोपनी क्षेत्रफलमा अनारखेती हुर्किरहेको उनले जानकारी दिए ।

कृषि विकास कार्यालयका सूचना अधिकारी रेशमबहादुर बस्नेतका अनुसार रोग-किराका कारण जिल्लाभरि लगाएको दुई सय हेक्टर जग्गाको सुन्तलाखेती नष्ट भएको छ । जसका कारण पाँच सय कृषक परिवार प्रभावित बनेको उनले जानकारी दिए । 'सिट्रस ग्रिनिङ र ह्रास रोगले दक्षिण-पश्चिम क्षेत्रमा लगाएका सुन्तलामा ठूलो क्षति पुग्यो,' उनले भने, 'क्षति भएका घरधुरीमा अनुदानमा अनारका बेर्ना वितरण गरिएको छ ।' उनले सुन्तलामा रोग लाग्ने क्रम अझैं नरोकिएको उनको गुनासो छ । कार्यालयले गत वर्ष तीन हजार दुई सय अनारका बेर्ना किसानलाई वितरण गरेको थियो ।

# पाठ्यपुस्तकबिनै शैक्षिक सत्र सुरु

### हिमपात र अत्यधिक जाडोका कारण डोल्पालगायत हिमाली जिल्लामा फागुन १ गतेबाट शैक्षिक सत्र सुरू भए पनि पाठ्यपुस्तक नपाउँदा भर्ना भएका विद्यार्थी रित्तो हात घर फर्कन बाध्य

**हरि गौतम** (रुकुम पश्चिम)

डोल्पाका ८ वटै स्थानीय तहका सामुदायिक विद्यालयमा फागुन १ गतेदेखि नयाँ शैक्षिक सत्र सुरु भइसकेको छ । शैक्षिक सत्र सुरु भएपछि विद्यार्थी भर्ना हुने क्रम जारी छ । तर, विद्यार्थीले भर्ना भएकै दिन पाठ्यपुस्तक पाउन सकेका छैनन् ।

हिमाली जिल्लामा जाडोका कारण हरेक वर्ष फागुनमा शैक्षिक सत्र सुरु भएर मंसिरअगावै सकिन्छ । जाडो महिनामा भारी हिमपात हुने र अधिकांश बासिन्दा अन्यत्र बसाइ सर्ने गरेकाले झण्डै ३ महिना विद्यालय बन्द रहन्छन् । एक साताभित्रै भर्ना अभियान सकेर पठनपाठन सुरु गर्ने तयारी भइरहेको ठूलीभेरी नगरपालिका-६, काँडातालीस्थित देवी आधारभूत विद्यालयका शिक्षक तेजेन्द्र खत्रीले बताए । पाठ्यपुस्तकको अत्तोपत्तो नहुँदा अधिकांश विद्यार्थी भर्नाका लागि नआएको उनको गुनासो छ । 'विद्यार्थी आउँदै भर्ना हुँदै फर्कने गरेका छन्,' उनले भने, 'अबको केही दिनसम्म भर्ना अभियान सञ्चालन गर्ने र त्यसपछि पढाइ सुरु गर्ने योजना थियो, पाठ्यपुस्तक नआएपछि केही ढिला हुने देखिएको छ ।'

डोल्पामा न्यानो मौसम सुरु भएपछि शैक्षिक सत्र सुरु गर्ने र जाडो समापन गर्ने गरिन्छ । पाठ्यपुस्तक ल्याउने जिम्मा पाएका व्यसायीलाई ताकेता गरिरहेको भए पनि बेवास्ता भइरहेको स्थानीय शिक्षक लक्ष्यबहादुर सुनारले बताए । 'भर्ना भएकै दिन पाठ्यपुस्तक दिन पाएको भए राम्रो हुन्थ्यो,' उनले भने, 'पुराना भए पनि आफन्त र साथीसँग मागेर केही समय काम चलाउनु भनेर विद्यार्थीलाई भनेका छौं ।' उनले माथिल्लो डोल्पाका ३ स्थानीय तहमा भने अत्यधिक हिउँ परेकाले भर्ना अभियान प्रभावित भएको जानकारी दिए ।



डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-१, करेलीकाँडास्थित लेखनाथ आधारभूत विद्यालयका विद्यार्थी प्रार्थनाको क्रममा ।
*फाइल तस्बिर : कान्तिपुर*

ठूलीभेरी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख डीलप्रसाद रोकायले सबै सामुदायिक विद्यालयमा भर्ना अभियान सुरु भइसकेको बताए । व्यवसायीको बेवास्ताका कारण पाठ्यपुस्तकबिनै भर्ना अभियान चलिरहेको उनको भनाइ छ । 'हामीले जिम्मा लिएका पुस्तक विक्रेतालाई भर्ना अभियान सकिँदासम्म पाठ्यपुस्तक पुऱ्याउने व्यवस्था मिलाउन ताकेता गरिरहेका छौं,' उनले भने, 'अधिकांश व्यवसायीले पुस्तक ढुवानी सुरु भइसकेको जानकारी दिएका छन् ।' संघीय सरकारले नयाँ शैक्षिक सत्र वैशाखबाट सुरु गर्ने भएकाले हिमाली जिल्लामा पुस्तक व्यवस्थापनको समस्या लामो समयदेखि रहेको उनले गुनासो गरे । उनका अनुसार सामुदायिक विद्यालयका पाठ्यपुस्तक छाप्ने काम पनि वैशाखलाई लक्षित गरि हुँदा समस्या भएको हो ।

## १०० रुपैयाँमै पढाइ


**राजबहादुर शाही** (मुगु)


जिल्लामा पहिलोपल्ट एक सय रुपैयाँ शुल्कमा निजी विद्यालय सञ्चालन भएपछि अभिभावकको आकर्षण बढेको छ । समता विद्यालयले दुई वर्षदेखि बालबालिकालाई मासिक एक सय रुपैयाँमै पठनपाठन गराइरहेको हो ।

संस्थागत विद्यालयमा यसअघि महँगो शुल्क तिरेर बालबालिकालाई पठनपाठन गराइरहेका अभिभाबक न्यून शुल्कमा गुणस्तरीय पठनपाठन हुन थालेपछि आकर्षित भएका हुन् । सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर खस्किएपछि विपन्न परिवारका बालबालिकालाई संस्थागत विद्यालयमा पढाउनुपर्ने बाध्यता थियो । एक सय रुपैयाँमा पढाइ हुने थालेपछि विपन्न परिवारका अभिभावकले महँगो शुल्कबाट छुटकारा पाएको छायानाथरारा नगरपालिकास्थित च्याकाटीका हस्त नेपालीले बताए । 'अधिकांश सरकारी विद्यालयमा पठपाठन गुणस्तरीय छैन, केही अभिभावक ऋण लिएरै भए पनि बालबालिकालाई बोर्डिङमा पढाउन बाध्य थियौं,' उनले भने, 'दुर्गममा सस्तो शुल्कमा संस्थागत विद्यालय खुलेपछि धेरै अभिभावकलाई राहत भएको छ ।'

स्थापनाको दुई वर्षमै विद्यार्थीको चाप बढ्दै गएको विद्यालयले जनाएको छ । अन्य निजी विद्यालयमा छोराछोरी अध्ययन गराइरहेका अभिभावकले बालबालिकालाई समतामा भर्ना गर्न थालेको प्रधानाध्यापक सोबिना रावलले बताइन् । उनका अनुसार छायानाथरारा नगरपालिका, सोरु र मुगमकार्मारोङ गाउँपालिकाका अधिकांश अभिभावकको रोजाइ समता स्कुल बनेको छ । बालविकासदेखि कक्षा १ सम्म पठनपाठन भइरहेको विद्यालयमा विद्यार्थीको चाप क्रमशः बढिरहेको उनले जानकारी दिइन् । गत शैक्षिक सत्रमा विद्यालयमा दुई सय ४० विद्यार्थी अध्ययनरत थिए । 'भर्ना सुरु नहुँदै धेरै अभिभावकले बालबालिकालाई यही पढाउने रहर गर्नुभएको छ,' उनले भनिन्, 'वर्सेनि एक/एक कक्षा बढाएर विद्यालयलाई कलेज बनाउने हाम्रो लक्ष्य छ ।'

विद्यालयमा १० शिक्षक कार्यरत छन् । स्कुलको आफ्नै भवन नहुँदा पठनपाठनमा केही समस्या रहेको व्यवस्थापन समिति अध्यक्ष पदमबहादुर रावलले गुनासो गरे । विद्यालयले गमगढी बजारमा घर भाडामा लिइ पठनपाठन सञ्चालन गरिरहेको छ । घरभाडा, फर्निचर, शैक्षिक सामग्री र शिक्षकको तलब व्यवस्थापन एक सय रुपैयाँ शुल्कबाटै गरिरहेको उनले बताए । 'कक्षा थप गरी ५ सम्मको स्वीकृति प्रदान गर्न नगरपालिकामा निवेदन पेश गरेका छौं,' उनले भने, 'स्वीकृति आएपछि विद्यार्थी व्यवस्थापनमा केही सहज होला ।'










## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | भाग्य वृद्धि | तुला | स्फुर्ती बढ्ने |
| वृष | अस्वस्थता | वृश्चिक | वैभव प्राप्ति |
| मिथुन | मित्र भेट | धनु | उत्साहप्रद |
| कर्कट | आलस्यता | मकर | कान्ति क्षय |
| सिंह | अध्ययनमा सफल | कुम्भ | कार्य सफल |
| कन्या | पारिवारीक सुख | मीन | कर्म प्राप्ति |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन ७ गते बुधबार तदनुरुप १९ फेब्रुवरी २०२० फाल्गुन कृष्णपक्ष एकादशी तिथी दिनको ५:१६ बजेसम्म उप्रान्त द्वादशी तिथी, मूल नक्षत्र प्रातः ८:४६ बजेसम्म उप्रान्त पूर्वाषाढा नक्षत्र, वज्र योग प्रातः १०:२८ बजेसम्म उप्रान्त सिद्धि योग, बालब करण दिनको ५:१६ बजेसम्म उप्रान्त कौलब करण, धनु राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सरोकार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | फिल्म टनिक (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | हवाट द फ्लप (रिपिट) |
| १:३० | बलियो घर (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | फिल्म टनिक (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | कमेडी च्याम्पियन |
| १०:०० | सरोकार |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टू लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | फिल्म टनिक (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (सागरिका) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | गीतहरु |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | मनका कुरा |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) |
| १३:०० | डिस्ट्रिक्ट डायरी |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | नेपालय (रश्मिला) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| १७:०० | डिस्ट्रिक्ट डायरी |
| १७:०५ | हेल्थ हटलाइन (कमला) |
| १८:०० | गीतहरु |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | कनेक्ट (मानस्वी वान्तवा राई) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | ओल्डी गोल्डी (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| २३:०० | पुराना हिन्दी गीतहरु (दृष्टि अर्याल) |
| ००:०० | फिल्मी परेड (रिपिट) |
| ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२१११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)



इलामको कन्यामस्थित चिया बगानमा मौलिक पहिरनमा सजिएर तस्बिर खिचाउँदै आन्तरिक पर्यटक । तस्बिर: रमेशचन्द्र अधिकारी/कान्तिपुर

# पहिचानका आधारमा प्रदेश नामकरण माग

**कान्तिपुर संवाददाता** (ताप्लेजुङ)

गण्डकी प्रदेशको नामकरणप्रति तमू समुदायले असहमति जनाएका छन् । ताप्लेजुङ सदरमुकाम फुङलिङमा आइतबार सकिएको तमू ह्युल छोंज धी गुरुङ राष्ट्रिय परिषद्‌को दुईदिने राष्ट्रिय भेलाले पहिचानका आधारमा गण्डकी प्रदेशलाई 'तमू प्रदेश' नामाकरण गर्न माग गरेको छ । यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सबै तमू समुदायलाई वैचारिक रुपमा सचेत र संगठित गर्ने तथा निरन्तर आन्दोलन गर्ने निर्णय पनि गरेको छ ।

संघीय संरचनाअनुरुप बहुभाषिक नीति लागु गर्दै प्रदेश ४ मा गुरुङ भाषा र लिपीलाई राज्यको माध्यम भाषाको रुपमा मान्यता दिइनुपर्नेमा समेत जोड दिइएको छ । १२ बुँदे घोषणा पत्र जारी गर्दै भेलाले प्रदेश १ को नामकरण पहिचानका आधारमा लिम्बूवान/किँरात प्रदेश हुनुपर्ने भन्दै उठिरहेको आवाजप्रति ऐक्यबद्धता जनाएको छ । २०७८ मा हुने राष्ट्रिय जनगणनालाई भने उत्सव र महाअभियानको रुपमा लिने निर्णय भएको परिषद्‌ले जनाएको छ ।

आफ्‌नो मातृभाषामा गुरुङ र धर्ममा बौद्ध/वोन उल्लेख गर्न जनचेतनामूलक कार्यक्रम गरिने भएको छ । भेलाले तमू ल्होसारका अवसरमा दिइँदै आएको सार्वजनिक बिदा सुनिश्चित हुनुपर्ने आवाज पुनः दोहोर्‍याएको छ । आफ्‌नो मातृभाषाको पठनपाठनका लागि खेमा लिपीमा पाठ्‌क्रम तयार गरी सञ्चालन गर्न माग गरेको छ । अनौपचारिक कक्षामार्फत समुदायमा यो भाषा पुर्‍याउने निर्णय पनि भेलाको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा सूचिकृत आदिवासी जनजाति मध्येको एक थारु समुदायलाई 'राना थारु'को नाममा छुट्टै समुदायको रुप दिइएकोमा भेलाले विरोध जनाएको छ । यसलाई बदर गर्नसमेत परिषद्‌ले माग गरेको छ ।

# 'अझै सिंहदरबारमै कैद छ प्रजातन्त्र'

**जितेन्द्र साह** (विराटनगर)

काठमाडौं लैनचौरको सम्पन्न परिवारमा जन्मिएका राम बहादुर श्रेष्ठलाई विराटनगरले लोभ्यायो र यतैका स्थायी बासिन्दा भए । शिक्षा, चेतना र राजनीतिमा विराटनगरसँग काठमाडौंको तुलना हुन नसक्ने बताउने उनी २०१६ मा विराटनगर झरेका हुन् । हाल विराटनगर महानगरपालिका-७, गहेली टोलमा उनको स्थायी बसोबास छ । आगामी असारमा उनी एक सय वर्षका पुग्दैछन् ।

वन तस्करका अगाडि नझुक्ने रेन्जरका रुपमा श्रेष्ठलाई धेरैले चिन्ने गरेका छन् । धेरै वर्ष वन अधिकृतका रुपमा विभिन्न जिल्लामा खटिएको त्यो समय उनको सम्झनामा मात्र सीमित छ । राष्ट्रिय एवं स्थानीय पत्रपत्रिकामा सुशासन, सामाजिक चेतना र जागरणसम्बन्धी कविता तथा विचार लेखनमा उनी अझै सक्रिय छन् । विभिन्न कार्यक्रम र अन्तर्क्रियामा सहभागी भई आफ्‌ना विचार राख्ने सिलसिला उमेरका कारण अहिले पातलिएको छ तर टुटिसकेको छैन । भेट्‌न आएकालाई समेत आफ्‌ना कुरा सुनाउँछन् श्रेष्ठ । 'सहमति, सहकार्य, सञ्चार र समय, यी चार कुरा हरेक नागरिकको सफलताका सुत्रहरू हुन्,' उनी भन्छन्, 'सामाजिक अभियान र व्यवहारमा यिनै पक्षको अनुशरणले सफलताको निर्धारण गर्छ ।'



आउने असारमा सय वर्ष पुग्दै गरेका पूर्व वन अधिकृत राम बहादुर श्रेष्ठ सिंहदरबारको संरचना र स्वरुप बदलिएको तर स्वभाव उस्तै रहेको बताउँछन् ।

वृद्ध भए पनि उनी सहजै देख्न र सुन्न सक्छन् । राष्ट्रिय पत्रपत्रिकाको नियमित अध्ययन गर्छन् तर भ्रष्टाचारको समाचार पढ्‌दा निराश हुन्छन् । विगतमा फर्किन्छन् । काठमाडौंको सम्झना उनमा ताजै छ । 'त्यो समयमा सिंहदरबार अगाडिको दायाँबायाँ तरकारी खेती हुन्थ्यो, धेरैपछि महलहरू बने,' उनी भन्छन्, 'सिंहदरबारको संरचना र स्वरुप बदलियो, तर स्वभाव एवम् आनीबानी उस्तै छ ।' अझै सिंहदरबारभित्रै प्रजातन्त्र कैद भएको उनी बताउँछन् । 'वास्तविक रुपमा भूइँका मान्छेसम्म प्रजातन्त्र पुग्न सकेकै छैन,' श्रेष्ठको आवाज केही रुखो सुनिन्छ, 'भोट हालेर सत्तामा पुर्‍याई दिने साधनको रुपमा मात्र जनतालाई प्रयोग गरिँदै आएको छ, जनताप्रति जवाफदेहिता बिल्कुलै छैन ।'

सिंहदरबार निर्माणका बखत श्रेष्ठका बुवा रत्नलालले श्रमिकहरूलाई ज्याला बाँड्‌ने काम गर्थे । पछि डिट्‌ठा भए । उबेला चोरडाँकाले दुःख दिएपछि डिल्लीबजार सरेका श्रेष्ठ परिवारको आर्थिक र सामाजिक अवस्था दरिलो थियो । तीन दाजु र चार दिदीबहिनी भएका श्रेष्ठको बाल्यकाल पनि सुखसयलमै बित्यो । बुवा सिंहदरबारमा काम गर्ने भएकोले त्यसबेला गरिने कार्यसम्पादन र दरबारियाबारे उनी जानकार छन् । सोहीकारण पनि आजको समयसँग उनी तुलना गरिरहन्छन् ।

राणाकालमा जस्तै सिंहदरबार जनताका लागि आज पनि रहस्यमय नै रहेको उनको भनाइ छ । 'काठमाडौंको डिल्लीबजारमा बसेर आन्दोलन गर्ने धागो तामाङ, मैना क्षेत्री र सुराकी गर्न सुसारेको रुपमा पठाइएका उनीहरूका बहिनीहरूको दरबारभित्र विभत्स हत्या भएकोबारे बुढापाकाले सुनाउँथे,' उनले भने, 'तर नेपालको राजनीतिक रुपान्तरणको इतिहासमा यी नारीहरूको बारेमा कतै उल्लेख छैन ।'

राणाकालदेखि लोकतन्त्रिक गणतन्त्रसम्म राजनीतिक जागरणका साक्षी बनेका उनी सिंहदबारका परिदृश्यहरू बदलिए पनि विभिन्न रुपले जनताको शोषण गर्ने र अँध्यारोमा राख्ने क्रम नरोकिएको बताउँछन् । 'जनताको सेवाभन्दा पनि भ्रष्टाचार गर्नलाई शक्ति र सत्तामा पुग्ने होड नै आजको शोषणको आधुनिक रुप हो,' श्रेष्ठ भन्छन्, 'मुलुकमा वास्तविकभन्दा देखावटी प्रजातन्त्र छ, सोझा जनतालाई रमिते बनाएर ढुकुटी लुट्‌ने प्रतिस्पर्धा चलेको छ ।'

अहिले अनुशासन, सुशासन र प्रशासनलाई 'बाइपास' गरिएको उनको तर्क छ । 'अहिलेका राजनीतीकर्मी र कर्मचारीतन्त्रले सुशासनको महत्व बुझेका छैनन्, अनि भ्रष्टाचार कसरी रोकिन्छ,' श्रेष्ठ प्रश्न गर्छन् । यस्तै कारणले यातायात र विद्युतलगायत क्षेत्रको पूर्वाधार विकासमा मुलुक धेरै समयसम्म पछि परेको उनलाई लाग्छ । 'सर्वत्र अनुशासनको अभाव छ, तर यो सिक्नै पर्छ, नत्र भ्रष्टाचार र अन्य बेथिति कम हुन्न,' उनी सुझाउँछन् । उनले प्रजातन्त्र पुनर्बहालीपश्चात् र लोकतन्त्र प्राप्ति पछिका संविधानले समेत सरकारको क्रियाकलापमा पारदर्शिता हुनुपर्नेमा जोड दिएको बताए ।

आफू विभिन्न जिल्ला वन कार्यालयमा अधिकृतको रुपमा कार्यरत रहँदा गरिने चाकरीको शैलीमा कुनै परिवर्तन नआएको उनको ठकर छ । 'सम्मान गर्नेभन्दा पनि चाकरीको रुपमा गरिने नमस्कार बेकार हो । उबेला मलाई नमस्कार नगर्नुस् भन्थेँ, त्यसको साटो फाइल, दर्ता र चलानी दुरुस्त राख्न सिकाउँथे, बेलामा चिठीपत्रको जवाफ दिन लगाउँथे,' उनी भन्छन्, 'अहिले लोकतान्त्रिक मुलुकको अधिकांश सरकारी कार्यालयमा सेवाग्राहीको राजनीतिक, आर्थिक र सामाजिक हैसियत बुझेर व्यवहार गरिन्छ । यो गलत छ ।'

लामो समयसम्म एउटै दल र एउटै व्यक्ति सत्तामा रहँदा पनि भ्रष्टाचार, अनियमिता र बेथिति फैलिएको श्रेष्ठको बुझाइ छ । 'अरु दल र नेतामा पनि गुण त होला नि, सबैले मौका पाउनु पर्ने हो,' उनी भन्छन्, 'तर राम्राले पाइरहेका छैनन् ।'

बुढ्यौलीसँगै गर्धनको हाड खिइएको र नसाको समस्याले हातखुट्टा झमझमाउन थालेकाले अचेल उनको दिनचर्या घरभित्रै आराम गरेर बित्ने गरेको छ । तर लठ्‌ठी टेकेर भए पनि हिँड्‌ने ध्याउन्नमा हुन्छन् उनी । घुमन्ते स्वभावका उनको जीवनकथा पनि रोचक छ । दरबार हाइस्कूलमा पढ्‌दैगर्दा दोस्रो विश्वयुद्धका लागि भारतमा रहेको अंग्रेज फौजमा श्रेष्ठ भर्ना पनि भएका थिए । त्यतिबेला उनको उमेर १८/१९ को हाराहारीमा थियो । दुई वर्षमै पिउठमा पदोन्नति भए पनि फौजमा हुने हेपाहा व्यवहार खप्न नसकेर उनी स्वदेश फर्किए र रेन्जर विषय पढ्‌न थाले । भारत सरकारको छात्रवृत्तिमा देहरादुन पुगेर वनविज्ञानको थप अध्ययन गर्न पाए । अमिनको पढाइ र तालिममा उत्कृष्ट नतिजा ल्याएका श्रेष्ठलाई राणाहरूले कैलालीको भजनीमा रेन्जर बनाएर पठाए ।

जागिरको क्रममा विभिन्न जिल्ला पुगेका उनी २०१६ मा मोरङको जिल्ला वन कार्यालय सरुवा भएका थिए । 'मोरङमा त्यतिखेर चोरीनिकासीभन्दा वन फडानी गर्ने धेरै थिए, वन तस्करका नाइके पेस्तोल भिरेर घोडा चढेर हिँड्‌दा सबै डराउँथे, वन फाँडेर जमिनमा बसोबास गराई धन कमाउनु मुख्य पेसा थियो,' श्रेष्ठ पूराना दिन स्मरण गर्छन्, 'मलाई प्रलोभन र त्रास देखाइए पनि ठूटा नापेर मुद्दा चलाइने अडान लिएपछि तस्करहरू पछि हटे ।' हिजोआज भएका रुख काटिँदै गएको र त्यो अनुपातमा वृक्षारोपण नभएको देख्दा उनलाई चिन्ता लाग्छ ।

'निहित स्वार्थका कारणले सरकार र नागरिक असंवेदनशील भइरहने हो भने दुई/तीन दशकपछि देश मरुभूमिमा परिणत हुन बेर छैन,' उनी भन्छन्, 'कंक्रिटको महल थप्नेहरूले वनले गर्दा वर्षा हुने र भूमिगत जलस्रोत अडिने कुरा बिर्सेका छन् ।' पर्यावरणको मामिलामा काठमाडौंको अवस्था दयनीय रहेको श्रेष्ठको दाबी छ । 'सानो छँदा अहिलेको सहिदगेट दक्षिणको पोखरीमा गर्मीमा पौडी खेल्न जान्थ्यौं,' उनी भन्छन्, 'अहिले त सब सखाप भए, वाग्मती र विष्णुमती नदीमा कञ्चन पानी बग्थ्यो, तिर्खा लागेका बेला अञ्जुली भरेर त्यही पानी खान्थ्यौं ।'

विसं १९९० को भूइँचालोको विनाश र निर्माण दुवैका पनि उनी साक्षी थिए । 'पुनर्निर्माणपछि सामान्य अवस्थामा फर्किन एक वर्षभन्दा बढी समय लागेको थियो, सरकारले दिएको ऋणमा थपेर पहिलेका भन्दा सुन्दर महलहरू बने, काठमाडौं आकर्षक बनेको थियो ।' हिजोआज लोकतन्त्रमा धमिरा लाग्दै गएकोले मुलुकमा भनिएजस्तै समृद्धि देख्न नपाएको उनी बताउँछन् । 'सामाजिक सेवा भावले गरिनुपर्ने राजनीति पनि व्यापार जस्तै भएपछि सर्वत्र निराशा छायो,' उनी भन्छन्, 'जनतालाई सबल बनाउँदा सत्तामा टिक्न कठिन हुने नेतृत्व वर्गको संकिर्ण सोचले लोकतन्त्रमा धमिरा लाग्दै गएको छ ।'

# एबीसीमा हेलिकप्टरको व्यावसायिक उडानमा निषेध

अन्नपूर्ण संरक्षण क्षेत्रमा अत्यधिक हेलिकप्टर उडानले पर्यावरण तथा पदयात्रा पर्यटनमा असर पुर्‍याएको र हिमपहिरोको जोखिम बढाएको भन्दै व्यावसायिक उडानमा प्रतिबन्ध



कास्कीको अन्नपूर्ण गाउँपालिकामा पर्ने एबीसीमा पोखराबाट पर्यटक लिएर पुगेका हेलिकप्टर । फाइल तस्बिर : दीपक/कान्तिपुर

**दीपक परियार** (पोखरा)

अन्नपूर्ण आधार शिविर (एबीसी) मा हेलिकप्टरको व्यावसायिक उडानमा रोक लगाइएको छ । गत माघ ३ मा एबीसी ट्रेकअन्तर्गत देउरालीमा गएको हिमपहिरोमा हराइरहेकाहरुको उद्धार बाहेकका उडानमा रोक लगाइएको हो ।

कास्कीको अन्नपूर्ण गाउँपालिकाले गत वर्ष साउनमा भएको चौंथो नगरसभाबाटै हेलिकप्टर निषेध गर्ने निर्णय गरेको थियो । तर, कार्यान्वयन हुन सकेको थिएन । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) भित्र पर्ने एबीसीमा हेलिकप्टर उडाउन निश्चित शुल्क तिरेर अनुमति लिनुपर्ने भएपछि हवाई कम्पनीले लिएका थिएनन् । हिमपहिरोपछि भने गाउँपालिकाको वडा नम्बर ११ ले जिल्ला प्रशासन कार्यालयलाई सहजीकरण गरिदिन निवेदन पठायो । अन्नपूर्ण संरक्षण क्षेत्रमा अत्यधिक हेलिकप्टर उडानले पर्यावरण तथा पदयात्रा पर्यटनमा असर पुर्‍याएको र हिमपहिरोको जोखिम बढाएकोले व्यावसायिक उडान रोक्नुपर्ने वडाको माग थियो । वडाको माग बमोजिम जिल्ला प्रशासनले संस्कृति, पर्यटन तथा नागरिक उड्‌डयन मन्त्रालयलाई पत्र लेखेको थियो । जथाभावी हेलिकप्टर उडान रोकी नियमन गनुपर्ने प्रशासनको राय थियो ।

अन्नपूर्ण-११ का अध्यक्ष हिमबहादुर गुरुङ अव्यवस्थित उडानले वातावरणीय असर गरेको बताउँछन् । 'पहिले डाँफे, मुनाल, घोरल, कस्तुरी घर नजिकै आउँथे,' उनले भने, 'हेलिकप्टर धेरै उडेपछि त्यसकै आवाजले तर्सिएर ती पशुपंक्षी कतै देखिँदैन । उनीहरूको बासस्थानमा धावा बोल्ने काम भएको छ ।' हेलिकप्टरको कम्पनले एबीसीमा हिमनदीको कटान बढिरहेको उनको दाबी छ । सरंक्षित क्षेत्रभित्र उद्धारबाहेक व्यावसायिक उडान गर्न नपाइने भएकोले रोक लगाउनुपरेको उनी बताउँछन् ।

कास्कीका प्रमुख जिल्ला अधिकारी रमेशकुमार केसी पूर्णरुपमा निषेध नभई नियमन गर्नुपर्ने पक्षमा छन् । 'भ्रमण वर्ष २०२० चलिरहेको छ । खर्च गरेर जान्छु भन्ने पाहुनालाई रोक्न पनि भएन,' उनी भन्छन्, 'बरु पर्यटकलाई महँगो शुल्क लगाउने र राजश्व संकलन गर्नेबारे सोच्नुपर्छ ।' व्यावसायिक उडानमा महँगो शुल्क तोकिए उडान स्वतः कम हुने उनको बुझाइ छ ।

देउरालीमा हिमपहिरो जानुअघि पोखरा विमानस्थललाई आधार बनाएर पाँच हवाई कम्पनीले व्यावसायिक उडान गर्दै आएका थिए । प्रभु हेली, एअर डाइनेस्टी, सिम्रिक, फिस्टेल र अल्टिच्युड एयरका हेलिकप्टर एबीसी पुग्थे । पर्यटकीय मौसममा दिनमा ५० वटासम्म उडान हुने गरेका नागरिक उड्‌डयन प्राधिकरण पोखरा कार्यालयका प्रवक्ता देवराज सुवेदीले बताए । चार कोरियाली र तीन जना नेपाली बेपत्ता हुनेगरी गएको हिमपहिरोपछि उद्धारको अनुमति लिएर मात्रै हेलिकप्टर उडेको उनले जानकारी दिए । 'एक्याप, गाउँपालिका र स्थानीय व्यवसायीको माग बमोजिम रोक्न उपयुक्त देखिएको व्यहोरासहितको जिल्ला प्रशासनको पत्र आइपुगेको छ,' उनले भने, 'मन्त्रालयले आधिकारिक रुपमा रोक्न भनिसकेको छैन ।'

एक्याप, गाउँपालिका र प्राधिकरणको मौखिक आग्रहमा हेलिकप्टर कम्पनीले व्यावसायिक उडान रोकेका हुन् । एबीसीबाहेक एक्यापमै पर्ने मर्दी हाई क्याम्पमा भने अहिले पनि हेलिकप्टरहरूले व्यावसायिक उडान गरिरहेका छन् । एबीसीमा पर्यटकको उद्धारका लागि मात्रै हेलिकप्टर प्रयोग भएको कम्पनीले जनाएका छन् । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरका अनुसार वार्षिक १५ हजार पर्यटक हेलिकप्टरबाट एबीसी पुग्छन् । पदयात्रा पर्यटनलाई नै धरापमा पार्नेगरी हुने हेलिकप्टर उडानको आफू विपक्षमा रहेको उनले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन नियमावलीको अनुसूची १ अनुसार संरक्षण क्षेत्रमा हेलिकप्टर ल्यान्ड गर्न एक्यापको अनुमति चाहिन्छ । उद्धारबाहेक संरक्षण क्षेत्रमा एकपटक हेलिकप्टर अवतरण गर्दा तीन हजार रुपैयाँ बुझाएपछि मात्रै एक्यापले अनुमति दिन्छ । तर हेलिकप्टर कम्पनीले हालसम्म एक्यापको अनुमति लिने गरेका छैनन् । हेलिकप्टरमार्फत एबीसी पुग्ने विदेशी पर्यटकले एक्यापलाई बुझाउनुपर्ने प्रवेश शुल्क समेत बुझाउँदैनन् । विमानस्थलमा एकपल्टको अवतरण शुल्कवापत डेढ सय रुपैयाँ मात्रै बुझाउँछन् ।

हवाई कम्पनीलाई पटक-पटक आग्रह गरे पनि अटेर गरेको एक्याप प्रमुख राजकुमार गुरुङले बताए । 'हिमपहिरो जानुअघिसम्म हेलिकप्टरको उडान नियमानुसार भएनन्,' उनले भने, 'सन् २०१९ मा कति उडान भए भन्ने तथ्यांक कम्पनीसँग मागेका छौं । कसरी नियमन गर्न सकिन्छ भनेर प्राधिकरणसँग पनि छलफल अगाडि बढेको छ ।'

एबीसीमा सिधै हेलिकप्टर अवतरण हुँदा पदयात्रा व्यवसाय धरासायी भएको पर्यटन व्यवसायीको गुनासो छ । ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान) पश्चिमाञ्चल च्याप्टर अध्यक्ष हरि भुजेल अव्यवस्थित हेलिकप्टर उडानले पदयात्रा पर्यटनको भविष्य अन्योलमा परेको बताउँछन् । 'आधार शिविर पुग्न एक साताभन्दा लामो समय र लाखौं रुपैयाँ खर्च गर्नेगरी पर्यटक नेपाल आउँछन्,' उनले भने, 'तिनै पर्यटकलाई १/१ सय डलर लिएर आधा घण्टामै एबीसी पुर्‍याएर ल्याएपछि हाम्रो पर्यटन व्यवसाय कहाँ जान्छ ?'

अन्नपूर्ण सेन्चुरी ट्रेकमा पर्ने होटल व्यवसायीको संस्था छोम्रोङ पर्यटन व्यस्थापन समितिका अध्यक्ष बुद्धिमान गुरुङ पदयात्रा पर्यटनबाट गाइड, भरिया, होटल, रेस्टुरेन्ट तथा स्पा मजदुर, किराना पसल लगायत थुप्रै व्यवसाय चलिरहेको बताउँछन् । 'हेलिकप्टरबाट ओसार्दा विदेशी पर्यटक खर्च गर्नबाट पनि वञ्चित हुन्छन्, हामी व्यवसायीलाई समेत कमाउने बाटो बन्द हुन्छ ।'

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक ३५९ गोदावरी | ६ फागुन २०७६ मंगलबार फाल्गुण कृष्णपक्ष दशमी | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, February 18, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ






**कोरोना भाइरस प्रभावित चीनको वुहानबाट ल्याएर राखिएकाहरू सोमबार भक्तपुरको चाँगुनारायण-७ खरिपाटीस्थित क्वारेन्टाइन परिसरमा । त्यहाँ राखिएका सबै १७५ जनाको घाँटीको र्‍याल र 'नेजेल स्वाब' को नमुना संकलन गरिएको छ । परीक्षणको नतिजा बुधबारसम्म आइसक्ने जनाइएको छ । क्वारेन्टाइनमा १३५ जना पुरुष र ४० जना महिला छन् ।** समाचार पृष्ठ २ ।

*तस्बिर : इलिट जोशी/कान्तिपुर*

# दिल्लीबाट उड्न 'इन्ट्री परमिट' अनिवार्य

## स्थलमार्गबाट भारत पुग्ने नेपालीलाई हवाईमार्गबाट फर्कन पासपोर्ट नै चाहिने, भारतीय भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउने

**देवेन्द्र भट्टराई** (काठमाडौं)

परराष्ट्र मन्त्रालयले गरेको औपचारिक आग्रहपछि भारतीय अध्यागमनले 'नेपालका स्थलमार्गबाट दिल्ली पुग्ने नेपाली यात्रुले विमानबाट काठमाडौं फर्कन नपाउने' नियम अनिवार्य गरेको छ ।

दिल्लीस्थित नेपाली दूतावासले जारी गरेको सूचनामा यात्रुले आफ्नो राहदानीमा 'प्रस्थान छाप' (डिपार्चर स्टाम्प) भएको अवस्थामा मात्रै भारतीय अध्यागमनले 'आगमन छाप' (एराइभल स्टाम्प) लगाउने स्पष्ट प्रबन्ध कायम भएको जनाएको छ । यो सूचनापछि परोक्ष रूपमा नेपाल-भारतका नागरिकले हवाईमार्ग हुँदै एकअर्को देशमा आवतजावत गर्न नागरिकता वा अन्य प्रामाणिक पहिचानपत्र प्रयोग गर्न पनि नसक्ने भएका छन् । 'नागरिकतामा एराइभल वा डिपार्चर स्टाम्प लगाउन असम्भव रहेको र यसबारेको रेकर्ड पद्धतिसमेत प्रभावकारी नभएका कारण अब आवागमनमा पासपोर्ट प्रयोगका लागि यात्रुलाई प्रोत्साहित गरिनेछ,' अध्यागमन विभागका एक अधिकारीले भने ।

दिल्लीस्थित उपनियोग प्रमुख भरतकुमार रेग्मीका अनुसार, 'दिल्ली आउने नेपाली यात्रुको पासपोर्टमा इन्ट्री परमिट देखियो भने मात्रै भारतीय अध्यागमनले एक्जिट-परमिट दिने नियम अनिवार्य' भएको छ । 'यो नियमको व्यवस्था हाम्रो अन्तरसरकारी समन्वयमार्फत परराष्ट्रले भारतलाई गरेको अनुरोध बमोजिम हो, यसकारण यो व्यवस्थामा पारस्परिक समान हैसियतको व्यवहार (रेसिप्रोकिसिटी) आवश्यक रहन्न,' रेग्मीले भने । आवागमनमा यो 'असमान प्रबन्ध' लागू भएको अवस्थामा पशुपति दर्शनमा स्थलमार्गबाट आएका भारतीयले भने काठमाडौंबाट विमान चढेर सहजै दिल्ली उत्रन पाउनेछन् ।

दूतावासले जारी गरेको सूचनामा 'नेपाल-भारतबीच रहेको खुला सिमानाका कारण नेपालीहरूलाई स्थलमार्गबाट भारत प्रवेश गर्न सहज रहेको सर्वविदितै रहेको' भनिए पनि 'स्थलमार्ग हुँदै भारत आएर तेस्रो मुलुक उड्न खोज्दा समस्या आइपर्ने भएकाले काठमाडौंबाटै उडान भर्न' आग्रह गरिएको छ । तर सूचनामा भनिएजस्तो तेस्रो मुलुक उड्न खोज्दा मात्रै नभएर विशेष परिस्थितिमा सडकमार्गबाट दिल्ली गएर विमानबाट काठमाडौं फर्कन चाहने नेपाली यात्रु पनि 'उडान प्रतिबन्धित' स्थितिमा पुगेका छन् ।

'दुई महिनाअघि पेटको क्यान्सरको सम्भावना देखिएपछि मैले बस सेवाबाट आमालाई राजीव गान्धी क्यान्सर हस्पिटल ल्याएको थिएँ,' पोखराका राजकुमार श्रेष्ठले दिल्लीबाट फोनमा भने, 'अहिले डाइग्नोसिस भएर पुष्टि भएको छ । एक चरणमा किमो दिएपछि आगामी साता काठमाडौंसम्म नेपाल एयरलाइन्सबाट जाने योजना थियो तर यसरी 'इन्ट्री परमिट' नभई र नागरिकताका भरमा उडेर काठमाडौं जान मिल्दैन भनेर एयरलाइन्सले भन्यो । अब नेपाल-भारत खुला सीमा र सहज आवागमनको कुरा मेरोजस्तो कठिनाइमा कसरी लागू हुन सक्ला ?'

**बाँकी पृष्ठ १३**

## भोलि

**३६ पृष्ठको वार्षिकोत्सव विशेष**




ती ३५ अग्रणी, जसले समाजलाई अगाडि बढाए, सभ्य बनाए अनि हाम्रो चेत र सोचलाई फराकिलो पारे

## भित्र


धनुषा र रूपन्देहीमा सामूहिक बलात्कार

मौसमी रुघाखोकी लागेकामा स्वाइन र हङकङ फ्लु देखियो

वन लगानी कार्यक्रममा पौने ६ अर्ब



# भारतले महाकालीमा बनाएको पुल हटाइयो

**मनोज बडू** (दार्चुला)

भारतले महाकाली नदीमा लगाएको काठेपुल नेपाली प्रहरीले हटाएका छन् । केही साताअघि व्यास गाउँपालिका-१ को माल्पादेखि दोपखेसम्मको क्षेत्रमा भारतीय पक्षले काठेपुल हालेको थियो । आइतबार दुम्लिङमा रहेका प्रहरीले काठेपुल निकालेर महाकाली नदीमा फालेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । भारतले तिब्बत सीमा जोड्ने सडक निर्माण गर्नुका साथै सीमा नदी महाकालीमा पुल हालेको थियो ।

व्यास-१ पेल्सितीमा लगाइएको र माल्पानजिक महाकाली तर्न बनाइएको काठका डन्डी प्रहरीले फालेका हुन् । व्यास-१ कै कटारपानीमा डोजरसमेत वारपार गर्न मिल्ने गरी बनाएको कल्भर्टजस्तै पुलमाथि ढुंगा राखिएकाले भत्काउन नसकेको एक प्रहरीले बताए ।

प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले उक्त क्षेत्रमा सुरक्षा उपस्थिति नहुँदा त्यहाँ कार्यरत कामदारले सडक खनेका र अस्थायी काठेपुल लगाएका दाबी गरे । 'भारतले नभई उक्त क्षेत्रमा मजदुरी गर्न जाने नेपाली कामदारले सजिलोका लागि काठेपुल लगाएका रै'छन्,' उनले भने, 'अन्तर्राष्ट्रिय सीमा नदीमा पुल लगाउनु हुँदैन, सबैलाई समस्या पर्छ भनेर कामदारलाई सम्झाएर प्रहरी फर्केका छन् ।' प्रजिअ पौडेलले नेपाली कामदारले पुल राखेको दाबी गरे पनि सीमापारि भारतीय सुरक्षाकर्मीको नियमित गस्तीका बीच कामदारले सीमा नदीमा पुल हाल्नु असम्भव भएको स्थानीय बताउँछन् । 'हाम्रो प्रशासनले यस्तै जानकारी गराएको होला,' स्थानीय हिमालय भट्टले भने, 'भारतले उक्त क्षेत्रमा मनोमानी ढंगले सडक निर्माण गरिरहेको छ । काठेपुल त कामदारले वारिपारि गर्नलाई लगाए होला । नेपाली भूमिमा आएर सडक बनाई डोजर ओसारपसार गर्नु कति ठूलो हेपाहा प्रवृत्ति हो ।'



**दार्चुलाको व्यास गाउँपालिका-१ को पेल्सितीस्थित सीमा नदी महाकालीमा भारतले बनाएको काठेपुल ।**

*फाइल तस्बिर : कान्तिपुर*

गत वर्ष भारतले नेपाली प्रशासनकै सहमतिमा महाकालीमा काठेपुल हालेको थियो । 'दुई देशको सीमा क्षेत्रमा संरचना निर्माण गर्न नपाइने अन्तर्राष्ट्रिय नियम छ । तर, भारतले त्यसविपरीत नेपाली पक्षको उपस्थिति नभएको मौका छोपी संरचना निर्माण गर्दै आइरहेको छ,' प्रजिअ पौडेलले भने, 'गर्नैपर्ने भए हाम्रो सहमति लिनुपर्थ्यो ।' उक्त क्षेत्रमा भारतले दुई ठाउँमा करिब आधा किलोमिटर सडक खनेको छ भने एक ठाउँमा सवारीसाधन वारपार गर्न सक्ने पुलसमेत बनाएको छ । भारतले महाकालीमा काठेपुल राखेको र नेपाली भूमिमै आएर आधा किलोमिटर सडक खनेको समाचार कान्तिपुरमार्फत सार्वजनिक भएपछि मात्रै नेपाली प्रशासनले पुल भत्काउन चासो दिएको हो । गत शनिबारमात्रै नेपाली प्रशासनले उत्तरी सीमा क्षेत्रमा भएका गतिविधिबारे कुनै थाहा नभएको र पुल निर्माण र सडक खनेको बारे अनभिज्ञता प्रकट गरेको थियो ।

### कालापानी नपुगी फर्किए उपप्रधानमन्त्री

उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल नेतृत्वको टोली सोमबार सेनाको हेलिकप्टर लिएर उडे पनि भारतद्वारा अतिक्रमित कालापानी क्षेत्र नपुगी फर्किएको छ । व्यास गाउँपालिका-१ छाङरुसम्म पुगेर टोली आकाशबाटै फर्केको हो ।

भ्रमण टोलीमा रहेका सुदूरपश्चिम प्रदेश सांसद गेल्बुसिंह बोहराले पाँच मिनेट जति छाङरु गाउँमाथिको आकाश हुँदै तिंकर खोलाबाट हेलिकप्टर टर्न भएको बताए । उनले छाङरुमा सशस्त्र प्रहरीको सीमा अवलोकन पोस्ट (बीओपी) स्थापना गर्ने स्थानको आकाशबाटै अवलोकन गरिएको बताए । फर्केपछि खलंगामा आयोजित पत्रकार सम्मेलनमा बोल्दै पोखरेलले नेपालका सीमा क्षेत्रमा क्रमशः सुरक्षा पोस्टहरू थपिँदै जाने बताए ।

## गजब छ बा !

– अविन –



तपैं पूर्व सभामुखकाँ ?...
म पूर्व उपसभामुखकाँ !


हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि


# 'बाँकी कुरा पछि भन्छु'

**मातृका दाहाल** (काठमाडौं)

पूर्वसभामुख कृष्णबहादुर महरालाई सोमबार दिउँसो काठमाडौं जिल्ला अदालतले सफाइ दिएसँगै उनका सहयोगी र शुभेच्छुकहरू डिल्लीबजार कारागारबाहिर भेला भइसकेका थिए । सत्तारूढ नेकपाका हिमाल शर्मालगायत नेता-कार्यकर्ता महरालाई स्वागत गर्न फूलमालासहित पुगेका थिए ।

सफाइ पाएका महरालाई करिब ३ बजेतिर अदालतबाट सिधै कारागारको 'क' ब्लकमा लगियो । त्यहीं रहेका पूर्वआईजीपी रमेश चन्द ठकुरी, सशस्त्रका पूर्वडीआईजी रञ्जन कोइरालालगायतले 'बधाई छ हजुर' भन्दै उनलाई स्वागत गरे । चन्द सुडान घोटाला प्रकरणमा र पूर्वडीआईजी कोइराला पत्नी गीता ढकालको हत्या अभियोगमा कैद भुक्तान गरिरहेका छन् । करिब ५० जना अट्ने 'क' ब्लकको हलमा चन्द र कोइरालासँगै महरा १३३ दिन बसेका थिए । दुवै पूर्वप्रहरी अधिकृत उनका रुम पार्टनर थिए । कैदीबन्दीले सोमबार 'पहिलो पटक महरालाई मुस्कुराएको देखेको' भन्दै मुखामुख पनि गरे ।



यसरी सफाइ पाए महराले । ३

नेकपा सचेतक भन्छिन्- 'पुरुषपीडक कानुनले महरा पीडित'

कहिलेकाहीँ मात्रै घरबाट ल्याएको खाना खाएका महराले यो अवधिमा अधिकांश समय कैदीबन्दीबाट सञ्चालित मेसमा खाना खाएका थिए ।

आफूलाई खाना खुवाउनेदेखि भेटिएका सबैप्रति उनले छुट्ने बेला सहानुभूति देखाए । महराले 'यो अवधिको बसाइ अविष्मरणीय रह्यो, तपाईंहरूले गर्नुभएको सहयोग र मप्रति देखाउनुभएको सद्भावप्रति धन्यवाद दिन चाहन्छु' भने । त्यति भनिसकेपछि पूर्वआईजीपी चन्द र पूर्वडीआईजी कोइरालाले खादा ओढाएर बिदाइ गरे । जेलमा ल्याउँदा पनि चन्दले उनलाई स्वागत गरेका थिए ।

२०६८ जेठ १८ मा आईजीपी चन्दलाई जिम्मेवारीबाट मुक्त गरी प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारमा ल्याउने प्रस्ताव उनै महराले गरेका थिए । त्यसमा तत्कालीन प्रधानमन्त्री झलनाथ खनालले सहमति जनाएका थिए । प्रधानमन्त्री खनाल र गृहमन्त्री महराको सल्लाहमा चन्दलाई आईजीपीबाट हटाइएको थियो । एक कर्मचारीका अनुसार घर जानुअघि महरा निकै खुसी देखिएका थिए ।

**बाँकी पृष्ठ ३**




# १८ वर्षमा पनि बनेन अछाम दरबार

**जिल्लाका अन्य सरकारी कार्यालय पुनर्निर्माण तोकिएको समयमा नसक्नेमाथि जिल्ला पुनर्निर्माण समितिले जरिवाना तिराउने गरेको भए पनि दरबार बनाउने जिम्मा पाएका कम्पनीमाथि कुनै कारबाही गरिएको छैन ।**

■ **मेनुका ढुंगाना** (अछाम)

तत्कालीन विद्रोही माओवादीले २०५८ फागुन ४ को राति जिल्ला सदरमुकाम मंगलसैन आक्रमणका क्रममा अछाम दरबार पूर्णरूपमा क्षतिग्रस्त भयो । ध्वस्त दरबारको पुनर्निर्माण थालिएको वर्षौं भइसकेको छ । तर काम भने अपुरो छ । दरबारलाई पुरानै स्वरूपमा ठड्याउन बाह्र वर्षअघि राजेन्द्र, साउद, तुल्छिदुर्गा, बडिमालिका र कुँवर कन्स्ट्रक्सन गरी पाँचवटा निर्माण कम्पनीले संयुक्त रूपमा ठेक्का पाएका थिए । २ करोड २५ लाख रुपैयाँको ठेक्काबाट अन्य निर्माण कम्पनी केही रकम लिएर बाहिरिएपछि निर्माणको जिम्मा राजेन्द्र र साउद कन्स्ट्रक्सनलाई छ ।

जिल्लाका अन्य सरकारी कार्यालय पुनर्निर्माण तोकिएको समयमा नसक्नेमाथि जिल्ला पुनर्निर्माण समितिले जरिवाना तिराउने गरेको भए पनि दरबारको बनाउने जिम्मा पाएका कम्पनीमाथि कुनै कारबाही गरिएको छैन । साउद कन्स्ट्रक्सनले आवश्यक काठ अभाव भएको कारण देखाउँदै निर्माणमा ढिलासुस्ती गरिरहेको छ । पुरानै संरचनाअनुसार निर्माण गर्न सालको काठ सजिलै उपलब्ध नहुँदा काम सक्न ढिलाइ भइरहेको साउद कन्स्ट्रक्सनका सञ्चालक जयबहादुर साउदले बताए ।

ऐतिहासिक दरबार निर्माणको कार्य रोकिनु दु:खद भएको तत्कालीन अछामी राजाका सन्तानमध्येका वीरेन्द्रबहादुर शाह बताउँछन् । झन्डै डेढ सय वर्षअघि मंगलसैनका तत्कालीन राजा टीकाभुक शाहको पालामा निर्माण सुरु भएको उक्त दरबार उनका छोरा दलबहादुर शाहको पालामा विसं १९३५ मा निर्माण सकिएको इतिहास छ । सरकारले २०२९ सालमा अछामी राजाका सन्तान योगेन्द्रबहादुर शाहबाट ९० हजार रुपैयाँमा दरबार किनेको अछामी इतिहासका जानकार सुरतबहादुर शाह बताउँछन् । योगेन्द्र बहादुरका भाइ तपेन्द्रबहादुर शाह सेनाका जर्नेल रहेकाले उनैले सरकारसँग दरबार बिक्रीको व्यवस्था मिलाएको बताइन्छ । तीनतले दरबारमा ३० कोठा थिए ।

२०१४ अघि पूर्वी अछामले दैलेख र पश्चिमी अछामले डोटीमा पोत बुझाउनुपर्थ्यो । तत्कालीन राजा महेन्द्र डोटी आउँदा अछामीहरूले अछाममै पोत बुझाउन पाउनुपर्ने मागसहित दिलबहादुर बुढथापाको नेतृत्वमा गएको टोलीले राजाको घोडा रोके । त्यसपछि राजाले पोत बुझाउने व्यवस्था अछाममै गरेका पूर्वसांसद गोविन्दबहादुर शाह बताउँछन् । उनका अनुसार त्यतिबेला अछामको रिडिकोट बयलपाटामा जिल्ला सदरमुकाम कायम गरिए पनि भौतिक संरचना नहुँदा दरबार भएकै कारण सदरमुकाम मंगलसैनमा सरेको हो । २०१८ मा ३३ जिल्लाबाट ७५ जिल्ला हुँदा अछाम छुट्टै जिल्ला भएको थियो । पछि पनि जिल्ला सदरमुकाम बयलपाटामा सार्ने निर्णय भए पनि दरबारकै कारण मंगलसैन कायम गरिएको थियो ।



**पुनर्निर्माणका क्रममा अलपत्र अवस्थामा रहेको अछाम दरबार ।** *तस्बिर : मेनुका/कान्तिपुर*

### ठेकेदारकै कारण निर्माणमा ढिलाइ

सदरमुकाम आक्रमणका बेला दरबारमा जिल्ला प्रशासन कार्यालय सञ्चालनमा थियो । त्यसपछि निर्माण गरिएका सरकारी कार्यालय पायक पर्ने स्थानमा छैनन् ।

कतिपय कार्यालय बजारबाट एक घण्टाको पैदल दूरीमा पर्ने डाँडामा बनाइएका छन् । 'सदरमुकाम पुगेर एक घण्टामा सकिने कामका लागि एक दिन पूरै लाग्छ,' अछाम तुर्माखाँद-४ का भैरव बुढाले भने, 'एकदेखि अर्को कार्यालयको दूरी टाढा भएकाले धेरै असहज छ ।' आक्रमणपछि अछामले विशेष योजनामा प्राथमिकता नपाएको कतिपयको गुनासो छ । प्राप्त योजनामा समेत अनियमितता भएको आरोप स्थानीय लगाउँछन् ।

पुनर्निर्माणका क्रममा मंगलसेनमा बनेका कार्यालयहरू अव्यवस्थित रहेको प्रमाण प्रशासन कार्यालयको चुहिने भवनले देखाउँछ । छत भत्किने डरले प्रजिअ कक्षको बीचमा टेको दिएर अड्याइएको छ । 'अछामका अधिकांश निर्माण व्यवसायीमा ठेक्का हात पार्न मरिहत्ते गर्ने तर समयमै काम सक्नेतर्फ चासो नदिने समस्या छ,' स्थानीय अगुवा काशीराम सुवेदीले भने, 'एउटै ठेकेदारले धेरै ठेक्का ओगट्ने तर समयमै निर्माण सम्पन्न गर्न नसक्ने कारणले नै जिल्लाका अधिकांश योजना निर्माणको काममा ढिलाइ हुने गरेको हो ।'

जिल्लामा पुनर्निर्माण भएका २२ कार्यालयमध्ये १५ बढी कार्यालय भवन तोकिएको समयभन्दा निकै ढिलो मात्र बनेका थिए ।

# दुर्व्यसनी नियन्त्रण गर्न अभियान

**कान्तिपुर संवाददाता** (टीकापुर)

लागूऔषध सेवन, ओसारपसार तथा बेचबिखन नियन्त्रण गर्न टीकापुरमा अभियान सञ्चालन गरिएको छ । प्रहरीले विद्यार्थी, शिक्षक, अभिभावक र नागरिक समाजका प्रतिनिधिलाई रोकथाम अभियानमा सक्रिय गराउने रणनीति लिएको छ ।

सचेतनामूलक अभियाममा इलाका प्रहरी कार्यालय टीकापुरका प्रहरी इन्चार्ज (डीएसपी) को मोबाइल नम्बर हरेक विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकलाई उपलब्ध गराइएको छ । स्थानीयलाई लागुऔषध सेवनकर्ता र बेचबिखन गर्नेका बारेमा सिधै प्रहरीलाई गोप्य जानकारी दिन आग्रह गरिएको इप्रका टीकापुरका प्रमुख डीएसपी मनोहरप्रसाद भट्टले बताए । भट्टले पछिल्लो नौ महिनाको अवधिमा विद्यार्थी, अभिभावक र शिक्षक गरी करिब १७ हजारलाई सचेतना कार्यक्रममा राखिएको र १५ सय दुर्व्यसनीलाई परामर्श दिइएको जानकारी दिए । उनले भने, 'यस अवधिमा ४१ ग्राम खैरो हिरोइन बरामद गरिएको छ । गत वर्ष ६९ ग्राम खैरो हिरोइन बरामद गरिएको थियो ।' कार्यालयका अनुसार आर्थिक वर्ष २०७३/०७४ मा १९ जना, आव २०७४/०७५ मा ५३, आव २०७५/०७६ मा २४ र यो वर्ष २९ जनालाई लागूऔषध दुर्व्यसन तथा कारोबारमा संलग्न भएकोमा पक्राउ गरी मुद्दा चलाइएको छ ।

**लागुऔषध सेवनकर्ता र बेचबिखन गर्नेका बारेमा सोझै डिएसपीको मोबाइल नम्बरमा फोन गरी जानकारी दिन सकिने**

उक्त अभियान सञ्चालन गरिएपछि टीकापुरमा युवाहरूबीचको हिंसात्मक घटनामा समेत कमी आएको डीएसपी भट्टको दाबी छ । उनले भने, 'पहिलाजस्तो ग्याङ फाइट पूरै रोकिएको छ ।' दुर्व्यसनमा फसेकाहरूलाई खोज्ने क्रममा हालसम्म ३६ वटा खुकुरी, ३८ वटा नक र सात वटा साइकलको चेन फेला पारिएको उनले बताए । 'नौ महिनाअघि स्थानीयले लागूऔषध दुर्व्यसनको समस्या अत्यधिक रहेको सुनाएका थिए । अहिले सेवनकर्ता र बेचबिखन कम भएको छ,' भट्टले भने, 'नागरिकले सूचना दिएको १० मिनेटभित्र सेवा दिने र कानुनी रुपमा एकदमै कडा भएर हामी प्रस्तुत भयौं र अभियान सफल हुँदै गयो ।' टीकापुर भारतीय सीमासँग जोडिएकोले भारतीय पक्षसँग समन्वय गरेर काम गरिरहेको उनको भनाइ छ । 'लागूऔषध सेवन, बेचबिखन तथा ओसारपसारमा संलग्न भारतीय नागरिकलाई पक्राउ गर्न भारतीय सुरक्षाकर्मीले सहयोग गरेका छन् ।'

लागूऔषध दुर्व्यसन नियन्त्रणका लागि गाउँटोलमा जुवातास, लागूऔषध दुर्व्यसनी, मदिरा सेवन गरी होहल्ला गरेमा प्रहरीको हटलाइन तथा डीएसपीको मोबाइल नम्बरमा खबर गर्न माइकिङ र पम्प्लेटमार्फत नगरवासीलाई अनुरोध गरिँदै आएको छ । लागूऔषध सेवनमा किशोरावस्थादेखि ४५ वर्ष उमेरसम्मका व्यक्तिहरू संलग्न रहेको पाइएको र बेचबिखनमा भने ६० वर्षसम्मका पनि लागेको भेटिएको प्रहरीको भनाइ छ । उनले छोराछोरीका बारेमा अभिभावकले निगरानी नराख्ने, लागूऔषध सेवन गरेको लुकाउन खोज्ने, नेपाल-भारत खुला सीमाको कारण ओसारपसार गर्न सजिलो हुनेलगायत समस्याले पूर्ण नियन्त्रणमा कठिनाइ रहेको बताए । उनले भने, 'कामको सिलसिलामा भारत गएकाहरूका छोराछोरी कुलतमा बढी फसेको पाइएको छ ।'

# विद्युत् कटौतीले सास्ती

डोटी (रासस)- दुई हप्तादेखि दिपायल लगायतका स्थानमा दिनहुँ विद्युत् कटौती हुँदा सास्ती बेहोरेको स्थानीय बासिन्दा तथा व्यवसायीले गुनासो गरेका छन् । अघोषित विद्युत् कटौतीका कारण सिलगढी, दिपायल, गोपघाट, बानीडुग्रीसैन, मौवा, मेल्लेख, सायल, मुडभारा, कालागाढ, कपल्लेकी, रानागाउँ, वासुदेवीलगायत स्थानका व्यवसायी तथा स्थानीयवासी बढी मर्कामा परेका छन् ।

नेपाल विद्युत् प्राधिकरण दिपायल वितरण केन्द्रले दैनिक ५/५ मिनेटको फरकमा घण्टौंसम्म विद्युत् कटौती गर्ने गरेका कारण यहाँका स्थानीयले सास्ती बेहोर्नुपरेको कमला अफसेट प्रेस, पिपल्लाका सञ्चालक सर्वजित देउवाले बताए । जिल्लामा लामो समयदेखि विद्युत् आपूर्तिमा अनियमितता हुँदासमेत सम्बन्धित निकायले समस्या समाधान गर्नतर्फ कुनै पहल नगरेको स्थानीयको स्थानीयको आरोप छ । प्राधिकरणले लगातार तीन/चार घण्टासम्म विद्युत् कटौती गर्ने गरेको छ ।

# ६० प्रतिशतले घट्यो मह उत्पादन

**मह पार्ने र काढ्ने समयमा लगातार वर्षा भयो । वर्षाका कारण चिसो बढ्दा मौरी घारमै बस्ने र संकलन गरेको मह खाने गर्दछ । चिसोका कारण मौरी मरेकाले पनि उत्पादन घटेको हो ।**

■ **डीआर पन्त** (डडेलधुरा)

वार्षिक दुई लाख रुपैयाँ बढीको मह बिक्री गर्दै आएकोमा यस वर्ष २० हजार रुपैयाँ पनि आम्दानी भएन । डडेलधुराको आलीतालका मनिराम गिरीले एक सयभन्दा बढी मौरीघारबाट क्षमताको एक चौथाइ पनि मह उत्पादन नभएको बताए । गिरीले जस्तै यहाँका अधिकांश मौरीपालक कृषकले यस वर्ष महको उत्पादन घटेको गुनासो गरे ।

आलीताल गाउँपालिका ठूलो परिमाणमा मौरीपालन हुने सुदूरपश्चिमकै पकेट क्षेत्र हो । पाँच सयभन्दा बढी मौरीपालक कृषक रहेको यस गाउँपालिकाबाट बर्सेनि ७ करोड रुपैयाँभन्दा बढीको मह निर्यात हुँदै आएको कृषि ज्ञान केन्द्रले जनाएको छ । तर यस वर्ष हिउँदे झरीले गर्दा मह उत्पादन घटेको हो । विगतका वर्षको तुलनामा ६० प्रतिशत उत्पादन घटेको कृषि ज्ञान केन्द्र डडेलधुराका वरिष्ठ कृषि विकास अधिकृत दीलबहादुर विष्ट बताउँछन् । उनका अनुसार मंसिरदेखि माघ अन्त्यसम्म पटक-पटक भएको वर्षाले मह उत्पादनमा असर परेको हो । 'यो वर्ष २० मेट्रिक टन मह उत्पादन भएन,' उनले भने ।


'आलीतालको गाँगखेत, भावर क्षेत्र, सैन क्षेत्रका कृषकहरूले यस वर्ष ठूलो क्षति बेहोर्नुपरेको छ,' विष्टले भने, 'मह काढ्ने समयमा लगातार वर्षा भयो । त्यसअघि मौरीले मह पार्ने समयमा पनि लगातार वर्षा भएकाले उत्पादन हुन नसकेको हो ।' उनका अनुसार लगातारको झरीले मौरी बाहिर चर्नका लागि निस्कन पाएनन् । वर्षाका कारण चिसो बढ्दा मौरी घारमै बस्ने र संकलन गरेको मह खाने गर्दछ । स्थानीय किसान धनबहादुर थापा भन्छन्, 'चर्न जान नपाउँदा मौरीलाई रोगसमेत लागेको छ ।' आलीतालपछि बढी मात्रामा मह उत्पादन हुने भागेश्वर गाउँपालिकामा पनि ४० प्रतिशतभन्दा बढी उत्पादन हुन नसकेको विष्टले जानकारी दिए ।




**घारबाट मह निकाल्दै डडेलधुराका कृषक ।** *तस्बिर : डीआर/कान्तिपुर*

अरू पेसा छोडेर मौरीपालन व्यवसायमा लागेका कृषकहरूको वर्षभरि गरेको परिश्रम खेर गएको थापाको भनाइ छ । धेरैजसो कृषकले ऋण काढेर गरेको लगानीसमेत उठ्न नसकेको उनले दुखेसो पोखे । गत वर्ष पनि अत्यधिक वर्षाका कारण मौरीपालन व्यवसायमा ठूलो क्षति भएको थियो । वर्षेपिच्छे क्षति हुन थालेपछि कतिपय कृषकहरू पेसा नै परिवर्तन गर्ने सोचाइमा पुगेको उनी बताउँछन् । कृषकहरू निरुत्साहित भएको बताउँदै भागेश्वरका अर्का किसान धर्मराज पाण्डेयले भने, 'उत्पादन पनि घट्यो, मौरी पनि मरेकाले दोहोरो क्षति व्यहोर्नुपरेको छ ।' उनका अनुसार मौरी मर्ने समस्या अहिले पनि रोकिएको छैन । उनले भने, 'विशेषज्ञहरूले पनि मौरीमा लागेको रोगका विषयमा पत्ता लगाउन सकेका छैनन् ।'

वरिष्ठ कृषि विकास अधिकृत विष्टले कृषकहरूलाई नोक्सान पुगेकाले आवश्यक राहत तथा क्षतिपूर्तिका लागि सरकारलाई सिफारिस गर्ने बताए । मह उत्पादन घटेपछि यो वर्ष महको मूल्यमा समेत वृद्धि भएको छ । 'गत वर्ष प्रतिकिलो ६ सय ५० रुपैयाँमा मह बिक्री हुँदै आएकोमा यस वर्ष डडेलधुराका बजारमै ९ सय रुपैयाँ पुगेको छ ।' मूल्य बढेसँगै बजारमा महको माग पनि घटेको उनले बताए । केन्द्रका अनुसार जिल्लामा १५ हजार बढी मौरीघारमा मह उत्पादन हुने गरेको छ । परम्परागत रुपमा समेत गाउँघरमा मौरीपालन हुने गरेको छ । यसरी गरिने मौरीपालनको तथ्यांक केन्द्रसँग छैन ।










## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | भाग्य वृद्धि | तुला | स्फुर्ती बढ्ने |
| वृष | अस्वस्थता | वृश्चिक | वैभव प्राप्ति |
| मिथुन | मित्र भेट | धनु | उत्साहप्रद |
| कर्कट | आलस्यता | मकर | कान्ति क्षय |
| सिंह | अध्ययनमा सफल | कुम्भ | कार्य सफल |
| कन्या | पारिवारीक सुख | मीन | कर्म प्राप्ति |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन ७ गते बुधबार तदनुरुप १९ फेब्रुवरी २०२० फाल्गुन कृष्णपक्ष एकादशी तिथी दिनको ५:१६ बजेसम्म उप्रान्त द्वादशी तिथी, मूल नक्षत्र प्रात: ८:४६ बजेसम्म उप्रान्त पूर्वाषाढा नक्षत्र, वज्र योग प्रात: १०:२८ बजेसम्म उप्रान्त सिद्धि योग, बालब करण दिनको ५:१६ बजेसम्म उप्रान्त कौलब करण, धनु राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | भक्तिसुर |
| ५:३० | आध्यात्मिक सन्देश |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | भजन |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | सरोकार (रिपिट) |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | सुमनसँग (रिपिट) |
| ११:०० | कान्तिपुर न्यूज |
| ११:३० | फिल्म टनिक (रिपिट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | ह्वाट द फ्लप (रिपिट) |
| १:३० | बलियो घर (रिपिट) |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | फिल्म टनिक (रिपिट) |
| ५:०० | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | हियर्ज टू लाइफ (रिपिट) |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | प्रदेश विशेष (लाइभ) |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | कमेडी च्याम्पियन |
| १०:०० | सरोकार |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपीटेड |
| १:०० | कान्तिपुर न्युज रिपीटेड |
| १:३० | हियर्ज टू लाइफ (रिपिट) |
| २:०० | कान्तिपुर समाचार (रिपीट १) |
| २:३० | फिल्म टनिक (रिपिट) |
| ३:०० | कमेडी च्याम्पियन (रिपिट) |
| ४:०० | सरोकार (रिपिट) |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ०५:०० | भक्ति अनुष्ठान (अच्युत) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ७:३० | कानुनी बहस र परामर्श (कमला) |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (सागरिका) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| ०९:२० | गीतहरू |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | गृह श्रृंगार (सृजना देवकोटा) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | मनका कुरा |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | फिल्मी परेड (दीपकराज गिरी) |
| १३:०० | डिस्ट्रिक्ट डायरी |
| १३:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल (दिपाञ्जली) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | नेपालय (रश्मिला) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | कान्तिपुर मञ्च (महेश) |
| १७:०० | डिस्ट्रिक्ट डायरी |
| १७:०५ | हेल्थ हटलाइन (कमला) |
| १८:०० | गीतहरू |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | कनेक्ट (मानस्वी वान्तवा राई) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | ओल्डी गोल्डी (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | कालजयी गीत संगीत (भूपेन्द्र) |
| २३:०० | पुराना हिन्दी गीतहरू (दृष्टि अर्याल) |
| ००:०० | फिल्मी परेड (रिपिट) |
| ०१:०० | कालजयी गीत संगीत (रिपिट) |
| ०२:०० | नेपाली गीतहरू लगातार |
| ०३:०० | हिन्दी गीतहरू लगातार |
| ०४:०० | भजनहरू लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रूकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)



इलामको कन्यामस्थित चिया बगानमा मौलिक पहिरनमा सजिएर तस्बिर खिचाउँदै आन्तरिक पर्यटक । तस्बिरः रमेशचन्द्र अधिकारी/कान्तिपुर

# पहिचानका आधारमा प्रदेश नामकरण माग

**कान्तिपुर संवाददाता** (ताप्लेजुङ)

गण्डकी प्रदेशको नामकरणप्रति तमू समुदायले असहमति जनाएका छन् । ताप्लेजुङ सदरमुकाम फुङलिङमा आइतबार सकिएको तमू ह्युल छोंज धी गुरुङ राष्ट्रिय परिषद्को दुईदिने राष्ट्रिय भेलाले पहिचानका आधारमा गण्डकी प्रदेशलाई 'तमू प्रदेश' नामाकरण गर्न माग गरेको छ । यसका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सबै तमू समुदायलाई वैचारिक रुपमा सचेत र संगठित गर्ने तथा निरन्तर आन्दोलन गर्ने निर्णय पनि गरेको छ ।

संघीय संरचनाअनुरुप बहुभाषिक नीति लागु गर्दै प्रदेश ४ मा गुरुङ भाषा र लिपीलाई राज्यको माध्यम भाषाको रुपमा मान्यता दिइनुपर्नेमा समेत जोड दिइएको छ । १२ बुँदे घोषणा पत्र जारी गर्दै भेलाले प्रदेश १ को नामकरण पहिचानका आधारमा लिम्बूवान/किँरात प्रदेश हुनुपर्ने भन्दे उठिरहेको आवाजप्रति ऐक्वबद्धता जनाएको छ । २०७८ मा हुने राष्ट्रिय जनगणनालाई भने उत्सव र महाअभियानको रुपमा लिने निर्णय भएको परिषद्ले जनाएको छ ।

आफ्नो मातृभाषामा गुरुङ र धर्ममा बौद्ध/वोन उल्लेख गर्न जनचेतनामूलक कार्यक्रम गरिने भएको छ । भेलाले तमू ल्होसारका अवसरमा दिइँदै आएको सार्वजनिक बिदा सुनिश्चित हुनुपर्ने आवाज पुनः दोहोर्‍याएको छ । आफ्नो मातृभाषाको पठनपाठनका लागि खेमा लिपीमा पाठ्क्रम तयार गरी सञ्चालन गर्न माग गरेको छ । अनौपचारिक कक्षामार्फत समुदायमा यो भाषा पुर्‍याउने निर्णय पनि भेलाको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा सूचिकृत आदिवासी जनजाति मध्येको एक थारु समुदायलाई 'राना थारु'को नाममा छुट्टै समुदायको रुप दिइएकोमा भेलाले विरोध जनाएको छ । यसलाई बदर गर्नसमेत परिषद्ले माग गरेको छ ।

# 'अझै सिंहदरबारमै कैद छ प्रजातन्त्र'

**जितेन्द्र साह** (विराटनगर)

काठमाडौं लैनचौरको सम्पन्न परिवारमा जन्मिएका राम बहादुर श्रेष्ठलाई विराटनगरले लोभ्यायो र यतैका स्थायी बासिन्दा भए । शिक्षा, चेतना र राजनीतिमा विराटनगरसँग काठमाडौंको तुलना हुन नसक्ने बताउने उनी २०१६ मा विराटनगर झरेका हुन् । हाल विराटनगर महानगरपालिका-७, गहेली टोलमा उनको स्थायी बसोबास छ । आगामी असारमा उनी एक सय वर्षका पुग्दैछन् ।

वन तस्करका अगाडि नझुक्ने रेन्जरका रुपमा श्रेष्ठलाई धेरैले चिन्ने गरेका छन् । धेरै वर्ष वन अधिकृतका रुपमा विभिन्न जिल्लामा खटिएको त्यो समय उनको सम्झनामा मात्र सीमित छ । राष्ट्रिय एवं स्थानीय पत्रपत्रिकामा सुशासन, सामाजिक चेतना र जागरणसम्बन्धी कविता तथा विचार लेखनमा उनी अझै सक्रिय छन् । विभिन्न कार्यक्रम र अन्तर्क्रियामा सहभागी भई आफ्ना विचार राख्ने सिलसिला उमेरका कारण अहिले पातलिएको छ तर टुटिसकेको छैन । भेट्न आएकालाई समेत आफ्ना कुरा सुनाउँछन् श्रेष्ठ । 'सहमति, सहकार्य, सञ्चार र समय, यी चार कुरा हरेक नागरिकको सफलताका सुत्रहरू हुन्,' उनी भन्छन्, 'सामाजिक अभियान र व्यवहारमा यिनै पक्षको अनुशरणले सफलताको निर्धारण गर्छ ।'



आउने असारमा सय वर्ष पुग्दै गरेका पूर्व वन अधिकृत राम बहादुर श्रेष्ठ सिंहदरबारको संरचना र स्वरुप बदलिएको तर स्वभाव उस्तै रहेको बताउँछन् ।

वृद्ध भए पनि उनी सहजै देख्न र सुन्न सक्छन् । राष्ट्रिय पत्रपत्रिकाको नियमित अध्ययन गर्छन् तर भ्रष्टाचारको समाचार पढ्दा निराश हुन्छन् । विगतमा फर्किन्छन् । काठमाडौंको सम्झना उनमा ताजै छ । 'त्यो समयमा सिंहदरबार अगाडिको दायाँबायाँ तरकारी खेती हुन्थ्यो, धेरैपछि महलहरू बने,' उनी भन्छन्, 'सिंहदरबारको संरचना र स्वरुप बदलियो, तर स्वभाव एवम् आनीबानी उस्तै छ ।' अझै सिंहदरबारभित्रै प्रजातन्त्र कैद भएको उनी बताउँछन् । 'वास्तविक रुपमा भूइँका मान्छेसम्म प्रजातन्त्र पुग्न सकेकै छैन,' श्रेष्ठको आवाज केही रुखो सुनिन्छ, 'भोट हालेर सत्तामा पुर्‍याई दिने साधनको रुपमा मात्र जनतालाई प्रयोग गरिँदै आएको छ, जनताप्रति जवाफदेहिता बिल्कुलै छैन ।'

सिंहदरबार निर्माणका बखत श्रेष्ठका बुवा रत्नलालले श्रमिकहरूलाई ज्याला बाँड्ने काम गर्थे । पछि डिट्ठा भए । उबेला चोरडाँकाले दुःख दिएपछि डिल्लीबजार सरेका श्रेष्ठ परिवारको आर्थिक र सामाजिक अवस्था दरिलो थियो । तीन दाजु र चार दिदीबहिनी भएका श्रेष्ठको बाल्यकाल पनि सुखसयलमै बित्यो । बुवा सिंहदरबारमा काम गर्ने भएकोले त्यसबेला गरिने कार्यसम्पादन र दरबारियाबारे उनी जानकार छन् । सोहीकारण पनि आजको समयसँग उनी तुलना गरिरहन्छन् ।

राणाकालमा जस्तै सिंहदरबार जनताका लागि आज पनि रहस्यमय नै रहेको उनको भनाइ छ । 'काठमाडौंको डिल्लीबजारमा बसेर आन्दोलन गर्ने धागो तामाङ, मैना क्षेत्री र सुराकी गर्न सुसारेको रुपमा पठाइएका उनीहरूका बहिनीहरूको दरबारभित्र विभत्स हत्या भएकोबारे बुढापाकाले सुनाउँथे,' उनले भने, 'तर नेपालको राजनीतिक रुपान्तरणको इतिहासमा यी नारीहरूको बारेमा कतै उल्लेख छैन ।'

राणाकालदेखि लोकतन्त्रिक गणतन्त्रसम्म राजनीतिक जागरणका साक्षी बनेका उनी सिंहदबारका परिदृश्यहरू बदलिए पनि विभिन्न रुपले जनताको शोषण गर्ने र अँध्यारोमा राख्ने क्रम नरोकिएको बताउँछन् । 'जनताको सेवाभन्दा पनि भ्रष्टाचार गर्नलाई शक्ति र सत्तामा पुग्ने होड नै आजको शोषणको आधुनिक रुप हो,' श्रेष्ठ भन्छन्, 'मुलुकमा वास्तविकभन्दा देखावटी प्रजातन्त्र छ, सोझा जनतालाई रमिते बनाएर ढुकुटी लुट्ने प्रतिस्पर्धा चलेको छ ।'

अहिले अनुशासन, सुशासन र प्रशासनलाई 'बाइपास' गरिएको उनको तर्क छ । 'अहिलेका राजनीतीकर्मी र कर्मचारीतन्त्रले सुशासनको महत्व बुझेका छैनन्, अनि भ्रष्टाचार कसरी रोकिन्छ,' श्रेष्ठ प्रश्न गर्छन् । यस्तै कारणले यातायात र विद्युतलगायत क्षेत्रको पूर्वाधार विकासमा मुलुक धेरै समयसम्म पछि परेको उनलाई लाग्छ । 'सर्वत्र अनुशासनको अभाव छ, तर यो सिक्नै पर्छ, नत्र भ्रष्टाचार र अन्य बेथिति कम हुन्न,' उनी सुझाउँछन् । उनले प्रजातन्त्र पुनर्बहालीपश्चात् र लोकतन्त्र प्राप्ति पछिका संविधानले समेत सरकारको क्रियाकलापमा पारदर्शिता हुनुपर्नेमा जोड दिएको बताए ।

आफू विभिन्न जिल्ला वन कार्यालयमा अधिकृतको रुपमा कार्यरत रहँदा गरिने चाकरीको शैलीमा कुनै परिवर्तन नआएको उनको ठकर छ । 'सम्मान गर्नेभन्दा पनि चाकरीको रुपमा गरिने नमस्कार बेकार हो । उबेला मलाई नमस्कार नगर्नुस् भन्थेँ, त्यसको साटो फाइल, दर्ता र चलानी दुरुस्त राख्न सिकाउँथे, बेलामा चिठीपत्रको जवाफ दिन लगाउँथे,' उनी भन्छन्, 'अहिले लोकतान्त्रिक मुलुकको अधिकांश सरकारी कार्यालयमा सेवाग्राहीको राजनीतिक, आर्थिक र सामाजिक हैसियत बुझेर व्यवहार गरिन्छ । यो गलत छ ।'

लामो समयसम्म एउटै दल र एउटै व्यक्ति सत्तामा रहँदा पनि भ्रष्टाचार, अनियमिता र बेथिति फैलिएको श्रेष्ठको बुझाइ छ । 'अरु दल र नेतामा पनि गुण त होला नि, सबैले मौका पाउनु पर्ने हो,' उनी भन्छन्, 'तर राम्राले पाइरहेका छैनन् ।'

बुढ्यौलीसँगै गर्धनको हाड खिइएको र नसाको समस्याले हातखुट्टा झमझमाउन थालेकाले अचेल उनको दिनचर्या घरभित्रै आराम गरेर बित्ने गरेको छ । तर लठ्ठी टेकेर भए पनि हिँड्ने ध्याउन्नमा हुन्छन् उनी । घुमन्ते स्वभावका उनको जीवनकथा पनि रोचक छ । दरबार हाइस्कूलमा पढ्दैगर्दा दोस्रो विश्वयुद्धका लागि भारतमा रहेको अंग्रेज फौजमा श्रेष्ठ भर्ना पनि भएका थिए । त्यतिबेला उनको उमेर १८/१९ को हाराहारीमा थियो । दुई वर्षमै पिउठमा पदोन्नति भए पनि फौजमा हुने हेपाहा व्यवहार खप्न नसकेर उनी स्वदेश फर्किए र रेन्जर विषय पढ्न थाले । भारत सरकारको छात्रवृत्तिमा देहरादुन पुगेर वनविज्ञानको थप अध्ययन गर्न पाए । अमिनको पढाइ र तालिममा उत्कृष्ट नतिजा ल्याएका श्रेष्ठलाई राणाहरूले कैलालीको भजनीमा रेन्जर बनाएर पठाए ।

जागिरको क्रममा विभिन्न जिल्ला पुगेका उनी २०१६ मा मोरङको जिल्ला वन कार्यालय सरुवा भएका थिए । 'मोरङमा त्यतिखेर चोरीनिकासीभन्दा वन फडानी गर्ने धेरै थिए, वन तस्करका नाइके पेस्तोल भिरेर घोडा चढेर हिँड्दा सबै डराउँथे, वन फाँडेर जमिनमा बसोबास गराई धन कमाउनु मुख्य पेसा थियो,' श्रेष्ठ पूराना दिन स्मरण गर्छन्, 'मलाई प्रलोभन र त्रास देखाइए पनि ठूटा नापेर मुद्दा चलाइने अडान लिएपछि तस्करहरू पछि हटे ।' हिजोआज भएका रुख काटिँदै गएको र त्यो अनुपातमा वृक्षारोपण नभएको देख्दा उनलाई चिन्ता लाग्छ ।

'निहित स्वार्थका कारणले सरकार र नागरिक असंवेदनशील भइरहने हो भने दुई/तीन दशकपछि देश मरुभूमिमा परिणत हुन बेर छैन,' उनी भन्छन्, 'कंक्रिटको महल थप्नेहरूले वनले गर्दा वर्षा हुने र भूमिगत जलस्रोत अडिने कुरा बिर्सेका छन् ।' पर्यावरणको मामिलामा काठमाडौंको अवस्था दयनीय रहेको श्रेष्ठको दाबी छ । 'सानो छँदा अहिलेको सहिदगेट दक्षिणको पोखरीमा गर्मीमा पौडी खेल्न जान्थ्यौं,' उनी भन्छन्, 'अहिले त सब सखाप भए, वाग्मती र विष्णुमती नदीमा कञ्चन पानी बग्थ्यो, तिर्खा लागेका बेला अञ्जुली भरेर त्यही पानी खान्थ्यौं ।'

विसं १९९० को भूइँचालोको विनाश र निर्माण दुवैका पनि उनी साक्षी थिए । 'पुनर्निर्माणपछि सामान्य अवस्थामा फर्किन एक वर्षभन्दा बढी समय लागेको थियो, सरकारले दिएको ऋणमा थपेर पहिलेका भन्दा सुन्दर महलहरू बने, काठमाडौं आकर्षक बनेको थियो ।' हिजोआज लोकतन्त्रमा धमिरा लाग्दै गएकोले मुलुकमा भनिएजस्तै समृद्धि देख्न नपाएको उनी बताउँछन् । 'सामाजिक सेवा भावले गरिनुपर्ने राजनीति पनि व्यापार जस्तै भएपछि सर्वत्र निराशा छायो,' उनी भन्छन्, 'जनतालाई सबल बनाउँदा सत्तामा टिक्न कठिन हुने नेतृत्व वर्गको संकिर्ण सोचले लोकतन्त्रमा धमिरा लाग्दै गएको छ ।'

# एबीसीमा हेलिकप्टरको व्यावसायिक उडानमा निषेध

अन्नपूर्ण संरक्षण क्षेत्रमा अत्यधिक हेलिकप्टर उडानले पर्यावरण तथा पदयात्रा पर्यटनमा असर पुर्‍याएको र हिमपहिरोको जोखिम बढाएको भन्दै व्यावसायिक उडानमा प्रतिबन्ध



कास्कीको अन्नपूर्ण गाउँपालिकामा पर्ने एबीसीमा पोखराबाट पर्यटक लिएर पुगेका हेलिकप्टर । फाइल तस्बिर : दीपक/कान्तिपुर

**दीपक परियार** (पोखरा)

अन्नपूर्ण आधार शिविर (एबीसी) मा हेलिकप्टरको व्यावसायिक उडानमा रोक लगाइएको छ । गत माघ ३ मा एबीसी ट्रेकअन्तर्गत देउरालीमा गएको हिमपहिरोमा हराइरहेकाहरुको उद्धार बाहेकका उडानमा रोक लगाइएको हो ।

कास्कीको अन्नपूर्ण गाउँपालिकाले गत वर्ष साउनमा भएको चौथो नगरसभाबाटै हेलिकप्टर निषेध गर्ने निर्णय गरेको थियो । तर, कार्यान्वयन हुन सकेको थिएन । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) भित्र पर्ने एबीसीमा हेलिकप्टर उडाउन निश्चित शुल्क तिरेर अनुमति लिनुपर्ने भएपछि हवाई कम्पनीले लिएका थिएनन् । हिमपहिरोपछि भने गाउँपालिकाको वडा नम्बर ११ ले जिल्ला प्रशासन कार्यालयलाई सहजीकरण गरिदिन निवेदन पठायो । अन्नपूर्ण संरक्षण क्षेत्रमा अत्यधिक हेलिकप्टर उडानले पर्यावरण तथा पदयात्रा पर्यटनमा असर पुर्‍याएको र हिमपहिरोको जोखिम बढाएकोले व्यावसायिक उडान रोक्नुपर्ने वडाको माग थियो । वडाको माग बमोजिम जिल्ला प्रशासनले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पत्र लेखेको थियो । जथाभावी हेलिकप्टर उडान रोकी नियमन गनुपर्ने प्रशासनको राय थियो ।

अन्नपूर्ण-११ का अध्यक्ष हिमबहादुर गुरुङ अव्यवस्थित उडानले वातावरणीय असर गरेको बताउँछन् । 'पहिले डाँफे, मुनाल, घोरल, कस्तुरी घर नजिकै आउँथे,' उनले भने, 'हेलिकप्टर धेरै उडेपछि त्यसकै आवाजले तर्सिएर ती पशुपंक्षी कतै देखिँदैन । उनीहरूको बासस्थानमा धावा बोल्ने काम भएको छ ।' हेलिकप्टरको कम्पनले एबीसीमा हिमनदीको कटान बढिरहेको उनको दाबी छ । सरंक्षित क्षेत्रभित्र उद्धारबाहेक व्यावसायिक उडान गर्न नपाइने भएकोले रोक लगाउनुपरेको उनी बताउँछन् ।

कास्कीका प्रमुख जिल्ला अधिकारी रमेशकुमार केसी पूर्णरुपमा निषेध नभई नियमन गर्नुपर्ने पक्षमा छन् । 'भ्रमण वर्ष २०२० चलिरहेको छ । खर्च गरेर जान्छु भन्ने पाहुनालाई रोक्न पनि भएन,' उनी भन्छन्, 'बरु पर्यटकलाई महँगो शुल्क लगाउने र राजश्व संकलन गर्नेबारे सोच्नुपर्छ ।' व्यावसायिक उडानमा महँगो शुल्क तोकिए उडान स्वतः कम हुने उनको बुझाइ छ ।

देउरालीमा हिमपहिरो जानुअघि पोखरा विमानस्थललाई आधार बनाएर पाँच हवाई कम्पनीले व्यावसायिक उडान गर्दै आएका थिए । प्रभु हेली, एअर डाइनेस्टी, सिम्रिक, फिस्टेल र अल्टिच्युड एयरका हेलिकप्टर एबीसी पुग्थे । पर्यटकीय मौसममा दिनमा ५० वटासम्म उडान हुने गरेका नागरिक उड्डयन प्राधिकरण पोखरा कार्यालयका प्रवक्ता देवराज सुवेदीले बताए । चार कोरियाली र तीन जना नेपाली बेपत्ता हुनेगरी गएको हिमपहिरोपछि उद्धारको अनुमति लिएर मात्रै हेलिकप्टर उडेको उनले जानकारी दिए । 'एक्याप, गाउँपालिका र स्थानीय व्यवसायीको माग बमोजिम रोक्न उपयुक्त देखिएको व्यहोरासहितको जिल्ला प्रशासनको पत्र आइपुगेको छ,' उनले भने, 'मन्त्रालयले आधिकारिक रुपमा रोक्न भनिसकेको छैन ।'

एक्याप, गाउँपालिका र प्राधिकरणको मौखिक आग्रहमा हेलिकप्टर कम्पनीले व्यावसायिक उडान रोकेका हुन् । एबीसीबाहेक एक्यापमै पर्ने मर्दी हाई क्याम्पमा भने अहिले पनि हेलिकप्टरहरूले व्यावसायिक उडान गरिरहेका छन् । एबीसीमा पर्यटकको उद्धारका लागि मात्रै हेलिकप्टर प्रयोग भएको कम्पनीले जनाएका छन् । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष युवराज कुँवरका अनुसार वार्षिक १५ हजार पर्यटक हेलिकप्टरबाट एबीसी पुग्छन् । पदयात्रा पर्यटनलाई नै धरापमा पार्नेगरी हुने हेलिकप्टर उडानको आफू विपक्षमा रहेको उनले बताए ।

अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन नियमावलीको अनुसूची १ अनुसार संरक्षण क्षेत्रमा हेलिकप्टर ल्यान्ड गर्न एक्यापको अनुमति चाहिन्छ । उद्धारबाहेक संरक्षण क्षेत्रमा एकपटक हेलिकप्टर अवतरण गर्दा तीन हजार रुपैयाँ बुझाएपछि मात्रै एक्यापले अनुमति दिन्छ । तर हेलिकप्टर कम्पनीले हालसम्म एक्यापको अनुमति लिने गरेका छैनन् । हेलिकप्टरमार्फत एबीसी पुग्ने विदेशी पर्यटकले एक्यापलाई बुझाउनुपर्ने प्रवेश शुल्क समेत बुझाउँदैनन् । विमानस्थलमा एकपल्टको अवतरण शुल्कवापत डेढ सय रुपैयाँ मात्रै बुझाउँछन् ।

हवाई कम्पनीलाई पटक-पटक आग्रह गरे पनि अटेर गरेको एक्याप प्रमुख राजकुमार गुरुङले बताए । 'हिमपहिरो जानुअघिसम्म हेलिकप्टरको उडान नियमानुसार भएनन्,' उनले भने, 'सन् २०१९ मा कति उडान भए भन्ने तथ्यांक कम्पनीसँग मागेका छौं । कसरी नियमन गर्न सकिन्छ भनेर प्राधिकरणसँग पनि छलफल अगाडि बढेको छ ।'

एबीसीमा सिधै हेलिकप्टर अवतरण हुँदा पदयात्रा व्यवसाय धरासायी भएको पर्यटन व्यवसायीको गुनासो छ । ट्रेकिङ एजेन्सिज एसोसियसन अफ नेपाल (टान) पश्चिमाञ्चल च्याप्टर अध्यक्ष हरि भुजेल अव्यवस्थित हेलिकप्टर उडानले पदयात्रा पर्यटनको भविष्य अन्योलमा परेको बताउँछन् । 'आधार शिविर पुग्न एक साताभन्दा लामो समय र लाखौं रुपैयाँ खर्च गर्नेगरी पर्यटक नेपाल आउँछन्,' उनले भने, 'तिनै पर्यटकलाई १/१ सय डलर लिएर आधा घण्टामै एबीसी पुर्‍याएर ल्याएपछि हाम्रो पर्यटन व्यवसाय कहाँ जान्छ ?'

अन्नपूर्ण सेन्चुरी ट्रेकमा पर्ने होटल व्यवसायीको संस्था छोम्रोङ पर्यटन व्यस्थापन समितिका अध्यक्ष बुद्धिमान गुरुङ पदयात्रा पर्यटनबाट गाइड, भरिया, होटल, रेस्टुरेन्ट तथा स्पा मजदुर, किराना पसल लगायत थुप्रै व्यवसाय चलिरहेको बताउँछन् । 'हेलिकप्टरबाट ओसार्दा विदेशी पर्यटक खर्च गर्नबाट पनि वञ्चित हुन्छन्, हामी व्यवसायीलाई समेत कमाउने बाटो बन्द हुन्छ ।'